## निर्णय नं. ९०१७

सर्वोच्च अदालत, विशेष इजलास
स.का.मु.प्रधान न्यायाधीश श्री दामोदरप्रसाद शर्मा
माननीय न्यायाधीश श्री प्रकाश वस्ती
माननीय न्यायाधीश श्री तर्कराज भट्ट
आदेश मितिः २०७०।५।२०।५

विषय : उत्प्रेषण, परमादेशसमेत ।

निवेदकः कञ्चनकृष्ण न्यौपानेसमेत
विरूद्ध
विपक्षीः नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत

- **कार्य सम्पन्न हुनुअघि दायर मुद्दा र कार्य सम्पन्न भएपछिका मुद्दामध्ये अघिल्ला मुद्दाहरू पछिल्ला मुद्दाका सन्दर्भमा अवलोकनीय अवश्य हुन्छन् तर निर्णायक हुँदैनन् । कतिपय चुनौती दिइएका विषयमा पनि पछिल्ला मुद्दाबाट न्यायिक परीक्षण हुन अघिल्ला मुद्दाहरूको खारेजीले कुनै पनि किसिमको प्रतिकूलता सिर्जना नगर्ने ।**
(प्रकरण नं.६)
- **गरिपाउन र रोकिपाउन मागका साथ दायर रिट निवेदनहरूको कार्य नै बाँकी नरही सम्पन्न भइसकेको र तीमध्ये कतिपय सम्पन्न कार्यलाई चुनौती दिई अन्तरिम मन्त्रिपरिषद्का अध्यक्षसमेतलाई विपक्षी बनाई दायर ७ थान रिट निवेदनहरू यस अदालतमा विचाराधीन रहेका छन् । निवेदक एवं विपक्षी दुवैतर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरू समेतसँग छलफल गरी विषयवस्तुको गाम्भीर्यता र औचित्यसमेतको आधारमा पूर्ण सुनुवाई हुने रिट निवेदनहरूबाट १७ थान रिट निवेदनहरू अलग गर्ने गरी यस अदालतको दश सदस्यीय विशेष इजलासबाट २०७०।३।२० मा आदेश भएपश्चात् न्यायका मान्य सिद्धान्तसमेतको आधारमा कायम राखिराख्नुपर्ने अवस्थामा नरही औचित्यहीन अवस्थामा रहेका रिट निवेदनहरूको लगत कायम राखी राख्नुपर्ने अवस्था नहुने ।**
(प्रकरण नं.८)

निवेदकतर्फबाटः विद्वान अधिवक्ताहरू डा.चन्द्रकान्त ज्ञवाली, हरिशंकर कर्ण, हरिश्चन्द्र सुवेदी, सन्तोष बस्नेत र रामनारायण विडारी
विपक्षीतर्फबाटः विद्वान सहन्यायाधिवक्ता किरण पौडेल
अवलम्बित नजीरः
सम्बद्ध कानूनः

आदेश

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(१) र (२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत पर्न आएका निम्नलिखित रिट निवेदनहरूको संक्षिप्त निवेदन दावीको सार एवं आदेश यस प्रकार रहेको छः-

(१) रिट नं. ०६९-WS-१०८६, उत्प्रेषण, परमादेशसमेत, *कञ्चनकृष्ण न्यौपानेविरूद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सर्वोच्च अदालतले संविधानसभाको अन्तिम कार्यकाल चार वर्ष कायम गरिसकेको अवस्थामा पुनः अवधि बढाउन संविधान संशोधन गर्न संविधानसभामा प्रस्ताव लाने मिति २०६९।२।९ को नेपाल सरकारको निर्णय बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

(२) रिट नं. ०६८-WO-१०८७, उत्प्रेषण, परमादेशसमेत, *भरतमणि जंगमसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

संविधानसभाको कार्यकाल बढाउने प्रस्ताव लाने गरी भएको मिति २०६९।२।९ को नेपाल सरकारको निर्णय बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

(३) रिट नं. ०६८-WO-१०८५, उत्प्रेषण, प्रतिषेध र परमादेशसमेत, *राजकुमार रानासमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

संविधानसभाको म्याद तीन महिना थप्ने संशोधन विधेयक बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

(४) रिट नं. (०६८-WO-११५१) ०६८-WS-००७९, उत्प्रेषण, परमादेश, *भोजराज आचार्यसमेत विरूद्ध सम्माननीय राष्ट्रपति तथा राष्ट्रपतिको कार्यालयसमेत*

संविधानसभाको पुनः निर्वाचन गर्ने निर्णय बदर गरी संविधानसभाको म्याद १ दिन बाँकी रहेको घोषित गरी व्यवस्थापिका संसद अर्को व्यवस्था नहुञ्जेल कायम रहेको घोषणा गरिपाऊँ भन्ने निवेदन दावी ।

(५) रिट नं. ०६८-WS-००८०, उत्प्रेषण, परमादेशसमेत, *राष्ट्रवादी एकता पार्टीका तर्फबाट अख्तियार प्राप्त रामबाबु सैंजुविरूद्ध सम्माननीय राष्ट्रपति तथा राष्ट्रपतिको कार्यालयसमेत*

निर्वाचन आयोगमा दर्ता भएका ७५ दलकै सहभागिता रहेको सरकार गठन होस् भन्ने निवेदन दावी । (यस निवेदनमा निवेदकले तारेख गुजारेको अवस्था छ)

(६) रिट नं. ०६८-WS-००८२, उत्प्रेषण, परमादेश, *अधिवक्ता सन्तोष वस्नेतविरूद्ध सम्माननीय राष्ट्रपति तथा राष्ट्रपतिको कार्यालयसमेत*

२०६३ साल मङ्सिर मसान्तपछि १८ वर्ष पुगेका व्यक्तिले पनि २०६९।८।७ मा हुने संविधानसभाको निर्वाचनमा मताधिकार पाउनुपर्छ भन्ने निवेदन दावी ।

(७) रिट नं. ०६८-WS-००१७, उत्प्रेषण, परमादेशसमेत, *सुशील भट्टसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

२०६३ साल मङ्सिर मसान्तपछि १८ वर्ष पुगेकाले पनि २०६९।८।७ मा हुने संविधानसभाको निर्वाचनमा मताधिकार पाउनुपर्छ भन्ने निवेदन दावी । (यस निवेदनमा निवेदकले तारेख गुजारेको अवस्था छ)

(८) रिट नं.०६८-WS-००१६, उत्प्रेषण, परमादेशसमेत, *सम्वल चौलागाईविरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

२०६३ साल मङ्सिर मसान्तपछि १८ वर्ष पुगेका व्यक्तिले पनि २०६९।८।७ मा हुने संविधानसभाको निर्वाचनमा मताधिकार पाउनुपर्छ भन्ने निवेदन दावी ।

(९) रिट नं. ०६८-WS-००१५, उत्प्रेषणयुक्त परमादेश, *राजेश सिलवालविरूद्ध राष्ट्रपतिको कार्यालय, शीतलनिवाससमेत*

संविधानसभा विघटन भई काम चलाउ प्रधानमन्त्री डा. बाबुराम भट्टराईले २०६९।२।१४ मा राष्ट्रपतिबाट गराउनु पर्ने निर्वाचनको घोषणा आफैँले गरी २०६९।८।७ लाई निर्वाचन तोकिएको मिति घोषणा गरिएको बदर होस् भन्ने निवेदन दावी ।

(१०) रिट नं. (०६८-WS-००२०) ०६८-WS-००७९, उत्प्रेषण, परमादेश, *रामजी बिष्टविरूद्ध*

*सम्माननीय राष्ट्रपति तथा राष्ट्रपतिको कार्यालयसमेत*

२०६९।८।७ का लागि घोषित संविधानसभा निर्वाचन समयमा हुन नदिनका लागि आवश्यक प्रस्तावित अध्यादेश राजनीतिक सहमतिका नाममा विभिन्न दलहरूसँग छलफल मात्र गरी आवश्यक कानूनको व्यवस्था नगर्ने राष्ट्रपतिको कार्य रोकियोस् भन्ने निवेदन दावी ।

(११) रिट नं. ०६९-WS-००२४, उत्प्रेषण, परमादेश, *अधिवक्ता हरिशंकर कर्णसमेत विरूद्ध राष्ट्रपतिको कार्यालयसमेत*

संवैधानिक निकायका पदहरू समेतका नियुक्ति गर्नुपूर्व हुने संसदीय सुनुवाईको व्यवस्थालाई निस्तेज पार्ने बाधा अड्काउ फुकाउने आदेशका धाराहरू राष्ट्रपतिसमक्ष पेश गर्ने निर्णय बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

(१२) रिट नं. ०६९-WO-०५८०, उत्प्रषेण, परमादेश, *लोक कल्याणकारी जनता पार्टीका तर्फबाट किशोरी महतोसमेत विरूद्ध सम्माननीय राष्ट्रपति तथा राष्ट्रपतिको कार्यालयसमेत*

२०६९।८।८ को राष्ट्रपति कार्यालयको सूचनाबमोजिम आफूले प्रधानमन्त्रीका लागि २०६९।८।१४ मा दावी प्रस्तुत गरिसकेको भएबाट पुनः सूचना जारी नहोस् भन्ने निवेदन दावी ।

(१३) रिट नं. ०६८-WO-०६३७, उत्प्रेषण, परमादेशसमेत, *राष्ट्रवादी एकता पार्टीका तर्फबाट अख्तियार प्राप्त भई आफ्ना हकमा समेत ऐ.पार्टीका अध्यक्ष उमा श्रेष्ठसमेत विरूद्ध सम्माननीय राष्ट्रपति तथा राष्ट्रपतिको कार्यालयसमेत*

निर्वाचन आयोगमा दर्ता भएका सबै दलको सहमतिमा राजनीतिक समस्याको निकास खोजियोस् भन्ने निवेदन दावी ।

(१४) रिट नं. ०६९-WO-०६८५, उत्प्रेषण, परमादेशसमेत, *डिल्लीराम गुरागाइँसमेत विरूद्ध सम्माननीय राष्ट्रपति डा.रामवरण यादवसमेत*

डा. बाबुराम भट्टराईको सरकार परिवर्तन नगरी यसैले संविधानसभाको निर्वाचन गराउन व्यवस्था होस् भन्ने निवेदन दावी ।

(१५) रिट नं. ०६९-WS-००५१, प्रतिषेध, *भरतमणि जंगमविरूद्ध राष्ट्रपतिको कार्यालय, शीतल निवाससमेत*

सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश वा स्वतन्त्र व्यक्तिको नेतृत्वमा सरकार गठन होस् भन्ने निवेदन दावी ।

(१६) रिट नं. (०६९-WO-०९१८) ०६९-WS-००५३, उत्प्रेषण, *अधिवक्ता ओमप्रकाश अर्यालविरूद्ध राष्ट्रपतिको कार्यालयसमेत*

संविधानको धारा १०६ प्रतिकूल प्रधानन्यायाधीश श्री खिलराज रेग्मी प्रधानमन्त्री बन्न तैयार रहेको २०६९।११।१४ मा सर्वोच्च अदालतका सहायक प्रवक्ताबाट विज्ञप्ति प्रकाशित भएबाट निजलाई उक्त पदमा बहाली नगर्न नगराउन, शपथ ग्रहण नगर्न नगराउन र पद बहाली नगर्न नगराउन आदेश जारी गरिपाऊँ भन्ने निवेदन दावी ।

(१७) रिट नं. ०६९-WO-०९५०, परमादेश, *अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीसमेत विरूद्ध सम्माननीय राष्ट्रपति डा. रामवरण यादव, राष्ट्रपतिको कार्यालयसमेत*

संविधानसभा दोस्रोको निर्वाचन गराउन प्रबन्ध र पछि संसदीय सुनुवाई गर्ने गरी संवैधानिक पद तथा राजदूतहरूमा नियुक्ति होस् भन्ने निवेदन दावी ।

नियमबमोजिम पेशी सूचीमा चढी यस इजलाससमक्ष पेश हुन आएका प्रस्तुत रिट

निवेदनहरूमा छलफलका लागि उपस्थित हुनुभएका निवेदक अधिवक्ताहरू श्री डा. चन्द्रकान्त ज्ञवाली, श्री हरिशंकर कर्ण, श्री हरिश्चन्द्र सुवेदी, श्री सन्तोष बस्नेत र श्री रामनारायण विडारीसमेत उपस्थित भई आफ्ना भनाईहरू प्रस्तुत गर्नुभयो । साथै, निवेदक अधिवक्ता ओमप्रकाश अर्यालले दर्ता गर्नु भएको दर्ता नं. ८९४, २०७०।५।२० को निवेदनको साथै प्रस्तुत रिट निवेदनहरूका सम्पूर्ण मिसिलसमेत अध्ययन गरियो ।

विपक्षी राष्ट्रपतिको कार्यालयसमेतको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री किरण पौडेलले छलफलको क्रममा यस अदालतको दश सदस्यीय विशेष इजलासबाट भएको मिति २०७०।३।२० को आदेशले पूर्ण सुनवाईको लागि छुट्ट्याइएका रिट नं.०६९-WO-१२५७ (*निवेदक भरतमणि जंगमविरूद्ध खिलराज रेग्मी, मन्त्रिपरिषद्का अध्यक्षसमेत*) भएका ७ वटा मुद्दाहरूको सुनवाईको लागि मिति २०७०।६।३ गते पेशी तोकिएको भनी इजलाससमक्ष जानकारी गराउनु भयो ।

२. प्रस्तुत निवेदनहरू समेतका संविधानसभाको विघटन, निर्वाचन, बाधा अड्काउ आदेश र सोको कार्यान्वयनसमेतका विरूद्ध दायर भई अङ्ग पुगिसकेका आज प्रस्तुत रिट निवेदनसहितका निवेदनहरू मिति २०७०।३।२० मा दश सदस्यीय विशेष इजलासमा पेश भएकोमा निवेदकको तर्फबाट उपस्थित कानून व्यवसायीहरू, निवेदकहरू तथा विपक्षी राष्ट्रपतिको कार्यालयसमेतको तर्फबाट नेपालका महान्यायाधिवक्ता एवं नायब महान्यायाधिवक्ताहरू समेतले गर्नु भएको बहससमेत सुनी आज यस इजलाससमक्ष पेश भएका प्रस्तुत १७ थान रिट निवेदनहरूलाई ०६९-WO-१२५७ समेतका ७ थान रिट निवेदनहरूबाट बाहेक गर्ने गरी आदेश भएको संलग्न आदेश प्रतिलिपिबाट देखिन्छ ।

३. उक्त आदेशमा अदालतमा दायर सम्पूर्ण रिट निवेदनहरूको माग दावीसमेतको अध्ययन गरी देहायका ७ थान रिट निवेदनहरू मिति २०६९।१२।१ मा सर्वोच्च अदालतका प्रधान न्यायाधीश श्री खिलराज रेग्मीले चुनावी मन्त्रिपरिषद्को अध्यक्ष पदमा शपथ ग्रहण गर्नु भएपछि दर्ता भएको देखिन्छ । तिनमा मुख्यरूपले निम्न विषय समावेश भएको पाइन्छ :-

१) ०६९-WO-१०६७ (*नेपाल राष्ट्रिय लोकतान्त्रिक दलका तर्फबाट अमर के.सी. विरूद्ध अन्तरिम चुनावी मन्त्रिपरिषद्का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*) ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ बमोजिम राष्ट्रपतिबाट जारी भएको बाधा अड्काउ फुकाउनेसम्बन्धी आदेश बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

२) ०६९-WO-१२५७ (*भरतमणि जंगम वि. खिलराज रेग्मी, मन्त्रिपरिषद्का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*) ।

अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले प्रधान न्यायाधीश पदबाट राजीनामा गरी स्वतन्त्ररूपले कार्यपालिका प्रमुखको रूपमा काम गर्ने व्यवस्था मिलाउने गरी आदेश जारी गरिपाऊँ भन्ने निवेदन दावी ।

३) ०६९-WO-०९७८ (*अधिवक्ता डा.गोपाल सिवाकोटी चिन्तनसमेत वि. अन्तरिम चुनावी मन्त्रिपरिषद्का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*)

मिति २०६९।२।१४ मा बद्नियतपूर्वक एवम् असंवैधानिकरूपमा जननिर्वाचित संविधानसभा विघटन भएको र अन्तरिम चुनावी मन्त्रिपरिषद्को गठन तथा त्यससँग सम्बन्धित सबै कार्यहरू

असंवैधानिक भएकोले प्रारम्भदेखि नै बदर गरिपाऊँ भन्नेसमेत व्यहोराको निवेदन दावी ।

४) ०६९-WO-०९७७ (*अधिवक्ता कञ्चनकृष्ण न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*) ।

मिति २०६९।११।३० मा मन्त्रिपरिषद्‌को सिफारिशअनुसार राष्ट्रपतिबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ अनुसार बाधा अड्काउ फुकाउ आदेश बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

५) ०६९-WO-०९७६ (*अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीसमेत वि. अन्तरिम चुनावी मन्त्रिपरिषद्‌का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*) ।

सर्वोच्च अदालतका प्रधान न्यायाधीश श्री खिलराज रेग्मीलाई चुनावी मन्त्रिपरिषद्‌को अध्यक्ष पदमा नियुक्ति गर्ने गरी भएको निर्णय बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

६) ०६९-WS-००५५ (*अधिवक्ता सुवास आचार्य वि. अन्तरिम चुनावी मन्त्रिपरिषद्‌का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*) ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ विपरीत राष्ट्रपतिबाट बाधा अड्काउ फुकाउने गरी जारी भएको आदेश बदर गरिपाऊँ भन्ने निवेदन दावी ।

७) ०६९-WS-००५६ (*लोक कल्याणकारी जनता पार्टीका तर्फबाट किशोरी महतो वि. अन्तरिम चुनावी मन्त्रिपरिषद्‌का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*)

४. राष्ट्रपतिबाट मिति २०६९।११।३० मा २४ बुँदे आदेशमार्फत् बाधा अड्काउ फुकाउने गरी भएको काम कारवाही बद्र गरिपाऊँ भन्ने निवेदन दावी ।

५. उक्त दश सदस्यीय विशेष इजलासबाट छुट्याई आज यस इजलासमा प्रस्तुत यी १७ थान रिट निवेदनहरूको विषयवस्तुको अध्ययन गर्दा संविधानसभाको निर्वाचनका लागि २०६३, मङ्सिर मसान्तपछि १८ वर्ष पुगेका व्यक्तिलाई पनि मिति २०६९।८।७ मा हुने संविधानसभाको निर्वाचनमा मताधिकार हुनुपर्ने भन्ने ३ थान (क्र.सं. ६, ७ र ८), संविधानसभाको कार्यकाल चार वर्षभन्दा बढाइन नहुने भन्ने ३ थान (क्र.सं. १, २ र ३), निर्वाचन आयोगमा तत्कालीन अवस्थामा दर्ता रहेका सबै दलको सहभागितामा निकास खोजिनु पर्ने भन्ने २ थान (क्र.सं. ५ र १३), आफूले विभिन्न दलको सहमतिमा प्रधानमन्त्रीमा दावेदारी प्रस्तुत गरेबाट पुनः सहमतिको प्रधानमन्त्री खोजिन नहुने १ थान (क्र.सं. १२), डा. बाबुराम भट्टराईकै सरकार कायम रहनुपर्ने १ थान (क्र. सं. १४), सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश वा स्वतन्त्र व्यक्तिको नेतृत्वमा सरकार गठन हुनुपर्ने भन्ने १ थान (क्र.सं. १५), संविधानसभाको निर्वाचन प्रबन्ध अदालतले नै गरी दिन र पछि संसदीय सुनुवाई गर्ने गरी नियुक्ति हुनुपर्ने भन्ने १ थान (क्रं.सं.१७), राष्ट्रपतिको सट्टा काम चलाउ प्रधानमन्त्री डा. बाबुराम भट्टराईले घोषणा गरेको संविधानसभाको घोषणा बदर हुनुपर्ने भन्ने १ थान (क्रम संख्या ९) र निर्वाचनसम्बन्धी कानून बन्नुपर्ने भन्ने १ थान (क्र.सं.१०) समेतका १४ थान रिट निवेदनमा प्रश्न उठाइएका कार्य नै सम्पन्न भइसकेका छन् । यसै गरी क्र.सं. ११ को संसदीय सुनुवाईको व्यवस्थाविपरीत नियुक्ति हुन नहुने, क्र.सं. १६ को

प्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाउन रोकिनु पर्ने र क्र.सं. ४ को व्यवस्थापिका संसद कायमै रहनुपर्ने भन्ने जस्ता माग राखी तत्कालीन अवस्था र सन्दर्भलाई दृष्टिगत गरी दायर भएका यी रिट निवेदनहरू दर्तापश्चात् विभिन्न कानूनी र संवैधानिक घटनाक्रम विकसित भै हालको अवस्था र परिस्थिति फरक रहेको र परिवर्तित सन्दर्भमा विकसित घटनाक्रमका कारणबाट सम्पन्न हुन पुगेका विभिन्न कानूनी र संवैधानिक काम कारवाहीउपर चुनौती दिई दायर भएका पछिल्ला रिट निवेदनहरू पूर्ण सुनुवाईका लागि यस अदालतको २०७०।३।२० को दश सदस्यीय विशेष इजलासले छुट्याई यस अदालतमा विचाराधीन नै छन् ।

६. सोही विषयमा कार्य सम्पन्न हुनुअघि दायर मुद्दा र कार्य सम्पन्न भएपछिका मुद्दामध्ये अघिल्ला मुद्दाहरू पछिल्ला मुद्दाका सन्दर्भमा अवलोकनीय अवश्य हुन्छन् तर निर्णायक हुँदैनन् । कतिपय चुनौती दिइएका विषयमा पनि पछिल्ला मुद्दाबाट न्यायिक परीक्षण हुन अघिल्ला मुद्दाहरूको खारेजीले कुनै पनि किसिमको प्रतिकूलता सिर्जना गर्दैन । यो कानूनी मान्यता हो र यसलाई हाम्रो अदालतले पनि अवलम्बन गरी आएको कारणसमेतबाट दश सदस्यीय विशेष इजलासबाट प्रस्तुत रिट निवेदनहरू सुनुवाईबाट अलग गरेको कुरा प्रष्ट हुन्छ । प्रस्तुत सन्दर्भमा यही स्थिति रहेको छ ।

७. बाधा अड्काउ फुकाउ आदेशको वैधता वा अवैधता, संविधानसभा र व्यवस्थापिका संसदको सम्बन्ध, कार्यपालिकीय दायित्वमा राष्ट्रपति र प्रधानमन्त्रीको स्थान, शक्ति पृथक्कीकरणको सिद्धान्त र संविधानवादका सीमासमेतका विषयमा यस अदालतको दश सदस्यीय विशेष इजलासले सुनुवाईको लागि छुट्याएका रिट नं. ०६९-WO-१०६७, ०६९-WO-१२५७, ०६९-WO-०९७८, ०६९-WO-०९७७, ०६९-WO-०९७६, ०६९-WS-००५५ र ०६९-WS-००५६ का ७ थान रिट निवेदनहरूमा उठाइएका संवैधानिक प्रश्नहरूका आधारमा पूर्ण सुनुवाई गरी निर्णय दिन बाँकी नै रहेको अवस्था छ ।

८. यसरी गरिपाउन र रोकिपाउन मागका साथ दायर रिट निवेदनहरूको कार्य नै बाँकी नरही सम्पन्न भइसकेको र तीमध्ये कतिपय सम्पन्न कार्यलाई चुनौती दिई अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष श्री खिलराज रेग्मीसमेतलाई विपक्षी बनाई दायर ७ थान रिट निवेदनहरू यस अदालतमा विचाराधीन रहेका छन् । निवेदक एवं विपक्षी दुवैतर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरू समेतसँग छलफल गरी विषयवस्तुको गाम्भीर्यता र औचित्यसमेतको आधारमा पूर्ण सुनुवाई हुने रिट निवेदनहरूबाट यी १७ थान रिट निवेदनहरू अलग गर्ने गरी यस अदालतको दश सदस्यीय विशेष इजलासबाट २०७०।३।२० मा आदेश भएपश्चात् न्यायका मान्य सिद्धान्तसमेतको आधारमा कायम राखिराख्ने अवस्थामा नरही औचित्यहीन अवस्थामा रहेका यी १७ थान रिट निवेदनहरूको लगत कायम राखिराख्नुपर्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदनहरू खारेज हुने ठहर्छ ।

९. यस अदालतको दश सदस्यीय विशेष इजलासमा ०६९-WO-१२५७ समेतका रिट निवेदनहरू पूर्ण सुनुवाई हुँदा यी रिट निवेदनहरूको रेकर्ड मिसिलसमेत अवलोकनार्थ साथै राख्नू । प्रस्तुत रिट निवेदनहरूको दायरीको लगतकट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

का.मु.प्र.न्या.दामोदरप्रसाद शर्मा
न्या.प्रकाश वस्ती
न्या.तर्कराज भट्ट

इति संवत् २०७० साल भदौ २० गते रोज ५ शुभम् ।

# निर्णय नं. १०१८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री सुशीला कार्की
०६८-W0-०००२
आदेश मिति: २०६९।११।३०।४

विषयः- उत्प्रेषणसमेत ।

रिट निवेदकः महोत्तरी जिल्ला, नैन्ही गाउँ विकास समिति, वडा नं. ७ बस्ने माधवेशकुमार पाठक

विरुद्ध

विपक्षीः लोकसेवा आयोग, केन्द्रीय कार्यालयसमेत

- **लोकसेवा आयोगले आफ्नो अधिकारक्षेत्रभित्रको विषयवस्तुअन्तर्गत रहने शैक्षिक योग्यताका सम्बन्धमा आवश्यक निर्णय गर्न सक्ने नै देखिँदा २०६१ सालको निर्णयलाई अन्यथा हुने गरी आयोगले २०६८ सालमा नयाँ निर्णय गर्न सक्तैन भन्न नमिल्ने ।**
- **लोकसेवा आयोगले गरेको नयाँ निर्णयलाई यो वा त्यो आधारमा निर्णयको आधिकारिकता र औचित्यमा प्रश्न उठाई पुरानो निर्णय वा नीतिगत निर्णयलाई नै स्थान दिनुपर्छ भन्न नमिल्ने ।**

(प्रकरण नं.४)

- **अमुक सेवा वा समूहका लागि चाहिने विशेष प्रकारको योग्यतालाई आधार मानी कुनै पनि पदको सिर्जना हुन सक्ने हुँदा त्यस्तो वाञ्छनीय योग्यता किटान गरी सिर्जना गरिएका पदको पदपूर्ति पनि सोही योग्यता प्राप्त गरेको जनशक्तिबाट मात्र हुन सक्ने ।**
- **कुनै विशिष्टीकृत सेवा वा समूहका लागि आवश्यक पर्ने शैक्षिक योग्यताको निर्धारण कानूनद्वारा तोकिएबमोजिम हुने तथा सोको निर्धारण गर्न सक्ने स्पष्ट अधिकार पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्ने निकायको रूपमा रहेको लोकसेवा आयोगलाई कानूनले नै प्रदान गरेको अवस्थामा लोकसेवा आयोगले न्यूनतम् शैक्षिक योग्यताको विषयलाई लिएर निवेदकको दर्खास्त एवं परीक्षासमेत रद्द गर्ने गरी गरेको निर्णयमा कुनै कानूनी त्रुटि नदेखिने ।**

(प्रकरण नं.७)

रिट निवेदकका तर्फबाटः विद्वान अधिवक्ता सुरेन्द्र महतो

विपक्षीतर्फबाटः विद्वान सहन्यायाधिवक्ता महेश शर्मा पौडेल

अवलम्बित नजीरः

सम्बद्ध कानूनः

- लोकसेवा आयोग ऐन, २०६६ को दफा २२(३)
- लोकसेवा आयोग (कार्यविधि) ऐन, २०४८ को दफा ८(२)
- निजामती सेवा ऐन, २०४९ को दफा ७, ७(ग),(१०)

आदेश

**न्या.कल्याण श्रेष्ठः** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्रभित्र पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छ :-

मिति २०६७।७।२४ मा प्रकाशित सूचना ३६७/०६७-६८ विज्ञापन नं.२५८८।०६७-६८ सहायक अनुसन्धान अधिकृत/सहायक वैज्ञानिक अधिकृत, वनसेवा, बोटानी समूह, रा.प. तृतीय मधेसी, संख्या २ का विज्ञापनमा र विज्ञापन नं.२५८९।०६७-६८ सहायक अनुसन्धान अधिकृत/सहायक वैज्ञानिक अधिकृत, वन बोटानी, रा.प.तृतीय मधेसी संख्या १ को लागि भएको खुला प्रतियोगिताबाट नियुक्त हुने पदको लागि वन सेवा, बोटानी समूहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट वनस्पतिशास्त्र विषय लिई विज्ञानमा स्नातक उपाधि वा सोसरह उत्तीर्ण हुनुपर्ने न्यूनतम् शैक्षिक योग्यता निवेदकले हासिल गरेको हुनाले उक्त दुवै विज्ञापन नं. २५८८ र २५८९ मा फाराम भरी परीक्षामा सामेल हुन प्रवेशपत्रसमेत जारी भै रोल नम्बर १५००१ कायम भएको थियो ।

उक्त प्रवेशपत्रको आधारमा विज्ञापन नं. २५८८/०६७-६८ को लिखित परीक्षा तथा विज्ञापन नं. २५८९/०६७।०८ को लिखित परीक्षाको नतिजा प्रकाशित भै विज्ञापन नं. २५८८ (मधेसी) को माग पद संख्या २ भएको म निवेदकसमेत दुईजना मात्र छनौट भएकोमा अन्तरवार्ता मिति २०६८।३।१६ गते र विज्ञापन नं. २५८९ (खुला) को माग पद संख्या १(एक) को नतिजामा म निवेदकलगायत ६ जना छनौट भएको र त्यसको अन्तरवार्ता मिति २०६८।३।१७ गते तोकिएकोमा तोकिएको मिति समयमा सम्पन्न उक्त दुवै अन्तरवार्तामा म निवेदक सहभागी भई आफू नियुक्तिको लागि सिफारिश हुनेमा ढुक्क थिएँ । अन्तरवार्ता सम्पन्न भएपश्चात् त्यसको नतिजा प्रकाशित गर्नुपर्नेमा तत्काल नतिजा प्रकाशित नगरी मिति २०६८।३।२७ मा लोकसेवा आयोगको विज्ञापन नं. २५८८।०६७-६८ समावेशी (मधेसी) नेपाल वन सेवा, बोटानी समूह, रा.प.तृतीय श्रेणी (प्रा) स.अ.अ/स.वै.अ. पदको माग पद संख्या २ (दुई) का लागि मिति २०६८।३।१६ मा लिइएको अन्तरवार्तामा उपस्थित उम्मेदवार सख्या १ (एक) को लिखित परीक्षा शैक्षिक योग्यता तथा अन्तरवार्तासमेतको प्राप्ताङ्कबाट रोल नं. १२०००४ का धनराज कँडेलको सिफारिश गरेको सूचना प्रकाशित भयो ।

मिति २०६८।२।२७ मा लोकसेवा आयोग, प्रश्नपत्र परिमार्जन एवं सिफारिश महाशाखा तथा सिफारिश शाखाले एकैदिन सूचना नं. ६३७।०६७-६८, ६३८।०६७-६८ र ६३९।०६७-६८ आयोगको वेभसाइट तथा सूचना पाटीमा प्रकाशित गरी सूचना नं. ६३७।०६७-६८ मा आयोगको विज्ञापन नं. २५८८/०६७-६८ समावेशी (मधेसी), नेपाल वन सेवा, बोटानी समूह, रा.प.तृतीय श्रेणी (प्रा) स.अ.अ./स.वै.अ. पदको पदसंख्या २ (दुई) का लागि मिति २०६८।३।१६ मा लिइएको अन्तरवार्तामा उपस्थित उम्मेदवार संख्या १ (एक) सो लिखित परीक्षा, शैक्षिक योग्यता तथा अन्तरवार्तासमेतको प्राप्ताङ्कबाट रोल नं. १६५०६० भएको गौरव परमारको नाम सिफारिश गरेको रहेछ ।

सूचना नं. ६३९/०६७-६८ मा आयोगको विज्ञापन नं.२५८९/०६७-६८ (खुला) नेपाल वन सेवा, बोटानी समूह, रा.प.तृतीय श्रेणी (प्रा) स.अ.अ./स.वै.अ. पदको संख्या १ (एक) का लागि मिति २०६८।३।१७ मा दिइएको परीक्षा, शैक्षिक योग्यता तथा अन्तरवार्तासमेतको प्राप्ताङ्कबाट १२०००४ धनराज कँडेलको र वैकल्पिकमा रोल नं.१६५०५१ तीर्थराज पाण्डेयको नाम सिफारिश गरेको देखियो ।

नतिजामा मेरो नाम समावेश किन नभएको भनी सोधपुछ गर्दा लोकसेवा आयोगको मिति २०६८।३।२८ को पत्रमा "तपाईंले हासिल गरेको शैक्षिक उपाधिको ट्रान्सक्रिप्टमा माइक्रोबायोलोजी विषयमा स्नातक गरेको देखिएकोले उक्त शैक्षिक उपाधिलाई आयोगको वि.नं. २५८८/०६७-६८ (मधेसी) र विज्ञापन नम्बर २५८९/०६७-६८ (खुला) नेपाल वन सेवा,

बोटानी समूह, रा.प.तृतीय श्रेणी (प्रा) को सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यतासरह योग्यता नमिलेको हुँदा तपाईंको उपरोक्त परीक्षा रद्द गर्ने गरी मिति २०६८।३।२७ मा लोकसेवा आयोगबाट निर्णय भएको जानकारी गराइयो ।

लोकसेवा आयोगको उक्त मिति २०६८।३।२७ मा परीक्षा रद्दसम्बन्धी निर्णयको प्रमाणित उतारमा "उम्मेदवार श्री माधवेशकुमार पाठकले हासिल गरेको शैक्षिक योग्यता ट्रान्सक्रिप्टमा माइक्रोबायोलोजी विषयमा स्नातक गरेको देखिएकोले उक्त शैक्षिक उपाधिलाई नेपाल वन सेवा, बोटानी समूह, रा.प. तृतीय श्रेणीको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यतासरह निजको योग्यता नमिलेको हुँदा परीक्षा रद्द गर्ने" भन्ने व्यहोरा प्राप्त भयो । निजामती सेवा ऐन, २०४९ को दफा ३ (च), ६(१) तथा निजामती सेवा नियमावली, २०५० को नियम ८ अनुसूची ३ खण्ड (ख) को उपखण्ड (४) बमोजिम तथा नेपाल वन सेवा ऐन, २०४९ को दफा ६(२) एवं नेपाल वन सेवा गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति नियमहरू २०५१ को नियम ७ बमोजिम अनुसूची ३ खण्ड (ग) को क्र.सं. ५ अनुसार बोटानी समूहको लागि रा.प. तृतीय श्रेणीको पदको लागि न्यूनतम् शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट वनस्पतिशास्त्र विषय लिई विज्ञानमा स्नातक उपाधि वा सोसरह उत्तीर्ण भनी तोकिएको छ । विपक्षी लोकसेवा आयोगद्वारा प्रकाशित मिति २०६७।७।२४ को सूचनामा वनसेवा, बोटानी समूहको लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट वनस्पतिशास्त्र विषय लिई विज्ञानमा स्नातक उपाधि वा सोसरह उत्तीर्ण भनी शैक्षिक योग्यता सम्बन्धमा उल्लेख भएको छ । विपक्षी लोकसेवा आयोग केन्द्रीय कार्यालयद्वारा प्रकाशित शैक्षिक योग्यता पुस्तिकाको पृष्ठ ४४-४५ मा नेपाल वन सेवा, बोटानी समूहको रा.प.तृतीय श्रेणीको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट वनस्पतिशास्त्र विषय लिई विज्ञानमा स्नातक उपाधि वा सोसरह उत्तीर्ण भनी उल्लेख गरिएको छ । सोबमोजिम म निवेदकको शैक्षिक योग्यता भई मेरो आवेदन फाराम स्वीकृत गरी लिखित परीक्षामा छनौट भई अन्तरवार्तासमेतमा सहभागी भएको छु ।

लोकसवा आयोग ऐन, २०६६ को दफा २२(३) बमोजिम विपक्षी लोकसेवा आयोगले मिति २०६१।३।१८ निर्णय नं. ३०२।६०-६१ मा "वि.एस्सीमा १०० वा २०० पूर्णाङ्कको बोटानी विषय लिएको शैक्षिक योग्यताको आधारमा दरखास्त स्वीकृत गर्ने वा नगर्ने सम्बन्धमा वनस्पतिशास्त्र विषय लिएकाहरू सबैको दरखास्त फाराम स्वीकृत गर्ने भनी निर्णय भएको भनी सोही शैक्षिक योग्यता पुस्तिकाको पृष्ठ ४५ मा उल्लिखित छ । उक्त निर्णय हालसम्म यथावत् छ । सोअनुसार विपक्षी लोकसेवा आयोगले काम कारवाही गरी आएकोमा सम्पूर्ण परीक्षामा सहभागी भइसकेको धेरैपछि मिति २०६८।३।२७ मा मेरो मात्र परीक्षा रद्द गर्ने गरेको निर्णय र सोसँग सम्बन्धित सिफारिशलगायतको सम्पूर्ण कामकारवाही कानूनविपरीत भएकोले बदरभागी छ ।

"वनस्पतिशास्त्र विषय लिई विज्ञानमा स्नातक भएको" र "वनस्पतिशास्त्रमा स्नातक भएको" भन्ने छुट्टाछुट्टै विषय हो । रा.प.तृतीय श्रेणीको पदको शैक्षिक योग्यतामा मान्यता प्राप्त शिक्षण संस्थाबाट वनस्पतिशास्त्र विषय लिई विज्ञानमा स्नातक" भनिएको छ भने रा.प.प्रथम तथा द्वितीय श्रेणीको पदको शैक्षिक योग्यतामा मान्यता प्राप्त शिक्षण संस्थाबाट "वनस्पतिशास्त्र विषयमा स्नातक हुनुपर्ने अनिवार्य होइन कि विज्ञानमा स्नातक गर्दा वनस्पतिशास्त्रको अध्ययन भएको हुनुपर्नेसम्म हो । लोकसेवा आयोगको मिति २०६१।३।१८ को निर्णय नं. ३०२/६०-६१ ले सोहीबमोजिम व्याख्या गरेको छ । उक्त निर्णय

र कानूनी व्यवस्थाबमोजिम मेरो उम्मेदवारी एवं परीक्षा शैक्षिक योग्यता नमिलेको भन्ने झूठा आधारमा बदर हुन सक्ने होइन । मेरो वि.एस्सी उपाधिमा प्रथम वर्षमा १५० र दोस्रो वर्षमा १५० पूर्णाङ्क गरी कूल ३०० पूर्णाङ्कको बोटानी विषय लिई विज्ञानमा स्नातक गरेको तथ्यमा कुनै विवाद छैन ।

नेपाल वन सेवा, बोटानी समूह, पद संख्या १(खुला) विज्ञापन नं. २५८९/०६७-०६८ को कानूनबमोजिम शैक्षिक योग्यता वनस्पतिशास्त्र लिई विज्ञानमा स्नातक गरेको हुँदा सो विज्ञापनबमोजिम आवेदन दिई सबै परीक्षा अन्तरवार्तामा मिति २०६८।३।१७ मा सहभागी भई अङ्कसमेत प्राप्त गरी सकेपछि त्यसको १० दिनपछि बद्नियतपूर्वक कानूनविपरीत मिति २०६८।३।२७ मा सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यतासरह मेरो योग्यता नमिलेको भनी मेरो परीक्षा रद्द गर्ने उक्त मिति २०६८।३।२७ को निर्णयलगायत सो निर्णयको आधारमा भएको अन्य सूचना सिफारिशलगायतको सम्पूर्ण काम कारवाही त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशले बदर गरी आयोगको विज्ञापन नं. २५८९।०६७०६८ (खुला) नेपाल वन सेवा, बोटानी समूह, रा.प.तृतीय श्रेणी (प्रा) स.अ.अ./स.वै.अ.पदमा नियुक्तिको लागि सिफारिश गर्नु नियुक्ति दिनु भन्नेसमेत व्यहोराको परमादेशलगायत जो चाहिने आवश्यक उपयुक्त आज्ञा आदेश पूर्जी जारी गरिपाऊँ साथै उक्त विज्ञापन नं. २५८९/०६७-६८ (खुला) वन सेवा, रा.प. तृतीय (प्रा) बोटानी समूहको पद १ (एक) को सिफारिशबाट म निवेदकको अपूरणीय क्षति हुने भएकोले उक्त मिति २०६८।३।२७ को सिफारिशलगायत कार्यान्वयन नगर्नु नगराउनु नियुक्ति पदस्थापनसमेत नगर्नु नगराउनु, यो निवेदन पत्रको अन्तिम टुङ्गो नलागेसम्मका लागि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम लोकसेवा आयोगको नाउँमा अन्तरिम आदेश जारी गरिपाऊँ भन्नेसमेतको रिट निवेदन ।

यसमा के कसो भएको हो निवेदकको मागबमोजिमको आदेश जारी किन गर्नु नपर्ने हो ? गर्नु नपर्ने कुनै मनासिब माफिकको आधार र कारण भए खुलाई लिखित जवाफ पेश गर्नु भनी रिट निवेदनको १ प्रति नक्कल साथै राखी विपक्षीहरूलाई सूचना पठाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु ।

अन्तरिम आदेशसमेतको माग गरिएकोमा दुवै थरिको छलफल जिकीर सुनी अन्तरिम आदेश जारी हुने वा नहुने आदेश गर्नु उपयुक्त हुने देखिएकोले मिति २०६८।४।१५ गते अन्तरिम आदेशको छलफलको तारेख तोकी सोको सूचना विपक्षीहरूलाई समेत दिई नियमानुसार पेश गर्नु भन्नेसमेतको यस अदालत एकल इजलासबाट भएको आदेश ।

नेपाल वन सेवा, बोटानी समूह, रा.प.तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट वनस्पतिशास्त्र विषय लिई विज्ञानमा स्नातक उपाधि वा सोसरह उत्तीर्ण गरेको हुनुपर्नेमा निज रिट निवेदकले हासिल गरेको शैक्षिक उपाधिको ट्रान्सक्रिप्टमा माइक्रोबायोलोजी विषयमा स्नातक गरेको देखिएकोले नेपाल वन सेवा, बोटानी समूह, रा.प. तृतीय (प्रा) श्रेणीको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यतासरह निजको योग्यता नमिलेको हुँदा परीक्षा रद्द गर्ने भनी लोकसेवा आयोगबाट मिति २०६८।३।२७ निर्णय भएको हो । लोकसेवा आयोगको मिति २०६८।३।२७ को निर्णयानुसार नै रिट निवेदकको परीक्षा रद्द भएको र यसमा मन्त्रालयको कुनै संलग्नता नरहेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेतको वन तथा भूसंरक्षण मन्त्रालयका तर्फबाट यस अदालतसमक्ष पेश भएको लिखित जवाफ ।

नेपाल वन सेवा, बोटानी समूह, रा.प.तृतीय श्रेणी पदको सेवा प्रवेशको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट वनस्पतिशास्त्र विषय लिई विज्ञानमा स्नातक उपाधि वा सोसरह उत्तीर्ण गरेको हुनुपर्ने कानूनी व्यवस्था रहेकोमा निज रिट निवेदकले हासिल गरेको शैक्षिक उपाधिको ट्रान्सक्रिप्टमा माइक्रोबायोलोजी विषयमा स्नातक गरेको देखिएकोले उक्त शैक्षिक योग्यतालाई नेपाल वन सेवा, बोटानी समूह, रा.प.तृतीय (प्रा.) श्रेणीको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यतासरह निजको योग्यता नमिलेको हुँदा परीक्षा रद्द गर्ने भनी लोकसेवा आयोग,केन्द्रीय कार्यालयबाट मिति २०६८।३।२७ मा निर्णय भएको हो । नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को अनुसूची-३ (ग) को क्र.सं. ५ मा रा.प.तृतीय श्रेणीको पदको लागि न्यूनतम् शैक्षिक योग्यता "मान्यता प्राप्त शिक्षण संस्थाबाट वनस्पतिशास्त्र विषय लिई विज्ञानमा स्नातक उपाधि वा सोसरह उत्तीर्ण" भनी उल्लेख भएकोमा निज रिट निवेदकले हासिल गरेको शैक्षिक उपाधिको ट्रान्सक्रिप्टमा माइक्रोबायोलोजी विषयमा स्नातक गरेको देखिएकोले सो रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेतको वनस्पति विभागका तर्फबाट यस अदालतसमक्ष पेश भएको लिखित जवाफ ।

निजामती सेवाको पदमा खुला प्रतियोगिताद्वारा पूर्ति गर्ने कार्य संवैधानिक प्रावधानबमोजिम लोकसेवा आयोगबाट हुने र सो आयोगको सिफारिशमा सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले नियुक्तिसम्म दिने भएकोले रिट निवेदकले दावी गर्नु भएको सिफारिशसम्बन्धी विषयमा यस मन्त्रालयबाट कुनै काम कारवाही भएको छैन । शैक्षिक योग्यताको विषयमा नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को अनूसूची -३ मा बोटानी समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदको लागि आवश्यक पर्ने न्यूनतम् योग्यतामा मान्यता प्राप्त शिक्षण संस्थाबाट वनस्पतिशास्त्र विषय लिई विज्ञानमा स्नातक उपाधि वा सोसरह उत्तीर्ण भनी निर्धारण भएकोमा रिट निवेदकले माइक्रोबायोलोजी विषयमा स्नातक गरेको देखिएको आधारमा लोकसेवा आयोगबाट निजको परीक्षा रद्द भएको पाइँदा नियमावलीमा तोकिएको विषय भन्दा फरक विषयमा प्राप्त गरेको योग्यताको आधारमा सेवा प्रवेश गर्न नमिल्ने भएकोले रिट खारेजयोग्य छ भन्नेसमेत ब्यहोराको सामान्य प्रशासन मन्त्रालयका तर्फबाट यस अदालतसमक्ष पेश भएको लिखित जवाफ ।

नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ अनुसार बोटानी समूह, रा.प.तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यतामा मान्यता प्राप्त शिक्षण संस्थाबाट वनस्पतिशास्त्र विषय लिई विज्ञानमा स्नातक तह उपाधि वा सोसरह उत्तीर्ण उल्लेख भएकोमा निजले Faculty of Science and Technology बाट Bachelor Degree Major in Microbiology (३०० अङ्कको बोटानी विषयसहित) भएको देखिएकोले आयोगबाट मिति २०६८।३।२७ गते निज माधवेश कुमार पाठकले हासिल गरेको शैक्षिक उपाधिको ट्रान्सक्रिप्टमा माइक्रोबायोलोजी विषयमा स्नातक गरेको देखिएकोले उक्त शैक्षिक उपाधिलाई नेपाल वन सेवा, बोटानी समूह, रा.प.तृतीय श्रेणीको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यतासरह निजको योग्यता नमिलेको हुँदा परीक्षा रद्द गरी आयोगबाट भएको निर्णयका आधारमा निजलाई विज्ञापन नं. २५८८/०६७-६८ र २५८९/०६७-६८ को नतिजामा बाहेक गरी बाँकी उम्मेदवारको नतिजा प्रकाशन गरिएको कार्य कानूनसम्मत् हुँदा रिट निवेदन खारेजभागी छ, खारेज गरिपाऊँ भन्नेसमेतको

लोकसेवा आयोगको तर्फबाट यस अदालतसमक्ष पेश हुन आएको लिखितजवाफ ।

नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सुरेन्द्र महतोले रिट निवेदक विपक्षी लोकसेवा आयोगको विज्ञापन नं. २५८८/२०६७-६८ र २५८९/०६७-०६८ को सूचनाबमोजिम उक्त आयोगले लिएको लिखित परीक्षामा सहभागी भई लिखित परीक्षामा उत्तीर्ण भई अन्तरवार्तामा समेत सहभागी भई अङ्कसमेत प्राप्त गरेको अवस्थामा विपक्षी लोकसेवा आयोगद्वारा कानूनविपरीत मिति २०६८।३।२७ मा सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यतासरह मेरो पक्षको योग्यता नमिलेको भनी परीक्षा रद्द गर्ने गरी भएको मिति २०६८।३।२७ को निर्णय नेपालको अन्तरिम संविधान, २०६३ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ (१०) विपरीत छ । निजामती सेवा ऐन, २०४९ को दफा ७(१०) बमोजिम मधेसी कोटाअन्तर्गत विज्ञापित पदमा पदपूर्ति हुन नसकेमा सो पद खुलातर्फको प्रतिस्पर्धाको लागि जाने हुँदा संविधान तथा निजामती सेवा ऐन, २०४९ ले लिएको समावेशी सिद्धान्तको अवधारणाविपरीत भई मेरो पक्षको सो सिद्धान्त तथा कानूनी प्रावधानद्वारा प्रदत्त हकको हनन हुन जाने भएबाट लोकसेवा आयोगबाट लिखित तथा अन्तरवार्ताको प्रक्रियासमेत समाप्त भै सकेकाले नतिजा निकाल्नु पर्ने अवस्थामा निवेदकको शैक्षिक योग्यताको विषयलाई लिएर परीक्षा नै रद्द गर्ने गरी भएको निर्णय गैरकानूनी हुँदा उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी आयोगको विज्ञापन नं. २५८९।०६७।०६८ (खुला) नेपाल वन सेवा, बोटानी समूह, रा.प. तृतीय श्रेणी (प्रा) स.अ.अ./स.वै.अ.पदमा नियुक्तिको लागि सिफारिश गर्नु नियुक्ति दिनु भनी विपक्षी लोकसेवा आयोगको नाउँमा परमादेश जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी लोकसेवा आयोगसमेतका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेलले रिट निवेदकले रिट निवेदनमा परीक्षा नै रद्द गर्ने गरी विपक्षी लोकसेवा आयोगबाट भएको निर्णय निजामती सेवा ऐन, २०४९ को दफा ७(१०) विपरीत भएको भनी जिकीर लिएपनि उक्त दफा ७(१०) मा पहिलो पटक जुन कोटाअन्तर्गत विज्ञापन माग गरिएको हो सोही कोटाको पदपूर्ति हुन नसक्ने स्थिति भएमा पुनः अर्को पटक सोही कोटाका लागि विज्ञापनमा समावेश गर्नुपर्ने गरी माग गर्नुपर्ने र सोही बखत पनि पदपूर्ति हुन नसकेमा मात्र सो पद खुलातर्फका लागि जाने ऐनको प्रावधान रहेबाट लोकसेवा आयोगबाट भएको निर्णयमा पूर्वाग्रहको अवस्था विद्यमान छैन । त्यस्तै निवेदकको परीक्षा नै रद्द गरी तेस्रो व्यक्तिको स्वार्थमा निर्णय भएको अवस्था पनि छैन । लोकसेवा आयोग ऐन, २०६६ को दफा २२ (३) बमोजिम शैक्षिक योग्यता पूरा गरेको अवस्था नदेखिएमा रद्द गर्न पाउने अधिकारमा निवेदकले प्रश्न उठाउन सक्ने अवस्था नहुँदा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाऊँ भनी बहस प्रस्तुत गर्नुभयो ।

२. पक्ष विपक्षका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायी तथा सहन्यायाधिवक्ताको बहससमेत सुनी निवेदकको मागबमोजिमको आदेश जारी हुन सक्ने हो, होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो । प्रस्तुत रिट निवेदनमा निवेदकले मूलतः नेपाल वन सेवा, बोटानी समूह, पद संख्या १(खुला) विज्ञापन नं. २५८९/०६७-०६८ को सूचनाबमोजिमको पदमा तोकिएको शैक्षिक योग्यता वनस्पतिशास्त्र लिई विज्ञानमा स्नातक गरी विज्ञापनबमोजिम आवेदन दिई लिखित परीक्षा तथा अन्तरवार्तामा सहभागी

भई अङ्कसमेत प्राप्त गरी सकेपछि परीक्षाफल प्रकाशित गर्नुपर्नेमा सो नगरी त्यसको कानूनविपरीत लोकसेवा आयोगबाट मिति २०६८।३।२७ मा सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यतासरह मेरो योग्यता नमिलेको भनी निवेदकको परीक्षा रद्द गर्ने निर्णय भएबाट सो कार्य तथा सो निर्णयको आधारमा भएका अन्य सूचना सिफारिशलगायतको सम्पूर्ण काम कारवाही संविधानद्वारा प्रदत्त हक तथा कानूनविपरीत भएबाट उत्प्रेषणको आदेशले बदर गरी आयोगको विज्ञापन नं. २५८९।०६७।०६८ (खुला) नेपाल वन सेवा, बोटानी समूह रा.प. तृतीय श्रेणी (प्रा) स.अ.अ./स.वै.अ.पदमा नियुक्तिको लागि सिफारिश गर्नु नियुक्ति दिनु भनी विपक्षी लोकसेवा आयोगका नाममा समेत आदेश जारी गर्न माग गर्दै प्रस्तुत रिट निवेदन दायर गरेको देखियो ।

३. विपक्षी लोकसेवा आयोगको लिखित जवाफ व्यहोरा हेर्दा, नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ अनुसार बोटानी समूह, रा.प.तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यतामा मान्यता प्राप्त शिक्षक संस्थाबाट वनस्पतिशास्त्र विषय लिई विज्ञानमा स्नातक तह उपाधि वा सोसरह उत्तीर्ण उल्लेख भएकोमा निजले Faculty of Science and Technology बाट Bachelor Degree Major in Microbiology (३०० अङ्कको बोटानी विषयसहित) भएको देखिएकोले आयोगबाट मिति २०६८।३।२७ गते निज माधवेश कुमार पाठकले हासिल गरेको शैक्षिक उपाधिको ट्रान्सक्रिप्टमा माइक्रोबायोलोजी विषयमा स्नातक गरेको देखिएकोले उक्त शैक्षिक उपाधिलाई नेपाल वन सेवा, बोटानी समूह, रा.प.तृतीय श्रेणीको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यतासरह निजको योग्यता नमिलेको हुँदा परीक्षा रद्द गरी आयोगबाट भएको निर्णयका आधारमा निजलाई विज्ञापन नम्बर २५८८/०६७-६८र २५८९/०६७-६८ को नतिजामा बाहेक गरी बाँकी उम्मेदवारको नतिजा प्रकाशन गरिएको कार्य कानूनसम्मत् छ भन्नेसमेतको प्रतिवाद गर्दै लिखितजवाफ पेश गरेको देखिन्छ ।

४. प्रस्तुत रिट निवेदनमा रिट निवेदकले लोकसेवा आयोगको अधिकारक्षेत्रमा प्रश्न उठाएको देखिँदैन । अधिकारक्षेत्रकै विषयमा प्रश्न नउठाएको सन्दर्भमा लोकसेवा आयोगले गरेको निर्णयको औचित्यमा प्रश्न उठाउन पाईंदैन । निवेदकले प्रस्तुत रिट निवेदनको सन्दर्भमा उठाएको विषयलाई निजका तर्फबाट प्रतिनिधित्व गर्ने कानून व्यवसायीले बहसको क्रममा योग्यताको सम्बन्धमा यसअघि नै लोकसेवा आयोगबाट २०६१।३।१८ सालमा नै निर्णय भइसकेकोले सो निर्णयलाई अन्यथा असर गर्ने गरी मिति २०६८ सालमा निर्णय गर्न मिल्ने होइन भनी जिकीर लिएको देखियो । यस सम्बन्धमा विचार गर्दा योग्यता निर्धारणको सम्बन्धमा लोकसेवा आयोगबाट २०६१ सालमा जे जस्तो निर्णय भएपनि लोकसेवा आयोगले आफ्नो अधिकारक्षेत्रभित्रको विषयवस्तुअन्तर्गत रहने शैक्षिक योग्यताका सम्बन्धमा आवश्यक निर्णय गर्न सक्ने नै देखिँदा २०६१ सालको निर्णयलाई अन्यथा हुने गरी उक्त आयोगले २०६८ सालमा नयाँ निर्णय गर्न सक्तैन भन्न मिल्ने देखिँदैन । लोकसेवा आयोगले गरेको नयाँ निर्णयलाई यो वा त्यो आधारमा निर्णयको आधिकारिकता र औचित्यमा प्रश्न उठाई पुरानो निर्णय वा नीतिगत निर्णयलाई नै स्थान दिनुपर्छ भन्न मिल्दैन ।

५. यी रिट निवेदकले पेश गरेको मिसिल संलग्न निजको ट्रान्सक्रिप्टको प्रतिलिपि व्यहोरा हेर्दा निजले हासिल गरेको तीनवर्षे माइक्रोबायोलोजी मूल विषय भएको स्नातक तह बोटानी विषयको प्रथम वर्षमा मात्र General microbiology विषयमा १५० अङ्को

पाठ्यक्रमसहितको विषय अध्ययन गरेको देखिन्छ । लोकसेवा आयोगद्वारा विज्ञापित विज्ञापन नं. २५८९/०६७-०६८ सहायक अनुसन्धान अधिकृत/सहायक वैज्ञानिक अधिकृत वन, बोटानी, रा.प.तृतीय श्रेणीको लागि छुट्याइएको पदका लागि यी निवेदकको आवश्यक योग्यता नपुगेको भनी लोकसेवा आयोगबाट मिति २०६८।३।२७ मा निर्णय हुँदा उम्मेदवार श्री माधवेशकुमार पाठकले हासिल गरेको शैक्षिक उपाधिको ट्रान्सक्रिप्टमा माइक्रोबायोलोजी विषयमा स्नातक गरेको देखिएकोले उक्त शैक्षिक उपाधिलाई नेपाल वन सेवा, बोटानी समूह, रा.प.तृतीय श्रेणीको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यतासरह निजको योग्यता नमिलेको हुँदा परीक्षा रद्द गर्ने भनी निर्णय भएको देखिएकोले विपक्षी लोकसेवा आयोगले यी निवेदकको परीक्षा रद्द गर्ने गरी गरेको निर्णय कानूनसङ्गत छ छैन भनी यस सम्बन्धमा विवेचना गर्नु प्रासङ्गिक देखिन आयो ।

६. लोकसेवा आयोग ऐन, २०६६ को परिच्छेद ३ मा शैक्षिक योग्यताको निर्धारण, पाठ्यक्रम तथा अन्य व्यवस्थासमेतको प्रावधान रहेको र उक्त ऐनको दफा २२ ले शैक्षिक योग्यताको निर्धारण गरी उपदफा १ मा निजामती सेवाको खुला प्रतियोगिताबाट पूर्ति गरिने कुनै पदको लागि आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यता सम्बन्धित सेवा,समूह तथा उपसमूहसम्बन्धी प्रचलित कानूनमा निर्धारण भएबमोजिम हुने भनी व्यवस्था गरेको देखिन्छ भने उक्त दफाको उपदफा ३ मा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै उम्मेदवारले कुनै विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यता निजामती सेवाको कुनै पदको लागि निर्धारण गरिएको शैक्षिक योग्यतासरह छ छैन भन्ने सम्बन्धमा आवश्यकताअनुसार आयोगले निर्णय गरेबमोजिम हुनेछ भन्ने स्पष्ट किटानी गरी त्यसरी खुला प्रतियोगिताबाट पूर्ति गरिने कुनै पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यताका सम्बन्धमा आयोगले निर्णय गर्न सक्ने स्पष्ट कानूनी आधार रहे भएको देखिन्छ । यस अदालतको संयुक्त इजलासबाट संवत् २०६२ सालको रिट नं. २७८६ निवेदक महेश्वर श्रेष्ठसमेत विरुद्ध लोकसेवा आयोग केन्द्रीय कार्यालयसमेत रहेको उत्प्रेषणयुक्त परमादेश मुद्दामा लोकसेवा आयोगबाट लिइने परीक्षा सन्दर्भमा शैक्षिक योग्यता सम्बन्धमा विवाद उठेमा लोकसेवा आयोग (कार्यविधि) ऐन, २०४८ को दफा ८(२) मा लोकसेवा आयोगले निर्णय गर्न सक्ने नै देखिन्छ भनी लोकसेवा आयोगको निर्णय गर्ने अधिकारका विषयमा समेत बोलिसकिएको समेतबाट यी निवेदकका हकमा परीक्षा नै रद्द गर्ने गरी भएको निर्णयलाई अन्यथा भन्न सक्ने अवस्था देखिन आएन ।

७. अमुक सेवा वा समूहका लागि चाहिने विशेष प्रकारको योग्यतालाई आधार मानी कुनै पनि पदको सिर्जना हुन सक्ने हुँदा त्यस्तो वाञ्छनीय योग्यता किटान गरी सिर्जना गरिएका पदको पदपूर्ति पनि सोही योग्यता प्राप्त गरेको जनशक्तिबाट मात्र हुन सक्ने हुँदा पदको आवश्यकतालाई नै ध्यानमा राखेर शैक्षिक योग्यताको निर्धारण गरिएको हुन्छ । कुनै विशिष्टीकृत् सेवा वा समूहका लागि आवश्यक पर्ने शैक्षिक योग्यताको निर्धारण कानूनद्वारा तोकिएबमोजिम हुने तथा सोको निर्धारण गर्न सक्ने स्पष्ट अधिकार पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्ने निकायको रूपमा रहेको लोकसेवा आयोगलाई कानूनले नै प्रदान गरेको देखियो । यस्तो अवस्थामा लोकसेवा आयोगले यी निवेदकको न्यूनतम् शैक्षिक योग्यताको विषयलाई लिएर निवेदकको दर्खास्त एवं परीक्षासमेत रद्द गर्ने गरी गरेको निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान देखिन आएन ।

८. निवेदकले समावेशी कोटाअन्तर्गतको मधेसी कोटामा विज्ञापन गरिएको पदमा पदपूर्ति हुन नसकेमा सो पद खुलातर्फको लागि जाने हुँदा यसले संविधान तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ले उल्लेख गरेको निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये मधेसी समुदायका लागि छुट्याईएको पदमा नै पूर्ति हुन नसकी उक्त पद खुलाका लागि जान सक्ने हुन्छ भनी प्रश्न उठाएको देखिन्छ । निजामती सेवा ऐन, २०४९ को दफा ७(१०) मा उपदफा ७ बमोजिम छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नुपर्नेछ र त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएको देखिन्छ । प्रस्तुत विज्ञापन लोकसेवा आयोगको आर्थिक वर्ष २०६७/०६८ को सहायक अनुसन्धान अधिकृत/सहायक वैज्ञानिक अधिकृत, वन, बोटानी समूहअन्तर्गतको निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७)(ग) बमोजिमको विज्ञापन भई पहिलोपटक विज्ञापन माग गरिएको र सो पदका उम्मेदवार यी निवेदकको शैक्षिक योग्यता नै अपुग भई सो विज्ञापनअनुसारको योग्यता नभएबाट यी निवेदकको उम्मेदवारी तथा निजले दिएको परीक्षा नै रद्द भई पुनः सोही समुदायका लागि नै विज्ञापन हुन सक्ने देखिन्छ । यस्तो अवस्थामा रिट निवेदकले निवेदनमा उल्लेख गरेजस्तो मधेसी कोटाअन्तर्गतको विज्ञापित पदबमोजिम उम्मेदवारको परीक्षा रद्द भएमा उक्त मधेसी कोटाको पद खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश हुन जान नसक्ने भई प्रचलित संविधान तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा ७ ले परिकल्पना गरेको समावेशीताको सिद्धान्तलाई निस्तेज पार्न सक्ने अवस्थासमेत देखिन आएन ।

९. निवेदकले दावी गरेको विज्ञापित पदका लागि वनस्पति विज्ञान लिई विज्ञानमा स्नातकोपाधि हासिल गरेको हुनुपर्ने गरी शैक्षिक योग्यता तोकिएकोमा निवेदकले सूक्ष्म जीवविज्ञान लिई विज्ञानमा स्नातकको उपाधि हासील गरेको देखिएको भै लोकसेवा आयोगले तोकिएको न्यूनतम् शैक्षिक उपाधि विद्यमान नरहेको भनी निवेदककों परीक्षासमेत रद्द गरेको कुरामा कुनै कानूनी त्रुटि विद्यमान नभएकोले यी रिट निवेदकका हकमा निजको परीक्षा नै रद्द गर्ने गरी लोकसेवा आयोगबाट मिति २०६८।३।२७ मा भएको निर्णय बदर गरिरहनु परेन । तसर्थ निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिली प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।

न्या.सुशीला कार्की

इति संवत् २०६९ साल फागुन ३० गते रोज ४ शुभम्.
इजलास अधिकृत :- विष्णुप्रसाद गौतम

## निर्णय नं. ९०११

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय
०६८-WO-११०९
फैसला मितिः २०७०।३।२८।६

विषय : उत्प्रेषण समेत ।

रिट निवेदकः सिन्धुली जिल्ला, दुम्जा गा.वि.स.वडा नं ६ घर भै हाल कारागार कार्यालय, नख्खुमा थुनामा रहेको रोलास थापा

विरूद्ध

विपक्षीः काठमाडौँ जिल्ला अदालतसमेत

- **डाँका मुद्दाको अभियोगपत्र दायर गर्दा चोरीको २७ नं. को दावी भएको नभै चोरीको १४(४) नं. बमोजिमको दावी भै ऐ.को १०(३) नं. समेतको दावी भएको साथै फैसलामा समेत १४(४) नं. बमोजिम नै सजाय भएको देखिन्छ । अभियोग दावीमा नै चोरीको १४(४) नं. बमोजिमको अभियोग रहेको र फैसलामा समेत १४(४) नं. बमोजिम सजाय भएको अवस्थामा दावी नै नभएको मुलुकी ऐन, चोरीको २७ नं. लाई आधार लिन नमिल्ने ।**

(प्रकरण नं.३)

निवेदकतर्फबाटः विद्वान अधिवक्ता मोहन बन्जारा
विपक्षीतर्फबाटः विद्वान उपन्यायाधिवक्ता खगराज पौडेल
अवलम्बित नजीरः

- *नेकाप* २०६७, अङ्क १२, नि.नं ८५१६, पृष्ठ १९७६, १९७७

सम्बद्ध कानूनः

- नेपाल अधिराज्यको संविधान, २०६३ को धारा १३(१)
- मुलुकी ऐन, चोरीको १०(३), २७, १४(४) नं.
- दण्ड सजायको ३८, ३८(१), ३९, ४०, ४१ र ५३, नं.
- अ.बं १२० नं.

आदेश

**न्या.कल्याण श्रेष्ठः** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

शुरू काठमाडौ जिल्ला अदालतमा जाहेरवाला हरिगोपाल श्रेष्ठको जाहेरीले चलेको वादी नेपाल सरकार प्रतिवादी म निवेदकसमेत भएको स.फौ.नं.१७४१ डाँका मुद्दामा काठमाडौ जिल्ला अदालतको मिति २०६४।१।१४ गतेको फैसलाले कैद वर्ष ६।०।० जरीवाना रु.२,६९,५७७- ठहर भएको मुद्दा र भक्तपुर जिल्ला अदालतमा कल्पना काफ्लेको जाहेरीले चलेको डाँका मुद्दामा मिति २०६४।९।२९ को फैसलाबमोजिम कैद वर्ष ९।०।० र जरीवाना रु.१,९६,४२५।- भएको मुद्दा र उक्त भक्तपुर जिल्ला अदालतको ऐ. मितिको फैसलाले धनकाजी श्रेष्ठको जाहेरीबाट चलेको डाँका मुद्दामा कैद वर्ष १२।०।० र जरीवाना रु.९,२२,५००। ठहर भएको छ ।

म निवेदकले मुलुकी ऐन, अ.बं. १२० नं दण्ड, सजायको ३८, ३९, ४०, ४१ र ५३ नं. बमोजिम कैद हद गरी ठूलो कैद वर्ष १२ कायम गरी जरीवाना एकमुष्ट गरी संशोधित कैद पूर्जी पाऊँ भनी दण्ड सजायको४१ नं.बमोजिम भक्तपुर जिल्ला अदालतमा पेश गरेको निवेदनउपर कारवाही हुँदा निवेदकको निवेदन साथ पेश गरेको कैदीपूर्जीबाट कल्पना काफ्ले (घिमिरे) को जाहेरीले

वादी नेपाल सरकार प्रतिवादी यी निवेदक रोलास थापासमेत भएको डाँका मुद्दामा ९ वर्ष कैद र रु.१,९६,४२५।- जरीवाना तथा धनकाजी श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी निज रोलास थापासमेत भएको डाँका मुद्दामा १२ वर्ष कैद तथा रु.९,२२,५००।- जरीवाना हुने ठहरी मिति २०६४।९।२९ मा अदालतबाट फैसला भई मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. बमोजिम १२ वर्ष अर्थात् उपरोक्त जरीवाना तिरे मिति २०७४।६।१ सम्म कैद गरी जरीवाना नतिरे सोबापत थप ४ वर्ष अर्थात् मिति २०७८।६।१ सम्म कैदमा राख्न यस अदालतबाट कैदीपूर्जी जारी भएको हरिगोपाल श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रोलास थापासमेत भएको डाँका मुद्दामा ६ वर्ष कैद र रु.२,६९,५७७।- जरीवाना हुने ठहरी काठमाडौँ जिल्ला अदालतबाट मिति २०६४।१।१४ मा भएको फैसलाबमोजिम ६ वर्ष कैद तथा जरीवाना नतिरेबापत थप ४ वर्ष कैदमा राख्न कैद ठेकी पठाइएको देखियो । काठमाडौँ जिल्ला अदालतबाट भएको फैसलाले लागेको कैद जरीवानाबापत समेत दण्डसजायको ४१ नं. बमोजिम कैद हद गर्ने अधिकार यस अदालतलाई नभएको र यस अदालतको पूर्जीबमोजिम जरीवाना बुझाएमा मिति २०७४।६।१ सम्म नबुझाएमा जरीवानाबापत थप कैद वर्ष ४ समेत मिति २०७८।६।१ सम्म कैद ठेकिएकोमा सो व्यहोरा कानूनसङ्गत नै देखिँदा अरू केही गर्न परेन भन्ने आदेश भयो ।

भक्तपुर जिल्ला अदालतबाट भएको उक्त आदेश कानूनविपरीत भएकाले बदर गरिपाऊँ भनी दर्ता भएको निवेदनउपर पुनरावेदन अदालतबाट आदेश हुँदा हरिगोपाल श्रेष्ठको जाहेरीबाट चलेको डाँका मुद्दामा पहिलो पटक निवेदकले डाँका गरेको ठहरी ६ वर्ष कैद र रु.२,६९,५७७।- जरीवाना भएको, भक्तपुर जिल्ला अदालतको मिति २०६४।९।२९ को फैसलाले कल्पना काफ्लेको जाहेरीबाट चलेको डाँका मुद्दामा दोस्रो पटक डाँका गरेको ठहरी ९ वर्ष कैद र रु.१,९६,४२५।- जरीवाना भएको तथा उक्त अदालतको मिति २०६४।९।२९ को फैसलाले नै धनकाजी श्रेष्ठको जाहेरीले चलेको डाँका मुद्दामा तेस्रो पटक डाँका गरेको ठहरी १२ वर्ष कैद र रु.९,२२,५००।- जरीवाना भएको भन्ने देखिएको र निवेदक रोलास थापाले आफूलाई लागेको जरीवानाको रूपैयाँ बुझाएको भन्ने देखिन आएन । उक्त तीनै मुद्दाको फैसलाले प्रतिवादी निवेदक रोलास थापालाई जरीवाना तथा कैद गरी १८ वर्षभन्दा बढी नै कैद हुन गएको देखिए तापनि चोरीको महलको २७ नं. ले डाँकामा बिगो, जरीवाना तथा कैदमा गरी जम्मा १८ वर्ष भन्दा बढी कैद गर्न नमिल्ने भएकाले सोहीबमोजिम जम्मा १८ वर्ष कैद गर्ने गरी लगतमा जनाई तदनुसारको कैदीपूर्जी दिनुहोला साथै सोको जानकारी काठमाडौँ जिल्ला अदालत, लगत शाखामा दिनु भनी आदेश भयो ।

म निवेदकउपर काठमाडौँ जिल्ला अदालत र भक्तपुर जिल्ला अदालतमा चलेका डाँका मुद्दाहरूमा मिति २०६४।१।१४ मा भएको काठमाडौँ जिल्ला अदालतको फैसलाले कैद वर्ष ६।०।० जरीवाना रु.२,६९,५७७।- र भक्तपुर जिल्ला अदालतमा चलेको डाँका मुद्दामध्ये कल्पना काफ्लेको जाहेरीले चलेको डाँका मुद्दामा मिति २०६४।९।२९ गते भएको फैसलामा कैद वर्ष ९।०।० जरीवाना रु. १,९६,४२५।- ऐ मितिको धनकाजी श्रेष्ठको जाहेरीले चलेको डाँका मुद्दामा कैद वर्ष १२।०।० जरीवाना रु.९,२२,५००।- ठहर भएको मुद्दामा मउपर अभियोजन पक्षले चोरीको १ र ६ को कसूरमा ऐ.१४(४) बमोजिम माग दावी लिएको र सोहीबमोजिम अदालतबाट फैसला भएको अवस्थामा मुलुकी ऐन, दण्ड सजायको ४१ नं. बमोजिम ठूलै कैद वर्ष १२ कायम गरी सानो कैद हद गरी जरीवाना एकमुष्ट गरी मुलुकी ऐन, दण्ड सजायको ३८(१) नं. बमोजिम जरीवानाबापत कैद वर्ष ४ को संशोधित कैदीपूर्जी पाऊँ भनी

शुरू भक्तपुर जिल्ला अदालतमा चढाएको निवेदनउपर मिति २०६७।९।१९ गते माननीय न्यायाधीशज्यूबाट अन्य अदालतबाट भएको कैद जरीवानाबापत हद गर्ने अधिकार यस अदालतलाई नभएको भनी दण्ड सजायको ४१ नं. र *नेकाप* २०४६, पृष्ठ ११६७ मा प्रतिपादित नजीरसमेत विपरीत भएको आदेश अ.बं. १७ नं.ले बदर गरिपाऊँ भनी पुनरावेदन अदालत, पाटनमा दर्ता भएको निवेदनउपर मिति २०६८।७।२५ गते प्रतिवादीलाई उक्त तीनै मुद्दाको फैसलाले जरीवाना तथा कैद गरी १८ वर्षभन्दा बढी नै कैद हुन गएको देखिन्छ तापनि चोरीको महलको २७ नं. ले डाँकाको बिगो जरीवाना तथा कैदमा गरी जम्मा १८ वर्षभन्दा बढी कैद गर्न नमिल्ने भएकोले सोहीबमोजिम १८ वर्ष कैद गर्ने गरी लगतमा चढाई तदनुसारको कैदीपूर्जी दिनुहोला भनी भएको आदेशमा समेत गम्भीर त्रुटिपूर्ण छ ।

म निवेदकउपर अ.बं १७, १२० दण्ड सजायको ३८,३९,४०,४१र ५३ नं. विपरीत आदेश भएको कुरामा विवाद छैन । मउपर दायर भएको मुद्दामा चोरीको २७ नं. को दावी अभियोजन पक्षले नलिएको शुरू फैसलामा चोरीको २७ नं. प्रयोग नभएको, दण्ड सजायको ३८(१)बमोजिम जरीवाना नबुझाएमा कैद वर्ष ४ हुने भनी कैदी पूर्जीसमेत प्राप्त भएको र ३ वटै मुद्दामा अलगअलग कैदीपूर्जी प्राप्त भएकाले दण्ड सजायको ४१ नं. बमोजिम हद गरिपाऊँ भनी दिएको निवेदनमा शुरू भक्तपुर जिल्ला अदालतले प्रतिवादीहरू मिति २०६४।६।२ मा थुनामा परेको नभई मिति २०६४।२।१८ मा थुनामा परेको भनी मिति सच्याई हद गर्ने अधिकार नभएको भनी आदेश भएको र सोउपर पुनरावेदन अदालत, पाटनमा चढाएको निवेदनमा चोरीको २७ नं. प्रयोग गरी १८ वर्ष कैद गर्नु दण्ड सजायको ३८(१) र चोरीको १४(४) विपरीत छ । प्रत्यर्थीहरूको गैरकानूनी काम कारवाहीले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ को उपधारा १ को समानताको हक हनन भई मुलुकी ऐन, अ.बं १२०, दण्ड सजायको ३८, ३९, ४०, ४१ र ५३, चोरीको महलको १४(४) नं. विपरीत रहेकाले प्रत्यर्थी भक्तपुर जिल्ला अदालत र पुनरावेदन अदालत, पाटनबाट भएका आदेशहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी म निवेदकलाई कैदबापत चोरीको १४(४) बमोजिम वर्ष १२ र दण्ड सजायको ३८(१) बमोजिम जरीवानाबापत कैद वर्ष ४ समेत एकमुष्ट गरी जम्मा कैद वर्ष १६ को संशोधित कैदीपूर्जी दिनु भनी विपक्षीहरूका नाउँमा जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ भन्नेसमेतको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिल साथै राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखितजवाफ पठाउनु भनी यो आदेश र रिट निवेदनको एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरूलाई सूचना दिई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनु । लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्नेसमेतको यस अदालत एक न्यायाधीशको इजलासबाट भएको आदेश ।

यस जिल्ला अदालतबाट यी प्रतिवादीको हकमा हरिगोपाल श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै निवेदकसमेत भएको डाँका मुद्दामा ठहरेको कैद वर्ष ६ र जरीवाना रु.२,६९,५७७।- बापत मिति २०६४।३।१३ मा कैदी ढड्डा नं. ४६३ लगत.नम्बर ७४१ बाट कानूनबमोजिम कैदीपूर्जी ठेकिएको र सो कैदी पूर्जीउपर निवेदकले अन्यथा भन्न सकेको अवस्था छैन । यस अदालतबाट प्रतिवादीको हकमा फैसलाले ठहर गरेको लगतबमोजिम ठेकिएको कैदीपूर्जीको कारणले निजको संवैधानिक एवं कानूनी हकमा आघात पुगेको अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेतको विपक्षी

काठमाडौँ जिल्ला अदालतका तर्फबाट यस अदालतसमक्ष पेश भएको लिखित जवाफ ।

धनकाजी श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी रणबहादुर थिङ्गसमेत भएको डाँका मुद्दामा प्रतिवादी रणबहादुर थिङ्ग र रोलास थापाले तेस्रो पटक डाँका गरेकोले जनही बिगोको डेढि रु.९,२२,५००।- जरीवाना र तेस्रो पटक डाँका गरेकोमा प्रतिवदीहरू रणबहादुर थिङ्ग र रोलास थापालाई १२ वर्ष कैद हुने ठहर्छ भनी यस अदालतबाट मिति २०६४।९।२९ मा र कल्पना काफ्लेको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी रणबहादुर थिङ्गसमेत भएको डाँका मुद्दामा प्रतिवादी रणबहादुर थिङ्ग र रोलास थापालाई अभियोग माग दावी बमोजिम दोस्रो पटक डाँका गरेकोले जनही बिगोको डेढि रु.१,९६,४२५।- र कैद वर्ष ९ हुने ठहरी मिति २०६४।९।२९ मा फैसला भई सो फैसलाबमोजिम रोलास थापालाई यस अदालतको च.नं ८१५५, लगत नं. २१९/०६४/६५ मिति २०६५।३।२६ को पत्रबाट कैद तथा जरीवाना ठेकी पठाएको हो । हरिगोपाल श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म रोलास थापासमेत भएको डाँका मुद्दामा काठमाडौँ जिल्ला अदालतको मिति २०६४।१।१४ को फैसलाले ६ वर्ष कैद र जरीवाना रु.२,६९,५७७। हुने गरी फैसला गरेकोले सोहीअनुसारको कैदीपूर्जी पाएको र माथि उल्लेखित भक्तपुर जिल्ला अदालतको दुवै मुद्दाको कैदी पूर्जी पाएकोले र म मिति २०६२।२।१८ गते देखि प्रहरी हिरासतमा रहेकोले सोही मितिदेखि थुना कायम गरी मुलुकी ऐन, दण्डसजायको महलको ३८, ३९, ४०, ४१ नं. बमोजिम मेरो हकमा दुवै अदालतको फैसलाको कैदीपूर्जीअनुसार एकत्रित गरी कैद हदकायम समायोजन गरी कैदी पूर्जी पाऊँ भनी प्रतिवादी रोलास थापाले यस अदालतमा निवेदन गरेकोमा, प्रतिवादीहरू मिति २०६२।२।१८ मा पक्राउ परी त्यहाँबाटै यस अदालतमा चलेको प्रस्तुत मुद्दामा झिकाई कारवाही किनारा गरेको मिसिल संलग्न कागजातबाट देखिँदा यी निवेदक प्रतिवादीको हकमा उक्त मिति २०६२।२।१८ गते देखि नै लागू हुने गरी संशोधित कैदीपूर्जी जारी गर्नु भन्ने यस अदालतको मिति २०६८।१।२३ को इजलासबाट भएको आदेशानुसार यस अदालतको च.नं ४१९९ मिति २०६८।१।२७ को पत्रबाट संशोधित कैद तथा जरीवाना ठेकी पठाएको हो ।

उक्त मिति २०६८।१।२३ को यस अदालतको आदेशविरुद्ध पुनरावेदन अदालत, पाटन ललितपुरमा अ.बं १७ नं. बमोजिम निवेदन गरेकोमा उक्त तीनै मुद्दाको फैसलाले प्रतिवादी निवेदक रोलास थापालाई जरीवाना तथा कैद गरी १८ वर्ष भन्दा बढी नै कैद हुने देखिन्छ । चोरीको महलको २७ नं. ले डाँकामा जरीवाना तथा कैदमा गरी जम्मा १८ वर्षभन्दा बढी कैद गर्न नमिल्ने भएकोले सोही बमोजिम जम्मा १८ वर्ष कैद गर्ने गरी लगत जनाई तद्अनुसारको कैदीपूर्जी दिनुहोला साथै सोको जानकारी काठमाडौँ जिल्ला अदालत लगत शाखामा दिनुहोला भन्नेसमेतको पुनरावेदन अदालत, पाटन ललितपुरबाट मिति २०६८।७।२५ को आदेश भएकोमा सोहीअनुसार यस अदालतको च.नं ४१६१, मिति २०६८।१२।३ को पत्रबाट कैद तथा जरीवाना ठेकी पठाएको भन्नेसमेतको भक्तपुर जिल्ला अदालतको तर्फबाट यस अदालतसमक्ष पेश भएको लिखित जवाफ ।

वादी नेपाल सरकार प्रतिवादी रोलास थापासमेत भएको डाँका मुद्दामा निज रोलास थापालाई भक्तपुर जिल्ला अदालतमा भएको २ थान डाँका मुद्दामा १२ वर्ष कैद र रु.११,१८,९२५ जरीवाना र काठमाडौँ जिल्ला अदालतमा भएको डाँका मुद्दामा ६ वर्ष कैद र रु.२,६९,५५७।- जरीवानाबापत निजलाई यस कारागारमा थुनामा राखिएको, निजको नाउँमा काठमाडौँ जिल्ला अदालतबाट भएको फैसलाउपर यस कार्यालयले कैद हद गर्ने अधिकार नभएबाट रिट खारेज गरिपाउँ भन्नेसमेतको विपक्षी कारागार कार्यालय नख्खु ललितपुरका तर्फबाट यस अदालतसमक्ष पेश भएको लिखितजवाफ ।

भक्तपुर जिल्ला अदालतबाट भएको वेरीतको आदेश बदर गरिपाऊँ भन्ने डाँका मुद्दामा निवेदक रोलास थापाले यस अदालतमा अ.बं १७ नं. बमोजिम दिएको निवेदन इजलाससमक्ष पेश हुँदा निवेदक रोलास थापालाई मिति २०६४।१।१४ को काठमाडौँ जिल्ला अदालतको फैसलाले हरिगोपाल श्रेष्ठको जाहेरीबाट चलेको डाँका मुद्दामा पहिलो पटक निवेदकले डाँका गरेको ठहरी ६ वर्ष कैद र रु.२,६९,५७७।-जरीवाना भएको,भक्तपुर जिल्ला अदालतको मिति २०६४।९।२९ को फैसलाले कल्पना काफ्लेको जाहेरीबाट चलेको डाँका मुद्दामा दोस्रो पटक डाँका गरेको ठहरी ९ वर्ष कैद रु.१,६६,४२५।-जरीवाना भएको तथा उक्त अदालतको मिति २०६४।९।२९ को फैसलाले नै धनकाजी श्रेष्ठको जाहेरीले चलेको डाँका मुद्दामा तेस्रो पटक डाँका गरेको ठहरी १२ वर्ष कैद र रु.९,२२,५००।-जरीवाना भएको भन्ने देखिन आयो । निवेदक रोलास थापाले आफूलाई लागेको जरीवानाको रूपैयाँ बुझाएको भन्ने देखिन आएन । उक्त तीनै मुद्दाको फैसलाले प्रतिवादी निवेदक रोलास थापालाई जरीवाना तथा कैद गरी १८ वर्ष भन्दा बढी नै कैद हुन गएको भए तापनि चोरीको महलको २७ नं. ले डाँकामा बिगो जरीवाना तथा कैदमा गरी जम्मा १८ वर्ष भन्दा बढी कैद गर्न नमिल्ने भएकाले सोहीबमोजिम जम्मा १८ वर्ष कैद गर्ने गरी लगतमा जनाई तदनुसारको कैदीपूर्जी दिनुहोला साथै सोको जानकारी काठमाडौँ जिल्ला अदालत, लगत शाखामा दिनुहोला भनी मिति २०६८।७।२५ मा आदेश भएको हो भन्नेसमेतको विपक्षी पुनरावेदन अदालत, पाटनबाट यस अदालतसमक्ष पेश भएको लिखित जवाफ ।

नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मोहन बन्जाराले मेरो पक्षलाई मुलुकी ऐन, चोरीको महलको १४(४) बमोजिम जम्मा १२ वर्ष र दण्ड सजायको ३८(१) नं. ले ४ वर्ष गरी १६ वर्षको लगत कैदीपूर्जी दिनुपर्नेमा सो नगरी अधिकतम् सजायको लगत दिएको विपक्षीहरूको कार्य गैरकानूनी भएबाट उक्त कैदीपूर्जी दिने आदेशहरू बदर गरी पक्षका नाउँमा १६ वर्ष कायम हुने गरी संशोधित लगत पूर्जी दिनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी गरिपाऊँ भनी बहस प्रस्तुत गर्नुभयो ।

त्यस्तै विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री खगराज पौडेलले निवेदकलाई विभिन्न मुद्दामा भएको फैसला अनुसार नै अदालतबाट कैदीपूर्जी जारी गरिएको अवस्था छ । जरीवानाबापत लागेको रकमसमेत बुझाउन नसकी निजलाई थुनामा राखिएको र जरीवानाबापतको कैद भएबाट निजको हकमा मागबमोजिमको आदेश जारी हुन सक्ने होइन भनी गर्नु भएको बहससमेत सुनियो ।

पक्ष विपक्षीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता तथा उपन्यायाधिवक्ताको बहससमेत सुनी निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो । निर्णयतर्फ विचार गर्दा, यी रिट निवेदकले मूलतः निवेदकउपर दायर भएको मुद्दामा चोरीको २७ नं. को दावी अभियोजन पक्षले नलिएको, शुरू फैसलामा चोरीको २७ नं. प्रयोग नभएको, दण्ड सजायको ३८(१) बमोजिम जरीवाना नबुझाएमा कैद वर्ष ४ हुने भनी कैदीपूर्जीसमेत प्राप्त भएको र तीनवटै मुद्दामा अलगअलग कैदीपूर्जी प्राप्त भएकाले दण्ड सजायको ४१ नं. बमोजिम हद गरिपाऊँ भनी दिएको निवेदनमा शुरू भक्तपुर जिल्ला अदालतले मिति २०६४।२।१८ मा थुनामा परेको भनी मिति सच्याई हद गर्ने अधिकार नभएको भनी आदेश भएको र सोउपर पुनरावेदन अदालत, पाटनमा चढाएको निवेदनमा चोरीको २७ नं. प्रयोग गरी १८ वर्ष कैद गर्नु भन्नेसमेतको आदेशले दण्ड सजायको ३८(१) र चोरीको १४(४) विपरीत भै

प्रत्यर्थीहरूको गैरकानूनी काम कारवाहीबाट निवेदकको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ को उपधारा १ को समानताको हक हनन भई मुलुकी ऐन, अ.बं १२०, दण्ड सजायको ३८, ३९, ४०, ४१ र ५३, चोरीको महलको १४(४) नं. विपरीत भएबाट प्रत्यर्थी भक्तपुर जिल्ला अदालत र पुनरावेदन अदालत, पाटनबाट भएका त्रुटिपूर्ण आदेशहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकलाई कैदबापत चोरीको १४(४) बमोजिम वर्ष १२ र दण्ड सजायको ३८(१) बमोजिम जरीवानाबापत कैद वर्ष ४ समेत एकमुष्ट गरी जम्मा कैद वर्ष १६ को संशोधित कैदीपूर्जी दिनु भनी विपक्षीहरूका नाउँमा जो चाहिने आदेश जारी गरिपाऊँ भन्नेसमेतको रिट निवेदनको व्यहोरा देखिन्छ ।

२. विपक्षीहरूको लिखित जवाफ व्यहोरा हेर्दा मिति २०६८।१।२३ को यस अदालतको आदेश विरुद्ध पुनरावेदन अदालत, पाटन ललितपुरमा अ.बं १७ नं बमोजिम वेरीतको आदेश बदर गरी मुलुकी ऐन, दण्ड सजायको ४१ नं. बमोजिम कैद हद गरिपाऊँ भनी प्रतिवादी रोलास थापाले मिति २०६८।२।१९ मा निवेदन गरेकोमा उक्त तीनै मुद्दाको फैसलाले प्रतिवादी निवेदक रोलास थापालाई जरीवाना तथा कैद गरी १८ वर्ष भन्दा बढी नै कैद हुने देखिए पनि चोरीको महलको २७ नं. ले डाँकामा जरीवाना तथा कैदमा गरी जम्मा १८ वर्षभन्दा बढी कैद गर्न नमिल्ने भएकोले सोहीबमोजिम जम्मा १८ वर्ष कैद गर्ने गरी लगत जनाई तद्अनुसारको कैदीपूर्जी दिनु साथै सोको जानकारी काठमाडौँ जिल्ला अदालत, लगत शाखामा दिनुहोला भन्नेसमेतको पुनरावेदन अदालत, पाटन ललितपुरको मिति २०६८।७।२५ को आदेश भएकोमा सोहीअनुसार यस अदालतको च.नं. ४१६१ मिती २०६८।१२।३ को पत्रबाट कैद तथा जरीवाना ठेकी पठाएको भन्नेसमेतको विपक्षीमध्येका भक्तपुर जिल्ला अदालतको लिखितजवाफ व्यहोरामा उल्लेख भएको र पुनरावेदन अदालत, पाटनको लिखित जवाफ व्यहोरामा समेत १८ वर्षभन्दा बढी कैद गर्न नमिल्ने भन्नेसमेतको लिखित जवाफमा उल्लेख गरेको देखिन आयो ।

३. मिसिल साथ प्राप्त धनकाजी श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रोलास थापासमेत भएको डाँका मुद्दाको तथा कल्पना काफ्लेको जाहेरीले नेपाल सरकारविरुद्ध रोलास थापासमेत भएको डाँका मुद्दाको अभियोगपत्र दायर गर्दा यी प्रतिवादीहरूउपर चोरीको २७ नं. को दावी भएको नभै चोरीको १४(४) नं. बमोजिमको दावी भै ऐ.को १०(३) नं. समेतको दावी भएको देखिन्छ । साथै फैसलामा समेत १४(४) नं. बमोजिम नै सजाय भएको देखिन्छ । अभियोग दावीमा नै चोरीको १४(४) नं. बमोजिमको अभियोग रहेको र फैसलामा समेत १४(४) नं. बमोजिम यी प्रतिवादीलाई सजाय भएको अवस्थामा दावी नै नभएको मुलुकी ऐन, चोरीको २७ नं. लाई आधार लिन मिल्ने देखिन्न ।

४. मुलुकी ऐन, चोरीको महलको २७ नं. मा बिगो जरीवाना कैद वा तीनै थोकमा समेत गर्दा पनि चोरीमा ८ वर्ष, नकबजनी वा जवर्जस्ती चोरीमा १० वर्ष, रहजनीमा १२ वर्ष र डाँकामा १८ वर्षदेखि बढी कैद गर्न हुँदैन भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । उक्त कानूनी व्यवस्था अनुसार मुलुकी ऐन, चोरीको महलको २७ नं. बमोजिम बिगो जरीवाना कैदबापत हुने कैदको हकमा मात्र सो व्यवस्था लागू हुने हो प्रस्तुत मुद्दामा अभियोग दावीमा समेत चोरीको २७ नं. बमोजिमको बिगोको प्रश्न नभएकोले चोरीको महलको २७ नं. बमोजिमको अधिकतम् १८ वर्ष भन्ने कुरा आकर्षित हुने भएन । निवेदकले जरीवाना नबुझाएका कारणसमेत निजलाई १८ वर्षको कैदीपूर्जी दिएको भन्ने निवेदनबाट देखिन्छ । यस्तै मुलुकी ऐन, दण्ड सजायको ३८ नं. मा भएको कानूनी व्यवस्था हेर्दा जरीवाना वा सरकारी बिगोबापत कैद ठेक्नु पर्दा ऐनमा लेखिएको कैदको

हदमा नबढ्ने गरी देहायबमोजिम गर्नुपर्छ भन्ने व्यवस्था भई उक्त नम्बरको देहाय १ मा कैद वा जरीवाना दुवै सजाय भएकोमा जरीवाना नतिरेबापतको कैद ठेक्नु पर्दा चार वर्षभन्दा बढी अवधिको कैद ठेक्नु हुँदैन भन्नेसमेतको स्पष्ट कानूनी व्यवस्था भएको देखिन्छ । त्यस्तै यस अदालत पूर्ण इजलासबाट निवेदक अर्जुन थापाविरुद्ध काठमाडौँ जिल्ला अदालतसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दा (*नेकाप* २०६७, अङ्क १२, नि.नं ८५१६, पृष्ठ १९७६, १९७७) मा जरीवानाबापत ४ वर्षभन्दा बढी कैद ठेक्न नमिल्ने भन्ने दण्ड सजायको ३८ नं. को देहाय (१) को कानूनी व्यवस्था कैद ठेक्नेसम्बन्धी कार्यविधिगत व्यवस्थाका साथै व्यक्तिको वैयक्तिक स्वतन्त्रतासँग अविछिन्नरूपमा गाँसिएको सारवान् प्रबन्ध पनि हो, जरीवानाबापत चोरीको महलबमोजिम हुने कैद सजायको अधिकतम् हद बढी हुन सक्ने देखिए पनि जरीवानाको सट्टामा ठेकिने कैदको उपल्लो हद दण्ड सजायको महलको ३८ नं. को देहाय (१) बमोजिम चार वर्ष भन्दा बढी हुन नसक्ने भनी सिद्धान्तसमेत प्रतिपादन भएको छ । यी रिट निवेदकउपर दायर गरिएका फौजदारी मुद्दाहरूमा निजलाई अभियोग लगाउदा मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिमको अभियोग दावी लगाएको र मिसिल संलग्न अदालतका फैसलाहरू समेतबाट यी रिट निवेदकलाई अभियोग दावीबमोजिम चोरीको महलको १४(४) नं. बमोजिम नै सजाय गरिएको देखिन्छ । चोरीको महलको २७ नं. बमोजिमको अवस्था विद्यमान नभएपछि यी रिट निवेदकका हकमा काठमाडौँ जिल्ला अदालत तथा भक्तपुर जिल्ला अदालतका फैसलाले लागेको चोरीको १४(४) नं. बमोजिमको १२ वर्ष कैद र मुलुकी ऐन, दण्ड सजायको महलको ३८(१) नं. बमोजिम जरीवाना नतिरेबापतको कैद ठेक्नु पर्दा ४ वर्ष भन्दा बढी ठेक्न नहुने गरी ऐनले नै स्पष्ट गरेको यस्तो अवस्थामा यी निवेदकलाई ऐनले व्यवस्था गरेभन्दा बढी कैद सजाय ठेकी कैदिपूर्जी दिइएको देखिन आयो ।

५. यी रिट निवेदकलाई मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम विभिन्न फैसलाबाट भएको सजायमध्ये अधिकतम् १२ वर्ष कैद र जरीवानाको हकमा मुलुकी ऐन, दण्ड सजायको ३८(१) नं. बमोजिम ४ वर्ष कैद हुने भई जम्मा कैद वर्ष १६ कायम गर्नुपर्नेमा अन्यथा कायम गरेको देखिन आयो । यसरी उल्लेखित व्यवस्थाबमोजिम यी रिट निवेदकलाई चोरीको महलको १४(४) नं. बमोजिम अधिकतम् १२ वर्ष र दण्ड सजायको महलको ३८(१) नं. बमोजिम ४ वर्ष कैद गरी जम्मा १६ वर्ष कैद कायम गर्नुपर्नेमा अन्यथा कायम गरेको नमिलेकोले पुनरावेदन अदालतको आदेशसमेत केही हदसम्म मिलेको नदेखिँदा पुनरावेदन अदालत, पाटनको आदेशबमोजिम कायम गरिएको उक्त लगत सो हदसम्म बदर गरी दिएको छ । अब निवेदक रोलास थापाका हकमा उल्लेखित १६ वर्षको लगत कायम गर्ने गरी संशोधित लगत कायम गरी दिनु भनी विपक्षी भक्तपुर जिल्ला अदालतको नाममा परमादेशसमेत जारी हुने ठहर्छ । यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत् विपक्षीहरूलाई दिनू । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या.वैद्यनाथ उपाध्याय

इति संवत् २०७० साल असार २८ गते रोज ६ शुभम
इजलास अधिकृतः विष्णुप्रसाद गौतम

## निर्णय नं. १०२०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री तर्कराज भट्ट
पुनरावेदन नं. ०६८-CR-१०६०
आदेश मितिः २०७०।१।३१।३

मुद्दा :- नागरिकता बदर ।

पुनरावेदक वादीः गृह मन्त्रालय, सिंहदरबारका तर्फबाट नेपाल सरकारका उपप्रधानमन्त्री एवं गृहमन्त्री विजयकुमार गच्छदार

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः जिल्ला रौतहट, गा.वि.स. सोनरनिया, वडा नं. ४ बस्ने जमुना राउत कुर्मी

शुरू निर्णय गर्नेः
नेपाल सरकार, गृह मन्त्रालय
पुनरावेदन फैसला गर्नेः
मा.न्या.डा. कूलरत्न भूर्तेल
मा.न्या.श्री प्रकाशचन्द्र गजुरेल

- **अधिकार प्रत्यायोजन गरिएकोमा बाहेक कुनै एकजना मन्त्रीको निर्णयलाई नेपाल सरकारको निर्णय मान्न नसकिने ।**
- **नेपाल नागरिकता ऐन, २०६३ को दफा २० को उपदफा (१) ले नेपाल सरकारले उक्त ऐनबमोजिम प्राप्त अधिकार नेपाल सरकारको कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्ने भए पनि सोको प्रतिबन्धात्मक वाक्यांशले दफा १४(१) बमोजिम नेपाली नागरिकबाट हटाउने अधिकार प्रत्यायोजन हुन सक्ने देखिँदैन । प्रचलित कानूनले निर्णय गर्ने अधिकार नदिएको विषयमा नभएको अधिकार प्रयोग गरी गरिने कार्यको परिणाम स्वभावतः शून्य हुने ।**
- **नेपाल सरकारले ग्रहण गर्नुपर्ने अधिकारक्षेत्र ग्रहण गरी नेपाल सरकारका गृहमन्त्रीलाई नागरिकताको प्रमाण पत्र बदर गर्ने अधिकार रहेभएको कानूनतः देखिन नआएको अवस्थामा सो विवादको निरूपणको विषय अधिकारप्राप्त मन्त्रिपरिषद्मा पेश नगरी नागरिकताको प्रमाणपत्र बदर गर्ने गरेको निर्णयले वैधानिकता प्राप्त गर्न नसक्ने ।**

(प्रकरण नं.४)

- **नेपाली नागरिकताको प्रमाण पत्र राष्ट्रियतासँग जोडिएको विषय हुँदा राष्ट्रियतासम्बन्धी प्रश्न जहिले पनि गम्भीर हुन्छ । त्यसैले नागरिकताको प्रमाणपत्र बदर गर्ने गरेको कार्य बदर गर्ने अधिकार नभएको कारणले बदर भए पनि सो विषयमा अधिकारवालाले कानूनबमोजिम छानबीन र निर्णय गर्न नपाउने भन्न नमिल्ने ।**

(प्रकरण नं.५)

पुनरावेदक वादीतर्फबाटः विद्वान सहन्यायाधिवक्ता ठोकप्रसाद शिवाकाटी
प्रत्यर्थी प्रतिवादीतर्फबाटः
अवलम्बित नजीरः
सम्बद्ध कानूनः

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४(१), ३८(४)
- नेपाल नागरिकता ऐन, २०६३ को दफा २० को उपदफा (१)

आदेश

**न्या.कल्याण श्रेष्ठः** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम यस अदालतमा

पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :

विपक्षीहरू जमुना राउत कुर्मी र कृपाली राउतले झूठा विवरण भरी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेकोले कारवाही गरिपाऊँ भनी निवेदक योगेन्द्र राउत कुर्मीको निवेदन परेकोमा मिसिलसंलग्न प्रमाणबाट विपक्षीहरूले वंशजको नाताले नेपाली नागरिक हुँ भनी झुक्याई नेपाली नागरिकताको प्रमाणपत्र लिएको देखिन आएको हुँदा निज कृपाली राउतले मिति २०४४। १२।१० मा लिएको ना.प्र.प.नं. ४/१६६० र जमुना राउतले मिति २०४८।१०।१९ मा यस कार्यालयबाट लिएको ना.प्र.प.नं. ४/९९१ का नागरिकता प्रमाणपत्र नेपाल नागरिकता ऐन, २०२० को दफा १० उपदफा ३(क) बमोजिम रद्द गर्ने एवं कृपाली राउतको मृत्यु भैसकेको भन्ने विपक्षी जमुना राउतबाट खुल्न आएकोले निजहरूलाई अनुसूची १ को निवेदनमा सिफारिश र सनाखत गर्ने व्यक्तिहरू एवं जमुना राउतलाई नेपाल नागरिकता ऐन, २०२० को दफा १५ बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने भन्ने राय प्रतिवेदन साथ जिल्ला प्रशासन कार्यालय, रौतहटबाट गृह मन्त्रालयमा लेखी गएको ।

स्थलगत तथ्य सत्य बुझी किटानीसाथ राय प्रतिवेदन पेश गर्न प्रमुख जिल्ला अधिकारीलाई सक्कल मिसिलसमेत पठाइएकोमा स्थलगत बुझ्दा निजहरू सोनरनिया गा.वि.स., वडा नं. ४ का बासिन्दा नै हुन्, रेकर्डहरू बाढीमा परी नष्ट भएकोले नागरिकता बदर गर्न मिल्दैन भन्नेसमेत व्यहोराको सोनरनिया गा.वि.स., वडा नं. १ बस्ने हरिन्द्र राय यादवसमेत जना ९ ले गा.वि.स. का प्राविधिक सहायक महेश बैठाको रोहबरमा गरेको सर्जमीन मुचुल्का, भारतीय मतदाता नामावलीमा उल्लेख रहेको कृपाली सिंह र यमुना सिंह तथा पञ्चायत राजकवैया प्रखण्ड घाडासहन, पूर्वी कार्यालयलाई सम्बोधन गरी लेखिएको पत्रबाट कृपाली राउत र जमुना राउत नेपाली नागरिक होइनन् भन्ने अवस्था विद्यमान नरहेको देखिँदा नागरिकता रद्द गर्न उपयुक्त नदेखिएको भन्नेसमेत व्यहोराको जिल्ला प्रशासन कार्यालय, रौतहटका प्रमुख जिल्ला अधिकारीको रायसहितको प्रतिवेदन ।

जिल्ला प्रशासन कार्यालय, रौतहटको मिति २०६३।६।१० र २०६५।१।८ को राय प्रतिवेदन एकापसमा बाझिन गएकोले पुनः थप छानबीन गरी पठाउनु भनी लेखिएको गृह मन्त्रालयको पत्र ।

जिल्ला रौतहट, गा.वि.स. सोनरनिया, वडा नं. ४ बस्ने कृपाली राउत भन्ने कृपाली सिंह र जमुना राउत भन्ने यमुना सिंहको बाबु बाजेको जन्म कहाँ भएको हो ? निज वा निजको परिवारको नाममा नागरिकता लिनुभन्दा अगाडिदेखि जग्गा जमीन छ, छैन छ भने कसको नाममा रहेको छ ? निजहरूको परिवारमा कतिजना सदस्य छन् ? लगायतका प्रश्नहरू तयार गरी गा.वि.स कार्यालय र प्रहरीबाट अलगअलग बुझ्दा निजहरू सोनरनिया गा.वि.स., वडा नं. ४ मा नरहेको देखिन आएको भनी नागरिकता रद्द गर्न सर्जमीन मुचुल्कासाथ प्रमुख जिल्ला अधिकारीले गृह मन्त्रालयमा पठाएको राय ।

संलग्न कागज प्रमाणहरूबाट भारतीय नागरिक जमुना राउत कुर्मी र कृपाली राउतले झूठा विवरण दिई रौतहट जिल्ला, सोनरनिया गा.वि.स., वडा नं. ४ को स्थायी ठेगाना देखाई बाबुको नाम थर जगदिश राउत कुर्मी, नागरिकताको किसिम वंशज, नागरिकता प्रमाणपत्र नं. क्रमशः ४/९९१ र ४/१६६० को विवरण कायम गरी क्रमशः मिति २०४८।१०।१९ र मिति २०४४।१२।१० मा लिएको नेपाली नागरिकताको प्रमाणपत्रहरू नेपाल नागरिकता ऐन, २०६३ को दफा १४ को उपदफा (१) बमोजिम रद्द गरी निजहरूलाई नेपाली नागरिकबाट हटाउने गरी भएको मिति २०६५।१२।१८ को गृह मन्त्रालयको आदेश ।

मैले जाहेरवालाउपर अंश मुद्दा दिएकोले अंशबाट बञ्चित गर्नको लागि आफ्नो पुस्तावलीभित्रको व्यक्ति नभएको भनी झूठा उजूरी दिई सो विषयमा जिल्ला प्रशासन कार्यालय, रौतहटले कृपाली राउत र जमुना राउत विदेशी नागरिक हो भनी कुनै प्रमाण पेश नभएकोले नागरिकता रद्द गर्न उपयुक्त नदेखिएको भनी निर्णय भएर बसेको छ । भारत राज्यका कागजातहरू प्रमाणिकरूपमा परीक्षण गर्न नमिल्ने भएकोले प्रमाणमा लिन मिल्दैन । गा.वि.स.बाट गराइएको सर्जमीनसमेत कीर्तेरूपमा तयार भएको हुँदा समग्र प्रमाणको मूल्याङ्कन नगरी भएको शुरू निर्णय उल्टी गरी मेरो नेपाली नागरिकता कायमै रहने गरी इन्साफ गरिपाऊँ भन्नेसमेत व्यहोराको जमुना राउत कुर्मीले पुनरावेदन अदालत, हेटौंडामा दर्ता गराएको पुनरावेदन पत्र ।

शुरू निर्णय आदेश नेपाल सरकार गृहमन्त्रालयबाट भएको भन्ने देखिएको र नेपाल सरकारको गृहमन्त्रालयको मुकाम यस अदालतको प्रादेशिक क्षेत्राधिकारभित्र रहेको नभै पुनरावेदन अदालत, पाटनको क्षेत्राधिकारअन्तर्गत रहेकोले प्रस्तुत पुनरावेदन न्याय प्रशासन ऐन, २०४८ को दफा ८ को उपदफा (१) बमोजिम शुरू निर्णय आदेश गर्ने निकाय र अधिकारी रहेको पुनरावेदन अदालत, पाटनको क्षेत्राधिकारभित्र भै यस अदालतबाट क्षेत्राधिकार ग्रहण गरी निर्णय गर्न मिल्ने नदेखिँदा यस अदालतको पुनरावेदनको लगत कट्टा गरी पुनरावेदकलाई पुनरावेदन अदालत, पाटनमा तारेख तोकी मिसिलसमेत पठाई दिने ठहर्छ भन्ने व्यहोराको मिति २०६६।१०।२६ को पुनरावेदन अदालत, हेटौंडाको फैसला ।

नेपाली नागरिकतासम्बन्धी दर्ता किताब २०३२/०३३, बालिग रजिष्टर्ड नं. ३८, सोनरनिया वडा नं. ४ दर्ता भएको व्यक्तिको नाममा उल्लिखित नागरिकता नम्बरसहितको अस्थायी निस्साको विवेचनासमेत नगरी भएको नेपाल सरकार, गृहमन्त्रालयको मिति २०६५।१२।१८ को निर्णय फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. को प्रयोजनार्थ पुनरावेदन सरकारी वकील कार्यालय, पाटनलाई सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०६७।४।३१ को पुनरावेदन अदालत, पाटनको आदेश ।

ऐनमा नै प्रत्यायोजन हुन नसक्ने भनी स्पष्टरूपमा गरिएको व्यवस्थाविपरीत प्रस्तुत मुद्दामा उपप्रधानमन्त्री तथा गृहमन्त्रीले यी पुनरावेदकसमेतलाई नागरिकबाट हटाउने गरी मिति २०६५।१२।१८ मा गरेको मन्त्रिस्तरीय निर्णय कानूनसम्मत् निर्णय मान्न नमिलेकोले पुनरावेदकलाई नागरिकबाट हटाउने गरी भएको उपप्रधानमन्त्री तथा गृहमन्त्रिस्तरीय मिति २०६५।१२।१८ को निर्णय नमिलेको हुँदा उल्टी भई बदर हुने ठहर्छ । पुनरावेदकले लिएको नागरिकता सदर कायम हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।८।१२ मा भएको फैसला ।

यस मन्त्रालयबाट यसअघि पनि कुनै विदेशीले व्यहोरा वा विवरण ढाँटी नेपाली नागरिकताको प्रमाणपत्र लिएको कुरा प्रमाणित भएमा नेपाल सरकारका गृहमन्त्रीले नेपाल सरकार (मन्त्रिस्तरीय) को निर्णयबाट नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकताबाट हटाउँदै आइरहेको र यसरी नेपाली नागरिकबाट हटाइएका व्यक्तिहरूले पुनरावेदन अदालत, पाटनमा पुनरावेदन दर्ता गरी सो अदालतबाट फैसला हुँदासमेत कुनै मुद्दामा गृहमन्त्रीले गरेको निर्णय सदर ठहऱ्याई र कुनैकुनै मुद्दामा गृहमन्त्रीले प्रमाण नहेरी निर्णय गरेको भन्दै बदर गरेको अवस्थामा पुनरावेदन अदालतले गृहमन्त्रीले गरेको निर्णयलाई स्वीकार गरेकै देखिएको हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०६८।८।१२ को फैसला बदर गरी यस मन्त्रालयबाट मिति २०६८।१२।१८ मा गरेको निर्णय सदर गरिपाऊँ भन्नेसमेत

व्यहोराको तत्कालीन उपप्रधानमन्त्री तथा गृहमन्त्री विजयकुमार गच्छदारको यस अदालतमा परेको पुनरावेदन पत्र ।

नियमबमोजिम पेशी सूचीमा चढी पेश भएको प्रस्तुत मुद्दाको पुनरावेदन जिकीरसहितको सम्पूर्ण मिसिल अध्ययन गरी विद्वान सहन्यायाधिवक्ता ठोकप्रसाद शिवाकोटीले पुनरावेदन अदालतले यस्तै प्रकृतिका मुद्दाहरूमा गृहमन्त्रीको क्षेत्राधिकार स्वीकार गरी फैसला गरिसकेको अवस्थामा अहिले क्षेत्राधिकार छैन भन्न मिल्दैन, गृहमन्त्रीले मन्त्रिस्तरीय नेपाल सरकारको हैसियत राख्छन्, नेपाल सरकारको निर्णयलाई कामकारवाहीको प्रकृतिबाट परिभाषित गरिनु पर्ने हुँदा पुनरावेदन अदालतको फैसला मिलेको छैन भन्नेसमेत गर्नुभएको बहस सुनियो ।

विद्वान सहन्यायाधिवक्ताको बहस सुनी मिसिलबाट देखिएको तथ्यलाई दृष्टिगत गरी पुनरावेदन अदालतले गरेको फैसला मिले नमिलेको के रहेछ भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. वस्तुतः यस मुद्दामा प्रत्यर्थीमध्येका जमुना राउत कुर्मी र कृपाली राउत भारतीय नागरिक भई निजहरूले झूठा विवरण पेश गरी नागरिकताको प्रमाणपत्र लिएकोले उक्त प्रमाणपत्र रद्द गरिपाउन योगेन्द्र राउत कुर्मीको जिल्ला प्रशासन कार्यालय, रौतहटमा निवेदन परेको देखिन्छ । तत्सम्बन्धमा आवश्यक कारवाही गरी बुझी जिल्ला प्रशासन कार्यालय, रौतहटबाट प्रस्तुत मुद्दाको रायसहितको प्रतिवेदन गृहमन्त्रालयमा पठाएकोमा तत्कालीन गृहमन्त्रीले झूठा विवरण दिई झुक्याई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको प्रमाणित भएको भनी निजहरू दुवैजना जमुना राउत र कृपाली राउतले लिएको नेपाली नागरिकताको प्रमाणपत्र रद्द हुने गरी मिति २०६५।१२।१८ मा निर्णय गरेको देखिन्छ । सो निर्णयउपर परेको पुनरावेदन पत्रमा पुनरावेदन अदालतले अधिकारक्षेत्रको प्रश्न उठाउँदै उक्त निर्णय उल्टी बदर गरी निजहरूले लिएको नागरिकता सदर हुने ठहऱ्याएको अवस्था छ ।

३. नागरिकताबाट हटाउनेसम्बन्धी विद्यमान कानूनी व्यवस्थालाई हेर्दा नेपाल नागरिकता ऐन, २०६३ को दफा १४(१) मा कुनै विदेशी व्यक्तिले झूठो विवरण वा बयान दिई नेपाली नागरिक हो भनी झुक्याई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको कुरा प्रमाणित हुन आएमा नेपाल सरकारले निजको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने आदेश दिनसक्ने प्रावधान देखिन्छ । उक्त ऐनले "नेपाल सरकार"को परिभाषा गरेको नदेखिँदा तत्सम्बन्धी प्रयोजनका लागि नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० मा गरिएको परिभाषालाई नै हेर्नुपर्ने हुन्छ । उक्त ऐनको दफा २(झ) मा "नेपाल सरकार" शब्दले विभिन्न समयमा कस्तो अवस्थालाई जनाउँछ भन्ने अर्थ्याउँदै त्यसको देहाय (च) मा "२०६३ साल माघ १ गतेदेखि गरिएको वा गरिनु पर्ने कुनै कामको सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ र अन्य कानूनबमोजिम नेपालको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषद्लाई सम्झनु पर्छ" भन्ने उल्लेख भएको देखिन्छ ।

४. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने तथा सो धाराको उपधारा (४) बमोजिम मन्त्रिपरिषद्मा आवश्यकताअनुसार उपप्रधानमन्त्री र अन्य मन्त्रीहरू रहने व्यवस्था भएबाट "नेपाल सरकार" भन्ने शब्दले प्रधानमन्त्रीको अध्यक्षतामा गठित मन्त्रीहरूको सामूहिक अस्तित्वलाई जनाउने भन्ने देखियो । यसबाट कुनै एकजना मन्त्री नेपाल सरकारको अङ्ग भए पनि त्यसले नेपाल सरकारको पूर्ण अस्तित्वलाई जनाउन सक्ने देखिएन । त्यसैले अधिकार प्रत्यायोजन गरिएकोमा बाहेक कुनै एकजना मन्त्रीको निर्णयलाई नेपाल सरकारको निर्णय मान्न सकिने देखिन आएन । नेपाल

नागरिकता ऐन, २०६३ को दफा २० को उपदफा (१) ले नेपाल सरकारले उक्त ऐनबमोजिम प्राप्त अधिकार नेपाल सरकारको कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्ने भए पनि सोको प्रतिबन्धात्मक वाक्यांशले दफा १४(१) बमोजिम नेपाली नागरिकबाट हटाउने अधिकार प्रत्यायोजन हुन सक्ने देखिँदैन । प्रचलित कानूनले निर्णय गर्ने अधिकार नदिएको विषयमा नभएको अधिकार प्रयोग गरी गरिने कार्यको परिणाम स्वभावतः शून्य हुन्छ । नेपाल सरकारले ग्रहण गर्नुपर्ने अधिकारक्षेत्र ग्रहण गरी नेपाल सरकारका गृहमन्त्रीलाई नागरिकताको प्रमाणपत्र बदर गर्ने अधिकार रहेभएको कानूनतः देखिन नआएको अवस्थामा सो विवादको निरूपणको विषय अधिकारप्राप्त मन्त्रिपरिषद्मा पेश नगरी निजले प्रत्यर्थीको नागरिकताको प्रमाणपत्र बदर गर्ने गरेको निर्णयले वैधानिकता प्राप्त गर्न सक्ने देखिएन ।

५. नेपाली नागरिकताको प्रमाणपत्र राष्ट्रियतासँग जोडिएको विषय हुँदा राष्ट्रियतासम्बन्धी प्रश्न जहिले पनि गम्भीर हुन्छ । त्यसैले नागरिकताको प्रमाणपत्र बदर गर्ने गरेको कार्य बदर गर्ने अधिकार नभएको कारणले बदर भए पनि सो विषयमा अधिकारवालाले कानूनबमोजिम छानबीन र निर्णय गर्न नपाउने भन्न मिल्ने हुँदैन । पुनरावेदन अदालतले यी प्रत्यर्थीलाई नेपाली नागरिकबाट हटाउने र निजले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र बदर गर्ने गरी भएको उपप्रधानमन्त्री तथा गृहमन्त्रीस्तरीय मिति २०६५/१२/१८ को निर्णय अधिकार नभएको भनी बदर गरे पनि अधिकारप्राप्त मन्त्रिपरिषद्मा पेश गर्ने र अधिकारवालाको तत्सम्बन्धमा निर्णय गर्ने अधिकार सुरक्षित रहेको भन्ने देखिँदा अधिकारवालाले निर्णय गर्नुपूर्व नै प्रत्यर्थीले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र सदर गर्नु वा बदर गर्नु सान्दर्भिक नरहने हुनाले त्यस्तो विषयमा बोलिरहनु आवश्यक हुँदैन । तर, पुनरावेदन अदालतले नागरिकता बदर गर्ने अधिकार नभएको भनी निर्णय गरी विवादित नागरिकतालाई सदर गरेको अवस्थाले विवादित नागरिकताको वैधानिकतासम्बन्धी विषयमा कानूनबमोजिम निर्णय गर्न पाउने नेपाल सरकारको अधिकारमा रोक लाग्न गएको स्पष्टै देखिन आयो ।

६. अतः पुनरावेदन अदालत, पाटनले प्रत्यर्थीको नागरिकताको प्रमाणपत्र बदर गर्ने गरेको गृहमन्त्रीको मिति २०६५।१२।१८ को निर्णय बदर गरी फैसलामा प्रत्यर्थीले लिएको नागरिकता सदर कायम हुने ठहर्छ भनी ठहर खण्डमा बोलिएको वाक्यांश सो हदसम्म असान्दर्भिक देखिन आई मिलेको देखिएन । त्यसैले विवादित विषयमा अधिकारप्राप्त मन्त्रिपरिषद्मा पेश गर्नुपर्ने भनी ठहर गर्नुपर्नेमा प्रत्यर्थीको नागरिकताको प्रमाणपत्र सदर कायम हुने ठहऱ्याएको फैसलाको वाक्यांश कायम नरही उपरोक्तबमोजिम गर्न पुनरावेदक वादी पक्षलाई लेखी पठाउनु पर्ने भई सो असान्दर्भिक वाक्यांशबाहेक मिति २०६५।१२।१८ को पुनरावेदन अदालत, पाटनको फैसला सदर हुन्छ । साथै अबदेखि कानूनबमोजिम फैसला गर्दा अन्य अधिकारवालाले कानूनबमोजिम निर्णय गर्न पाउने विषयमा रोक लाग्ने गरी वा त्यस्तो अधिकारको प्रयोगमा संकुचन हुने गरी फैसला वा निर्णय नगर्नु भनी पुनरावेदन अदालत, पाटनलाई जानकारी दिई मुद्दाको लगत काटी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या.तर्कराज भट्ट

इति संवत् २०७० साल वैशाख ३१ गते रोज ३ शुभम्
इजलास अधिकृत :- दीपककुमार दाहाल

## निर्णय नं. ९०२१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की
०६७-WO-१०१६
आदेश मितिः २०७०।१।२०।६

विषय :- उत्प्रेषणयुक्त परमादेश ।

रिट निवेदकः कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ९ घर भई कैलाली जिल्ला, गेटा गा.वि.स. वडा नं. ८ बस्ने रुकमिणी राना

विरुद्ध

विपक्षीः पुनरावेदन अदालत, दिपायलसमेत

- **आफ्नो बाबुले पत्नी भनी स्वीकार गरिसकेको कुरामा छोरीले होइन भनी इन्कार गर्दैमा हुन सक्ने पनि होइन र त्यस्तो इन्कारी स्वीकार्य हुन सक्ने कारणसहितको कानून स्पष्ट देखाउन वा खुलाउन सक्नुपर्ने ।**

(प्रकरण नं.४)

- **पति पत्नीको जीवनकालमा नै मुद्दा परी मिलापत्र भई अंश पाउने भएको अवस्थामा सो मिलापत्रलाई अर्को तेस्रो व्यक्तिले बदर गराउन सक्ने देखिन्न । सो मिलापत्रबाट हक गुमेको अवस्था पनि नभएको, रिट निवेदक छोरी भए पनि अंशियारा छोरी नभई विवाह गरी अन्यत्र गैसकेको स्थितिमा कानूनबमोजिम साधिकार निकाय अदालतबाट भएको मिलापत्र बदर गरिपाउने माग गर्न नसक्ने ।**

(प्रकरण नं.५)

- **विवाह गरी पतिको घर गइसकेको विवाहिता छोरी बाबु र आमाले विधिवत्‌रूपमा स्वीकार गरिसकेको नाताको मिलापत्र बदर गरिपाउने माग कानूनसङ्गत र युक्तिसङ्गत् नदेखिने ।**

(प्रकरण नं.६)

रिट निवेदकतर्फबाटः विद्वान अधिवक्ता टिकाराम भट्टराई
विपक्षी तर्फबाटः विद्वान वरिष्ठ अधिवक्ता हरिहर दाहाल र विद्वान उपन्यायाधिवक्ता भरतलाल शर्मा
अवलम्बित नजीरः
सम्बद्ध कानूनः

आदेश

**न्या.कल्याण श्रेष्ठः** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा र आदेश यसप्रकार छः-

बुबा चनी राना थारू र आमा विन्दा रानाको वैवाहिक सम्बन्धबाट जेठी म रिट निवेदक रुकमिणी राना, माहिली देवकी राना र कान्छी सुदामा कुमारी राना गरी तीन सन्तानको मात्र जन्म भएको र त्यसदेखि बाहेक अन्य कुनै सन्तान हकदार कोही छैन । मसमेत तीन छोरीको जन्म भइसकेपछि आमा विन्दा रानाको स्वर्गवास भएको र बुबा चनी राना थारू जीवित छँदै मैले पालनपोषण गरेको र मिति २०६७/२/९ गते आफ्नै कालगतिले परलोक भइसक्नुभएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २०(४) बमोजिम बुबाको शेषपछि पैतृक सम्पत्तिमा निवेदकको हक पुगेको छ । आमा विन्दा रानाको मृत्यु भइसकेपछि बुबा चनी रानाले शारीरिक दुर्बलता र वृद्ध अवस्थाका कारण दोस्रो विवाह गर्नुभएको छैन । म निवेदकले जीवित

छउञ्जेल पालनपोषण तथा मृत्युपश्चात् आफ्नो हिन्दूधर्म परम्पराअनुसार सद्गत काजकिरिया गरेको छु ।

विपक्षी मध्ये बहाले रानाको श्रीमती मन्दरदेवी रानाले स्व. पिता चनी राना थारूउपर कैलाली जिल्ला अदालतमा नाता कायम गरिपाऊँ भन्ने फिराद गरी विपक्षी मन्दरदेवी रानाको कथित दावी कायम राखी स्व. पिता चनी राना र विपक्षी बहाले रानाको पत्नी मन्दरदेवी रानाका बीच लोग्ने स्वास्नीको नाता कायम हुने गरी मिति २०६४/५/१७ गते मिलापत्र गरेउपर म निवेदकले सो मिलापत्र बदर गरिपाउन कैलाली जिल्ला अदालतमा मिति २०६७/८/८ गते द.दे.नं. ०६७०/००४९ को मिलापत्र बदर मुद्दा दिई हाल विचाराधिन अवस्था रहेको र स्व. पिता चनी रानाको शेषपछि म निवेदकको हक पुगी निजको नामको जग्गा नामसारी दा.खा. गरिपाऊँ भनी मालपोत कार्यालय, कैलालीमा निवेदन दिई कारवाहीयुक्त अवस्था विद्यमान छ । स्व. पिता चनी राना थारूको मिति २०६७/२/९ गते कालगतिले स्वर्ग भएपश्चात् विपक्षीमध्येको बहाले रानाको श्रीमती मन्दरदेवी रानाले "प्रथम पति बहाले रानाको नामबाट बनेको नागरिकता संशोधन गरी बहाले रानाको सट्टा दोस्रो पति स्व. चनी राना थारूको नाम कायम हुने गरी" नागरिकता ऐन, २०६३ को दफा १७(३) बमोजिम संशोधन गरिपाऊँ भनी प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, कैलालीमा निवेदन दिएउपर स्व. चनी राना थारूको सहोदर छोरी म रिट निवेदक समेतले "विपक्षी मन्दरदेवी रानाको हाम्रो पिता स्व. चनी राना थारूसँग विवाह भएको होइन निज स्व. चनी रानाको पत्नी होइनन् निजको नामको नागरिकता प्रमाणपत्रको पतिको महलको स्व. चनी राना थारूको नाम उल्लेख गरी नागरिकता संशोधन गर्न मिल्दैन" भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, कैलालीमा उजूरी दिई कारवाहीयुक्त अवस्था रहेको थियो ।

विपक्षीको नागरिकताको प्रमाणपत्र संशोधन हुनुपर्ने होइन भन्नेसमेतको उजूरी परी साधिकार निकायबाट छानबीनसहितको कारवाहीयुक्त अवस्था विद्यमान छँदै र मिलापत्र बदरतर्फ सम्मानित कैलाली जिल्ला अदालतमा मुद्दा परिसकेको पृष्ठभूमिमा सोको बेवास्ता गरी विपक्षी मन्दरदेवी रानाले नागरिकता संशोधनका लागि दिएको निवेदनउपर कारवाही गरी नदिएकोले नागरिकता ऐन, २०६३ दफा १७(३) अनुसार मेरो नागरिकताको प्रमाण पत्र संशोधन गरी दिनु भनी जिल्ला प्रशासन कार्यालय कैलाली र ऐ. का प्रमुख जिल्ला अधिकारीको नाममा परमादेशलगायत उपयुक्त आज्ञा आदेश जारी गरिपाऊँ भनी पुनरावेदन अदालत, दिपायलमा परमादेशको रिट दायर गर्नुभएको रहेछ । विपक्षीको निवेदन अनुरूप "निवेदक मन्दरदेवी राना र स्व. चनी राना थारूबीच लोग्नेस्वास्नीको नाता कायम हुने गरी कैलाली जिल्ला अदालतबाट मिलापत्र भएको देखिँदा निवेदकको मिति २०६७/५/९ गतेको निवेदनमा तत्काल कारवाही गरिदिनु भन्ने जिल्ला प्रशासन कार्यालय, कैलालीको नाममा परमादेश जारी हुने ठहर्छ" भनी पुनरावेदन अदालत, दिपायलबाट मिति २०६७/१०/४ गते फैसला भएको सो फैसलाबाट मेरो हकमा आघात पुग्न गएको र वैकल्पिक उपचारको अभावमा रिट निवेदनसाथ सम्मानित अदालतमा उपस्थित भएको छु ।

प्रत्यर्थी पुनरावेदन अदालत, दिपायलले मिलापत्र बदरको विचाराधिन मुद्दासमेत प्रभावित हुने गरी रिट क्षेत्रबाट विपक्षी मन्दरदेवी रानाको मागबमोजिम परमादेशको आदेश जारी हुने ठहरी मिति २०६७/१०/४ मा भएको आदेश फैसलाबाट मेरो स्वच्छ सुनुवाई तथा न्यायको हक गुम्न गई सम्पत्तिसम्बन्धी हकमा आघात पुग्न गएकोले उत्प्रेषणको आदेशद्वारा सो आदेश बदर गरी म रिट निवेदकले कैलाली जिल्ला अदालतमा दायर गरेको दे.मि.नं. ०६७-CP-००४९ को मिलापत्र बदर मुद्दाको अन्तिम

फैसलाले ठहरेबमोजिम हुने गरी सो मुद्दाको अन्तिम किनारा नलागेसम्म प्रत्यर्थी मन्दरदेवी रानाको मिति २०६७/५/९ गते प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, कैलालीमा नागरिकता प्रमाणपत्र संशोधनका लागि दिएको निवेदन कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, कैलालीको नाममा परमादेशको आदेशसमेत जारी गरी यस रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म मिति २०६७/१०/४ गतेको प्रत्यर्थी पुनरावेदन अदालत, दिपायलको आदेश कार्यान्वयन नगर्नु नगराउनु भनी प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, कैलालीको नाममा अन्तरिम आदेश जारी गरिपाऊँ भन्नेसमेत व्यहोराको रिट निवेदनपत्र ।

यसमा के कसो भएको हो ? निवेदन मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्नु भनी रिट निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षीहरूलाई सूचना पठाउनु । साथै, प्रमाणको निमित्त पुनरावेदन अदालत, दिपायलमा रहेको भनिएको परमादेशको मिसिल र जिल्ला प्रशासन कार्यालय, कैलालीमा रहेको निवेदकको कारवाही फायलसमेत सम्बन्धित निकायबाट झिकाई विपक्षीहरूको लिखितजवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६८/१/२१ को आदेश ।

पुनरावेदन अदालतमा निवेदन दिने निवेदक मन्दरदेवी रानाले आफ्नो निवेदन जिकीरमा दोस्रो पति स्व. चनी राना थारूको नाउँमा नागरिकता संशोधन गरिपाउन निवेदन दिएकोमा प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, कैलालीले नागरिकतामा थर संशोधन नगरेकोले यस सम्बन्धमा निवेदकको यस अदालतमा परमादेशको निवेदन परेको अवस्था छ। यस सम्बन्धमा फिरादी मन्दरदेवी राना प्रतिवादी चनी राना थारूबीच मिति २०६४/३/१५ गते नाता कायम मुद्दा कैलाली जिल्ला अदालतबाट मिति २०६४/५/१७ मा यी वादी प्रतिवादीबीच लोग्ने स्वास्नीको नाता कायम गरी मिली मिलापत्र गरी बस्न मञ्जूर भएको व्यहोरा उल्लेख भई मिति २०६४/५/१७ मा मिलापत्र गरी उक्त मिलापत्रलाई यी रिट निवेदक रुकमिणी रानाले बदर गराउन वा चुनौती दिन सकेको अवस्था पनि देखिँदैन । एउटा आधिकारिक न्यायिक निकायले गरेको मिलापत्र सदर कायम रहिरहेको अवस्थामा सो मिलापत्रलाई अन्यथा भन्न मिल्ने पनि होइन र उक्त मिलापत्र बदर भएको पनि पाइँदैन । तसर्थ भएको प्रमाणको उचित मूल्याङ्कन एवं विवेचना गरी यस अदालतबाट भएको आदेश कानूनसम्मत हुँदा विपक्षीको झूठा निवेदन खारेजभागी छ । रिट निवेदक रुकमिणी रानाले आफूलाई यस अदालतबाट नबुझिएको भन्ने जिकीर लिनुभएको छ । सो सम्बन्धमा अदालतमा रिट निवेदन दिंदा आफूलाई अन्याय परेको व्यहोरा दर्शाई अन्याय गर्नेउपर प्रत्यर्थी बनाई निवेदन दायर गर्ने हो र सोही प्रत्यर्थीहरूउपर अदालतले कानूनी काम कारवाही गर्नुपर्ने हुन्छ । रिट निवेदनमा प्रत्यर्थी नबनाइएका व्यक्तिउपर अदालतले परमादेशको निवेदनबाट सुनुवाई वा आवश्यक जाँचबुझ गर्न मिल्ने पनि नहुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, दिपायलको लिखित जवाफ ।

रिट निवेदक रुकमिणी राना थरूनी देवकी राना थरूनी र सुदामाकुमारी राना थरूनीले निज मन्दरदेवीराना हाम्री आमा होइन । निजले जालझेल गरी बुबाको सम्पत्ति खानको लागि पतिको नाम चनी राना राख्न खोजेको हो । निजको पति चनी राना होइन नाम संशोधन नगरिदिनुहोस् भनी २०६७/३/३२ मा यस कार्यालयमा निवेदन प्राप्त भएको र उक्त निवेदन सम्बन्धमा बुझ्ने प्रक्रियाको अवस्थामै निज मन्दरदेवी रानाले मेरो निवेदनउपर कारवाही

भएन भनी जिल्ला प्रशासन कार्यालय, कैलालीलाई विपक्षी बनाई पुनरावेदन अदालत, दिपायलमा रिट दायर गरेकीमा पुनरावेदन अदालत, दिपायलबाट रिट निवेदनमा मिति २०६७/१०/४ गते मन्दरदेवी रानाको निवेदनउपर तत्काल कारवाही गरिदिनु भनी फैसला निर्णय प्राप्त भएको । मन्दरदेवी रानाले पेश गरेका कागजात र सम्मानित पुनरावेदन अदालतबाट भएको आदेश कार्यान्वयन गर्ने सिलसिलामा नेपाल नागरिकता ऐन, २०६३ को दफा १७(२) तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम १४(२) मा व्यवस्था भएअनुसार सम्मानित पुनरावेदन अदालतको परमादेश र कैलाली जिल्ला अदालतको नाताकायम र अन्य पेश गरेका उल्लिखित कागजातहरूको आधारमा मन्दरदेवी रानाको नागरिकता प्रमाणपत्रमा पूर्वपति बहाले राना हटाई पति चनी राना थारू ठेगाना गेटा गा.वि.स. वडा नं. ८ कायम गरी नागरिकता प्रमाणपत्रको संशोधन प्रतिलिपि दिएकोले रिट निवेदकले माथि उल्लेख गरेको जिरह कानूनसम्मत् नदेखिएकोले यस कार्यालयबाट गरेको निर्णय न्यायसङ्गत नै भएकोले रिट निवेदन बदरभागी छ भन्नेसमेत व्यहोराको जिल्ला प्रशासन कार्यालय, कैलालीको लिखित जवाफ ।

जिल्ला कैलाली, गेटा गा.वि.स. वडानं. ८ बस्ने मन्दरदेवी रानाले यस कार्यालयबाट २०४६/१/२९ गतेमा नं. ४४ को नागरिकता प्रमाणपत्र पति बहाले रानाको आधारबाट लिएको पतिको मृत्यु २०४९/१०/१४ गतेपछि जिल्ला कैलाली, गेटा गा.वि.स. वडा नं. ८ बस्ने चनी रानासँग प्रेम विवाह गरी निजसँग बसेकी र निज पतिसँग नाता कायमको लागि कैलाली जिल्ला अदालतमा निवेदन गरेपछि उक्त अदालतबाट मिति २०६४/५/१७ गते मिलापत्र भई पतिपत्नी नाता गरिदिएकोले पूर्वपति बहाले रानाको नाम हटाई दोस्रो पति चनी राना थारूको नाम ना.प्र.प. मा कायम गरी प्रतिलिपि पाऊँ भनी गा.वि.स. गेटाको सिफारिश, अदालतबाट नाता कायम गरिदिएको फैसलाको छायाप्रति, पूर्वपति बहाले रानाको मृत्युदर्ता, हालको पति चनी रानाको नागरिकता प्रमाणपत्रसमेत संलग्न राखी यस कार्यालयमा निवेदन पेश गरेको सो निवेदन सम्बन्धमा बुझ्ने प्रक्रियाको अवस्थामै निज मन्दरदेवी रानाले मेरो निवेदनउपर कारवाही भएन भनी जिल्ला प्रशासन कार्यालय, कैलालीलाई विपक्षी बनाई पुनरावेदन अदालत दिपायल, डोटीमा रिट दायर गरेकी । पुनरावेदन अदालत दिपायल, डोटीबाट रिट निवेदनमा मिति ०६७/१०/४ गते मन्दरदेवी रानाको निवेदनउपर तत्काल कारवाही गरिदिनु भनी फैसला निर्णय प्राप्त भएको । मन्दरदेवी रानाले पेश गरेका कागजात र सम्मानित पुनरावेदन अदालतबाट भएको आदेश कार्यान्वयन गर्ने सिलसिलामा नेपाल नागरिकता ऐन, २०६३ को दफा १७(२) तथा नेपाल नागरिकता निमयावली, २०६३ को नियम १४(२) मा व्यवस्था भएअनुसार सम्मानित पुनरावेदन अदालतको परमादेश र कैलाली जिल्ला अदालतको नाता कायम र अन्य पेश गरेका उल्लिखित कागजातहरूको आधारमा मन्दरदेवी रानाको ना.प्र.प. मा पूर्वपति बहाले राना हटाई पति चनी राना थारू ठेगाना गेटा गा.वि.स., वडा नं. ८ कायम गरी ना.प्र.प. को संशोधन प्रतिलिपि दिएकोले रिट निवेदकले माथि उल्लेख गरेको जिरह कानूनसम्मत नदेखिएकोले प्र.जि.अ. को हैसियतले गरेको निर्णय न्यायसङ्गत नै भएकोले रिट निवेदन बदरभागी छ भन्नेसमेत व्यहोराको जिल्ला प्रशासन कार्यालय, कैलालीका प्रमुख जिल्ला अधिकारीको लिखित जवाफ ।

विपक्षी रुकमिणी राना मेरो सौतेनी छोरी हुन् जसको विवाह जिल्ला कञ्चनपुर, त्रिभुवन वस्ती गा.वि.स. वडा नं. ९ बस्ने शिवराम रानासँग विवाह भै गइसकेकी हुँदा निजले स्व. पति चनी राना र मबीचको लोग्नेस्वास्नीको नाता सम्बन्धमा चुनौती दिने अधिकार विपक्षीलाई छैन । म लिखित जवाफ प्रस्तुतकर्ताको पहिलेको पति बहाले राना

थारूको आफ्नो कालगतिले ०६९/१०/१४ गते मृत्यु भई लोग्नेको मृत्युपश्चात् म आफ्नो माइती घरमा बस्दै आएकीमा पति चनी राना थारूसँग माया प्रेम भै एक आपसमा सँगसाथ बस्दै आएकीमा चनी राना थारूले विवाह दर्ता गर्न आलटाल गरी आउनुभएकोमा कैलाली जिल्ला अदालतमा नाता कायम मुद्दा दायर गरी मिति २०६४/५/१७ गते दुवैजनाको मञ्जूरीमा लोग्ने स्वास्नीको नाता कायम हुने गरी मिलापत्र भइसकेको र पुनरावेदन अदालत, दिपायलसमेतबाट म मन्दरदेवी राना तथा स्व. पति चनी राना थारूबीच स्वेच्छाले अदालतमा लोग्ने स्वास्नीको नाता कायम गरी मिलापत्र गरी आएको स्थिति देखिएको भनी जिल्ला प्रशासन कार्यालय, कैलालीसमक्ष मैले प्रस्तुत गरेको निवेदनमा तत्काल कारवाही गर्नु भनी मिति २०६७/१०/४ मा परमादेशको आदेश जारी भई स्व. पति चनी राना थारूको नाउँ पतिको नाममा कायम गरी जिल्ला प्रशासन कार्यालय, कैलालीबाट नागरिकता प्रमाणपत्र संशोधन गरी सोबमोजिम म प्रत्यर्थीलाई प्रदान भै सकेको छ ।

तथ्यको यस परिस्थितिमा विपक्षीले म र स्व. पतिबीच भएको नाता कायम मुद्दाको मिलापत्र बदर गर्न मुद्दा दायर गर्दैमा मुलुकी ऐन, अ.बं. ८६ नं. बमोजिम विपक्षीको हक नपुग्ने तथ्य स्पष्ट छ । किनकि मुलुकी ऐन, अ.बं. ८६ नं. मा "फैसला डिसमिस मिलापत्र खारेज भएका मुद्दा सो फैसला डिसमिस मिलापत्र खारेज भएकाले अर्काको हकसमेत जाने भएको रहेछ भने जसको हक जानेछ त्यसले थाहा पाएका पैंतीस दिनभित्र यसमा हाम्रो पनि हक लाग्छ यसले मात्र हारी वा डिसमिस खारेज मिलापत्र गराएकोले हाम्रो हक जाने होइन भनी नालिस दिनुपर्ने" भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा विवाह भै गएकी छोरीलाई स्व. पिता अर्थात् मेरा पति चनी थारूको र मेरोबीच कानूनबमोजिम भएको लोग्ने स्वास्नीको सम्बन्धले कुनै आघात नपर्ने हुँदा उक्त मिलापत्र बदर मुद्दालाई आधार मानी रिट क्षेत्रबाट कानूनबमोजिम अधिकारप्राप्त अदालत तथा निकायबाट भएका निर्णय तथा काम कारवाही बदर गरिपाऊँ भन्ने हकदैयासमेत विपक्षीलाई प्राप्त हुन नसक्ने भएकोले हकदैयाबिहिन विपक्षीको रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको मन्दरदेवी रानाको लिखित जवाफ ।

नियमबमोजिम मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा रिट निवेदकतर्फबाट उपस्थित विद्वान अधिवक्ता टिकाराम भट्टराईले विपक्षी मन्दरदेवी राना र निवेदकका पिता स्वर्गीय चनी राना थारूबीच लोग्ने स्वास्नीको नाता कायम हुने गरी नाता कायम मुद्दामा कैलाली जिल्ला अदालतमा मिलापत्र गरी हुँदै नभएको पिता चनी रानाले विवाह नै नगरेका विपक्षी मन्दरदेवी रानाले नागरिकतामा समेत जिल्ला प्रशासन कार्यालयबाट पतिको महलमा स्वर्गीय चनी राना कायम हुने गरी संशोधन गरेको कार्यबाट पिताको शेषपछि निवेदकको हक लाग्ने सबै सम्पत्ति निज मन्दरदेवी रानाका नाममा गएकोले पक्षलाई सुनुवाईको मौका नै नदिई पिताको सम्पत्ति खाने उद्देश्यले नाता कायममा मिलापत्र गरी नागरिकतासमेत संशोधन गरेको कार्यबाट Miscarriage of Justice भै निवेदक अन्यायमा पर्न गएकोले निवेदन मागबमोजिमको आदेश जारी गरिपाऊँ भनी बहस प्रस्तुत गर्नुभयो । विपक्षी मन्दरदेवी रानाको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता हरिहर दाहालले अदालतमा नाता कायम मुद्दा परी दुवैजनाको मञ्जूरीमा लोग्नेस्वास्नीको नाता कायम हुने गरी मिलापत्र भइसकेको र लोग्नेस्वास्नीको नाता कायम भएपछि नागरिकताको प्रमाणपत्र संशोधन गरेको कार्यबाट निवदेकलाई कुनै आघात नपर्ने हुँदा रिट निवेदन खारेज हुनुपर्छ भनी बहस जिकीर प्रस्तुत गर्नुभयो । त्यसैगरी विपक्षी जिल्ला प्रशासन कार्यालय, कैलालीसमेतका तर्फबाट

उपस्थित विद्वान उपन्यायाधिवक्ता भरतलाल शर्माले कानूनबमोजिम अधिकारप्राप्त निकायबाट कानूनबमोजिम भएको काम कारवाहीबाट निवेदकको हकमा आघात नपरेको हुँदा निवेदन खारेज हुनुपर्छ भनी बहस जिकीर प्रस्तुत गर्नुभयो ।

यसरी निवेदक र विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकीर सुनी रिट निवेदन पत्रसहितको मिसिल कागजातहरू अध्ययन गरी हेर्दा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन निर्णय गर्नुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, मलाई सुनुवाईको मौका नै नदिई मेरो बुबा चनी रानासँग विपक्षी मन्दरदेवी रानाले विवाह गरेको भनी नाता कायम मुद्दा दिई मिलापत्र गरी सोही आधारमा निज विपक्षीले आफ्नो नागरिकतासमेत संशोधन गरेको कार्यबाट बुबा चनी रानाको शेषपछिको पैतृक सम्पत्तिमा म निवेदक रुकमिणी रानाको हक पुग्नुपर्नेमा पैतृक सम्पत्तिमाथिको हकमा आघात पुग्न गएकोले मिति २०६७/१०/४ मा भएको पुनरावेदन अदालत, दिपायलको आदेश बदर गरिपाऊँ भन्ने मुख्य निवेदन जिकीर लिएको देखिन्छ । निवेदकको बुबा चनी राना र आमा विन्दा रानाबाट जेठी रिट निवेदक रुकमिणी राना, माहिली देवकी राना र कान्छी सुदामाकुमारी राना गरी तीन सन्तानमात्र जाय जन्म भएकोमा आमा विन्दा रानाको मृत्यु भएपछि निवेदकका बुवा चनी रानाले मन्दरदेवी रानालाई विवाह गरेको भन्ने देखिन्छ । निजहरूको विवाहपश्चात् मन्दरदेवीले चनी राना थारूउपर कैलाली जिल्ला अदालतमा नाता कायम मुद्दा दिई मिति २०६४/५/१७ मा लोग्ने स्वास्नीको नाता कायम हुने गरी मिलापत्र गरेको देखिन्छ । सो मुद्दाको मिलापत्रपछि मन्दरदेवी रानाले नागरिकताको प्रमाणपत्रसमेत संशोधन गर्नका लागि जिल्ला प्रशासन कार्यालय, कैलालीमा निवेदन गरेको र सो निवेदनमा तत्काल कारवाही गर्नु भन्ने जिल्ला प्रशासन कार्यालयका नाममा पुनरावेदन अदालत, दिपायलबाट परमादेशको आदेश जारी भएको अवस्था देखियो ।

३. निवेदकले निवेदनमा पुनरावेदन अदालत, दिपायलबाट भएको परमादेशको मुद्दामा मेरो सुनुवाई नै नगरी एकतर्फी आदेश भएको र बुबा चनी रानाले आफ्नो जीवनकालमा मन्दरदेवी रानासँग विवाह नगरेको जिकीर लिएको देखिए पनि विपक्षी मन्दरदेवी रानाले कैलाली जिल्ला अदालतमा निवेदकका बुबा चनी राना थारूलाई विपक्षी बनाई नाता कायम मुद्दा गरी मिति २०६४/५/६ मा फिरादपत्र दिएको सो मुद्दामा मन्दरदेवी राना र चनी राना थारूबीच मिति २०६४/५/१७ मा लोग्ने स्वास्नीको नाता कायम गरी बस्न मञ्जूर भै मिलापत्र भएकोमा अन्यथा देखिन्न ।

४. मिलापत्र भएपछि हालको पति चनी राना थारूको नाम कायम गरी व्यहोरा जनाई पाउन मन्दरदेवी रानाले आफ्नो नागरिकताको प्रमाणपत्र संशोधन गरी मिलाउनको लागि जिल्ला प्रशासन कार्यालय कैलालीमा मिति २०६७/५/९ मा निवेदन दिएको सो निवेदनमा कारवाही नभएको अवस्थामा पुनरावेदन अदालत, दिपायलमा जिल्ला प्रशासन कार्यालयलाई विपक्षी बनाई परमादेशको निवेदन दिएको सो निवेदनमा पुनरावेदन अदालतबाट निवेदक मन्दरदेवी राना तथा चनी राना थारूबीच स्वेच्छाले लोग्ने स्वास्नीको नाता कायम गरी मिलापत्र गरेको देखिएकोले निवेदनमा कारवाही गरिदिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालयका नाममा परमादेशको आदेश जारी भएको पाइयो । पुनरावेदन अदालत, दिपायलमा दिएको परमादेशको निवेदनमा प्रस्तुत मुद्दाका निवेदकलाई विपक्षी नबनाइएको र यी विपक्षी नबनाइएका निवेदक रुकमिणी रानालाई बुझ्नु पर्ने कारण र कानून निवेदकले खुलाउन सकेको छैन । त्यसमा पनि स्वयं व्यक्तिहरूले आफूहरू लोग्नेस्वास्नी हौँ भनी स्वीकार गरी अदालतमा मिलापत्र नै

गरिसकेपछि लोग्नेको नाम समावेश गरिपाउन दिएको निवेदनमा कारवाही अगाडि नबढाएको भनी दिएको निवेदनमा प्रस्तुत रिट निवेदकको कुनै सरोकार र सम्बन्धको विषय हुन सक्ने देखिन्न । आफ्नो बाबुले पत्नी भनी स्वीकार गरिसकेको कुरामा छोरीले होइन भनी इन्कार गर्दैमा हुन सक्ने पनि होइन र त्यस्तो इन्कारी स्वीकार्य हुन सक्ने कुनै कारणसहितको कानून स्पष्ट देखाउन वा खुलाउन सक्नुपर्नेमा सो खुलाउन सकेको पनि छैन ।

५. विपक्षी मन्दरदेवी र चनी राना थारूको लोग्नेस्वास्नीको नाता कायम भएपश्चात् निज चनी राना थारूको जीवनकालमा नै निजउपर मन्दरदेवीले अंश मुद्दा दिएको सो अंश मुद्दामा मन्दरदेवी चनीको श्रीमती रहेकोले वादी दावीबमोजिम हुने गरी कैलाली जिल्ला अदालतबाट मिति २०६८/३/२९ मा अंश पाउने ठहर भएको छ । पति पत्नीको जीवनकालमा नै मुद्दा परी मिलापत्र भई अंश पाउने भएको यस अवस्थामा सो मिलापत्रलाई अर्को तेस्रो व्यक्तिले बदर गराउन सक्ने देखिन्न । सो मिलापत्रबाट यी निवेदकको हक गुमेको अवस्था पनि छैन । रिट निवेदक चनी रानाको छोरी भए पनि अंशियारा छोरी नभई विवाह गरी अन्यत्र गैसकेको तर मन्दरदेवी चनी रानाको पत्नी भएको यस स्थितिमा कानूनबमोजिम साधिकार निकाय अदालतबाट भएको मिलापत्र बदर गरिपाउने प्रस्तुत निवेदनद्वारा माग गर्न सक्ने कानूनी आधार निवेदकलाई भएको देखिँदैन ।

६. विवाह गरी पतिको घर गइसकेको विवाहिता छोरी यी निवेदक रुकमिणी राना बाबु र आमाले विधिवतरूपमा स्वीकार गरिसकेको नाताको मिलापत्र बदर गरिपाउने माग कानूनसङ्गत र युक्तिसङ्गत देखिँदैन । कानूनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध अटुटरूपमा कायम रहे भएको र निवेदकले पनि सो सम्बन्धलाई होइन भन्ने बाहेक कुनै लिखत कागजद्वारा खण्डित हुने प्रमाण पेश गर्न सकेको देखिँदैन । चनी राना र विपक्षी मन्दरदेवी लोग्नेस्वास्नी भएको र चनी रानाको जीवनकालमा नै भएको मिलापत्रलाई विवाह गरी अन्यत्र गइसकेको छोरीले बदर गर्न माग गरी दिएको रिट निवेदनबाट औचित्यमा प्रवेश गरी मिलापत्र बदर गर्न सकिनेसमेत देखिँदैन ।

७. अतः माथि उल्लिखित आधार कारणबाट निवेदकका बाबु चनी राना थारू र विपक्षी मन्दरदेवी रानाबीच लोग्नेस्वास्नीको नाता स्वीकार गरी नाता कायम मुद्दामा मिति २०६४/५/१७ मा मिलापत्र गरी सोही आधारमा आफ्नो नागरिकतामा समेत लोग्नेको नाम समावेश गरिसकेको र चनी राना थारूको जीवनकालमा नै निज लोग्ने चनी रानाउपर अंश मुद्दा दिई निज विपक्षी मन्दरदेवीले अंश पाउने ठहराई मिति २०६८/३/२९ मा फैसलासमेत भइसकेको यस अवस्थामा विवाह भै पतिको घर गइसकेको छोरीले बाबु र आमाको नाता कायम सम्बन्धमा भएको मिलापत्र बदर गरिपाउने माग कानूनसङ्गत् नदेखिएको र यस्तो विषयमा रिट क्षेत्रबाट औचित्यमा प्रवेश गर्नसमेत नसकिने हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन । रिट निवेदन खारेज हुने ठहर्छ । निवेदन खारेज हुने ठहरेकोले प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या.ज्ञानेन्द्रबहादुर कार्की

इति संवत् २०७० साल वैशाख २० गते रोज ६ शुभम्
इजलास अधिकृत :- श्रीप्रसाद संजेल

## निर्णय नं. ९०२२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री प्रकाश वस्ती
०६७–CR–०२५५, ०२५६
फैसला मितिः २०७०।२।२०।२

मुद्दा : कर्तव्य ज्यान ।

पुनरावेदक प्रतिवादीः झापा जिल्ला, धरमपुर गा.वि.स. वडा नं. ५ बस्ने बमबहादुर बस्नेतसमेत

विरूद्ध

प्रत्यर्थी वादीः गंगाबहादुर कार्कीको जाहेरील नेपाल सरकार

पुनरावेदक वादीः गंगाबहादुर कार्कीको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी प्रतिवादीः झापा जिल्ला, धरमपुर गा.वि.स. वडा नं. ५ बस्ने बमबहादुर बस्नेतसमेत

शुरू फैसला :-
मा.न्या.श्री अवधबिहारी प्रसाद सिन्हा
पुनरावेदन फैसला :-
मा.का.मु.मु.न्या. श्री पुरूषोत्तम पराजुली
मा.न्या. श्री पुरूषोत्तम भण्डारी

- **अपराधका सम्बन्धमा खडा भएका मुचुल्काहरूमा प्रामाणिक शक्ति हुन्छ । तिनमा व्यक्त तथ्यले अपराधको वस्तुस्थिति बताउँछन् । व्यक्तिले झूठो बोल्न सक्दछ तर वस्तुस्थितियुक्त तथ्यले कहिल्यै झूठो बोल्दैन ।**

(प्रकरण नं.५)

- **फोटो, भिडियो, अडियो, सीडी आदि डिजिटल सामग्री लिखत हुन् । यिनको प्रामाणिक मूल्यलाई अस्वीकार गर्नु न्यायसङ्गत हुँदैन । तथ्यका प्रत्येक गवाह प्रमाण हुन् । मुद्दाका कुनै पक्षबाट फोटो, भिडियो, अडियो, सीडी आदि डिजिटल प्रति प्रमाणका रूपमा प्रस्तुत हुन्छन् र अर्को पक्षबाट तिनमा इन्कारी जनाइदैन भने लिखित प्रमाणका रूपमा यी ग्राह्य हुन्छन् । यस्ता प्रमाणका विषयमा विवाद उठेमा तिनको सत्यता परीक्षणको विषय बन्दछ । अन्यथा लिखत प्रमाणका आधुनिक स्वरूपलाई सतर्कता साथ ग्रहण गर्दै जानुपर्ने ।**

(प्रकरण नं.६)

- **जीवनप्रति जीजिविषा राख्ने युवतीले सहजै आत्महत्या गर्ने निर्णय लिन कुनै अपरिहार्य कारण हुनैपर्छ । आत्महत्या गर्न मानिसले तत्काल पनि निर्णय लिन सक्दछ । आत्महत्या गर्न एक्कासी मन परिवर्तन भई अठोट गरिन पनि सक्दछ । तर यसका पछाडि भरपर्दो कारण भने हुनै पर्ने ।**

(प्रकरण नं.७)

- **आत्महत्या गर्ने व्यक्तिले आफ्नो निर्णय बिनाव्यवधान कार्यान्वयन होस् र त्यसमा आफूलाई सफलता मिलोस् भन्ने ध्येय राखेको हुन्छ । यसकारण उसले आफ्नो निर्णय कार्यान्वयन गर्न भरपर्दो र सुरक्षित स्थानको चयन गर्ने ।**

(प्रकरण नं.८)

- **दुई विपरीत खालका अभिव्यक्ति मिसिल सामेल रहेकोमा अदालतले स्वतन्त्र प्रमाणबाट पुष्टि हुने कथनलाई प्रमाणमा लिनुपर्ने हुन्छ । अधिकारप्राप्त अधिकारीसमक्षको साबिती र अदालत समक्षको इन्कारीमध्ये कुनलाई प्रमाणमा ग्रहण गर्ने भन्ने सन्दर्भमा कुन कथन**

अन्य प्रमाणबाट समर्थित हुन्छ भन्ने कुरा नै अदालतले निष्कर्ष निकाल्ने आधार हो । अधिकारप्राप्त अधिकारीसमक्ष व्यक्त गरेका कुरा प्रमाण शून्य हुने होइनन् । न त प्रतिवादीहरूको अदालतसमक्षको इन्कारी नै अकाट्य प्रमाण मानिने हो । अदालतसमक्ष इन्कारी गर्दा अधिकारप्राप्त अधिकारीसमक्ष के कुन कारण र कसरी साबित बनाइयो भन्ने कुराका हकमा व्यक्त गरेको कुरामा अदालतले ध्यान दिनुपर्ने ।

(प्रकरण नं.१५)

- प्रमाण ऐन, २०३१ को दफा ९(२) ले व्यवस्था गरेका भय, त्रास, प्रलोभनसमेतका अवस्था देखिएमा अभियुक्तको अदालतबाहेक अन्यत्र व्यक्त गरेको कुरा प्रमाण नलाग्ने हुन्छ । अभियुक्तले अधिकारप्राप्त अधिकारीसमक्ष कुनै कुरा व्यक्त गर्दाको अवस्थाको सचेतता, यातना, धम्की र प्रलोभन दिएको थिएन भन्ने प्रत्याभूति प्रमाणित गर्नुपर्दछ । तर, यी अवस्थाको जिकीर र आधार भने मिसिलबाट देखिनुपर्ने ।
- मुद्दाको एक पक्ष सरकारको प्रतिनिधि अनुसन्धान अधिकारीले आफ्नो विपक्षलाई कब्जामा राखी व्यक्त गराइएका अभिव्यक्तिलाई अदालतले सहजै विश्वास गरी प्रमाणको रूपमा ग्रहण गर्न नहुने भन्ने नै प्रमाण ऐन, २०३१ को दफा ९(२) को आशय भएकाले उक्त दफाको परिपालनकै सन्दर्भमा म्याद थपका लागि अदालतमा पेश गरिँदा अभियुक्तलाई सशरीर न्यायाधीशसमक्ष उपस्थित गराउनु पर्ने, त्यस बेलासम्म खडा भएका लिखतमा अदालतले छाप लगाई दिने र अभियुक्तसँग सोधपूछ गर्दा आवश्यकता महसूस गरिएमा तत्कालै घाँ जाँच वा स्वास्थ्य परीक्षण गराउन अस्पताल पठाइने कार्यविधि सुनिश्चित् छ । अदालतबाहेक अन्यत्र अभियुक्तले व्यक्त गरेका कुरा प्रमाणमा ग्रहण गर्दा सतर्कता अपनाउनु पर्ने ।
- अन्य स्वतन्त्र प्रमाणले पुष्टि गरेको अवस्था र अधिकारप्राप्त अधिकारीसमक्षको आफ्नो कथन ईच्छाविरुद्धको हो भनी लिएको जिकीरलाई विश्वास गर्न सकिने आधार नदेखाइएको अवस्थामा सो कथन प्रमाणशून्य हुन्छ भन्न नसकिने ।

(प्रकरण नं.१६)

- नि:सन्देह फौजदारी मुद्दामा प्रमाण ऐन, २०३१ को दफा २५ ले प्रमाणको भार वादीमा रहने कुरा हो । प्रतिवादीहरूलाई आफूविरुद्धको कारवाहीमा चूपचाप बस्ने हक अवश्य छ । तर, चूप नबसी आफ्नो सफाइमा तथ्य व्यक्त गर्ने व्यक्तिका दायित्व पनि सोही प्रमाण ऐनको दफा २७(१) द्वारा अभिनिश्चित् छन् । अधिकारप्राप्त अधिकारीसमक्षको कथनलाई इन्कार गरिएको अवस्थामा त्यसका आधार र कारण पनि व्यक्त गर्नु पर्दैन भन्ने प्रमाण ऐन, २०३१ को दफा २५ को मनसाय होइन ।

(प्रकरण नं.१७)

- साक्षीको योग्यता अदालतबाट निजलाई सोधिएको प्रश्न बुझ्न सक्ने र सोको युक्तियुक्त जवाफ दिन सक्ने हुनुपर्दछ । यस कानूनी व्यवस्थाको प्रयोजनार्थ आफूबाट के कुरा जान्न खोजिएको हो सो बुझ्न सक्ने हुनुको साथै निजले सो सोधिएको प्रश्नलाई समुचित ढङ्गले सम्बोधन गरेको छ भन्ने न्यायाधीशलाई लागेमा त्यस्तो साक्षीको बकपत्रलाई प्रमाणमा लिन हुन्छ । योग्य साक्षी हुन कुनै उमेरको छेकबार प्रमाण ऐन, २०३१ को दफा ३८ ले लगाएको छैन । कम उमेरका नाबालिगसमेत निजलाई गरिएको प्रश्नले के मागेको छ बुझ्नसक्ने हुनु र

त्यस प्रश्नको जिज्ञासालाई समुचितरूपमा समाधान गर्नसक्ने क्षमता हुनु नै योग्य साक्षी हुन पर्याप्त हुने ।

- उत्तर सकारात्मक वा नकारात्मक जे जस्तो होस् त्यसले प्रश्नका माध्यमबाट अदालतले जान्न चाहेको तथ्य नाबालिग समेतबाट सहजरूपमा प्रकट हुनु नै त्यस उत्तरको युक्तियुक्तताको परिचय हो । कुनै नाबालिकाको कथन प्रमाणमा लिने वा नलिने भन्ने सन्दर्भमा यकीन गर्नु पर्दा निजलाई सोधिएका सम्पूर्ण प्रश्नहरू र तिनको उत्तरको अध्ययन गरिनु पर्ने ।

(प्रकरण नं.२०)

- कुनै पनि प्रमाणले पुष्टि नगर्ने विशेषज्ञको राय विचारयोग्य हुँदैन । विशेषज्ञको राय अदालतको सन्तुष्टिका लागि हो । मिसिल संलग्न प्रत्यक्षदर्शीको कथन, लासका फोटोहरू, घटनास्थल मुचुल्का तथा स्वयम् प्रतिवादीहरूको कथनसमेतका प्रमाणले सीधै इन्कार गर्ने भीषेरा परीक्षण प्रतिवेदनबाट अदालत भ्रमित हुनुपर्ने अवस्था नहुने ।
- आत्महत्या गर्नका लागि विषादि सेवन गर्ने व्यक्तिले झुण्डिनु पर्ने आवश्यकता नपर्ने ।

(प्रकरण नं.२३)

- कुनै पनि कुराको परीक्षण गर्न एक ठाउँबाट अर्को ठाउँमा पठाइँदा सो परीक्षण गर्न के कसरी पठाइयो, परीक्षण विधि के कस्तो रह्यो र लासका भीषेरा नमूनासमेत सुरक्षित राख्न तथा यो नमूना परिवर्तन नहुने व्यवस्था गर्न के कस्ता प्रक्रिया अपनाइयो भन्नेसमेतका आधार खुलाइएको देखिनु पर्ने ।
- कुनै पनि राय निरापद हुन सक्तैन । बिना आधारको राय अदालतको विचारवस्तु बन्दैन । प्रस्तुत विवादमा मृतकको भीषेरा परीक्षणका विषयमा यस्ता कुनै कुरा खुलाइएको नपाइँदा विशेषज्ञ भनिएको व्यक्तिको फगत रायमा न्यायकर्ता रुमलिन आवश्यक नहुने ।

(प्रकरण नं.२४)

- मृतकको शरीरमा हात हाल्ने व्यक्तिलाई ज्यानसम्बन्धीको १७ नं. आकर्षित नहुने ।

(प्रकरण नं.२७)

- घरपरिवारसमेतका सबैजना मिली जेठानीलाई दिएको यातना एवं कुटपीटसमेतको कर्तुत आफ्नै आँखाले देखे भोगेकी बुहारीले घरपरिवारको डर, सामाजिक परिवेश र पतिको आदेशसमेतका कारणले कुनै प्रतिक्रिया नजनाउनुलाई मतसल्लाहमा पसेको भनी प्रतिवादीलाई दोषी ठहर गर्न नमिल्ने ।
- हत्या गर्ने मतसल्लाहमा पस्नु र प्रतिक्रिया नजनाउनु बिल्कुल अलग कार्य हुन् । मार्ने योजनामा सहमति जनाउनु वा सो योजनाको पूर्वजानकारी राख्नु मतसल्लाहमा पसेको मान्ने आधार हुन सक्दछन् । तर, आफूबाहेक अरूले गरेको मतसल्लाहअनुसारको कार्यको दर्शक हुनु नै आरोपित कसूर गरेको प्रमाण हुन नसक्ने ।

(प्रकरण नं.२८)

प्रतिवादीहरूकातर्फबाट: विद्वान वरिष्ठ अधिवक्ताहरू डा. रजितभक्त प्रधानाङ्ग, कृष्णप्रसाद सापकोटा, लवप्रसाद मैनाली र विद्वान अधिवक्ता निर्मला शाक्य

वादीतर्फबाट: विद्वान उपन्यायाधिवक्ता भरतलाल शर्मा र जाहेरवालाका तर्फबाट: विद्वान अधिवक्ता चन्द्रप्रसाद काफ्ले

अवलम्बित नजीर:

सम्बद्ध कानून:

- ज्यानसम्बन्धी महलको १३(३), १७,१७(३) नं.
- प्रमाण ऐन, २०३१ को दफा ९(२), २५, ३८ नं.

फैसला

**न्या.प्रकाश वस्ती**: पुनरावेदन अदालत, इलामको मिति २०६५।८।२९ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) र (ख) बमोजिम प्रतिवादीहरू एवं वादी नेपाल सरकारको तर्फबाट मुद्दा दोहोऱ्याई पाऊँ भनी परेको निवेदनमा यस अदालतबाट निस्सा प्रदान भै पुनरावेदनको रोहमा दर्ता भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ :-

जिल्ला झापा, धरमपुर गा.वि.स.वडा नं.५ मा पर्ने बमबहादुर बस्नेतको घरको पूर्वमा निजकै जमीन, पश्चिममा ढकबहादुर बस्नेतको घर, उत्तर रत्नबहादुर बस्नेतको जमीन, दक्षिण पुण्यबहादुर बस्नेतको घर यति चारकिल्लाभित्र पर्ने टिनको छानो काठको बेरा भएको दुई तले घरको माथिको तलामा चढ्ने भऱ्याङ् पूर्वबाट अंग्रेजी एल आकारको पूर्व पश्चिम दुवैतर्फ वरण्डा निकालेको माथिको तलामा सात कोठा भएको, सबैभन्दा पूर्वतर्फको कोठामा मृतक शारदा बस्नेत बस्ने सुत्ने गरेको, सो कोठामा दुईवटा खटिया र दराजसमेत रहेको, दक्षिणतर्फको झ्याल खुल्ला भई काठको डण्डी ठोकेको, एउटा डण्डीमा कपडाको सल बाँधेको, सो झ्यालको पूर्वतर्फको भागको एउटा डण्डी उप्काई भूईमा झरेको, सो भाग १० इञ्च खाली रहेको, पश्चिम पूजाकोठामा बाहिरबाट ढोका लगाएको, खोली हेर्दा भित्र कोठाको बीचमा जमीनदेखि ६ फीट ५ इञ्चमाथि छानोको काठमा कपडाको सल बाँधी मृतक शारदा बस्नेत झुण्डिएको, मृतकको दुवै खुट्टाले जमीन टेकेको, केश खुल्ला रही पछाडि गुजुल्टी पारेको, दुवै आँखा बन्द, मुख बन्द, दुवै खुट्टाको घुँडामुनि पछाडिपट्टि डोरीले बाँधेको जस्तो डाम र गालामा नीलो डाम देखिएको, योनीबाट रगत आएको, मलद्वारबाट दिसा निस्किएको, घाँटीमा डोरीको डाम वरिपरि भएको, सो डाम अढाई इञ्च जतिभित्र गाडिएको, डाम कालो देखिएको भन्नेसमेत मृतक शारदा बस्नेतको लास जाँच तथा घटनास्थल मुचुल्का ।

मेरी छोरी शारदा बस्नेतलाई मिति २०५६ सालमा जातीय रीतअनुसार प्रतिवादी उदयकुमार बस्नेतसँग विवाह गरी दिई घरमै बस्दै आएकीमा माइतीबाट रङ्गीन टी.भी. र कम दाइजो दिएको भनी सासू र पति उदयकुमारले हेलाँ होचो गरी बारम्बार कुटपीट गर्ने गरेको, मानसिक यातना दिने, दिमाग बिग्रेको भनी के कुन इन्जेक्सन लगाउने गरेको, कान्छी विवाह गर्न सहमति गर भनी कोठामा थुन्ने गरेको भनी छोरीले दुखेसो गर्दै आएकीमा मिति २०६२।११।३ गते ज्वाइँ उदयकुमार बस्नेतले गाउँकै जमुना चौहानलाई कान्छी श्रीमती विवाह गरेको भनी गाउँमा हल्ला भएपछि मसमेत माइती पक्षबाट मिति २०६२।११।७ गते निजको घरमा आई समाज बसी छलफलसमेत गर्दा त्यसरी छोरीलाई यातना दिएको कुटपीट गरेको कुरा छोरीले समाजमा बताउनुको साथै शरीर खोलेर नीलडामसमेत देखाएकोमा जे भयो अब पहिला औषधिउपचार गराउने त्यसपछि अंश लिएर बस्न चाहेमा पाउने, अंशसमेत दिलाई दिने कुरामा सहमति भई हामी माइती पक्षसमेत हिँडेका र मिति २०६२।११।८ गते बिहान छोरीको लास हेर्दा छोरीलाई कुटपीट गरी बाँधी कर्तव्य गरी मारी झुण्ड्याएको अवस्थामा लास देखेकोले मेरी छोरीलाई ससुरा बमबहादुर बस्नेत, सासू भद्रकुमारी बस्नेत, ज्वाइँ उदयकुमार बस्नेत, देवर रमेश बस्नेत, देउरानी तारा बस्नेतसमेतले निर्ममतापूर्वक कुटपीट गरी कर्तव्य गरी मारी झुण्ड्याएको कुरा स्पष्ट हुँदा अपराधीहरूलाई पक्राउ गरी अन्य अपराधीहरू भए निजैहरूबाट खुलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको कसूरअनुसार कारवाही गरी सजायसमेत गरिपाऊँ भन्नेसमेत व्यहोराको गंगाबहादुर कार्कीको जाहेरी दरखास्त ।

मृतक शारदा बस्नेतको शरीरमा चोट पटक लागेको र अत्यधिक रक्तश्राव भएर मृत्यु

भएको हो भन्नेसमेत लास जाँच शव परीक्षण प्रतिवेदन ।

मेरो घर जिल्ला झापा, धरमपुर-५ मा पर्छ । मेरो बुबा सुपल मुर्मु प्रतिवादी बमबहादुर बस्नेतको घरमा हलीको काम गर्ने गर्नु हुन्छ । म भाँडा माझ्ने काम गरी आएकोमा मेरो बुबा जहिले पनि बेलुकी आफ्नै घरमा जाने र म त्यहीँ बस्ने गरेकोमा उक्त घरमा जेठी बुहारी मृतक शारदा बस्नेतलाई निजकी सासू र पतिले हेलाँ होचो गरी रहने, कुटपीट गर्ने, माइतीबाट टी.भी. र मोटरसाइकल ल्याइनस् भनी कान्छी विवाह गर्न सहमति गर् भनी दबाब दिइरहन्थे । उक्त घरमा मृतकका ससुरा बमबहादुर बस्नेत, सासू भद्रकुमारी बस्नेत, पति उदयकुमार बस्नेत, देवर रमेश बस्नेत, देउरानी तारा बस्नेत र मसमेत बस्ने गरेकोमा म शारदा बस्नेतसँग कोठामा सुत्ने बस्ने गरिआएकी थिएँ । मिति २०६२।११।३ गते उदयकुमार बस्नेतले कान्छी श्रीमती जमुना चौहानलाई विवाह गरी हिँडेपछि मृतक शारदा बस्नेतको माइती पक्ष र स्थानीय गाउँ समाज मिति २०६२।११।५ र ७ गते बसी छलफल गरी मृतकलाई औषधिउपचार गराउने, त्यसपछि पाउने अंशसमेत दिने कुरा भएको थियो । मिति २०६२।११।७ गते बेलुकी उक्त घरमा सबै परिवार आ-आफ्नो कोठामा सुतेपछि म पनि शारदासँग निजको कोठामा सुतेकीमा करीब १० बजेतिर बाहिर आँगनमा दुईवटा मोटरसाइकल आई रोकी आएका मानिसहरू सरासर माथि वरण्डामा चढी बमबहादुर र भद्रकुमारी सुतेको कोठामा गए, धेरैबेर चकमन्न भयो । केही छिनपछि उदयकुमार बस्नेत हामी सुतेको कोठामा आई शारदा ढोका खोल् भनी २/३ पटक बोलाएपछि शारदाले ढोका खोलिन । उदयभित्र पसी बत्ती बाली बाहिर आइज एकछिन काम छ भन्दा शारदा नमानेकाले तानी खटियाबाट तल झारी कुटपीट गर्न थाले । तेरो लोग्ने हैन, मेरो लोग्ने हो भन्दै निजको कान्छी श्रीमती जमुना चौहानले कपाल भुत्लाउन थालिन् । अन्य नचिनेको तीनजना केटा तथा रमेश बस्नेत समेतभित्र पसी बाँध्ने, मुख थुन्ने र लौराले हिर्काउन थाले । त्यसपछि बमबहादुर र भद्रकुमारी आई मुख थुने, बाँधी कुटपीट गर्न थाले । मलाई ताराको कोठामा जा भनी बाहिर निकाले । म ताराको कोठामा जाँदा ताराले हेरिरहेकी र सुनिरहेकी थिइन् । एकछिन पछाडि शारदालाई लल्याकलुलुक अवस्थामा बाहिर बरण्डामा निकाली तल झार्न खोजे । पुनः भित्र लगी झ्यालको सेप्टीमा कपडाले सल बाँधी घाँटीमा कसे । सेप्टी उक्काई तल झार्न खोजे नछिरेपछि सबैले बोकेर बाहिर ल्याई पूजा कोठामा लगी झुण्ड्याई मृतकको मुखसमेत धोई पखाली गरी सबैजना शारदालाई मारेकै कोठामा जम्मा भई मलाईसमेत बोलाई कसैलाई भनिस् भने मारी दिन्छु भने । तारालाई समेत राम्रो सम्झाउनु भनी रमेशलाई अह्राए । त्यसपछि निजहरू मोटरसाइकलमै राति नै गए । भद्रकुमारीले मृतकको बच्चा आफ्नो कोठाबाट निदाएकै अवस्थामा बोकेर ल्याई मसमेत शारदाकै कोठामा सुत्यौं । भोलिपल्ट बिहान पूजा कोठामा बुहारी झुण्डिएर मरिछन् भनी भद्रकुमारीले हल्ला गरेकी हुन् भन्नेसमेत फुच्ची भन्ने छम्मी मुर्मु सतारको कागज ।

मेरो रमेश बस्नेतसँग विवाह भएपछि घरमै रही आएकी छु । घरमा सासू भद्रकुमारी बस्नेत र जेठाजु उदयकुमार बस्नेतले जेठानी दिदीलाई हेँलाँहोचो गर्ने, माइतीबाट रङ्गीन टी.भी. र मोटरसाइकल नदिएको भनी कुटपीट गर्ने गरेको र कान्छी श्रीमती विवाह गर्न सहमति दे भनी दबाब दिने गरेका थिए । मिति २०६२।११।३ गते जेठाजुले कान्छी श्रीमती जमुना चौहानलाई विवाह गरी हिँडेपछि जेठानी दिदीका माइती पक्ष आई मिति २०६२।११।५ र ७ सात गते समाज बसी छलफल गरी शारदाको औषधिउपचार गराउने त्यसपछि अंश लिएर बस्न चाहेमा अंश दिनु कुरा भएको थियो । मिति २०६२।११।७ गते बेलुका मैले खाना बनाई सबैलाई खुवाई आ-आफ्नो कोठामा सुतेको र सदाझैं

जेठानी दिदी शारदा र काम गर्ने फुच्ची छम्मी शारदाकै कोठामा सुतेकोमा राति करीब १० बजेतिर दुईवटा मोटरसाइकल आँगनमा आएकोमा एउटामा जेठाजु उदय र निजकी कान्छी श्रीमती जमुना र अर्कोमा नचिनेका तीनजना केटा मानिसहरू थिए । निजहरू माथि चढी सरासरी सासू, ससुराको कोठामा गए । मेरो श्रीमान् पनि उठेर उतै गए । एकछिनपछि जेठाजु, जेठानी शारदा दिदीको कोठामा गई ढोका खोल्न लगाई ढोका खोलेपछि भित्र गए । कोठामा पसी के कुरा भयो शारदालाई जेठाजुले विस्तराबाट तल झारी कुटपीट गर्न थाले । निजकी कान्छी श्रीमती जमुना पनि गै भुत्ल्याउन थालिन् । त्यसपछि ती तीनजना नचिनेका केटाहरू तथा मेरा श्रीमान् रमेश, सासू, ससुरासमेत भित्र पसी फुच्ची छम्मीलाई मेरो कोठामा पठाई कोठाभित्र शारदालाई कुटपीट गरी बाँधी मारेपछि बहिर वरण्डामा ल्याई तल झार्न खोजे । पुनः कोठामै लगी एकछिनपछि सबैले बोकी बाहिर ल्याई पूजा कोठातर्फ लगी झुण्ड्याएका हुन् । त्यसपछि सबै जनाले छम्मीलाई समेत बोलाई शारदालाई मारेको कोठामा गई एकछिन कुराकानी गरी मोटरसाइकलमै चढी निजहरू गए । मेरो श्रीमान् रमेश बस्नेत मेरो कोठामा आई कसैलाई नभन्नु, भाउजुलाई पूजा कोठामा झुण्ड्याएको छ, भोलि बिहान आफैँ झुण्डिएर मरिछन् भनी हल्ला गर्नुपर्छ भने । जेठानी दिदीलाई औषधिउपचार गर्दा खर्च लाग्ने र अंशसमेत दिनुपर्ने, चित्त नबुझे बहुविवाहमा मुद्दासमेत गरी दुःख दिनसक्ने हुँदा त्यसरी कर्तव्य गरी अपराध लुकाउन झुण्ड्याएको हो । मार्ने कामको लागि म गइन, हेरे देखेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी तारा बस्नेतको बयान ।

बुहारी शारदा बस्नेतलाई हेलाँहोचो गर्ने, माइतबाट रङ्गीन टी.भी. र मोटरसाइकल नल्याएको भनी कुटपीट गर्ने गरेको र कान्छी श्रीमती विवाह गर्न सहमति दे भनी दबाब दिने गरेका थिए । मिति २०६२।११।३ गते छोराले कान्छी श्रीमती जमुना चौहानलाई विवाह गरी हिँडेपछि माइती पक्ष आई मिति २०६२।११।५ र ७ गते समाज बसी छलफल भएकोमा माइती पक्ष आक्रोशमा आएकोले रिस उठी रहेको थियो । चित्त नबुझी छलफलमा बसी शारदालाई औषधिउपचार गर्ने र त्यसपछि पाउने अंश दिने कुराको सहमति भएको थियो । त्यसो गर्दा सँगोलको सम्पत्ति खर्च हुने कुरामा घर परिवार चिन्तामा थियौं । सदाझैं बेलुकी राति करीब १० बजेतिर जेठो छोरो उदय र निजकी कान्छी श्रीमती जमुना एउटामा र अन्य नचिनेका तीनजना अर्को मोटरसाइकलमा आई सरासरी म, मेरो श्रीमती र दुई बच्चा सुतेको कोठामा आए । अर्को माहिलो छोरा रमेश पनि कोठाबाट उठेर त्यहीँ आयो । उदयले शारदालाई मारेर झुण्ड्याउने कुरा गरेपछि सबैको सहमति भई उदय र निजकी कान्छी श्रीमती शारदाको कोठा ढोकामा गई बोलाई शारदाले भित्रबाट ढोका खोलेपछि निजहरू भित्र पसी कुटपीट गरे । त्यसपछि निजहरूले ल्याएका नचिनेका तीनजना र छोरा रमेश बस्नेत समेत गए । अन्त्यमा, म र मेरी श्रीमती भद्रकुमारी जाँदा काम गर्ने केटी फुच्ची भन्ने छम्मीसमेत त्यहीँ कोठामा हुँदा निजलाई बाहिर निकाली ताराको कोठामा पठाई मसमेतले शारदालाई मुख थुनी कर्तव्य गरी मारेको हो । त्यसपछि सोही कोठामा झ्यालबाट तल झुण्डाई दिन झ्यालको सेप्टी उक्काई छिराउन खोज्दा नछिरेपछि सबैले बोकेर पूजा कोठामा लगी झुण्ड्याएको र सबैजना शारदाको कोठामा जम्मा भई छम्मीलाई समेत बोलाई यो कुरा कसैलाई नभन्ने, भोलि आफैँ झुण्डिई मरेको भनी हल्ला गर्नुपर्छ भनी सल्लाह गरी निज छोरा उदयसमेत राति नै मोटरसाइकलमा गएको हो । उक्त अपराध वारदात मसमेत मिली गरेको हो । बुहारी तारा बस्नेत शारदालाई मारेको झुण्डाएको ठाउँमा गइनन् भन्नेसमेत प्रतिवादी बमबहादुर बस्नेतले गरेको बयान ।

मृतक शारदालाई मेरो छोराले विवाह गरी ल्याएपछि छोरा बुहारीबीच वादविवाद झगडा भैरहने गरेको र मसमेतसँग कहिलेकाँही झगडा हुने गरेकोले छोरा बुहारीलाई कान्छी श्रीमती विवाह गर्न सहमति गर भनी दबाब दिने गरेको थिएँ । मिति २०६२।११।३ गते छोरा उदयले कान्छी श्रीमती जमुना चौहानलाई विवाह गरी हिँडेपछि माइती पक्ष आई मिति २०६२।११।५ र ७ गते समाज बसी छलफल भएकोमा माइती पक्ष आक्रोशमा आएकाले रिस उठिरहेको थियो । चित्त नबुझी नबुझी छलफलमा बसी शारदालाई औषधिउपचार गर्ने र त्यसपछि पाउँने अंश दिने कुराको छलफल गरी सहमति भएको थियो । त्यसो गर्दा सँगोलको सम्पत्ति खर्च हुने कुरामा घरपरिवार चिन्तामा थियौं । सदाझैं बेलुकी राति हामी पनि सुतेको र शारदा र काम गर्ने केटी पनि शारदाकै कोठामा सुतेको अवस्थामा राति करीब १० बजेतिर जेठा छोरो उदय र निजको कान्छी श्रीमतीसमेत हामी सुतेको कोठामा आए । अर्को माहिलो छोरा रमेश पनि कोठाबाट उठेर त्यहीँ आयो । उदयले शारदालाई मारेर झुण्ड्याउने कुरा गरेपछि सबैको सहमति भई उदय र निजकी कान्छी श्रीमती शारदाको कोठाको ढोकामा गई बोलाई शारदाले भित्रबाट ढोका खोलेपछि निजहरू पसी कुटपीट गरे । त्यसपछि निजहरूले ल्याएका नचिनेका तीनजना र छोरा रमेश बस्नेतसमेत गए । म र मेरो श्रीमान्‌समेत गई काम गर्ने केटी फुच्ची भन्ने छम्मी समेत त्यहीँ कोठामा हुँदा निजलाई बाहिर निकाली ताराको कोठामा पठाई मसमेतले शारदालाई मुख थुनी कर्तव्य गरी मारेको हो । त्यसपछि सबैले बोकेर पूजा कोठामा लगी झुण्ड्याएको र सबैजना शारदाको कोठामा जम्मा भई छम्मीलाई समेत बोलाई यो कुरा कसैलाई नभन्ने, भोलि आफैं झुण्डिएर मरेको भनी हल्ला गर्नुपर्छ भनी सल्लाह गरी निज छोरा उदयसमेत राति नै मोटरसाइकलमा गएको हो । उक्त अपराध वारदात मसमेत मिली गरेको हो भन्नेसमेत प्रतिवादी भद्रकुमारी बस्नेतले गरेको बयान ।

म प्रतिवादीहरूको घरमा हलो जोत्ने र छोरी छम्मी भाँडा माझ्ने काम गर्दछौं । मेरी छोरी मृतक शारदासँगै सुत्ने गरी आएकी थिइन् । शारदालाई सासू तथा निजको पतिले कुटपीट गर्ने, कान्छी श्रीमती ल्याउन सहमति गर् भनी दबाब दिने गरेकोमा मिति २०६२।११।३ गते प्रतिवादी उदय बस्नेतले कान्छी श्रीमती विवाह गरी लगेपछि २०६२।११।५ र ७ गते शारदाका माइतीपक्ष र घर समाज बसी छलफल गरी शारदालाई पहिला औषधिउपचार गर्ने र त्यसपछि अंश दिनेसमेतको सहमति भएकोमा मिति २०६२।११।७ गते राति मृतक शारदालाई निजको श्रीमान् उदयकुमार बस्नेत, कान्छी श्रीमती जमुना र अन्य नचिनेका तीनजना र घर परिवारसमेत मिली कर्तव्य गरी मारेको कुरामा मलाई पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको सुपल मुर्मुको कागज ।

मेरी भतिजी छोरी मृतक शारदा बस्नेतलाई प्रतिवादी उदय बस्नेतसँग विवाह गरी दिई घरमै बस्दै आएकीमा माइतीबाट रङ्गीन टी.भी. र मोटरसाइकल नल्याएको भनी सासू र पति उदयकुमारले हेलाँहोचो गरी बारम्बार कुटपीट गर्ने गरेको, मानसिक यातना दिने, दिमाग बिग्रेको भनी के कुन इन्जेक्सन लगाउने गरेको, कान्छी विवाह गर्न सहमति गर् भनी कोठामा थुन्ने गरेको भनी छोरीले दुखेसो गर्दै आएकीमा मिति २०६२।११।३ गते ज्वाइँ उदयकुमार बस्नेतले गाउँकै जमुना चौहानलाई कान्छी श्रीमती बनाई विवाह गरेको भनी गाउँमा हल्ला भएपछि मसमेत माइती पक्षबाट मिति २०६२।११।५ र ७ गते निजको घरमा गई समाज बसी छलफलसमेत गर्दा त्यसरी छोरीलाई यातना दिएको, कुटपीट गरेको कुरा छोरीले समाजमा बताउनुका साथै शरीर खोलेर नीलडामसमेत देखाएकोमा जे भयो, अव पहिला औषधिउपचार गराउने त्यसपछि अंशसमेत लिन

चाहेमा पाउने अंशसमेत दिलाई दिने कुरामा सहमति भएकोमा त्यसरी औषधिउपचार गर्दा सम्पत्ति खर्च हुने र अंशसमेत दिनुपर्ने, चित्त नबुझाए बहुविवाहमा मुद्दा गरी दुःख दिन सक्ने हुनाले मारी झुण्ड्याउँदा अपराध पनि छिप्ने, अन्य केही गर्न नपर्ने कुरामा सहमति भै मिति २०६२।११।७ गते राति प्रतिवादी उदयकुमार बस्नेत निजकी कान्छी श्रीमती जमुना चौहान र अन्य नचिनेका तीनजना व्यक्तिसमेत मोटरसाइकलमा आई घर परिवारसमेतसँग सल्लाह गरी कुटपीट गरी बाँधी कर्तव्य गरी मारी झुण्ड्याएको कुरामा पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको हरिबहादुर कार्कीको कागज ।

मेरी दिदी मृतक शारदा बस्नेतलाई प्रतिवादी उदय बस्नेतसँग विवाह गरी दिई घरमै बस्दै आएकीमा माइतीबाट रङ्गीन टी.भी. र मोटरसाइकल नल्याएको भनी सासू र पति उदय कुमारले हेलाँहोचो गरी बारम्बार कुटपीट गर्ने गरेको, मानसिक यातना दिने, दिमाग बिग्रेको भनी के कुन इन्जेक्सन लगाउन् गरेको, कान्छी विवाह गर्न सहमति गर् भनी कोठामा थुन्ने गरेको भनी दिदीले दुःखेसो गर्ने गर्दथिन् । मिति २०६२।११।३ गते भिनाजु उदयकुमार बस्नेतले गाउँकै जमुना चौहानलाई कान्छी श्रीमती विवाह गरेको भनी गाउँमा हल्ला भएपछि मसमेत माइती पक्षबाट मिति २०६२।११।५ र ७ गते निजको घरमा गई समाज बसी छलफलसमेत गर्दा त्यसरी दिदीलाई यातना दिएको कुटपीट गरेको कुरा दिदीले समाजमा बताउनुको साथै शरीर खोलेर नीलडामसमेत देखाएकोमा जे भयो अब पहिला औषधि उपचार गराउने त्यसपछि अंश लिएर बस्न चाहेमा पाउने अंशसमेत दिलाई दिने कुरामा सहमति भएकोमा त्यसरी औषधिउपचार गर्दा सम्पत्ति खर्च हुने र अंशसमेत दिनुपर्ने, चित्त नबुझाए बहुविवाहमा मुद्दा गरी दुःख दिने, मारी झुण्ड्याउँदा अपराध पनि छिप्ने अन्य केही गर्न नपर्ने कुरामा सहमति भै मिति २०६२।११।७ गते राति प्रतिवादी उदयकुमार बस्नेत, कान्छी श्रीमती जमुना चौहान र अन्य नचिनेका तीनजना व्यक्तिसमेत मोटरसाइकलमा आई घरपरिवारसमेतसँग सल्लाह गरी कुटपीट गरी बाँधी कर्तव्य गरी मारी झुण्ड्याएको कुरामा पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको बुझिएकी कमला थापाको कागज ।

मेरी भतिजी छोरी मृतक शारदा बस्नेतलाई माइतबाट रङ्गीन टी.भी. ,मोटरसाइकल नल्याएको भनी सासू र पति उदयकुमारले हेलाँहोचो गरी बारम्बार कुटपीट गर्ने गरेको मानसिक यातना दिने दिमाग बिग्रेको भनी के कुन इन्जेक्सन लगाउने गरेको, कान्छी विवाह गर्न सहमति गर् भनी कोठामा थुन्ने गरेको भनी छोरीले दुखेसो गर्दै आएकीमा मिति २०६२।११।३ गते ज्वाइँ उदयकुमार बस्नेतले गाउँकै जमुना चौहानलाई कान्छी श्रीमती विवाह गरेको भनी गाउँमा हल्ला भएपछि मसमेत माइती पक्षबाट मिति २०६२।११।५ गते निजको घरमा आई समाज बसी छलफलसमेत गर्दा त्यसरी छोरीलाई यातना दिएको कुटपीट गरेको कुरा छोरीले समाजमा बताउनुको साथै शरीर खोलेर नीलडामसमेत देखाएकोमा जे भयो अब पहिला औषधिउपचार गराउने, त्यसपछि अंश लिएर बस्न चाहेमा पाउने अंशसमेत दिलाई दिने कुरामा सहमति भएकोमा त्यसरी औषधिउपचार गर्दा सम्पत्ति खर्च हुने र अंशसमेत दिनुपर्ने चित्त नबुझाए बहुविवाहमा मुद्दा गरी दुःख दिने, मारी झुण्ड्याउँदा अपराध पनि छिप्ने अन्य केही गर्न नपर्ने कुरामा सहमति भै मिति २०६२।११।७ गते राति प्रतिवादी उदयकुमार बस्नेत, निजकी कान्छी श्रीमती जमुना चौहान र अन्य नचिनेको तीनजना व्यक्तिसमेत मोटरसाइकलमा आई घर परिवारसमेतसँग सल्लाह गरी कुटपीट गरी बाँधी कर्तव्य गरी झुण्ड्याएको हुनुपर्छ भन्नेसमेत व्यहोराको बुझिएका पूर्णबहादुर कार्कीको कागज ।

मृतक शारदा बस्नेतलाई प्रतिवादी उदय बस्नेतसँग विवाह गरी ल्याएको केही समयपछि माइतीबाट रङ्गीन टी.भी.र मोटरसाइकल नल्याएको भनी सासू र पति उदयकुमारले हेलाँहोचो गरी बारम्बार कुटपीट गर्ने गरेको, मानसिक यातना दिने, दिमाग बिग्रेको भनी गाउँ घरमा भन्ने गरेको र उदयकुमारले कान्छी विवाह गर्न सहमति गर् भनी कोठामा थुन्ने गरेकोमा मिति २०६२।११।३ गते उदयकुमार बस्नेतले गाउँकै जमुना चौहानलाई कान्छी श्रीमती विवाह गरेको भनी समाज बसी छलफलसमेत गर्दा समाजमा अब जे भयो उदयले गल्ती गऱ्यो हामी पहिला औषधिउपचार गराउने त्यसपछि अंश लिएर बस्न चाहेमा अंशसमेत दिने कुरामा सहमति भएकोमा त्यसरी औषधिउपचार गर्दा सम्पत्ति खर्च हुने र अंशसमेत दिनुपर्ने, चित्त नबुझाए बहुविवाहमा मुद्दा गरी दुःख दिने हुँदा मारी झुण्ड्याउँदा अपराध पनि छिप्ने, अन्य केही गर्न नपर्ने कुरामा सहमति भै मिति २०६२।११।७ गते राति प्रतिवादी उदयकुमार बस्नेत, कान्छी श्रीमती जमुना चौहान र अन्य नचिनेका तीनजना व्यक्तिसमेत मोटरसाइकलमा आई घरपरिवारसमेतसँग सल्लाह गरी कुटपीट गरी बाँधी कर्तव्य गरी मारी झुण्ड्याएको हो भन्ने समेत व्यहोराको बुझिएका रत्नबहादुर बस्नेतको कागज ।

मृतक शारदा बस्नेतलाई प्रतिवादी उदय बस्नेतसँग विवाह गरी ल्याएको केही समयपछि माइतीबाट रङ्गीन टी.भी.र मोटरसाइकल नल्याएको भनी सासू र पति उदयकुमारले हेलाँहोचो गरी बारम्बार कुटपीट गर्ने गरेको, मानसिक यातना दिने, दिमाग बिग्रेको भनी गाउँ घरमा भन्ने गरेको र उदयकुमारले कान्छी विवाह गर्न सहमति गर भन्ने गरेको कुरा बुझेको हो । मिति २०६२।११।३ गते उदयकुमार बस्नेतले गाउँकै जमुना चौहानलाई कान्छी श्रीमती विवाह गरी लगेको थाहा भएकोले गाउँ समाज र माइती पक्षसमेत मिति २०६२।११।५ र ७ गते निजको घरमा आई समाज बसी छलफलसमेत गर्दा शारदा शिथिल जस्तो देखी समाजले के भयो भनी सोद्धा श्रीमान्समेतले यातना दिई कुटपीट गरिरहे भनी शरीरको नीलडामसमेत देखाएकी थिइन् । उदयले गल्ती गऱ्यो, पहिला औषधिउपचार गराउने त्यसपछि अंश लिएर बस्न चाहेमा अंशसमेत दिने कुरामा सहमति भएकोमा त्यसरी औषधिउपचार गर्दा सम्पत्ति खर्च हुने र अंशसमेत दिनुपर्ने चित्त नबुझाए बहुविवाहमा मुद्दा गरी दुःख दिने भएकोले मारी झुण्ड्याउँदा अपराध पनि छिप्ने, अन्य केही गर्न नपर्ने कुरामा सहमति भै मिति २०६२।११।७ गते राति प्रतिवादी उदयकुमार बस्नेत निजकी कान्छी श्रीमती जमुना चौहान र अन्य नचिनेका तीनजना व्यक्ति समेत मोटरसाइकलमा आई घर परिवार समेतसँग सल्लाह गरी शारदा सुतेको कोठामा गई बाँधी घाँटी कसी कुटपीट गरी कर्तव्य गरी मारी झुण्ड्याएका हुन् । घरमा काम गर्न बसेकी छम्मी मुर्मुसमेतलाई कसैलाई नभन्नु भनी त्यहाँबाट राति नै गएको भन्ने कुरा हाल आएर प्रष्ट बुझिएकाले उक्त अपराध निज प्रतिवादीहरूले गरेको भन्ने कुरामा पूर्ण विश्वास लाग्छ भन्नेसमेत बुझिएको वस्तुस्थिति मुचुल्काका पूर्णबहादुर बस्नेतसमेतको व्यहोरा ।

माथि उल्लिखित प्रतिवादीहरूको बयान, बुझिएका मानिसहरूको कागज र अन्य सबूद प्रमाणबाट समेत प्रतिवादीहरू मिली मृतक शारदा बस्नेतलाई मिति २०६२।११।७ गते राति डोरीले बाँधी कुटपीट गरी मारी अपराध लुकाउन झुण्ड्याएको कुरा प्रमाणित हुन आएकाले निज प्रतिवादीहरू बमबहादुर बस्नेत, भद्रकुमारी बस्नेत, कुमार भन्ने उदयकुमार बस्नेत, रमेश बस्नेत र जमुना चौहानलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा सोही ऐनको १३(३) नं बमोजिम र प्रतिवादी तारा बस्नेतलाई १७(३) नं. अनुसार सजाय गरिपाऊँ साथै फरार रहेका प्रतिवादी रमेश, जमुना र कुमार भन्ने उदयकुमार

बस्नेतको हकमा अदालतबाटै वारेण्ट जारी गरिपाऊँ भन्नेसमेत व्यहोराको अभियोग पत्र ।

मिति २०६२।११।८ गते बिहान मेरी श्रीमती भद्रकुमारीले नाति नातिनीले दिसा पिसाब गरेको कोपरा लिई वरण्डाबाट फ्याँक्न जाँदा अं. बिहान ५.३० बजेको समयतिर बुहारी शारदा बरण्डाको पूजा कोठामा आफैं झुण्डिएर मरेको देखी चिच्याएपछि म र माहिलो छोरा, बुहारी, नाति, नातिना सबै उठी शारदा भएको ठाउँमा गई हेर्दा मरसिकेकी रहिछन् । निजलाई मसमेत भई कुटपीट गरी मारी झुण्ड्याएको होइन । बुहारी शारदा र छोरा २०५६ सालको दशैंमा टीका लगाउन ससुराली गै टीका लगाई घर फर्कदां बाटामा बुहारीले अनौठो किसिमले गीत गाइछन् । छोराले निजको ससुरासमेतलाई लिएर बुहारीलाई उपचार गराउन सिलगुडी लगी उपचार गराई २०।२२ दिनसम्म औषधि खुवाउँदासमेत निको नभएकाले काठमाडौंमा लगी उपचार गराई औषधि खुवाई रहेको थियो । मिति २०६२।११।३ गते छोरो बोर्डिङ्गको परीक्षाको रिजल्ट ल्याउनु छ भनी घरबाट गएको त्यसपछि छोरा घरमा आएको थिएन । छोरा उदयले अर्की कान्छी श्रीमती ल्याएकोसमेत मलाई थाहा छैन । जाहेरवालाले किन म समेतले शारदालाई मारेको भनी जाहेरी दिए, निजसँग मेरो कुनै रिस इवी छैन । मसमेत भै शारदालाई मारेको होइन, निजको शरीरमा के कसरी चोटपटक लाग्यो सोसमेत मलाई थाहा भएन । प्रहरीमा भएको बयान मलाई प्रहरीले कुटपीट गरी तँ ज्यानमारा होस् भन्दै निजहरूले लेखेको कागजमा सहीछाप गराएका हुन् । मेरो स्वेच्छाले गरेको बयान होइन भन्नेसमेत व्यहोराको प्रतिवादी बमबहादुर बस्नेतले अदालतमा गरेको बयान ।

बुहारी शारदाले निजका नातिहरूलाई हेर्न नसक्ने निजलाई मानसिक रोग लागेको छ भनी डाक्टरले भनेको र औषधिउपचार गराई रहेको थियो । औषधि छोरा उदयले किनेर ल्याई दिने गरेको हो । मिति २०६२।११।७ गते साँझको खाना खाई हामी सबै आ-आफ्नो कोठामा सुत्न गएका हौं । शारदा पनि आफ्नो कोठामा सुन्न गइन् । नाति नातिनीहरू छोरा हुँदा छोरासँग सुत्ने र छोरा नभएको बेला मसँग सुत्ने गरेका थिए । छोरा मिति २०६२।११।३ गते बोर्डिङ्गको कामले गएको र घरमा नभएकाले नाति नातिना मसँगै सुतेका थिए । छोराले जमुना चौहानलाई अर्को विवाह गरी ल्याएको भन्ने कुरा मलाई थाहा छैन । छम्मी मुर्मु सतारलाई मैले चिनेको छैन, निज हाम्रो घरमा काम गर्न बसेकी केटी होइन । मेरो घरमा एकजना सतार केटालाई दुई वर्षअघिदेखि काम गर्न राखेको थियो । हामी उसलाई कान्छा भनेर बोलाउने गर्दथ्यौं । मैले बुहारी शारदालाई कुटपीट गर्ने, हेलाँहोचो गर्ने गरेको थिएन । मिति २०६२।११।८ गते बिहान बुहारी शारदा झुण्डिएको अवस्थामा मैले देखी हल्ला गरी सबैलाई खबर गरेको हो । अन्य कुरा मलाई थाहा छैन । प्रहरीमा कागज गर्ने व्यक्तिहरूले किन मसमेत भै बुहारी शारदाको कर्तव्य गरी मारी झुण्ड्याएको भनी लेखाए, मलाई थाहा भएन । निजहरूसँग मेरो केही रिसइवी छैन । मसमेत भई शारदालाई कर्तव्य गरी मारी झुण्ड्याएको होइन, अभियोग माग दावी झूठा हो । मैले कुनै अपराध कसूर गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी भद्रकुमारी बस्नेतले अदालतमा गरेको बयान ।

मिति २०६२।११।६ गते हाम्रो घरमा स्वस्थानीको पूजा भएकाले राति जाग्राम बसेको थिएँ । २०६२।११।७ गते दिउँसो जेठानी दिदीका माइती पक्ष आई जेठाजुले अर्की गाउँकै जमुना भन्ने केटीलाई विवाह गरेर लगेछन् भन्ने कुरा गरेकाले मैले थाहा पाएको हो । शारदा दिदीको औषधिउपचार गर्ने बारेमा निजका माइती र गाउँ समाजसमेत बसी छलफल गरी गएपछि हामी बेलुकाको खाना चाँडै खाई बेलैमा हामी घरपरिवार सुतेका थियौं । जेठाजु उदयकुमार वोर्डिङ्गको कामको सिलसिलामा मिति २०६२।११।३

गते नै घरबाट जानु भएको र घरमा आउनु भएको थिएन । जेठाजु र जेठानीको बीचमा मैले देख्दा राम्रै थियो । कहिलेकाँही औषधि खान नमान्दा पाटपीट गर्नुहुन्थ्यो । मिति २०६२।११।८ गते बिहान आमाले चिच्याएको आवाज सुनी हेर्न जाँदा जेठानी दिदी पूजाकोठामा झुण्डिएको अवस्थामा देखेकी हुँ । मसमेत भै निज जेठानी दिदीलाई कर्तव्य गरी मारी झुण्ड्याएको होइन । प्रहरीमा सासू ससुराले के के भनी बयान लेखाए मलाई थाहा भएन । अधिकारप्राप्त अधिकारीसमक्ष भएको मेरो बयान राजिखुशीले गरेको होइन । मलाई कुटपीट गरी लेखिराखेको बयान कागजमा मलाई पढ्नसमेत नदिई सहिछाप गराएको हो, म निर्दोष छु । मेरा पति शारदा मरेको दिनदेखि कहाँ गए मलाई थाहा छैन । मृतकको शरीरमा चोटपटक कसरी लाग्यो सोसमेत मलाई थाहा भएन । मैले जेठानी दिदीलाई कुटपीट गरेको र कुटेको हेरेकोसमेत नहुँदा अभियोग दावीबाट सफाई पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी तारा बस्नेतले अदालतमा गरेको बयान ।

वादी पक्षका साक्षी जाहेरवाला गंगाबहादुर बस्नेत, घटना विवरण कागज गर्ने छम्मी मुर्मु सतार, रत्नबहादुर बस्नेत, कमला थापा, पूर्णबहादुर कार्की, हरिबहादुर कार्की, लासजाँच मुचुल्काका चन्द्रबहादुर खड्का, रामचन्द्र बस्नेत, वलजीत राई, रामकृष्ण काफ्ले वस्तुस्थिति मुचुल्काका खगेन्द्र वुढाथोकी, तेजबहादुर लिम्बू, निलम कार्की, लक्ष्मीप्रसाद लामिछाने, पूर्णबहादुर बस्नेत, डा. इन्द्रनारायण मल्लिक, पिताम्बर ठाकुर तथा प्रतिवादीका साक्षी काजीमान राई, पूर्णबहादुर बस्नेत, भीमबहादुर वुढाथोकी, देवराज बस्नेत, दिलीपकुमार वोहोरा र गजेन्द्र वुढाथोकीसमेतले गरेको बकपत्र मिसिल सामेल रहेको छ ।

यसमा प्रतिवादीमध्येका कुमार भन्ने उदयकुमार बस्नेत, रमेश बस्नेत र जमुना चौहान फरार रहेकाले निजहरूका हकमा अ.बं.१९० नं. अनुसार मुद्दा मुलतवी रहने, प्रतिवादी बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतले मृतकलाई मार्ने कुराको मतसल्लाहमा पसेको र वारदातस्थल मृतकको कोठामा सम्म गएको अवस्था पुष्टि भएकोले १३(३) नं को दावी नपुगी ज्यानसम्बन्धी महलको १७(३) नं बमोजिम जनही डेढ वर्ष कैद हुने एवं अर्का प्रतिवादी तारा बस्नेत मृतकलाई मार्ने मतसल्लाहमा पसेकोसमेत प्रमाणबाट पुष्टि नभएकाले अभियोग दावीबाट सफाई पाउने ठहर्छ भन्ने शुरू झापा जिल्ला अदालतबाट भएको मिति २०६४।३।३१ को फैसला ।

प्रतिवादी बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतले मृतकलाई मार्दाका अवस्थामा मृतकको शरीरमा हात हाली पक्रेको देखिएको, निजहरू अनुसन्धानको क्रममा बयानमा साबित रहेको, घटनाका प्रत्यक्षदर्शी छम्मी मुर्मु सतारले मृतकलाई हजुरबा, हजुर आमाले कुटपीट गरी गहुँबारीमा लगे, गोवर ग्याँसमा हाल्न खोजे, पूजाकोठामा लगी झुण्ड्याए भनी स्पष्ट किटान गरी बकपत्र गरेको, तारा बस्नेतले मौकामा बयान गर्दा आफ्नो लोग्ने तथा देवरसमेतले सासू ससुरासँग जेठानी शारदालाई मार्ने सल्लाह गरी कुटपीट गरी मारी झुण्ड्याएको भनी लेखाई दिएको, पोष्टमार्टम तथा लास जाँच मुचुल्काबाट मृतकको मृत्यु कर्तव्यबाट भएको भनी स्पष्ट भएको, घटनापश्चात् प्रतिवादी उदयकुमार, जमुना र रमेश बस्नेत फरार रहेकोले घटनामा प्रतिवादीहरूको संलग्नता देखिई रहेको अवस्थामा ज्यानसम्बन्धीको १३(३) नं अनुसार सजाय गर्नुपर्नेमा १७(३) नं अनुसार गरिएको सजाय त्रुटिपूर्ण रहेको र अर्का प्रतिवादी तारा बस्नेत घरको जिम्मेवार सदस्य भएकोमा जेठानीलाई कुटपीट हुँदा गुहार नगरी घटना रोक्न प्रयास नगरी घटनाको मतसल्लाहमा रहेको देखिएकोमा निजलाई ज्यानसम्बन्धीको १७(३) नं अनुसार सजाय हुनुपर्नेमा अभियोग दावीबाट सफाई दिने गरी भएको शुरू अदालतको फैसला त्रुटिपूर्ण हुँदा सो बदर गरी प्रतिवादी बमबहादुर र भद्रकुमारीलाई ज्यानसम्बन्धी महलको १३(३) नं र अर्का प्रतिवादी

तारा बस्नेतलाई १७(३) नं अनुसार सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत, इलाममा दायर भएको पुनरावेदन पत्र ।

हामीले प्रहरीमा भएको कागजातमा कुटपीट, ज्यादती र स्वेच्छाविपरीत यातना दिई जवर्जस्ती कागजातमा सही गर्नु परेको, मृतकको मृत्यु आत्महत्याबाट भएको जिकीर लिएकोमा सोतर्फ ध्यान नदिइएको, वादीको साक्षीले पनि आत्महत्या भनी बकपत्र गरी दिएको, मृतकको मृत्युको कारण स्पष्ट नभएर भीषेरा परीक्षण गर्ने भनिएको, सो परीक्षणमा स्तनधारीका लागि घातक मानिएको अल्मुनियम फास्फाइट पाइएको भन्ने देखिएको र तर अभियोगमा विष खुवाइएको भन्ने नभएको, प्रत्यक्षदर्शी भनिएकी छम्मी मुर्मु सतारले बकपत्र गर्दा सोधिएका प्रश्नको जवाफ दिन नसकेको, मृतक मानसिक रोगीसमेत हुँदाहुँदै हामीलाई शुरू अदालतले ज्यानसम्बन्धी महलको १७(३) नं बमोजिम गरेको सजाय त्रुटिपूर्ण हुँदा सो बदर गरी अभियोग दावीबाट सफाई पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरूका तर्फबाट पुनरावेदन अदालत, इलाममा परेको पुनरावेदन पत्र ।

यसमा शुरू झापा जिल्ला अदालतबाट फैसला हुँदाको अवस्थामा मिसिल संलग्न प्रमाणहरूको समुचित मूल्याङ्कन नगरी मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं को दावी भएकोमा १७(३) नं अनुसार र १७(३) नं अनुसारको दावी भएकोलाई सफाई दिने गरी फैसला भएको र प्रतिवादीहरू भद्रकुमारी र बमबहादुरको समेत पुनरावेदन परी दोहोरो पुनरावेदन परेको सन्दर्भसमेतलाई विचार गर्दा शुरूको फैसला फरक पर्न सक्ने भै विचारणीय देखिँदा मुलुकी ऐन, अ.बं.२०२ नं तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ अनुसार छलफलमा प्रत्यर्थी झिकाई नियमबमोजिम पेश गर्नु भन्ने पुनरावेदन अदालत, इलामको मिति २०६४।९।२५ को आदेश ।

यसमा पुनरावेदकद्वय प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतलाई ज्यान सम्बन्धीको १७(३) नं बमोजिम जनही कैद वर्ष १½ (डेढ वर्ष ) हुने र प्रतिवादी तारा बस्नेतले अभियोग दावीबाट सफाई पाउने ठहराई भएको शुरू झापा जिल्ला अदालतबाट भएको मिति २०६४।३।३१ को फैसला मुनासिबै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार र प्रतिवादीसमेत दुवै पक्षको पुनरावेदन जिकीर पुग्न सक्तैन भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, इलामको मिति २०६५।८।२९ को फैसला ।

हामीहरूले बुहारी शारदा बस्नेतलाई कर्तव्य गरी मार्नुपर्ने कारण एवं पूर्व रिसइवी समेत छैन । हाम्रो अपराध गर्ने कुनै मनसाय र आपराधिक कार्य पनि छैन । मिति २०६२।११।७ गते राति सबै सुतेको समयमा निज बुहारी आफैँ झुण्डिएर आत्महत्या गरी मरेको तथ्यलाई मूल्याङ्कन नै नगरी ज्यानमारा जस्तो जघन्य एवं गम्भीर कसूरमा मतियारको कसूरदार कायम गरी ज्यान मार्नेको १७(३) नं. बमोजिम हामीहरूलाई जनही १½ (डेढ वर्ष ) कैद सजाय गर्ने गरी शुरू अदालतको फैसलालाई नै सदर कायम हुने गरी पुनरावेदन अदालत इलामबाट भएको २०६५।८।२९ को फैसला ज्यानसम्बन्धीको १७(३) र प्रमाण ऐन, २०३१ को दफा २५ र ५४ मा उल्लिखित कानूनी एवं यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतले गम्भीर त्रुटि भई बदरभागी भएकोले मुद्दा दोहोर्‍याई हेरी हामीहरूलाई निर्दोष कायम गरिपाऊँ भन्ने समेत व्यहोराको प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतले संयुक्त रूपमा यस अदालतमा दिएको निवेदन ।

प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेत अधिकारप्राप्त अधिकारीसमक्ष कसूरमा साबित रहेका छन् । घटनाको प्रत्यक्षदर्शी छम्मी मुर्मु सतारले झुट्टा बकपत्र गर्नुपर्ने कारणसमेत केही देखिएको छैन । मृतकको शरीरमा कुटपीटका घाचोटहरू पनि रहे भएको तथ्यमा

विवाद छैन । शारदा बस्नेतलाई मार्ने कार्यमा प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतसमेत प्रत्यक्ष संलग्न रहेको र ज्यानसम्बन्धीको १३(३) नं. को अभियोग माग दावी भएकोमा १७ (३) बमोजिम मतियारमा सजाय गर्ने गरी शुरू अदालतको फैसलालाई सदर कायम गर्ने गरेको पुनरावेदन अदालत, इलामको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ एवं ज्यानसम्बन्धी महलको १३(३) नं. को गम्भीर त्रुटि विद्यमान छ । साथै घटनाको प्रत्यक्षदर्शी छम्मी मुर्मु सतारले तारा बस्नेतको कोठामा तारा बस्नेत र आफूसमेत भई घटना हेरिरहेको भनी मौकामा अधिकारप्राप्त अधिकारी एवं अदालतमा समेत बकपत्र गरेको अवस्थामा तारा बस्नेतलाई ज्यानसम्बन्धी महलको १७(३)नं.को अभियोग मागदावी लिइएकोमा निज तारा बस्नेतलाई सफाई दिने गरी शुरू अदालतबाट भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत इलामबाट भएको फैसला गम्भीर कानूनी त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरूलाई अभियोग माग दावीबमोजिम सजाय गरिपाऊँ भन्ने समेत वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा मुद्दा दोहोर्‍याई पाऊँ भनी परेको निवेदन ।

यसमा जाहेरवालाको किटानी जाहेरी, प्रतिवादी बमबहादुर बस्नेत तथा भद्रकुमारीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयान, मौकामा वारदातस्थलमा उपस्थित छम्मी मुर्मु सतारले मौकामा गरेको कागज तथा अदालतमा भएको बकपत्रमा यी बमबहादुर तथा भद्रकुमारीको वारदातमा प्रत्यक्ष संलग्नता रहेको, तारा बस्नेतको कोठामा तारा बस्नेत र आफूसमेत बसी घटना हेरिरहेको भनी गरेको बकपत्र, अभियुक्त तारा बस्नेतको अदालतसमक्ष गरेको बकपत्रबाट छम्मी मुर्मु सतार वारदात हुँदाको समयमा वारदात भएको घरमा उपस्थित रहेको भन्नेमा शंका नभएको, अदालतमा उपस्थित भै बकपत्र गर्ने डाक्टर मल्लिकलगायतका विशेषज्ञले मृत्युको कारण अधिक रक्तश्रावबाट भएको भनी बकपत्र गरेकोबाट समेत प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतउपर ज्यानसम्बन्धी महलको १३(३) नं. को सजायको अभियोग मागदावी भएकोमा ऐ १७(३) नं. को सजाय भएको र प्रतिवादी तारा बस्नेतलाई ऐ. १७(३) नं. बमोजिम सजायको मागदावी भएकोमा अभियोगबाट सफाई दिएको शुरू झापा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३, ५४ मुलुकी ऐन अ.बं. १८४(क) नं. समेतका प्रमाण मूल्याङ्कनका त्रुटि भै फरक पर्नसक्ने र निवेदक प्रतिवादी बमबहादुर बस्नेत समेतले पेश गरेको निवेदनको हकमा प्रतिवादीहरू बमबहादुर बस्नेत, भद्रकुमारी बस्नेत, कुमार भन्ने उदयकुमार बस्नेत, रमेश बस्नेत, जमुना बस्नेतउपर मृतक शारदा बस्नेतलाई कर्तव्य गरी मारेको अभियोगमा ज्यानसम्बन्धी महलको १३(३) नं. को सजाय र प्रतिवादी तारा बस्नेतलाई ऐ. महलको १७(३) नं. बमोजिमको सजायको माग दावी भएकोमा उक्त १३(३) नं. बमोजिमको सजाय स्थापित नभई निवेदक प्रतिवादीहरू उपर ऐ.को १७(३) नं. बमोजिमको सजाय गरेको शुरू जिल्ला अदालत, इलामको फैसलामा उक्त १३(३) नं. र १७(३) नं. को कानूनको व्याख्यात्मक त्रुटि भै फरक पर्ने देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) (क) बमोजिम मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिदिएको छ । अन्य विपक्षीहरूलाई झिकाई नियमानुसार पेश गर्नु भन्ने यस अदालतबाट भएको मिति २०६७।६।१ गतेको आदेश ।

नियमबमोजिम पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू बमबहादुर बस्नेत, भद्रकुमारी बस्नेत र तारा बस्नेतसमेतको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरू श्री डा. रंजितभक्त प्रधानाङ्ग, श्री कृष्णप्रसाद सापकोटा, श्री लवप्रसाद मैनाली र विद्वान अधिवक्ता श्री निर्मला शाक्यले मृतक शारदा बस्नेतको मृत्यु कर्तव्यबाट नभई आत्महत्याबाट भएको हो । शव परीक्षण

प्रतिवेदनबाट मृत्युको कारण अत्यधिक रक्तश्राव भएर भएको भनिए तापनि भीषेरा जाँच गराउँदा, "Aluminium phosphicide ( Poison)" भेटिएको छ । शव परीक्षण गर्ने डाक्टरले अदालतमा आई गरेको बकपत्रमा मृत्युको कारण भन्न सक्तिन भनी भनेबाट विशेषज्ञको रायलाई प्रमाणमा लिन मिल्ने देखिँदैन । यसरी मृत्युको कारण नै शंकास्पद देखिएको अवस्थामा फौजदारी न्यायको मूल सिद्धान्त शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने भएबाट प्रतिवादीहरूले अभियोग दावीबाट सफाई पाउनुपर्छ । मृतक शारदा बस्नेत मर्नुभन्दा अगाडि मानसिक रोगी भएकोले उपचारसमेत गरेको अवस्था हुँदा मृतक आफैँले झुण्डी आत्महत्या गरेकी हुन् । प्रस्तुत घटनामा प्रत्यक्षदर्शी भनिएकी नाबालिका छम्मी मुर्मु सातारले अदालतबाट घटनाको सम्बन्धमा सोधिएका सबै प्रश्नहरूको युक्तियुक्त जवाफ दिन सकेको अवस्था छैन । त्यसैले निजको भनाईलाई प्रमाणमा लिन मिल्दैन । साथै, छम्मी मुर्मु सातारले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज र अदालतमा आई गरेको बकपत्र एकआपसमा बाझिएको अवस्था छ । त्यसै गरी प्रतिवादी तारा बस्नेतले मुख्य अभियुक्तसँग मिलेमतो गरी मृतकलाई कर्तव्य गरी मार्नमा सहयोग पुऱ्याएको भन्ने तथ्य वादी पक्षले स्थापित गर्न सकेको देखिँदैन । यस्तो स्थितिमा प्रतिवादीहरूले अभियोग माग दावीबाट सफाई पाउनुपर्छ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री भरतलाल शर्मा र जाहेरवालाको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री चन्द्रप्रसाद काफ्लेले घटनाको प्रत्यक्षदर्शी छम्मी मुर्मु सतारले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागजमा प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतसमेतले मृतक शारदा बस्नेतको कोठामा गई कुटपीट गरेको भनी बकपत्र गरेकी छन् । छम्मी मुर्मु सतारले अदालतले सोधेको प्रश्नको युक्तियुक्त जवाफ दिएको हुँदा निजको बयानलाई प्रमाणमा लिनुपर्दछ । प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा साबिती बयान गरेका छन् । निजहरूले अदालतमा आई बयान गर्दा इन्कारी बयान गरेतापनि मौकामा भएको बयानलाई अन्यथा भन्न सकेको अवस्था छैन । यसरी प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतले मृतक शारदा बस्नेतलाई कर्तव्य गरी मार्नमा प्रत्यक्ष संलग्नता रहेको अवस्थामा ज्यानसम्बन्धी महलको १७(३) नं बमोजिम जनही डेढ वर्ष कैदको सजाय गर्ने गरी शुरू अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, इलामबाट भएको फैसला त्रुटिपूर्ण छ । त्यसै गरी प्रतिवादी तारा बस्नेतले आफ्नी जेठानी शारदा बस्नेतलाई प्रतिवादीहरूबाट कुटपीट गरेको अवस्थामा हारगुहार गरी बचाउन प्रयास गरेको देखिँदैन भने आफ्नै घरमा भएको घटनाको सम्बन्धमा जाहेरीसमेत नदिएको अवस्थामा निज पनि परिवारका अन्य सदस्यहरूसँग मिली शारदालाई कर्तव्य गरी मार्ने कार्यमा मतसल्लाहमा पसेको देखिन्छ । अतः प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतलाई ज्यानसम्बन्धी महलको १३(३) नं बमोजिम र प्रतिवादी तारा बस्नेतलाई ज्यान सम्बन्धी महलको १७(३) नं बमोजिम मतियारमा सजाय गरियोस् भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नु भयो ।

उल्लिखित विद्वान कानून व्यवसायीहरूले गर्नु भएको बहस सुनी मिसिल संलग्न सम्पूर्ण कागजातहरूको अध्ययन गरी हेर्दा पुनरावेदन अदालत, इलामको फैसला मिलेको छ छैन र वादी नेपाल सरकार एवं प्रतिवादीहरूको तर्फबाट परेको पुनरावेदन जिकीर पुग्न सक्छ सक्तैन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरूले २०६२।११।७ गते राति शारदा बस्नेतलाई कुटपीट गरी कर्तव्य गरी मारी घरकै पूजाकोठामा लगी

झुण्ड्याएकाले प्रतिवादीहरू बमबहादुर बस्नेत, भद्रकुमारी बस्नेत, कुमार भन्ने उदयकुमार बस्नेत, रमेश बस्नेत र जमुना चौहानलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं को कसूरमा सोही ऐनको १३(३) नं बमोजिम र प्रतिवादी तारा बस्नेतलाई उक्त घटना आफ्नो कोठामा बसी हेरिरहेको र हार गुहारसमेत नगरी बसेकाले निजलाई ऐ.ऐनको १७(३) नं अनुसार सजाय गरिपाऊँ भन्ने अभियोग माग दावी रहेको देखिन्छ ।

३. प्रतिवादीहरूमध्येका कुमार भन्ने उदयकुमार बस्नेत, रमेश बस्नेत र जमुना चौहान फरार रहेकोले निजहरूका हकमा अ.बं.१९० नं बमोजिम मुलतवीमा रहेको हुदा निज प्रतिवादीहरूको सम्बन्धमा प्रस्तुत मुद्दामा केही बोलिरहनु परेन । प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतलाई ज्यानसम्बन्धी महलको १७(३) नं बमोजिम जनही १ वर्ष ६ महिना कैद र प्रतिवादी तारा बस्नेतलाई अभियोग माग दावीबाट सफाई पाउने ठहऱ्याई शुरू झापा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत, इलामबाट २०६५।८।२९ मा भएको फैसलाउपर प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेत एवं वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा मुद्दा दोहोऱ्याई पाऊँ भनी परेको निवेदनमा यस अदालतबाट मिति २०६७।६।१ मा निस्सा प्रदान भै प्रस्तुत मुद्दा पुनरावेदनको रोहमा पेश हुन आएको पाइन्छ ।

४. सर्वप्रथम, मृतक शारदाको मृत्यु हत्या वा आत्महत्या के हो भन्ने निर्क्योल हुन आवश्यक छ । हत्या वा आत्महत्या के हो भन्ने प्रयोजनका लागि सर्वप्रथम मिसिल संलग्न घटनास्थल लास जाँच मुचुल्का हेर्दा मृतक शारदा बस्नेतको दुवै खुट्टाको घुँडामुनि डोरीले बाँधे जस्तो ५ फीट लम्बाई १ इञ्च गहिरो डाम भएको, बायाँ गालामा नीलडाम भएको, दायाँ खुट्टाको जोर्नी र नाइटोमुनि नीलडाम भएको, योनीबाट रगत निस्किएको, घाँटीमा डोरीको डाम वरिपरि भएको, सो डाम अढाई इञ्च जति भित्र गाडिएको र सो डाम कालो भन्ने उल्लेख भएको छ । शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण चोट पटकले अत्यधिक रक्तश्राव भएर "Shock" को कारणले मृत्यु भएको भन्ने देखिएको छ । लासको प्रकृति चित्रण गर्ने तेस्रो प्रमाणका रूपमा वादी पक्षबाट लासका फोटोहरू प्रस्तुत गरिएको छ । झुण्डिएको लासको घाँटीमा रहेको कपडाको सलको गाँठोको फुर्का माथितिर रहेको, लासले भूईं छोएको, लासको बगलमा काठको टेबुल रहेको र दुवै खुट्टाको घुँडा मुनि गोलाकार डाम देखिन्छ । यसै गरी भूईंमा सुताइएको लासको दुवै पैतालाको पूरै भागमा माटो लागेको दाग पनि प्रष्टै देखिएको छ । मृतक सुत्ने कोठाको दक्षिणतर्फ डण्डीयुक्त झ्याल रही एउटा डण्डी उप्काइएको र सो भूईंमा रहेको एवम् झ्यालको एउटा सेप्टीमा सल झुण्डिएको मुचुल्काको तथ्य पनि विचारणीय छ । यी निर्विवाद वस्तुस्थितिको चित्रण र प्रत्यक्षदर्शी साक्षी एवम् प्रतिवादीहरूकै अधिकारप्राप्त अधिकारीसमक्ष व्यक्त गरेका कुटपीट गरी शारदाको हत्यापछि वरण्डामा निकालेको, गहुँबारीमा लगेको, फेरि भित्र लगी झ्यालको सेप्टीमा कपडाले सल बाँधी एउटा सेफ्टी उप्काई लास झार्न खोजेको, लास नछिरेपछि पूजा कोठामा लगी झुण्ड्याएको भन्ने कथनहरूले एकअर्कालाई पुष्टि गरिरहेबाट वारदातलाई आत्महत्या हो भन्ने देखाउँदैनन् ।

५. अपराधका सम्बन्धमा खडा भएका मुचुल्काहरूमा प्रामाणिक शक्ति हुन्छ । तिनमा व्यक्त तथ्यले अपराधको वस्तुस्थिति बताउँछन् । व्यक्तिले झूठो बोल्न सक्दछ तर वस्तुस्थितियुक्त तथ्यले कहिल्यै झूठो बोल्दैन । मुचुल्काले मृतक सुत्ने कोठाको झ्यालको एउटा डण्डीमा सल झुण्डिएको र अर्को डण्डी उप्किएको देखिनु र प्रत्यक्षदर्शीले मृतकलाई हत्यापछि लास सोही झ्यालबाट झार्न खोजिएको तर असफल भएको तथ्यका बीच समन्वय देखिन्छ । यसैगरी प्रत्यक्षदर्शीले पहिले नै मारी शारदाको लासलाई

पहिले बारीमा लगिएको त्यसपछि पूजा कोठामा ल्याई झुण्ड्याइएको भनिनु र झुण्डिएको लाससहित खिचिएको पूजा कोठाको फोटो हेर्दा लास वरिपरिका सबै सरसामान यथास्थिति देखिनुका बीच सामाञ्जस्यता देखिन्छ । यसैगरी मृत लासको पाइतालाका पूरै भागमा हिलो माटो लागेको देखिनु र प्रत्यक्षदर्शीबाट लासलाई पहिले बारीमा लगिएको भनिनुका बीच पनि त्यत्तिकै समन्वय देखिन्छ । यसरी लासको र फोटो मुचुल्काबाट स्वयम् प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षका कथन पुष्टि भइरहेको छ । यी वादी पक्षबाट प्रस्तुत मुचुल्का तथा फोटोहरू सहितका लिखत प्रमाणलाई प्रतिवादीहरूले इन्कार गर्न सकेको पाइँदैन । मुचुल्कालाई पनि असत्य मानिएको छैन ।

६. फोटो, भिडियो, अडियो, सीडी आदि डिजिटल सामग्री लिखत हुन् । यिनको प्रामाणिक मूल्यलाई अस्वीकार गर्नु न्यायसङ्गत हुँदैन । तथ्यका प्रत्येक गवाह प्रमाण हुन् । मुद्दाका कुनै पक्षबाट फोटो, भिडियो, अडियो, सीडी आदि डिजिटल प्रति प्रमाणका रूपमा प्रस्तुत हुन्छन् र अर्को पक्षबाट तिनमा इन्कारी जनाइदैन भने लिखित प्रमाणका रूपमा यी ग्राह्य हुन्छन् । यस्ता प्रमाणका विषयमा विवाद उठेमा तिनको सत्यता परीक्षणको विषय बन्दछ । अन्यथा लिखत प्रमाणका आधुनिक स्वरूपलाई सतर्कता साथ ग्रहण गर्दै जानुपर्ने हुन्छ । प्रस्तुत विवादमा पेश फोटोहरू प्रमाण भएबाट यिनको समुचित मूल्याङ्कन हुनुपर्ने स्थिति छ ।

७. आत्महत्या मृतक स्वयम्ले गर्ने निर्णय हो, जसमा ऊ एक्लो निर्णयकर्ता र कार्यान्वयनकर्ता हुन्छ । बिना कुनै कारण कसैले आत्महत्या गर्ने निर्णय गर्दैन । मृतकले आत्महत्या गर्नुपर्ने कारण के थियो कतैबाट खुल्दैन । छोरा छोरीकी आमासमेत रहेकी यी मृतकलाई भइरहेको घरेलु हिंसाका सन्दर्भमा वारदातकै दिनसमेत माइती र घर पक्षको छलफल भएको र गाउँ समाज जुटेको विषयमा विवाद छैन । मृतक उपचाररत् मानसिक रोगी रहेको भन्ने प्रतिवादीहरूको अदालतसमक्ष प्रतिवाद कथन रहे पनि निजमा यो रोग रहेको र आत्महत्या गर्न प्रेरित गर्नेसम्मको अवस्थामा रहेको प्रमाणबाट पुष्टि हुँदैन । मिसिल संलग्न सो वारदातको दिन सँगै सुत्ने व्यक्तिसमेतका कथनबाट यो सम्भावना देखिँदैन । एउटा जीवनप्रति जीजिविषा राख्ने युवतीले सहजै आत्महत्या गर्ने निर्णय लिन कुनै अपरिहार्य कारण हुनैपर्छ । आत्महत्या गर्न मानिसले तत्काल पनि निर्णय लिन सक्दछ । आत्महत्या गर्न एक्कासी मन परिवर्तन भई अठोट गरिन पनि सक्दछ । तर यसका पछाडि भरपर्दो कारण भने हुनैपर्दछ । त्यस्तो के कारण पर्‍यो वा मृतकको एक्कासी मन परिवर्तन भयो मिसिलबाट केही देखिँदैन । यस्ता कारणका बारेमा प्रतिवादीहरूले पनि केही देखाउन लेखाउन सकेको पाइँदैन ।

८. आत्महत्या गर्ने व्यक्तिले आफ्नो निर्णय बिनाव्यवधान कार्यान्वयन होस् र त्यसमा आफूलाई सफलता मिलोस् भन्ने ध्येय राखेको हुन्छ । यसकारण उसले आफ्नो निर्णय कार्यान्वयन गर्न भरपर्दो र सुरक्षित स्थानको चयन गर्दछ । सबै परिवार सदस्यहरू रहने सानो अंग्रेजी अक्षरको एल आकारको घरको पूजाकोठा त्यस्तो उपयुक्त स्थान हुन सक्तैन । वारदातको दिन मृतकसँग सोही कोठामा सुत्ने मुर्मु सतारसमेतले अदालतमा समेत व्यक्त गरेको राति प्रतिवादीहरू सो कोठामा आएका र मृतकलाई खाटबाट खसाली कुटपीट गरेका समेतका तथ्यले वारदातलाई आत्महत्या मान्न दिँदैन । उल्लिखित आधारसमेतबाट शारदा बस्नेतको मृत्युको कारण आत्महत्याबाट भएको नभई कर्तव्यबाट भएको भन्ने देखिन आउँछ ।

९. अब प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतको हकमा विचार गर्दा प्रतिवादी बमबहादुर बस्नेतले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा २०६२।११।३ गते छोरा उदयले गाउँकै जमुना चौहानलाई कान्छी श्रीमती विवाह गरी हिंडेपछि गाउँमा हल्ला भयो । बुहारीका माइती पक्षले समेत थाहा पाई २०६२।११।५ र ७ गते समाज बसी छलफल हुँदा माइती पक्षले

धेरै दबाब दिई मेरो इज्जत प्रतिष्ठामा धक्का पुऱ्याएकोले र शारदाको औषधिउपचार गर्ने र अंश दिने सहमति भए पनि बुहारीले छोरालाई बहुविवाहको मुद्दाबाट कसरी छुट्कारा दिलाउने भनी सोची रहेकोमा २०६२।११।७ गते राति करीब १०.३० बजेतिर दुईवटा मोटरसाइकलमा छोरा कुमार बस्नेत, निजको कान्छी श्रीमती जमुना चौहान र अन्य नचिनेका तीनजना केटाहरू घरको वरण्डामा रहेको मेरो कोठामा आए। माहिलो छोरा रमेश पनि उठेर त्यहीँ आए। जेठो छोरा उदयले शारदालाई खतम नपारी दु:ख पाइने भयो, यसलाई आज मारी दिनुपर्छ। मारेर झुण्ड्याएपछि भोलि बिहान झुण्डिएर मरिछ भनी गाउँमा भन्नुपर्छ भनी सल्लाह भयो भन्नुभएको छ।

१०. सोही घटनाक्रमलाई वर्णन गर्ने क्रममा उहाँले भन्नु त्यसपछि बुहारी शारदालाई मार्नको लागि छोरा उदयले निजको ढोकामा गई शारदालाई बोलायो। श्रीमान् आयो भनी निजले भित्रबाट ढोका खोलिन्, निजको कान्छी श्रीमती तथा अन्य नचिनेका केटाहरू पनि गए। माहिलो छोरा रमेशसमेत भै बुहारी शारदालाई कुटपीट गर्न थालेपछि चूपचाप गर भन्दै म र मेरो श्रीमती भद्रकुमारीसमेत भै सोही कोठामा सुतेकी काम गर्ने केटी छम्मी मुर्मु सतारलाई बुहारी ताराको कोठामा जा भनी पठाई बुहारी शारदालाई बाँधी कुटपीट गरी मारेपछि मकैबारीमा लगेर फाल्नुपर्छ भन्दै बोकेर बाहिर निकाल्दा होइन कोठामै झुण्ड्याउनु पर्छ भनी फेरि भित्र लगी झ्यालको सेप्टीमा सल कपडा बाँधी घाँटीमा कसी झ्यालको सेप्टी उक्काई छिराउन खोज्दा बाहिर नछिरेकोले सबैले बोकी बाहिर निकाली पूजाकोठामा लगी झुण्ड्याएको हो भनेको पाइन्छ।

११. यसै क्रममा उहाँको थप कथन छ झुण्ड्याएपछि उदयले नै मृतकको शरीरमा चोटपटक देखिन्छ भनी स्वीटर लगाई दिए मुख धोई रगत पखाली दिएपछि सबैजना मृतक मरेकै कोठामा जम्मा भई काम गर्ने केटी छम्मी मुर्मुलाई बोलाई यो कुरा कसैलाई नभन्नु, बिहान झुण्डिएर मरिछ भनी हल्ला गर्नुपर्छ भनी सल्लाह मिलाएको हो। उदयले नै रमेशलाई तेरो श्रीमती तारालाई समेत हल्ला नगर्न भन भनी निजहरू त्यहाँबाट गएका हुन्। माहिलो छोरो रमेश आफ्नै कोठामा सुत्न गए। म पनि आफ्नै कोठामा गै सुतेँ। मेरो श्रीमतीले मृतकका दुईवटा बच्चालाई निद्रामै बोकेर ल्याई बुहारीलाई मारेको कोठामा काम गर्ने केटीसमेत त्यहीँ सुतेका हुन्। भोलिपल्ट बिहान मेरी श्रीमती भद्रकुमारी बस्नेतले बुहारी पूजाकोठामा झुण्डिएर मरिछन् भनी हल्ला गरेकी हुन्। उक्त अपराध आफूलगायत श्रीमती भद्रकुमारी बस्नेत, छोरा उदयकुमार बस्नेत, निजको कान्छी श्रीमती जमुना चौहान, माहिलो छोरा रमेश बस्नेत र उदयले लिएर आएका आफूले नचिनेका तीनजना केटाहरू समेत भै गरेको हो। माहिली बुहारी तारा बस्नेतले शारदा बस्नेतलाई मारेको र झुण्ड्याएको ठाउँमा नगई वारदात भएको उनकै कोठाबाट देखेकी मात्र हुन् भन्दै प्रतिवादी बमबहादुर र वारदातको सम्बन्धमा सम्पूर्ण व्यहोरा खुलाई कसूरमा साबित रहेको देखिन्छ।

१२. अर्का प्रतिवादी भद्रकुमारी बस्नेतले समेत मौकामा अनुसन्धान अधिकारीसमक्ष भएको बयानमा बुहारी शारदा बस्नेतलाई मार्नको लागि छोरा उदयकुमार बस्नेत मिति २०६२।११।७ गते राति निजको कान्छी श्रीमती जमुना चौहान र अन्य नचिनेको तीनजना केटाहरू समेत मोटरसाइकलमा चढी आई आफूसमेतका घर परिवारसँग सल्लाह गरी कर्तव्य गरी मारी झुण्ड्याएको हो भनी कसूरमा साबिती रहेको देखिन्छ। प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतसमेत दुवैजनाले अदालतमा आई गरेको बयानमा कसूरमा इन्कारी बयान गरेता पनि मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई ठोस आधारका साथ अन्यथा भन्न सकेको अवस्था देखिँदैन।

१३. प्रतिवादी तारा बस्नेतले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा

मेरी जेठानी शारदा बस्नेतलाई निजकै श्रीमान् उदयकुमार बस्नेत, सासू भद्रकुमारी बस्नेतसमेतले हेलाहोचो गर्ने, दुःख दिने, कङ्गालकी छोरी भनी कुटपीट गरी शारीरिक यातना दिई रहने, दिमाग बिग्रेको (पागल) भनी कान्छी श्रीमती विवाह गर्न स्वीकृति दे भनी दबाब दिने, बेहोस् भैरहने इन्जेक्सन दिई रहने, कोठामै राख्ने, बाहिर जान नदिनेसम्मको कठोर यातना दिई आएका थिए। मिति २०६२।११।७ गते राति मृतक शारदा बस्नेतलाई मार्नको लागि निजको श्रीमान् उदयकुमार बस्नेत, निजकी कान्छी श्रीमती जमुना चौहान र नचिनेका अन्य तीनजना केटाहरू समेत मोटरसाइकलमा चढी आई ससुरा बमबहादुर बस्नेत, सासू भद्रकुमारी बस्नेत, मेरो श्रीमान् रमेश बस्नेतसमेत भई शारदा बस्नेतलाई कर्तव्य गरी मारेका हुन्। जेठाजु उदयकुमार बस्नेतले दिदी शारदालाई ओछ्यानबाट तानी भूईंमा झारी कुटपीट गर्न थालेपछि निजकी कान्छी श्रीमती जमुना चौहानले कपालमा भुत्ल्याएको, मेरो श्रीमान् रमेश बस्नेत र जेठाजुले ल्याएका नचिनेका तीनजना व्यक्तिले शारदालाई लात्ती मुक्कीले कुटपीट गरेको, लौराले हिर्काएको, ससुरा बमबहादुर र सासू भद्रकुमारीसमेतले मुख थुन्ने, बाँध्ने काम गरी कर्तव्य गरी मरेपछि बोकी पूजाकोठामा लगी झुण्ड्याएका हुन्। उक्त वारदातमा आफू संलग्न छैन। म आफ्नै कोठामा बसी घटना घटेको देखेको भनी लेखाई दिएको पाइन्छ।

१४. प्रस्तुत वारदातको प्रत्यक्षदर्शीको रूपमा रहेकी विगत एकवर्ष अगाडिदेखि प्रतिवादी बमबहादुर बस्नेतको घरमा भाँडा माझ्ने लगायतका काम गर्दै आएकी छम्मी मुर्मु सतारले मौकामा अनुसन्धान अधिकारीसमक्ष गरेको बकपत्रमा मृतक शारदा बस्नेतको श्रीमान् उदयकुमार बस्नेत र सासू भद्रकुमारी बस्नेतले शारदा बस्नेतलाई यसभन्दा अगाडि पनि कुटपीट गर्ने, कान्छी विवाह गर्न स्वीकृति दे भनी दबाब दिई रहने गर्दथे। मिति २०६२।११।७ गते आफू र शारदा राति सँगै एउटै कोठामा सुती रहेकोमा १०/११ बजेतिर उदयकुमार बस्नेतले शारदा ढोका खोल् भनी २।३ पटक बोलाए। शारदाले ढोका खोली दिइन्, उदय भित्र पसी बत्ती बाले, तँ एकछिन बाहिर हिँड् भन्दा मृतक शारदा मान्नु भएन, खाटबाट तल तान्दै झारे। मान्दिनस् आज तेरो काल हुन्छ भन्दै घिसारे। शारदाले कराउन थाल्दा बाहिरबाट नचिनेका तीनजना केटा र एकजना केटी मानिस पसी समाते। केटी मानिसले अब तेरो लोग्ने हैन मेरो लोग्ने हो भन्दै मुख थुन्दै कपाल उखाल्न थालिन्। उदयले लात्ताले, मुड्कीले हिर्काउन थाले, नचिनेका तीनजना केटाहरूले लौराले हिर्काउँदै थिए। त्यतिखेरै बमबहादुर बस्नेत, भद्रकुमारी बस्नेत र रमेश बस्नेत आई शारदालाई समाती कपाल भुत्ल्याउन र कुट्न थालेपछि मलाई उदयकुमार र भद्रकुमारीले बाहिर जा, पर ताराको कोठामा गै बस् भनी बाहिर निकाले। म ताराको कोठामा जाँदा तारा बस्नेत ढोकाबाट सुनी रहेकी थिइन्। शारदा बस्नेतलाई लल्याकलुलुक अवस्थामा वरण्डामा निकाले, फेरि भित्रै लगे। मैले र ताराले ताराकै कोठाबाट हेरी रह्यौं। उदयले झ्यालको काठ सेप्टीमा सल बाँधी घाँटीमा कसी अर्को सेप्टी उक्काई त्यहाँबाट बाहिर खसाउन खोजे। तर, मृतकलाई त्यहाँबाट छिराउन सकेनन्। फेरि बाहिर निकाली सबैले बोकी पूजाकोठामा लगे। त्यसपछि सलको कपडाले बाँधी झुण्डाए। झुण्ड्याएपछि स्वीटर लगाई दिए, पानीले मुख धोई दिए। त्यसपछि सबैजना शारदालाई मारेको कोठामा बसे। मलाई पनि बोलाए। उदय बस्नेतले मलाई र अन्य सबैलाई यो कुरा कसैलाई नभन्नु झुण्डिएर मरिछ भनी बिहान हल्ला गर्नु भने। तैंले कसैलाई भनिस् भने मारी दिन्छु भनी मलाई डर देखाए। तारालाई पनि राम्रोसँग तैंले सम्झाउनु भनी रमेशलाई भने। तारा बस्नेतले शारदालाई कुटपीट गरेको

भने आफूले नदेखेको भनी लेखाई दिएको पाइन्छ ।

१५. यी प्रतिवादीहरूले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानलाई अदालतमा आई बयान गर्दा इन्कार गरेको अवस्था छ । यसरी दुई विपरीत खालका अभिव्यक्ति मिसिल सामेल रहेकोमा अदालतले स्वतन्त्र प्रमाणबाट पुष्टि हुने कथनलाई प्रमाणमा लिनुपर्ने हुन्छ । अधिकारप्राप्त अधिकारीसमक्षको साबिती र अदालतसमक्षको इन्कारीमध्ये कुनलाई प्रमाणमा ग्रहण गर्ने भन्ने सन्दर्भमा कुन कथन अन्य प्रमाणबाट समर्थित हुन्छ भन्ने कुरा नै अदालतले निष्कर्ष निकाल्ने आधार हो । अधिकारप्राप्त अधिकारीसमक्ष व्यक्त गरेका कुरा प्रमाणशून्य हुने होइनन् । न त प्रतिवादीहरूको अदालत समक्षको इन्कारी नै अकाट्य प्रमाण मानिने हो । अदालतसमक्ष इन्कारी गर्दा प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष के कुन कारण र कसरी साबित बनाइयो भन्ने कुराका हकमा व्यक्त गरेको कुरामा अदालतले ध्यान दिनुपर्ने हुन्छ । यस विवादमा प्रतिवादी भद्रकुमारी र तारा बस्नेतले अधिकारप्राप्त अधिकारीसमक्ष खुशीराजीले बयान नगरेको र प्रतिवादी बमबहादुरले भने कुटपीट गरी बयान लेखाइएको भन्नु भएको छ । प्रमाण ऐन, २०३१ को दफा ९(२) मा फौजदारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको अभियोगको सम्बन्धमा अदालतबाहेक अन्यत्र व्यक्त गरेको कुरा अदालतले देहायबमोजिम ठहराएमा प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था भएको पाइन्छ-

(१) सो कुरा व्यक्त गर्दा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा थियो ।

(२) निजलाई बाध्य गरी वा निज वा अरू कसैलाई यातना दिई वा यातना दिने घम्की दिई वा निजलाई आफ्नो इच्छाविरुद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको होइन ।

(३) सो अभियोगबारे कुनै सार्वजनिक अधिकारीले गर्ने कारवाहीको सम्बन्धमा यस्तो धम्की वा विश्वास पर्ने आश्वासन दिएको थिएन जसबाट निजले सो कुरा असत्य रूपमा व्यक्त गर्ने सम्भावना थियो र जुन धम्की वा आश्वासन कार्यान्वित गर्नसक्ने अधिकार र शक्ति सो अधिकारीलाई थियो भन्ने कुरा निजले युक्तिसङ्गत रूपमा विश्वास गरेको थियो ।

१६. प्रमाण ऐन, २०३१ को दफा ९(२) ले व्यवस्था गरेका उपर्युक्त भय, त्रास, प्रलोभनसमेतका अबस्था देखिएमा अभियुक्तको अदालतबाहेक अन्यत्र व्यक्त गरेको कुरा प्रमाण नलाग्ने हुन्छ । अभियुक्तले अधिकार प्राप्त अधिकारीसमक्ष कुनै कुरा व्यक्त गर्दाको अवस्थाको सचेतता, यातना, धम्की र प्रलोभन दिएको थिएन भन्ने प्रत्याभूति वादीले प्रमाणित गर्नुपर्दछ । तर, यी अवस्थाको जिकीर र आधार भने प्रतिवादीले देखाएको मिसिलबाट देखिनुपर्दछ । मुद्दाको एक पक्ष सरकारको प्रतिनिधि अनुसन्धान अधिकारीले आफ्नो विपक्षलाई कब्जामा राखी व्यक्त गराइएका अभिव्यक्तिलाई अदालतले सहजै विश्वास गरी प्रमाणको रूपमा ग्रहण गर्न नहुने भन्ने नै प्रमाण ऐन, २०३१ को दफा ९(२) को आशय हो । प्रमाण ऐन, २०३१ को दफा ९(२) को परिपालनकै सन्दर्भमा म्याद थपका लागि अदालतमा पेश गरिँदा अभियुक्तलाई सशरीर न्यायाधीशसमक्ष उपस्थित गराउनु पर्ने, त्यस बेलासम्म खडा भएका लिखतमा अदालतले छाप लगाई दिने र अभियुक्तसँग सोधपूछ गर्दा आवश्यकता महसूस गरिएमा तत्कालै घा जाँच वा स्वास्थ्य परीक्षण गराउन अस्पताल पठाइने कार्यविधि सुनिश्चित्

छ । अदालतबाहेक अन्यत्र अभियुक्तले व्यक्त गरेका कुरा प्रमाणमा ग्रहण गर्दा सतर्कता अपनाउनु अवश्य पर्दछ । तर, अन्य स्वतन्त्र प्रमाणले पुष्टि गरेको अवस्था र प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्षको आफ्नो कथन ईच्छाविरुद्धको हो भनी लिएको जिकीरलाई विश्वास गर्न सकिने आधार नदेखाइएको अवस्थामा सो कथन प्रमाण शून्य हुन्छ भन्न सकिन्न । प्रमाण ऐन, २०३१ को दफा ९(२) मा वर्णित अवस्थाको विद्यमानताको अभावमा प्रस्तुत मुद्दाका प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको कथन प्रमाणयोग्य छ । र, स्वतन्त्र प्रमाणले पनि निजहरूको यो साबितीलाई नै समर्थन गरिरहेको छ ।

१७. निःसन्देह फौजदारी मुद्दामा प्रमाण ऐन, २०३१ को दफा २५ ले प्रमाणको भार वादीमा रहने कुरा हो । प्रतिवादीहरूलाई आफूविरुद्धको कारवाहीमा चूपचाप बस्ने हक अवश्य छ । तर, चूप नबसी आफ्नो सफाइमा तथ्य व्यक्त गर्ने व्यक्तिका दायित्व पनि सोही प्रमाण ऐनको दफा २७(१)द्वारा अभिनिश्चित् छन् । अधिकारप्राप्त अधिकारीसमक्षको कथनलाई इन्कार गरिएको अवस्थामा त्यसका आधार र कारण पनि व्यक्त गर्नु पर्दैन भन्ने प्रमाण ऐन, २०३१ को दफा २५ को मनशाय होइन ।

१८. वादीको साक्षी छम्मी मुर्मु सतारले अदालतमा आई गरेको बकपत्रमा समेत प्रतिवादी उदयकुमार बस्नेतले म एक्लै छु ढोका खोल भनी शारदालाई भने, शारदाले ढोका खोलेपछि शारदाको हातमा समाते । हजुरबुबा, हजुरआमा, उदयकुमार बस्नेत र रमेश बस्नेतले कुट्न थाले । त्यसपछि शारदाको मुखमा पट्टी बाँधे । कुटी सकेपछि भूइँमा उतारे, अनि गहूँबारीमा लगे, अनि पूजाकोठामा लगी झुण्ड्याए । मैले ढोकाको चेपबाट हेरैं, तारा बस्नेत चाँही कोठामा बस्नु भएको थियो भनी शारदा बस्नेतलाई कर्तव्य गरी मार्नमा प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतसमेतको संलग्नता रहेको भनी किटानी पोल गरेको अवस्था छ । घरमै काम गर्ने मृतक सँगै सुतेकी नाबालिकाले झूठो बोल्नु पर्ने कारण मिसिलबाट केही देखिँदैन । छम्मी मुर्मु सतारको कथनले प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष व्यक्त कथनलाई पुष्टि गरिरहेको छ ।

१९. प्रतिवादीका विद्वान कानून व्यवसायीहरूले इजलाससमक्ष बहसको क्रममा घटनाको प्रत्यक्षदर्शी भनिएकी छम्मी मुर्मु सतार १२ बर्ष उमेरकी नाबालिका भएकोले निजले गरेको बकपत्रलाई प्रमाणमा लिन मिल्दैन भन्ने जिकीर लिनु भएको छ । प्रस्तुत मुद्दामा घटनाको प्रत्यक्षदर्शी छम्मी मुर्मु सतार १२ वर्षकी रहेकीमा विवाद छैन । निजले यी प्रतिवादी बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतलाई पोल गर्नुपर्ने कुनै कारण पनि छैन । यी नाबालिकाको प्रतिवादीहरूसँग पूर्व रिसइवीसमेत रहेको केही देखिँदैन । निजका बाबुसमेत सोही घरमा हलीका रूपमा कार्यरत् रहेका छन् । मृतक शारदा बस्नेतसँगै एउटै कोठामा सुती आएकी छम्मी मुर्मु सतार घटनाको सम्बन्धमा यथार्थ जानकारी राख्न सक्ने व्यक्ति हुन् । उनले मौकामा अनुसन्धान अधिकारी एवं अदालतसमक्ष सोधिएको प्रश्नको जानी बुझी युक्तियुक्त जवाफ दिएको देखिन्छ । छम्मी मुर्मु सतारको बकपत्र गर्दा निजको बाबु संरक्षकका रूपमा रोहबरमा भएको अवस्था छ । प्रमाण ऐन, २०३१ को दफा ३८ अनुसार "साक्षी हुन सक्ने व्यक्ति" शीर्षकमा "कलिलो उमेर, अति वृद्धावस्था वा शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनी अदालतले ठहऱ्याएको व्यक्तिबाहेक मतियारलगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ ।

२०. उल्लिखित कानूनी व्यवस्थाबाट साक्षीको योग्यता निर्धारण गरिएको पाइन्छ । साक्षीको

योग्यता अदालतबाट निजलाई सोधिएको प्रश्न बुझ्न सक्ने र सोको युक्तियुक्त जवाफ दिन सक्ने हुनुपर्दछ। यस कानूनी व्यवस्थाको प्रयोजनार्थ आफूबाट के कुरा जान्न खोजिएको हो सो बुझ्न सक्ने हुनुको साथै निजले सो सोधिएको प्रश्नलाई समुचित ढङ्गले सम्बोधन गरेको छ भन्ने न्यायाधीशलाई लागेमा त्यस्तो साक्षीको बकपत्रलाई प्रमाणमा लिन हुन्छ। योग्य साक्षी हुन कुनै उमेरको छेकबार प्रमाण ऐन, २०३१ को दफा ३८ ले लगाएको छैन। कम उमेरका नाबालिगसमेत निजलाई गरिएको प्रश्नले के मागेको छ बुझ्नसक्ने हुनु र त्यस प्रश्नको जिज्ञासालाई समुचितरूपमा समाधान गर्नसक्ने क्षमता हुनु नै योग्य साक्षी हुन पर्याप्त छ। उत्तर सकारात्मक वा नकारात्मक जे जस्तो होस् त्यसले प्रश्नका माध्यमबाट अदालतले जान्न चाहेको तथ्य नाबालिगसमेतबाट सहजरूपमा प्रकट हुनु नै त्यस उत्तरको युक्तियुक्तताको परिचय हो। कुनै नाबालिकाको कथन प्रमाणमा लिने वा नलिने भन्ने सन्दर्भमा यकीन गर्नु पर्दा निजलाई सोधिएका सम्पूर्ण प्रश्नहरू र तिनको उत्तरको अध्ययन गरिनु पर्ने हुन्छ। यस परीक्षणको कसीमा हेर्दा नाबालकले आफूलाई गरिएको प्रश्न बुझेको छ प्रश्नले के मागेको हो राम्ररी ठम्याएको छ र प्रश्नको सेरोफेरोमा रही स्वाभाविक तथ्य प्रकट गरेको छ भने त्यो योग्य साक्षी हो। छम्मी मुर्मु सतारलाई सोधिएका सबै प्रश्न र तिनको उत्तरहरूको अध्ययन गर्दा निजले कुनै प्रश्न नबुझेको र त्यसलाई समुचित ढंगले सम्बोधन नगरेको पाइदैन। त्यसैले यी १२ वर्षीय नाबालिका योग्य साक्षी हुन्। उनले कुन प्रश्न बुझेकी छैनन् र कुन प्रश्नको असङ्गत् उत्तर दिएकी छन् भन्ने कुरा प्रतिवादी पक्षबाट प्रस्तुत हुन सकेको छैन।

२१. प्रस्तुत मुद्दामा प्रत्यक्षदर्शी छम्मी मुर्मु सतार उक्त वारदात भएको घरमा विगत एक बर्षअगाडिदेखि मृतक शारदा बस्नेत सुत्ने कोठामा सँगै सुत्ने गरेको, मृतकका बच्चाहरू हेर्ने गरेको र यसभन्दा पहिल्यै प्रतिवादीहरूले मृतक शारदालाई होलाँहोचो गरेको सम्बन्धमा समेत जानकारी राख्न सक्ने व्यक्ति हुन्। यसरी घटनाको प्रत्यक्षीदर्शीको रूपमा रहेकी छम्मी मुर्मु सतारले मौकामा अनुसन्धान अधिकारीसमक्ष र अदालतमा आई गरेको बकपत्रमा घटनाको बारेमा आफ्नै आँखाले देखेका कुराहरू सविस्तार रूपमा व्यक्त गरेको हुँदा निजको बकपत्रलाई प्रमाणमा लिन नमिल्ने अवस्था नभएको मात्र होइन प्रमाणहरूको समूहमा यसलाई विशेषरूपमा हेरिनुपर्ने अवस्था छ। शारदा बस्नेतलाई कर्तव्य गरी मारेको घटनाका सम्बन्धमा छम्मी मुर्मु सतारले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागजसँग प्रतिवादीहरू बमबहादुर बस्नेत, भद्रकुमारी बस्नेत र तारा बस्नेतले मौकामा अनुसन्धान अधिकारीसमक्ष गरेको बयान परस्पर मेलखानुका अतिरिक्त घटनास्थल मुचुल्का समेतबाट पुष्टि भएको छ। सम्पूर्ण प्रमाणबाट निज मुर्मु सतार आफ्नो घरको कामदार रहेको देखिँदादेखिँदै पनि प्रतिवादी भद्रकुमारीले अदालतमा बयान गर्दा निजलाई चिन्दिन भनेको र निजले आफ्नो घरमा काम गर्ने गरेको कुरा अस्वीकार गरेको पाइन्छ। तर, बमबहादुर र तारा बस्नेतले सोही कुरा स्वीकार गरेको देखिनुबाट पनि छम्मी मुर्मु सतारको बकपत्रको प्रमाणिक महत्व बढेको छ। यसरी निज नाबालिकाको बकपत्रको प्रामाणिक महत्वलाई गौण मान्न मिल्ने नदेखिँदा निज छम्मी मुर्मु सतारको बकपत्रलाई प्रमाणमा लिनुपर्ने हुन्छ।

२२. मृतकको शव परीक्षण प्रतिवेदनमा शारदा बस्नेतको मृत्युको कारणमा "चोटपटकले अत्यधिक रक्तश्राव भएर "Shock" को कारणले मृत्यु भएको" भन्ने उल्लेख भएको छ। शव परीक्षण गर्ने डा.इन्द्रनारायण मल्लिकसमेतले अदालतमा आई बकपत्र गर्दा मृतकको मृत्यु कुटपीटको कारणले अत्याधिक रक्तश्राव भै भएको हो। मृतकको शरीरको विभिन्न अङ्गमा गम्भीर किसिमका चोटपटक देखिएको हुँदा सो

चोटपटकको कारण मृतकको मृत्यु भएको देखिन्छ भनी आफ्नो रायसमेत व्यक्त गरेका पाइन्छ ।

२३. मृतक शारदा बस्नेतको भीषेरा परीक्षण गर्न पठाइएकोमा केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाको परीक्षण प्रतिवेदनमा शारदा बस्नेतको भीषेरा नमूनाहरूमा "आलुमिनियम फोस्फाइड विषादि पाइएको र फ्युमिगेन्ट स्तनधारीका लागि अत्यन्त विषालु हुन्छन्" भनी लेखिएको मिसिल संलग्न प्रतिवेदनबाट देखिन्छ । कुनै पनि प्रमाणले पुष्टि नगर्ने विशेषज्ञको राय विचारयोग्य हुँदैन । विशेषज्ञको राय अदालतको सन्तुष्टिका लागि हो । मिसिल संलग्न प्रत्यक्षदर्शीको कथन, लासका फोटोहरू, घटनास्थल मुचुल्का तथा स्वयम् प्रतिवादीहरूको कथनसमेतका प्रमाणले सिधै इन्कार गर्ने भीषेरा परीक्षण प्रतिवेदनबाट अदालत भ्रमित हुनुपर्ने अवस्था प्रस्तुत बिवादमा छैन । आत्महत्या गर्नकै लागि विषादि सेवन गर्ने व्यक्तिले झुण्डिनु पर्ने आवश्यकता पर्दैन । मरेको लासले विष सेवन गर्दैन । विष सेवनपछि आफ्नो मृत्यु नभएकाले झुण्डिनु परेको हो भन्ने प्रतिवादी पक्षका विद्वान कानून व्यवसायीहरूको जिकीर छ । तर विष सेवन गरेको देख्ने, विषको बोतल समेत वारदातस्थलमा बरामद हुने र विषादि सेवनका लक्षणहरू लासमा देखा पर्नेसमेतका कुनै पनि स्थिति मिसिलबाट देखिँदैन । तत्काल शवपरीक्षण गर्ने चिकित्सकहरूको समूहले पनि विषादि सेवनका लक्षण लासमा देखेको अवस्था छैन । मृत्युको कारण यकीन गरिसकेपछि भीषेरा परीक्षण गर्ने राय व्यक्त भएको छ ।

२४. कुनै पनि कुराको परीक्षण गर्न एक ठाउँबाट अर्को ठाउँमा पठाइँदा सो परीक्षण गर्न के कसरी पठाइयो, परीक्षण विधि के कस्तो रह्यो र लासका भीषेरा नमूनासमेत सुरक्षित राख्न तथा यो नमूना परिवर्तन नहुने व्यवस्था गर्न के कस्ता प्रक्रिया अपनाइयो भन्नेसमेतका आधार खुलाइएको मिसिलबाट देखिनु पर्दछ । कुनै पनि राय निरापद हुन सक्तैन । बिना आधारको राय अदालतको विचारवस्तु बन्दैन । प्रस्तुत विवादमा मृतकको भीषेरा परीक्षणका विषयमा यस्ता कुनै कुरा खुलाइएको देखिँदैन । तसर्थ विशेषज्ञ भनिएको व्यक्तिको फगत रायमा न्यायकर्ता रुमलिन आवश्यक छैन ।

२५. जाहेरवाला गंगाबहादुर कार्कीले अदालतमा आई गरेको बकपत्रमा छोरी शारदा माइत आउँदा दाइजो नल्याएको भनी श्रीमान् तथा सासू ससुराले बारम्बार गाली गलौज एवं कुटपीट गर्ने गरेका भन्ने गर्थिन् । मिति २०६२।११।७ गते दिउँसो भाइ हरिबहादुर र आफूसमेतका मानिसहरू बमबहादुर बस्नेतको घरमा गई समाज बसी छलफल गर्दा छोरीलाई कुटपीट गरेकोमा इलाज गराउने र अंश दिने विषयमा छलफल र समझदारी भई फर्केकोमा सोही दिन राति घरपरिवार सबै भएर छोरी शारदालाई कर्तव्य गरी मारी झुण्ड्याएको भनी जाहेरी दरखास्तलाई थप पुष्टि हुने गरी लेखाइदिएको पाइन्छ । मौकामा बुझिएका पूर्णबहादुर कार्कीसमेतले अदालतमा आई गरेको बकपत्रमा समेत शारदाको विवाहमा माइतीले रङ्गीन टी.भी. र मोटरसाइकल नदिएको कारणले बेलाबेलामा यातना दिइरहेको, उदयले जमुना चौहानसँग विवाह गर्न सहमति दे भनी कुटपीट गर्ने गरेको र पिडौलामा नीलडामसमेत देखिएको हुँदा प्रतिवादीहरूले शारदा बस्नेतलाई कर्तव्य गरी मारी घरकै पूजाकोठामा झुण्डाएका हुन् भनी लेखाई दिएको देखिन्छ ।

२६. मृतक शारदा बस्नेतको उदयकुमार बस्नेतसँग २०५६।३।७ मा विवाह भएको र विवाहमा माइतीपक्षबाट रङ्गीन टी.भी, मोटरसाइकललगायतको सामान दाइजो नदिएको निहुँमा मृतकको श्रीमान् उदयकुमार बस्नेत र यी प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतसमेत भई शारदा बस्नेतलाई बारम्बार कुटपीट गरी यातना दिने गरेको देखिन्छ । यसै

क्रममा मिति २०६२।११।३ गते उदयकुमार बस्नेतले गाउँकै जमुना चौहानलाई विवाह गरी लगेको र माइती पक्षका व्यक्तिहरू र गाउँका भद्रभलाद्मी समेत भै समाज बसी शारदा बस्नेतको उपचार गर्ने र अंश दिएर राख्ने विषयमा २०६२।११।७ गते दिउँसो सहमति भएको तथ्यमा विवाद देखिँदैन । यसरी माइती पक्षका व्यक्तिहरू आई दबाब दिँदा आफ्नो इज्जत प्रतिष्ठामा धक्का पुगेको, शारदालाई अंश दिनुपर्ने, छोरालाई बहुविवाहमा मुद्दा लाग्ने सक्ने ठानी यी प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतसमेतको आपसी छलफल र मिलेमतोका अन्य व्यक्तिहरू समेतको मद्दत लिई बुहारी शारदा बस्नेतलाई घरपरिवारका सबैजना मिली योजना बनाई कुटपीट एंव बाँधछाँद गरी कर्तव्य गरी मरिसकेपछि सो अपराधबाट बच्नको लागि आफैँ झुण्डी मरेकी हो भन्ने देखाउन घरकै पूजाकोठामा लगी मृतकको सलले झुण्ड्याएको तथ्य मिसिल संलग्न कागज प्रमाणहरूबाट पुष्टि हुन आएको देखिन्छ ।

२७. यस्तो स्थितिमा माथि विवेचित सबूद प्रमाणको मूल्याङ्कन गर्दा प्रतिवादीहरू बमबहादुर र भद्रकुमारीले मृतकको शरीरमा हात नै नहालेको भन्न मिल्ने स्थिति देखिएन । मृतकको शरीरमा हात हाल्ने व्यक्तिलाई ज्यानसम्बन्धीको १७ नं. आकर्षित हुन सक्दैन । अधिकार प्राप्त अधिकारीसमक्षको साबिती र प्रत्यक्षदर्शीको कथनसमेतबाट मृतकको शरीरमा हात हाल्ने प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतलाई ज्यानसम्बन्धी महलको १७(३) नं बमोजिम जनही १ वर्ष ६ महिना कैद हुने गरी शुरू झापा जिल्ला अदालतको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत, इलामबाट भएको फैसला त्रुटिपूर्ण देखिन आयो ।

२८. प्रतिवादी तारा बस्नेतले अभियोग दावीबाट सफाई पाउने ठहरी शुरू अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, इलामबाट भएको फैसलाको सम्बन्धमा विचार गर्दा प्रतिवादी तारा बस्नेत दावीको कसूरमा प्रहरी र अदालतमा समेत इन्कारी बयान गरेकी छन् । प्रस्तुत मुद्दामा वारदातको प्रत्यक्षदर्शी रहेकी छम्मी मुर्मु सतारले मौकामा अनुसन्धान अधिकारी एवं अदालतमा आई गरेको बकपत्रमा समेत शारदा बस्नेतलाई कर्तव्य गरी मार्नमा प्रतिवादी तारा बस्नेतको संलग्नता देखिँदैन । प्रतिवादी भद्रकुमारी बस्नेतसमेतले शारदाको कोठामा सुती रहेको अवस्थामा मृतकलाई सोही कोठामा गई कुटपीट गर्न थालेपछि आफूलाई त्यहाँबाट निकाली तारा बस्नेतको कोठामा गै बस भनी भनेकोले म र तारा बस्नेतसमेत तारा बस्नेतको कोठामा बसी घटना घटेको देखेको भनी लेखाई दिएको देखिँदा घटना घटेको समयमा तारा बस्नेत वारदातमा संलग्नता नभई अंग्रेजीको एल आकारको घरको आफ्नै कोठामा बसेको तथ्य पुष्टि हुन आउँछ । आफ्नो घरको उक्त घटना आफ्नै आँखाले देखेको अवस्थामा प्रतिवादी तारा बस्नेतले हारगुहार नगरी आफ्नी जेठानीलाई घरपरिवारका मानिसहरूले मार्नबाट बचाउने वा उक्त घटना रोक्नेसम्मको कुनै प्रयास नगरेको अवस्थामा निजसमेत मतसंल्लाहमा पसेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर रहेको छ । सो सम्बन्धमा विचार गर्दा घरपरिवार समेतका सबैजना मिली जेठानीलाई दिएको यातना एवं कुटपीटसमेतको कर्तुत आफ्नै आँखाले देखे भोगेकी बुहारीले घरपरिवारको डर, सामाजिक परिवेश र पतिको आदेशसमेतका कारणले कुनै प्रतिक्रिया नजनाउनुलाई मतसल्लाहमा पसेको भनी यी प्रतिवादी तारा बस्नेतलाई दोषी ठहर गर्न मिल्ने देखिन आएन । हत्या गर्ने मतसल्लाहमा पस्नु र प्रतिक्रिया नजनाउनु विल्कुल अलग कार्य हुन् । मार्ने योजनामा सहमति जनाउनु वा सो योजनाको पूर्व जानकारी राख्नु मतसल्लाहमा पसेको मान्ने आधार हुन सक्दछन् । तर, आफूबाहेक अरूले गरेको मतसल्लाहअनुसारको

कार्यको दर्शक हुनु नै आरोपित कसूर गरेको प्रमाण हुन सक्तैन । यसरी प्रस्तुत घटना घटाउने कार्यमा प्रतिवादी तारा बस्नेतको कुनै भूमिका नरहेको र निज शारदा बस्नेतलाई कर्तव्य गरी मार्नमा मतसल्लाहमा पसेको भन्नेसमेत नदेखिँदा प्रतिवादी तारा बस्नेतलाई अभियोग माग दावीबाट सफाइ पाउने ठहरी शुरू अदालतबाट भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, इलामको फैसला सो हदसम्म मिलेकै देखियो । यसतर्फ नेपाल सरकारको जिकीर पुग्न सक्तैन ।

२९. अतः प्रतिवादी तारा बस्नेतलाई सफाई दिएको फैसला खण्ड सदर नै भएतापनि प्रतिवादी बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतलाई ज्यानसम्बन्धी महलको १७(३) नं बमोजिम जनही १ वर्ष ६ महिना कैद हुने गरी शुरू झापा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, इलामबाट भएको मिति २०६५।८।२९ को फैसला खण्ड उल्टी भै प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतलाई अभियोग मागबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं अनुसार सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर्छ । यसतर्फ पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकीर पुग्न सक्तैन । तसर्थ, पुनरावेदन अदालत, इलामको फैसला केही उल्टी हुन्छ ।

३०. जहाँसम्म प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतलाई सर्वश्वसहित जन्मकैदको सजाय गर्ने सम्बन्धमा विचार गर्दा प्रतिवादीमध्येका बमबहादुर बस्नेत हाल वर्ष ७६ र भद्रकुमारी बस्नेत हाल वर्ष ६८ का वृद्धवृद्धा देखिएको अवस्था छ । नेपालीको औसत आयुका परिप्रेक्ष्यमा जीवनको उत्तरार्द्धमा पुगेका यी प्रतिवादीहरूलाई सजाय केही कम गरिदिँदासमेत न्यायको प्रयोजन पूरा हुने र अपराधअनुसार सजाय पाएको नै मानिने भई २० वर्ष नै कैद गर्दा यी प्रतिवादीहरूका हकमा सजाय चर्को पर्न जाने देखिँदा निजहरूको उमेर र नेपालीको औसत आयुका कारणले अ.ब. १८८ नं बमोजिम निज प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतलाई जनही १० वर्ष कैद सजाय हुन्छ । अरू तपसील बमोजिम गर्नू ।

तपसील

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम प्रतिवादीहरू बमबहादुर बस्नेत र भद्रकुमारी बस्नेतलाई ज्यानसम्बन्धी महलको १३(३) नं बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहरी अ.ब. १८८ नं बमोजिम जनही १० वर्ष कैदको सजाय हुने गरी राय व्यक्त भएकोले निज प्रतिवादीहरू पुनरावेदन अदालत, इलामको फैसलाअनुसार मिति २०६२।११।१२ देखि २०६४।५।११ गतेसम्म १ वर्ष ६ महिना कैद भुक्तान भै सकेको देखिँदा यस अदालतको फैसलाले लागेको कैद वर्ष १० को लगत कसी थुनामा बसेको उल्लिखित अवधि कटाई जनही बाँकी कैद ८ (आठ) वर्ष ६ (छ) महिना असूलउपर गर्नु भनी शुरू जिल्ला अदालतमा लेखी पठाई दिनू.........१

डायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गर्नू ..........१

उक्त रायमा सहमत छु ।

न्या.गिरीश चन्द्र लाल

इति संवत् २०७० साल जेठ २० गते रोज २ शुभम
इजलास अधिकृत : हरिप्रसाद कोइराला

## निर्णय नं. ९०२३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की
०६७-CI-०५३४
फैसला मितिः २०७०।१।२७।६

मुद्दाः-मोही नामसारी गरी प्रमाणपत्र ।

पुनरावेदक प्रतिवादीः जिल्ला मोरङ्ग, विराटनगर उपमहानगरपालिका वडा नं.१४ बस्ने बर्ष ३७ को योजितराज प्रधान नेपाली

विरुद्ध

प्रत्यर्थी वादीः जिल्ला सुनसरी, चिमडी गा.वि.स.वडा नं.३ बस्ने कात्तिकलाल चौधरी

शुरू फैसला गर्नेः
भू.सु.अ.श्री नारायणप्रसाद अधिकारी
पुनरावेदन फैसला गर्नेः
मा.न्या.श्री हरिबहादुर बस्नेत
मा.न्या.श्री प्रकाशचन्द्र गजुरेल

- **जग्गाको लगत विवरण भरी बुझाउँदा जग्गा रहेको वडाभन्दा फरक वडामा बुझाएकै मात्र कारणले वर्षौंदेखि जोती कमाई आएको जग्गाबाट मोही हक स्वतः मेटिने भन्न न्यायका दृष्टिले नमिल्ने ।**
- **नेपाली समाज अझै पनि अर्धशिक्षित अवस्थामा रहेको पाइनुले आफ्नो हकप्रति सजग रहनुपर्ने सचेतनाको स्तरमा रहेको कमी कमजोरीलाई गरीब तथा निरक्षर जनताको हकमा भएको प्राविधिक त्रुटिलाई मात्र निर्णयमा निर्णयाधार बनाउन समन्यायको दृष्टिबाट समेत उचित नमानिने ।**
- **१ नं. लगत भरी फरक वडामा बुझाउँदैमा र २ नं.अनुसूचीसमेत फरक वडाबाट प्रकाशित भएको भन्ने प्राविधिक त्रुटिजन्य कारणलाई मात्र आधार बनाई वादी दावीको जग्गाको मोही होइनन् भन्न न्यायको दृष्टिबाट नमिल्ने ।**

(प्रकरण नं.६)

प्रत्यर्थी वादीतर्फबाटः विद्वान अधिवक्ता हरिनारायण चौधरी
प्रत्यर्थी वादीतर्फबाटः
अवलम्बित नजीर
सम्बद्ध कानूनः

आदेश

**न्या.ज्ञानेन्द्रबहादुर कार्कीः** पुनरावेदन अदालत, विराटनगरको मिति २०६६।११।०४।३ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर देहायबमोजिम छ ।

साविक ज.ध.योगराज ताम्राकार भई हाल विपक्षी प्रतिवादीका नाममा दर्ता कायम हुन आएको जि.सुनसरी, चिमडी गा.वि.स.वडा नं.२क. कि.नं.५९ को १-१०-२१/२ जग्गाको मेरो बुबा चिचाई चौधरी हक प्राप्त मोही भई उहाँले जोती कमाई आउनु भएकोमा निज बुबा २०२३ सालमा, आमा जेठी कैली भन्ने आशादेवी २०२० सालमा र कान्छी आमा छर्पोदेवी थरूनी २०२७ सालमा मृत्यु भएपश्चात् निजहरूको हक खाने एक मात्र छोरा म फिरादी भई मैले जोती कमाई आएको हुँदा उक्त जग्गाको मोही हक मेरा पिता चिचाई चौधरीको नाममा कायम गरी भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) अनुसार

मेरा नाममा मोही नामसारी गरी मोहियानी हकको प्रमाणपत्र पाऊँ भन्ने व्यहोराको वादीको फिराद दावी ।

वादी दावीबमोजिमको मेरा नाममा दर्ता कायम रहेको जग्गा निर्बाधरूपमा मेरो हक भोगमा रहेको जग्गा हो । विपक्षी वादीले जवर्जस्ती मोही हक स्थापित गर्ने बद्नियत लिई खिचोला गरेकाले जग्गा खिचोला चलन र सो जग्गामा भएको धानबाली समेत लुटपीट गरेकोमा सम्मानीत सुनसरी जिल्ला अदालतमा जग्गा खिचोला चलन र लुटपीट मुद्दा दायर गरी विचाराधीन अवस्थामा रहेको हुँदा उक्त जग्गाको मोही हक वादीका पिता चिचाई चौधरी कायम हुने अवस्था नभएको हुँदा वादी दावीबमोजिम नामसारी हुने अवस्था नै नरहेको हुँदा वादी दावी झूठा हुँदा खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको प्रतिउत्तर पत्र ।

वादीले दावी लिएको जग्गाको दावी पुग्न नसक्ने भई प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.बं.१८० नं.बमोजिम खारेज हुने ठहर्छ भन्ने शुरू भूमिसुधार कार्यालय, सुनसरीको मिति २०६५।०३।०४ को फैसला ।

विपक्षीले जग्गा जोतको कुरामा विवाद उठाए पनि सो जग्गा हालसम्म म पुनरावेदकले जोती भोगी सालसालैको बाली बुझाउँदै आइरहेको छु । क्षेत्रफल फरक हुनु र १ नं.लगत र २ नं.अनुसूची फरकफरक वडा नं.मा रहनुले मात्रै मोही होइन भनी भन्न नमिल्ने हुँदा र यिनै एउटा वडा नं.मा १ नं.लगत र २ नं.अनुसूची रहेको र अर्को वडा नं.मा जग्गा रहेको विवादमा मिति २०६१।०२।८ मा सर्वोच्च अदालतबाट पुनरावेदक प्रतिवादी शान्तिराम गुरागाईंविरुद्ध रक्सु माझी भएको मोहीको स्थायी निस्सा प्रमाणपत्र पाऊँ भन्ने मुद्दामा विवादको निरूपण भै अर्के नजीर स्थापित गरेको हुँदा सो नजीरलाई अनुशरण गरी भूमिसुधार कार्यालय, सुनसरीले गरेको फैसला उल्टी गरी मोही कायम गरी मोही नामसारी गरी प्रमाणपत्र पाऊँ भन्नेसमेत व्यहोराको वादीको पुनरावेदन अदालत, विराटनगरमा परेको पुनरावेदन पत्र ।

यसमा मोहीको १ नं.लगत, २ नं.अनुसूची र फिल्डबुकमा मोहीको नाम उल्लेख भै रहेको अवस्थामा दावी नपुग्ने गरी गरेको भूमिसुधार कार्यालय, सुनसरीको फैसला विचारणीय हुँदा अ.ब.२०२ नं.तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेश गर्नु भन्ने पुनरावेदन अदालत, विराटनगरको आदेश ।

मिसिल संलग्न रहेको गाउँ विकास समितिको कार्यालय, चिमडी सुनसरीबाट भएको मिति २०६३।०५।२८ को सर्जमीनमा, सर्जमीनमा रहेको मानिसहरूले दावीको जग्गा अलगअलग होइन, वादी दावीकै जग्गा हो, दावीअनुसार वादीका नाममा मोही नामसारी गरी प्रमाणपत्र दिएमा पछिसम्म फरक पर्दैन भनी कागज गरी दिएको अवस्था छ । वादीबाट पेशी भएका अनुसूचीको जग्गा अर्के जग्गा हो भनी प्रतिवादीले खण्डन गर्न सकेको पनि देखिँदैन ।

अतः मिसिल सलग्न रहेको फिल्डवुक, अनुसूची १ र २ नं. मा उल्लेख भएको जग्गा विवादको जग्गा नभई छुट्टै अलग्गै हो भन्ने नदेखिएको अवस्था वडा नं. फरक भएको आधार देखाई फिराद दावी खारेज गर्ने गरेको शुरू भूमिसुधार कार्यालय, सुनसरीबाट भएको मिति २०६५।०३।४ को खारेजी फैसला नमिली उल्टी हुने ठहर्छ र पुनरावेदक वादीको दावीअनुसार मोही हकको प्रमाणपत्र पाउने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, विराटनगरको मिति २०६६।११।०४।३ को फैसला ।

वादीका पिताका नाममा मोही दर्ता नै भएको छैन । मोहीदर्ता भई नसकेको, भूमि सुधार कार्यालयबाट विपक्षीका पिताले मोहीको प्रमाणपत्र प्राप्त नगरेको र मालपोत कार्यालयको श्रेस्तामा पनि मोही महल खाली रहेको दावीको जग्गाको

मोही एकैपटक वादीका नाममा प्रमाणपत्र दिने गरी भएको पुनरावेदन अदालतको फैसला वादी दावीसमेतको प्रतिकूल छ । उक्त फैसला वादी दावीमा सीमित नरही भएको छ । वादीका पिता चिचाई चौधरीले निज बसोबास गरेको वडा नं. १ बाट मोहीको १ नं. भरेको भन्नेसमेतको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ । मोहीले भर्ने १ नं. लगतमा मोहीको नाम थर वतन उल्लेख गर्ने महल अलग्गै भएकोमा र जग्गाको वडा नं. उल्लेख गर्ने स्थान अलग्गै भएको दुवैलाई एउटा अर्थ गर्न मिल्दैन । वादीले पेश गरेको १ नं. लगत २ नं. अनुसूचीमा जग्गा रहेको स्थान चिमडी गा.वि.स. वडा न. ३ क्षेत्रफल १-०-० जग्गा धनी योगराज बाँडा उल्लेख छ भन्ने हाल वादीले दावी गरेको मेरो जग्गा रहेको स्थान चिमडी गा.वि.स.वडा नं २(क) किनं ५९ को क्षेत्रफल १-१०-२$^{1/2}$ जग्गा धनी योजितराज प्रधान नेपाली रहेको छ । जसबाट वादीले पेश गरेको तथ्य पुष्टी नभएको हुँदा पुनरावेदन अदालतको फैसला बदर गरी शुरू भूमिसुधार कार्यालयबाट भएको फैसला सदर कायम गरिपाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादीको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

यसमा दावीको जग्गाको अवस्थिति एवम् १ नं. लगत तथा २ नं. अनुसूची प्रकाशनमा जग्गा देखाइएको वडा नं. फरकफरक रहेको देखिनुको साथै दावीको जग्गाको कूत बुझाएको भर्पाईसमेत वादी पक्षबाट प्रस्तुत हुन नसकेको अवस्थामा दावीबमोजिम मोहीको प्रमाणपत्र पाउने भनी भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६६।११।०४ को फैसला फरक पर्न सक्ने हुँदा अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाई उपस्थित भएपछि वा अवधि व्यतीत भएपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतबाट मिति २०६८।१०।२०६ मा भएको आदेश ।

नियमबमोजिम मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा प्रत्यर्थी वादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता हरिनारायण चौधरीले विवादित जग्गा हालसम्म पनि वादीले नै जोती कमाई आएको हुँदा विवादित जग्गाको मोही हक नामसारी वादीको नाममा हुने गरी गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला न्यायपूर्ण हुँदा उक्त फैसला सदर कायम हुनुपर्छ भन्ने सन्दर्भमा गर्नु भएको बहस जिकीरसमेत सुनियो ।

उल्लिखित बहस जिकीर र मिसिल संलग्न पुनरावेदन पत्रसमेतका कागजातहरूको अध्ययन गरी पुनरावेदन अदालत, विराटनगरले गरेको फैसला मिलेको छ वा छैन र प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्छ वा सक्दैन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

यसमा प्रतिवादीका नाममा दर्ता कायम हुन आएको जग्गाको मेरो बाबु हक प्राप्त मोही भई जोती कमाई आएको र बुबाको मृत्यु भएको हुँदा उहाँको एकमात्र हकदार छोरा म मात्र हुँदा बुबाको नाममा मोही हक कायम गरी मेरो नाममा मोही नामसारी गरी प्रमाणपत्र पाऊँ भन्ने वादीको फिराद जिकीर देखिन्छ । वादी मेरो जग्गाका मोही होइनन् । निजविरुद्ध जग्गा खिचोला र बाली लुटपीट मुद्दा दायर गरी विचाराधीन हुँदा वादीको नाममा मोही नामसारी हुने होइन वादी दावी खारेज गरिपाऊँ भन्ने प्रतिवादीको प्रतिउत्तर जिकीर भएकोमा शुरूले फिराददावी खारेज गर्ने गरेको फैसला उल्टी गरी पुनरावेदन अदालतबाट वादी दावीअनुसार मोही हकको प्रमाणपत्र पाउने ठहऱ्याई भएको फैसलाउपर प्रतिवादी पक्षको चित्त नबुझी यस अदालतमा पुनरावेदन पर्न आएको देखियो ।

२. निर्णयतर्फ विचार गर्दा साविक जग्गाधनी योगराज ताम्राकार भई हाल योजितराज प्रधान नेपालीको नाममा दर्ता कायम रहेको जिल्ला सुनसरी चिमडी गा.वि.स.वडा नं. २क. को कि.नं. ५९ को जग्गाको मोहीको हैसियतले प्रत्यर्थी वादीका बाबु चिचाई चौधरीले आफू बसोबास

गरिरहेको ऐ. गा.वि.स. को वडा नं ३ बाट मोहीको १ नं. लगत भरेको देखिन्छ । उक्त १ नं. लगतमा जग्गाधनीको नाम लेख्ने महलमा योगराज बाँडा विराटनगर भन्ने उल्लेख भएको देखिनुका अतिरिक्त आफूले कमाएको जग्गाको क्षेत्रफलसमेत उल्लेख गरेको देखिन्छ । त्यसै गरी तत्कालीन जग्गाधनी योजराज बाँडाको नामबाट लगत भरी २ नं अनुसूचीसमेत ऐ. वडा नं ३ बाट प्रकाशित भएको देखिन्छ । हाल प्रत्यर्थी वादीले बाबु चिचाई चौधरी २०२३।२।५ मा र आमाहरू दुईजना भएकोमा उनीहरू समेतको २०२० र २०२७ सालमा मृत्यु भै सकेकोले साविक जग्गाधनी योगराजको नामबाट हाल जग्गा धनी योगराज प्रधान नेपालीको नाममा कायम हुन आएको उक्त जग्गाको साविक मोहीको हकवालामा आफू एकमात्र बाँकी हुँदा र आफूले नै उक्त जग्गा जोती कमाई आएको प्रमाणसमेत हुँदा उक्त जग्गाको मोही हक बाबुको नामबाट मेरो नाममा नामसारी गरिपाऊँ भन्ने फिरादीको जिकीर रहेको देखिन्छ ।

३. सो दावी जिकीरलाई मिसिल संलग्न रहेको गाउँ विकास समितिको कार्यालय, चिमडी सुनसरीबाट भएको मिति २०६३।५।२८ को सर्जमीनले समेत समर्थन गरेको देखिन्छ । उक्त सर्जमीनमा रोहबरमा बस्ने मानिसहरूले वादीदावीको जग्गाको साविक जग्गाधनी योगराज बाँडा भई हाल योजितराज प्रधान नेपाली भएको र मोहीको १ नं. लगत फाराममा उल्लिखित मोही चिचाई चौधरी र मिति २०२४।१२।२३ गते गरिदिएको नापीअनुसारको क्षेत्रीय किताब उतारमा उल्लिखित कात्तिक लाल चौधरीबीच बाबु छोराको नाता रहेको र नापीअनुसार तयार भएको उक्त क्षेत्रीय किताब उतारको कैफियत महलमा चिमडी गा.वि.स. वडा नं. २ क कि.नं ५९ को क्षेत्रफल ०१-१०-२१/२ जग्गा कमाउनेको नाम चिचाई चौधरी रहेको व्यहोरा ठीक साँचो हो भनी आ-आफ्नो व्यहोरा लेखाई दिएको पाइन्छ भने सोही सिफारिश व्यहोराका आधारमा चिमडी गा.वि.स. कार्यालयले मोही नामसारीको लागि सिफारिशसमेत दिएको मिसिलबाट देखिन्छ ।

४. दावीको जग्गामा वादीको जोतभोग नहुँदा निज मोही हुनै सक्दैनन् भन्ने प्रतिवादीको पुनरावेदन जिकीर भए पनि सो जिकीरलाई भरपर्दो कागज प्रमाण पेश गरी प्रतिवादीले प्रमाणित गराउन सकेको अवस्था देखिँदैन । वादीले पेश गरेको १ नं. लगत र २ नं. अनुसूची जग्गा रहेको २ नं. वडाबाट प्रकाशित नभई अर्कै ३ नं. वडाबाट प्रकाशित भएको हुँदा वादीले पेश गरेको जग्गाको तथ्य नै पुष्टी भएको छैन भन्ने प्रतिवादीको पुनरावेदन जिकीर रहेको भएपनि फिराद दावीको जग्गा वादीले कमाएको होइन छैन भनी प्रतिवादीले कुनै तथ्ययुक्त कागज प्रमाण पेश गरी आफ्नो प्रतिउत्तर जिकीरलाई खण्डन गराउन सकेको अवस्था मिसिलबाट देखिँदैन ।

५. जग्गा रहेको वडाभन्दा फरक वडामा १ नं. लगत भरी २ नं. अनुसूची प्रकाशित भएकोले दावी जग्गाको वादी मोही हुनै नसक्ने प्रतिवादीले पुनरावेदनमा जिकीर लिएतर्फ हेर्दा यस अदालतबाट प्रकाशित बुलेटिन वर्ष ८, अङ्क २१, २०५६, पूर्णाङ्क १८३, पृष्ठ ११ मा प्रकाशित भानुभक्त काफ्लेविरुद्ध रामकुमार शाह भएको २०५१ सालको दे.पु.नं.२२७२ को मोही दर्ता नामसारी मुद्दामा "नापी आउनुभन्दा अगाडिदेखि नै जग्गा भोग गरी आएको अवस्थामा प्रकाशित भएको २ नं. अनुसूचीमा वडा नं. फरक परेको कारणले मात्र नामसारी गर्न इन्कार गर्न नहुने" भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । त्यस्तै वर्ष २०, अङ्क १८, २०६८, पूर्णाङ्क ४६८, पृष्ठ १८ मा प्रकाशित सत्यनारायण यादवविरुद्ध बिन्देश्वरी यादव भएको २०६४-CI-१०३६ को मोही नामसारी मुद्दामा "अर्कै ठाउँमा २ नं.अनुसूची प्रकाशन भएको भन्ने आधारमा मात्र मोही हक नामसारी नहुने भन्न नमिल्ने" (२०६० सालको दे.पु.नं ९२६९, अगहनियादेवी थरूनीविरुद्ध

सीताराम चौधरी कलवारसमेत, फैसला मिति २०६१।०१।११), "असम्बन्धित वडामा अनुसूची प्रकाशित भएको जग्गा विवादित जग्गा होइन भनी प्रतिवादीले प्रमाणित गर्न नसकेकोले दावीबमोजिम मोही नामसारी हुने" (२०५५ सालको दे.पु.नं ४३५४ मागैन यादव वि. रामबहादुर रमण, फैसला मिति २०६२।०७।११) भन्ने सिद्धान्त प्रतिपादन भएको देखिएकोले जग्गाको स्वरूप, कि.नं. जग्गाधनी र मोही फरक नपरेको स्थितिमा २ नं. अनुसूची फरक वडामा प्रकाशित भएको कारणले मात्र जहरू यादव मोही होइन भन्न नमिल्ने भन्ने व्याख्या भई सिद्धान्त प्रतिपादन भएको देखिन्छ । उल्लिखित मुद्दा र प्रस्तुत मुद्दाको विवादको प्रकृति एकै किसिमको देखिएको सन्दर्भमा जग्गा रहेको वडाभन्दा फरक वडामा २ नं अनुसूची प्रकाशित भएको मात्र कारणले वादी मोही हुनै नसक्ने भनी पुनरावेदक प्रतिवादीले लिएको जिकीरलाई उल्लिखित नजीर सिद्धान्तहरूबाट खण्डन भइरहेको देखिन्छ ।

६. मिसिल संलग्न रहेको फिल्डबुक, १ नं. लगत फाराम र २ नं अनुसूची मा उल्लेख भएको साविकमा वादीका बाबुले र बाबुको मृत्युपश्चात् प्रत्यर्थी वादी आफैँले जोती कमाई आएको भनेको जग्गा र हाल वादी दावीको कि.नं ५९ को जग्गा उही नभई फरक जग्गा भएको भए सोको भरपर्दो प्रमाण प्रतिवादीले पेश गरी पुष्टि गराउन सक्नुपर्नेमा सोसमेत गर्न सकेको मिसिलबाट देखिँदैन । वादी पक्षले जग्गाको लगत विवरण भरी बुझाउँदा जग्गा रहेको वडाभन्दा फरक वडामा बुझाएकै मात्र कारणले वर्षौंदेखि जोती कमाई आएको जग्गाबाट मोही हक स्वतः मेटिने भन्न न्यायका दृष्टीले समेत मिल्दैन । नेपाली समाज अझै पनि अर्धशिक्षित अवस्थामा रहेको पाईनुले आफ्नो हकप्रति सजग रहनुपर्ने सचेतनाको स्तरमा रहेको कमी कमजोरीलाई गरीब तथा निरक्षर जनताको हकमा भएको प्राविधिक त्रुटिलाई मात्र निर्णयमा निर्णयाधार बनाउन समन्यायको दृष्टिबाट समेत त्यति उचित मानिदैन । १ नं. लगत भरी फरक वडामा बुझाउँदैमा र २ नं.अनुसूचीसमेत फरक वडाबाट प्रकाशित भएको भन्ने प्राविधिक त्रुटिजन्य कारणलाई मात्र आधार बनाई वादीदावीको जग्गाको मोही प्रत्यर्थी वादी होईनन् भन्न न्यायको दृष्टिबाट समेत मिल्दैन । प्रत्यर्थी वादीलाई गाउँ सर्जमीनले समेत वादी दावीको जग्गाको मोही होइनन् भन्न सकेको अवस्था देखिँदैन ।

७. अतः जग्गाको लगत भर्दा वडा नं. फरक भएको भन्ने मात्र आधार देखाई फिराद दावी खारेज गर्ने गरेको शुरू भूमिसुधार कार्यालय, सुनसरीको खारेजी फैसला पुनरावेदन अदालत, विराटनगरले उल्टी गरी वादी दावीअनुसार मोही हकको प्रमाणपत्र पाउने ठहर्‍याई मिति २०६६।११।०४।३ मा गरेको फैसला यस अदालतबाट प्रतिपादित उल्लिखित नजीर सिद्धान्तसमेतका आधारमा मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्तैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या.सुशीला कार्की

इति संवत् २०७० साल वैशाख २७ गते रोज ६ शुभम्..
इजलास अधिकृत : बाबुराम सुवेदी

## निर्णय नं. ९०२४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की
२०६७-CI-१३७३
आदेश मितिः २०७०।३।२८।६

मुद्दा :- मोही नामसारी

पुनरावेदक वादीः जिल्ला सर्लाही, मलङ्गवा न.पा.वडा नं.३ बस्ने सोनमादेवी तेलिन
विरुद्ध
प्रत्यर्थी प्रतिवादीः ऐ.ऐ.वडा नं.७ बस्ने मकवुलरजा मंसुरी

शुरू फैसला गर्नेः
भूमिसुधार कार्यालय, सर्लाही
पुनरावेदन फैसला गर्नेः
मा.न्या.श्री लोकेन्द्र मल्लिक
मा.न्या.श्री टिकाबहादुर हमाल

- **एकाघरका पतिपत्नी एउटै जग्गाको जग्गाधनी र मोही हुन सक्ने नसक्ने सम्बन्धमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) "मोही" भन्नाले अरू जग्गावालाको जग्गा कुनै शर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफनो परिवारको श्रमले खेती गर्ने किसान सम्झनु पर्छ" भन्ने उल्लेख भएको पाइन्छ । यहाँ प्रयुक्त "अरू जग्गावालाको जग्गा कुनै शर्तमा कमाउन पाई" भन्ने शव्द प्रयोग भएबाट एकासगोलका व्यक्तिहरू एउटै जग्गाको धनी र मोही हुन नसक्ने ।**

(प्रकरण नं.२)

- **एउटै कित्ता नम्बरका जग्गाको एकासगोलकी पत्नी जग्गाधनी र निजका पति मोही हुन सक्ने अवस्था नदेखिँदा एकासगोलका पतिका नामको मोही नामसारी गरिपाउँ भन्ने जिकीर कानूनसङ्गत् नदेखिने ।**

(प्रकरण नं.३)

पुनरावेदक वादीतर्फबाटः
प्रत्यर्थी प्रतिवादी तर्फबाटः
अवलम्बित नजीरः
सम्बद्ध कानूनः
- भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख)

फैसला

**न्या.सुशीला कार्की**: पुनरावेदन अदालत, जनकपुरको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ :-

विपक्षीको नाम दर्ताको जिल्ला सर्लाही मलङ्गवा न.पा.वाड नं.३ कि.नं.५९१ को ०-२-० जग्गाको मोही मेरा सगोलको पति जयनारायण साह तेली भएकोमा निज २०५५।४।२५ मा परलोक हुनु भएको र सोपछि म एकमात्र श्रीमती हकदार भएकोले मैले जोत कोड गरी रहेको हुँदा मेरो नाममा मोही नामसारी गरिपाऊँ भनी वादीको मुख्य दावी ।

दावीको जग्गाको मोही निज वादीको साखै ससुरा रामचलीतर साह टेवुल मोही भएकोमा निजको मृत्यु भई दावीजग्गा वादीको पति जयनारायण साहले नामसारी गराएको र उक्त जग्गा मैले निज वादीबाट नै र.नं.९५६३ मिति २०४७।३।१३ मा रजिष्ट्रेशन गराएको हुँदा सगोलको मोही लगत कट्टा हुनु पर्ने हो मोही नामसारी हुनुपर्ने होइन भनी व्यहोराको प्रतिउत्तर पत्र ।

यसमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम दावी जग्गा निजको श्रीमती वादीको नाममा मोही नामसारी हुने ठहर्छ भनी मिति २०६५।७।५ मा भएको भूमिसुधार कार्यालय सर्लाहीको फैसला ।

जग्गाधनीले जग्गा पारित गरेपछि भोग र स्वामित्व सर्ने भएको र उही व्यक्ति जग्गा दाता एवं पति मोही रहन नसक्ने कानूनी व्यवस्थालाई समेत नाघेर मेरो साक्षी प्रमाणसमेत केही नबुझी सगोलको र सगोलका व्यक्तिका नाममा नामसारी हुने गरी गरेको फैसला बदर वातिल गरिपाऊँ भनी पुनरावेदक प्रतिवादीको पुनरावेदन पत्र ।

यसमा प्रत्यर्थी वादी जग्गाधनी रहेको अवस्थामा निजबाट पुनरावेदकको जग्गा खरीद गरेको देखिएको र सोही जग्गामा निजको पतिको नाउँमा मोही हक कायम भएको भनी मोही नामसारी गरेको क्रिया एकासगोलमा रहेको सदस्य जग्गाधनी र मोही दुवै हुन सक्ने नसक्ने विषयमा विश्लेषण गर्नुपर्नेमा सो नगरी मोही नामसारी गर्ने गरेको श्री भूमिसुधार कार्यालय सर्लाहीको २०६५।७।५ को निर्णय सो प्रश्नमा फरक पर्ने देखिँदा प्रत्यर्थी झिकाउनु भन्ने २०६६।३।२९ को आदेश ।

यसमा वादीको दावी मोही नामसारी गरिपाऊँ भन्ने निवेदन देखियो । उल्लेख भएको जग्गाको मोही वादीका पति जयनारायण साह तेली रहेको र सोही जग्गा वादी सोनमा देवीवाट पुनरावेदक मकवुलरजा मंसुरीले राजीनामा पारित गराई लिएको तथ्यमा कुनै विवाद देखिएन । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) बमोजिम एकै सगोलका व्यक्ति जग्गाधनी र मोही हुन नसक्ने हुँदा शुरू भूमिसुधार कार्यालय सर्लाहीबाट मोही नामसारी हुने ठहर्‍याई मिति २०६५।७।५ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दावीबमोजिमको जग्गाको मोही नामसारी नहुने ठहर्छ भन्ने पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।२।५ को फैसला ।

पुनरावेदन अदालत जनकपुरको उक्त फैसलामा चित्त बुझ्नेन भूमिसम्बन्धी ऐन, २०२१ लागू हुँदाका अवस्थामा जग्गाधनी सोनामी साह तेली र मोही रामचलितर साह सगोलमा नरहेको तथ्य प्रमाणबाट स्पष्ट रहेको छ । तत्कालीन अवस्थामा मोही कायम हुँदा जग्गाधनी र मोही सगोलका थिएनन् बेगल थिए । रामचलितर साहको २०३० सालमा मृत्यु भएपछि जयनारायण साहले विधिवतरूपमा मोहीहक प्राप्त गरेका हुन् । जयनारायण साहको २०५५ सालमा मृत्यु भएपछि निजकी पत्नी म पुनरावेदिकाले मोही हक प्राप्त गरेको हो । कानूनबमोजिम प्राप्त हक कानूनले समाप्त नगरेसम्म बीचबीचमै मेरो मोहीसम्बन्धी हक समाप्त हुन सक्तैन । पुनरावेदन अदालतको त्रुटिपूर्ण फैसला बदर गरी दावीको कि.नं.५९१ को जग्गामा मोहीहक सुरक्षित गरिपाऊँ भन्ने वादीको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेश भएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल कागजातहरू अध्ययन गरी हेर्दा प्रतिवादीका नाम दर्ताको जिल्ला सर्लाही मलङ्गवा न.पा. वडा नं.३ को कि.नं.५९१ को ०-२-० जग्गाको मोही मेरा पति जयनारायण साह तेली रहेको र निजको २०५५ सालमा मृत्यु भएपछि म वादी एकमात्र हकदार भएकाले सो जग्गा मोहीको हैसियतले जोतभोग गरी आएकाले मेरा नाममा मोही नामसारी गरिपाऊँ भन्ने वादी दावी र दाविको जग्गा र.नं.९५६३ मिति २०४७।३।१३ मा वादीबाट मैले रजिष्ट्रेशन पास गरी लिएको र सोही जग्गामा निजको पति जयनारायण साहबाट मोही नामसारी हुनुपर्ने होइ् भन्ने प्रतिउत्तर जिकीर भएको प्रस्तुत मुद्दामा श्री भूमिसुधार कार्यालय सर्लाहीबाट मोही नामसारी हुने ठहर्‍याएउपर प्रतिवादीको पुनरावेदन परी पुनरावेदन अदालत जनकपुरबाट शुरूको फैसला उल्टी गरी मोही नामसारी नहुने ठहर्‍याएउपर

वादीको प्रस्तुत पुनरावेदन पर्न आएको देखिन्छ । पुनरावेदन अदालतको फैसला मिलेको छ, छैन पुनरावेदन जिकीर पुग्न सक्ने हो होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. तत्सन्दर्भमा विचार गर्दा दावीको जिल्ला सर्लाही मलङ्गवा न.पा.वडा नं. ३ को कि.नं.५९१ को ज.वि.०-२-० जग्गा साविक जग्गाधनी सोनामी साह तेलीको नाममा दर्ता रहेकोमा उक्त जग्गा वादीको काका ससुरा गोकुल साह हुँदै यी वादी सोनमा देवीको र.नं.९५६३ को मिति २०४७।३।१३ लिखतबाट यी प्रतिवादीलाई राजीनामा पास गरी दिएको देखिन्छ । वादीले मोही नामसारी गरिपाऊँ भन्ने दावी लिएको कि.नं.५९१ को जग्गाको मोही यी वादीका पति जयनारायण साह भएको र निजको म एकमात्र हकदार भएकाले सो जग्गाको मोही नामसारी गरिपाऊँ भन्ने पुनरावेदन जिकीर रहेको पाइन्छ । जयनारायण साहकी पत्नी यी वादी सोनमादेवी भएकोमा विवाद देखिँदैन । एकाघरका पतिपत्नी एउटै कि.नं. ५९१ जग्गाको जग्गाधनी र मोही हुन सक्ने नसक्ने सम्बन्धमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) "मोही" भन्नाले अरू जग्गावालाको जग्गा कुनै शर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफनो परिवारको श्रमले खेती गर्ने किसान सम्झनु पर्छ" भन्ने उल्लेख भएको पाइन्छ । यहाँ प्रयुक्त "अरू जग्गावालाको जग्गा कुनै शर्तमा कमाउन पाई" भन्ने शब्द प्रयोग भएबाट एकासगोलका व्यक्तिहरू एउटै जग्गाको धनी र मोही हुन सक्ने अवस्था देखिएन ।

३. प्रस्तुत मुद्दामा कि.नं. ५९१ को जग्गाको जग्गाधनी यी वादी सोनमादेवी रहेकी र मोही जयनारायण उल्लेख भएको देखिन आयो । उल्लिखित कानूनी व्यवस्थाअनुसार एउटै कि.नं. ५९१ को जग्गाको एकासगोलका पत्नी सोनमादेवी जग्गाधनी र निजका पति जयनारायण मोही हुन सक्ने अवस्था नदेखिँदा एकासगोलका पतिका नामको मोही नामसारी गरिपाऊँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकीर कानूनसङ्गत देखिएन ।

४. तसर्थ, शुरू भूमिसुधार कार्यालय, सर्लाहीले मोही नामसारी हुने ठहऱ्याएको फैसला उल्टी गरी वादी दावी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।२।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकीर पुग्न सक्तैन । डायरीबाट प्रस्तुत मुद्दाको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या.ज्ञानेन्द्रबहादुर कार्की

इति संवत् २०७० असार २८ गते रोज ६ शुभम्
इजलास अधिकृत प्रेमप्रसाद न्यौपाने

## निर्णय नं. १०२५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रकाश वस्ती
माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की
०६७-CI-०८४०
फैसला मिति: २०७०।२।२२।४

मुद्दा : अंश चलन ।

पुनरावेदक वादी: रामेछाप जिल्ला, सालु गाउँ विकास समिति वडा नं. ६ घर भई हाल काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ७ चाबहिल बस्ने जयन्त खड्कासमेत

विरुद्ध

प्रत्यर्थी प्रतिवादी: रामेछाप जिल्ला, सालु गाउँ विकास समिति वडा नं. ६ हाल काठमाडौँ

जिल्ला, कपन गाउँ विकास समिति वडा नं. ३ बस्ने लोकबहादुर खड्काको मु.स. गर्ने निजको पत्नी ऐ.ऐ. बस्ने पुष्पा खड्का समेत

काठमाडौँ जिल्ला अदालत :-
मा.जि.न्या. श्री टेकनारायण कुँवर
पुनरावेदन अदालत पाटन :-
मा.न्या.श्री दीपकराज जोशी
मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा

- **सगोलका अंशियारमध्ये जसको नाममा सम्पत्ति भएपनि त्यो उसैको एकलौटी हुँदैन । कुन सम्पत्ति बण्डा लाग्ने र कुन नलाग्ने भन्ने कुराको मापदण्ड अंशबण्डाको १८ नं. हो ।**
- **एकाघर सँगका अंशियारमध्ये जोसुकैको नाममा रहेको सम्पत्ति सगोलको मानिने कुरा अनुमान हो र यो अनुमान पनि अन्यथा प्रमाणित भएमा कायम रहँदैन । तसर्थ, प्रमाण ऐन, २०३१ को दफा ६(क) का आधारमा दावी स्थापित हुने नभई विचाराधीन मुद्दामा प्रमाणका कडीमा यो अनुमान गरिने विषय मात्र हो । यस दफालाई अंशबण्डाको १८ नं. ले परिसीमित गर्ने ।**
- **पैतृक सम्पत्तिबाट बढे बढाएको सम्पत्ति नभएको कुरामा वादीको सहमति नै छ । केवल त्यो सम्पत्ति आर्जन गर्न आफ्नो पक्षको पनि योगदान छ भन्ने वादीको कथन रहेको छ । तर, प्रतिवादीको नोकरी, आधिकारिक माध्यमबाट भारतबाट रकम नेपाल पठाएको मिति र जग्गा किनिएको मितिसमेतले वादीको जिकीरलाई पुष्टि गर्न नसक्ने ।**

(प्रकरण नं.३)

पुनरावेदक वादीतर्फबाट: विद्वान अधिवक्ता सुदीप नेपाल
प्रत्यर्थी प्रतिवादीतर्फबाट:
अवलम्बित नजीर:
- *नेकाप* २०६९, भदौ, नि.नं.८८३०, पृष्ठ ७५८

सम्बद्ध कानून:
- प्रमाण ऐन, २०३१ को दफा ६(क)
- मुलुकी ऐन, अंशबण्डाको १८ नं.
- स्त्री अंशधनको महलको ५

फैसला

**न्या.प्रकाश वस्ती:** पुनरावेदन अदालत, पाटनको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतसमक्ष पुनरावेदन परी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार छ :-

हाम्रा जिजुबाजे ससुरा नैनबहादुरका तीन छोराहरूमा जेठा कुमाले खड्का, माहिला हामी फिरादीका बाजे ससुरा दीपबहादुर खड्का र कान्छा विपक्षी लोकबहादुर खड्का हुनुहुन्छ । जिजुबाजे तथा ससुराको देहान्त भैसकेको छ । उहाँका तीन छोरामध्ये जेठा कुमाले र निजको पत्नी नि:सन्तान अवस्था मै परलोक भएको, दीपबहादुर र निजको पत्नी तुलसादेवी २०४८ सालमा परलोक हुनु भएको, निजका दुई छोरी र एक छोरा हुनु भएकोमा छोरीको अघि नै विवाह भैसकेको छ । छोरो मधुसुधन जो हामी फिरादीको पिता तथा पति हुनुहुन्छ, उहाँको पनि २०५८ सालमा परलोक भयो । तत्पश्चात् मेरा दुई छोरी सरिता तथा बबिताको विवाह भैसकेको छ । एक छोरा म जयन्त अविवाहित नै रहेको छु । जिजुबाजेको सम्पत्तिमा हामी अंशियारहरूबीच हालसम्म अंशबण्डा भएको छैन । नैनबहादुरका जेठा छोरा नि:सन्तान भै परलोक हुनुभएका कुमालेको नाउँको सम्पत्तिसमेत विपक्षीको नै जिम्मा रहेको छ । हामीले आफ्नो अंश माग गर्दा विपक्षीले हाम्रो अंश दिन इन्कार

गरेकाले दुई भागको एक भाग अंश छुट्याई अड्डैबाट चलनसमेत चलाई पाऊँ भन्नेसमेत व्यहोराको वादीको फिराद दावी ।

विपक्षीले दिएको फिराद दावी झूट्टा हो । २०५२ सालमा विपक्षीका पति पिताले अंश बुझी गरिदिएको घरायसीको अंश भरपाई हामीहरूसँग छ । सो भरपाईउपर निजको जीवनकालमा निजले कुनै उजूरबाजूर गर्न नसकी त्यसमा चित्त बुझाई बसेको अवस्था रहेको छ । विपक्षीको पिता पतिको पालामै विपक्षीका पति पिता मसमेतका अंशियारहरूबाट छुट्टी भिन्न भै बसिसकेको प्रमाणित हुने अकाट्य प्रमाण भएकोले विपक्षीको झूठा फिराद दावी खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीको प्रतिउत्तर पत्र ।

आदेशबमोजिम वादी प्रतिवादीका साक्षीहरूले गरेको बकपत्र तथा वादीले अदालतमा गरेको सनाखत बयान मिसिल सामेल रहेको ।

आदेशबमोजिम वादी प्रतिवादीले पेश गरेको तायदाती फाँटवारी मिसिल सामेल रहेको ।

मिसिल संलग्न कागज प्रमाणबाट हाल काठमाडौँ महानगरपालिका साविक कपन गाउँ विकास समिति वडा नं. ३ कि.नं. २०१ र ऐ.ऐ. को कि.नं. ११५७ को जग्गा तथा सोमा बनेको घरसमेत यी प्रतिवादी लोकबहादुर खड्काको बण्डा नलाग्ने निजी आर्जनको ठहर्ने अवस्था देखिएन । प्रतिवादीले नाता सम्बन्धमा कुनै विवाद नगरेको वादी प्रतिवादी रीतपूर्वक छुट्टी भिन्न भएको भन्ने कुनै प्रमाण प्रतिवादीले पेश गर्न नसकेको र एकासगोलमा रहे भएकै अवस्थामा आर्जन भएको सम्पत्तिलाई अंशबण्डाको १८ नं. अनुसार सगोलको खेती, उद्योग समेतबाट बढे बढाएको बण्डा लाग्ने सम्पत्ति मान्नुपर्ने भएबाट वादीले अंश पाउने देखिन आएकाले तायदाती फाँटवारीमा उल्लिखित सम्पूर्ण चल अचल सम्पत्तिलाई दुई भाग लगाई वादीले एक भाग अंश छुट्याई चलनसमेत चलाई पाउने ठहर्छ भन्ने शुरू काठमाडौँ जिल्ला अदालतबाट भएको मिति २०६५।१२।२ को फैसला ।

विवादित कि.नं. ११५७ र ऐ. कि.नं. २०१ को जग्गा तथा सो जग्गामा बनेको घर म पुनरावेदकले भारतमा लामो समयसम्म सरकारी सेवामा काम गरी आर्जन गरेको सम्पत्तिबाट आर्जन गरेको हो । मुलुकी ऐन, अंशबण्डाको १८ नं. मा कुनै अंशियारले आफ्नो ज्ञान सीप वा प्रयासबाट आर्जन गरेको सम्पत्ति निजी ठहरी आफूखुशी गर्न पाउँदछ, त्यस्ता सम्पत्ति अन्य अंशियारलाई बण्डा गर्न कर लाग्दैन भन्ने कानूनी व्यवस्था हुँदा उक्त कानूनी व्यवस्थाको गलत व्याख्या गरी मैले आफ्नो श्रम सीप लगाई आर्जन गरेको सम्पत्तिबाट खरीद गरेको निजी आर्जनको जग्गा र सोमा बनेको घरलाई सगोलको मानी मुलुकी ऐन, अंशबण्डाको १८ नं. एवं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल हुने गरी शुरू काठमाडौँ जिल्ला अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी मेरो पुनरावेदन तथा प्रतिउत्तर जिकीरअनुसार गरिपाऊँ भन्नेसमेत व्यहोराको लोकबहादुर खड्काको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र ।

यसमा पुनरावेदकका नाउँमा भारतीय स्टेट बैंकबाट प्राप्त हुन आएको रकम सम्बन्धमा कुनै विवेचना नै नगरी भएको शुरूको फैसला विचारणीय देखिँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधि व्यतीत भएपछि नियमानुसार गरी पेश गर्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।३ को आदेश ।

वादी प्रतिवादीका बीच अंशियार नाता सम्बन्धको विषयमा विवाद नदेखिएको, अंशबण्डा भैसकेको अवस्था पनि नरहेको र मूल पुरुष नैनबहादुरका तीन छोराहरूमध्ये जेठो कुमाले खड्का, निजकी पत्नीसमेत निःसन्तान अवस्थामा नै परलोक भएको भन्ने देखिन आएकाले दीपबहादुर

र लोकबहादुर दुई भाइ वा निजतर्फका अंशियार सन्तान रहेको देखिँदा वादीले दुई भागको एक भाग अंश दिलाई चलनसमेत पाउने नै देखिन आयो । अंशबण्डा लाग्ने सम्पत्तिका सम्बन्धमा विचार गर्दा तायदाती फाँटवारीमा उल्लेख भएबमोजिमको रामेछाप जिल्ला, सालु गाउँ विकास समिति वडा नं. ७(ग) कि.नं. ९५ क्षेत्रफल १४-३-२-० जग्गा यी वादी प्रतिवादीको पितापुर्खाकै पालादेखिको पैतृक सम्पत्ति भन्ने देखिएको हुँदा सो कि.नं. ९५ को जग्गा अंश भाग बण्डा लाग्ने नै देखियो । पुनरावेदक प्रतिवादीले उल्लिखित जग्गा बण्डा लाग्ने कुरालाई सारतः स्वीकार गरेको अवस्था देखिँदा उक्त कि.नं. ९५ को जग्गा बण्डा लाग्ने ठहर गरेको शुरू फैसला मनासिब देखिन आयो । नोकरी गरी प्राप्त गरेको सम्पत्ति निजी आर्जनको मानिने हुनाले त्यस्तो सम्पत्ति मुलुकी ऐन, अंशबण्डाको महलको १८ नं. बमोजिम बण्डा गर्न कर नलाग्ने हुँदा काठमाडौँ कपन गाउँ विकास समिति वडा नं. ३(क) कि.नं. २०१ र ११५७ को जग्गा र घरसमेत बण्डा लगाउने गरी भएको शुरू काठमाडौँ जिल्ला अदालतको मिति २०६५।१२।२ को फैसला सो हदसम्म उल्टी भई उल्लिखित कि.नं. २०१ र ११५७ को जग्गा र सोमा रहेको घरबाहेक अन्य सम्पत्तिको दुई भागको एक भाग अंश वादी शारदा खड्कासमेतले प्रतिवादी लोकबहादुर खड्काबाट छुट्याई लिई चलनसमेत चलाई पाउने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६७।२।१८ को फैसला ।

मुलुकी ऐन, अंशबण्डाको १८ नं. मा मानो नछुट्टिई सँग बसेका अंशियार छन् भने जुनसुकै अंशियारले सगोलको सम्पत्तिबाट वा सगोलको खेती उद्योग व्यापार व्यवसायबाट बढे बढाएको सगोलको आर्जन र लेनदेन व्यवहारको ८ नं. बमोजिम लगाएको ऋण सबै अंशियारलाई भाग लाग्छ भन्ने स्पष्ट व्यवस्था रहेको छ । साथै प्रमाण ऐन, २०३१ को दफा ६(क) मा अन्यथा प्रमाणित नभएसम्म एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नेछ भन्ने स्पष्ट व्यवस्था छ । हामी वादी प्रतिवादी छुट्टी भिन्न नभई सगोलमा नै रहे भएको अवस्थामा खरीद भएको जग्गा आफ्नो नाउँमा खरीद गर्दैमा स्वआर्जनबाट खरीद गरेको निजी वा एकलौटी भन्न मिल्दैन । जेठो कुमाले खड्का, माहिलो दीपबहादुर खड्का र कान्छो प्रतिवादी लोकबहादुर खड्का तीनै दाजु भाई भारतमा नोकरी गरी बसेका र सो नोकरी गरी बसेको कुरालाई प्रतिवादीले समेत समर्थन गरी रहनु भएको छ । यसरी नोकरी गरी तीनै दाजु भाइले आर्जेको रकम जेठा कुमाले खड्कासँग रहेको र कुमाले खड्का अन्तिम समयमा उक्त सम्पूर्ण रकम लिई स्वदेश आउँदा विभिन्न माध्यमबाट रकम पठाएको हो । पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।२।१८ मा काठमाडौँ जिल्ला कपन गाउँ विकास समिति वडा नं. ३ क कि.नं. २०१ र ११५७ को जग्गा र घरसमेत बण्डा नलाग्ने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला उल्टी गरी काठमाडौँ जिल्ला अदालतको फैसला सदर गरिपाऊँ भन्नेसमेत व्यहोराको वादीहरूको पुनरावेदन पत्र ।

नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सुदीप नेपालले सगोलमा रहेको अवस्थामा वादी प्रतिवादीले आर्जित गरेको रकमबाट खरीद गरेको कि.नं. २०१ र ११५७ को जग्गा घरमा सबै अंशियारको अंश लाग्नेमा उक्त जग्गा घर बण्डा नलाग्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर हुनुपर्ने भनी गर्नु भएको बहससमेत सुनियो ।

पुनरावेदक वादीतर्फबाट उपस्थित कानून व्यवसायीले गर्नुभएको बहससमेत सुनी पुनरावेदनसहितको सम्पूर्ण मिसिल अध्ययन गरी विचार गर्दा पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको छ छैन, पुनरावेदक वादीको

पुनरावेदन जिकीरबमोजिम हुने हो होइन सोही विषयमा निर्णय दिनुपर्ने देखियो ।

२. यसमा जिजुबाजे नैनबहादुरका तीन छोरामा जेठा कुमाले खड्का र निजकी श्रीमतीसमेत निःसन्तान अवस्थामा परलोक माहिला फिरादीको परलोक बाजे तथा ससुरा स्व.दीपबहादुर खड्का र कान्छा प्रतिवादी लोकबहादुर खड्का भई दुई भागको एक भाग अंश छुट्याई पाऊँ भन्ने वादी दावी रहेको पाइन्छ । वि.सं. २०५२ सालमा विपक्षीका पति पिताले अंश बुझी लिई घरायसी अंश भरपाई गरी दिएको हुँदा बण्डा हुनुपर्ने होइन भन्नेसमेत प्रतिउत्तर जिकीर भएको प्रस्तुत मुद्दामा वादी दावीबमोजिमको सम्पत्तिबाट वादीले बण्डा पाउने ठहर्‍याई शुरू जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी प्रतिवादीको नाममा रहेका कि.नं. २०१ र ११५७ को सम्पत्तिसम्म बण्डा नलाग्ने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसलाउपर वादीको सो सम्पत्ति बण्डा लाग्नुपर्ने भन्दै प्रस्तुत पुनरावेदन परेको देखियो । कि.नं. २०१ र ११५७ को घर जग्गा प्रतिवादीको निजी आर्जनको हो होइन र सोबाट वादीले अंश पाउने नपाउने के हो सो सन्दर्भमा नै निर्णय दिनुपर्ने देखियो ।

३. उपरोक्त सम्पत्ति प्रतिवादीको नाममा रहेको कुरामा विवाद छैन । तर, सगोलका अंशियारमध्ये जसको नाममा सो सम्पत्ति भएपनि त्यो उसैको एकलौटी हुँदैन । कुन सम्पत्ति बण्डा लाग्ने र कुन नलाग्ने भन्ने कुराको मापदण्ड अंशबण्डाको १८ नं. हो । वादीहरूले सो सम्पत्ति बण्डा लग्नुपर्ने मागका सम्बन्धमा औँल्याएको प्रमाण ऐन, २०३१ को दफा ६(क) सारभूत कानून नहुँदा सान्दर्भिक छैन । एकाघरसँगका अंशियारमध्ये जोसुकैको नाममा रहेको सम्पत्ति सगोलको मानिने कुरा अनुमान हो र यो अनुमान पनि अन्यथा प्रमाणित भएमा कायम रहँदैन । तसर्थ, प्रमाण ऐन, २०३१ को दफा ६(क) का आधारमा दावी स्थापित हुने नभई विचाराधीन मुद्दामा प्रमाणका कडीमा यो अनुमान गरिने विषय मात्र हो । यस दफालाई अंशबण्डाको १८ नं. ले परिसीमित गर्दछ । विवादित सम्पत्ति पैतृक नभएकोमा विवाद छैन । पैतृक सम्पत्तिबाट बढे बढाएको सम्पत्ति पनि यो होइन भन्ने कुरामा पनि वादीको सहमति नै छ । केवल त्यो सम्पत्ति आर्जन गर्न आफ्नो पक्षको पनि योगदान छ भन्ने वादीको कथन रहेको छ । तर, प्रतिवादीको नोकरी, आधिकारिक माध्यमबाट भारतबाट रकम नेपाल पठाएको मिति र जग्गा किनिएको मितिसमेतले वादीको जिकीरलाई पुष्टि गर्दैन । वादी पक्षबाट कुनै प्रमाण पेश हुन नसकेको र प्रतिवादी पक्षबाट पेश भएका प्रमाणलाई अंशबण्डाको १८ नं. मा भएका व्यवस्थाको परिप्रेक्ष्यमा प्रस्तुत विवादको निरोपण गर्नुपर्ने अवस्था छ ।

४. अंशियारहरूको नाममा दर्ता रहेको के कस्तो सम्पत्ति अंशियारहरूबीच बण्डा लाग्ने र के कस्तो सम्पत्ति निजी ठहरी बण्डा नलाग्ने आफूखुशी गर्न पाउने भन्ने सन्दर्भमा भएको कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन, अंशबण्डाको महलको १८ नं. मा मानो नछुट्टिई सँगबसेका अंशियार छन् भने जुनसुकै अंशियारले सगोलको सम्पत्तिबाट वा सगोलको खेती, उद्योग, व्यापार, व्यवसायबाट बढे बढाएको सगोलको आर्जन र लेनदेन व्यवहारको ८ नम्बरबमोजिम लगाएको ऋण सबै अंशियारको भाग लाग्छ । सोबाहेक कुनै अंशियारले आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंश धनको महलको ५ नम्बरबमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुशी गर्न पाउँछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ ।

५. प्रतिवादीले प्रतिउत्तर फिराउँदा काठमाडौँ जिल्ला, कपन गाउँ विकास समिति वडा नं. ३क कि.नं. २०१ र ११५७ को जग्गा लामो समयसम्म भारतमा सरकारी सेवामा सेवारत्

रही निजी आर्जनको रूपैयाँबाट जग्गा खरीद गरी घर निर्माण गरेको हुँदा सो जग्गा घर बण्डा नलाग्ने भनी निजले भारतमा काम गरी निवृत्तिभरण पाउने गरी सेवाबाट निवृत्त भएको देखिने कागजातहरूको फोटोकपी पेश गरेको देखिन्छ । प्रतिवादीले पेश गरेको "State Bureau of Educational & Vocational Guidance Punjab" को पत्रबाट निजले सो कार्यालयमा २२।११।१९६५ देखि ३०।११।१९९९ सम्म ३४ वर्ष काम गरी निवृत्तिभरण पाउने गरी सेवा निवृत्त भएको देखिन्छ । निजले ३०।११।१९९९ मा अवकाश लिएपश्चात् २४ मार्च २००० मा "State Bank of India" बाट 'Nepal SBI Bank Ltd.' मार्फत् भुक्तानी लिने गरी आफ्नो नाममा भा.रु. रू.२,८०,०००।- स्थानान्तरण गरेको देखियो । सो मिति २४ मार्च २००० लाई वि.सं. मा परिणत गर्दा २०५६ चैत ११ हुन आउँछ । सो रकम प्रतिवादीले "SBI Bank Ltd." मार्फत् नेपालमा भुक्तानी लिएको मितिभन्दा पछि अर्थात् मिति २०५७।२।४ मा राजीनामा लिखतमार्फत् जिल्ला काठमाडौँ कपन गाउँ विकास समिति वडा नं. ३क को कि.नं. २०१ को ०-५-१० जग्गा रू.१०,०००।- मूल्य कायम गरी आफ्नै नाममा खरीद गरी लिएको पेश भएको राजीनामा लिखतबाट देखिन्छ । मिति २०५९।७।१५ मा निज प्रतिवादीले सो कि.नं. २०१ को उत्तरतर्फ कि.नं. ११५७ को ०-०-३-० जग्गासमेत आफ्नै नाममा राजीनामाबाट लिएको देखिन्छ । प्रतिवादीले उक्त कि.नं. २०१ को जग्गा खरीद गरी लिएपश्चात् गाउँ विकास समितिको कार्यालय कपनमा घर निर्माण गर्न स्वीकृत पाऊँ भनी निवेदन दिई सो कार्यालयको मिति २०५७।७।२५ को पत्रानुसार कि.नं. २०१ को ०-५-१० जग्गामा एक तल्लाको चार कोठे घर निर्माण गर्न अनुमति प्राप्त भई घर निर्माण भएको देखिन्छ ।

६. वैदेशिक रोजगारमा अरबमा रहेको छोराले आधिकारिक माध्यमबाट रकम पठाएको मिति र निजका बाबुका नाममा जग्गा खरीद भएको मितिको विश्लेषण गर्दै यो सम्पत्ति अंशबण्डाको १८ नं. अनुरूप निजी आर्जनको मानी अंश गरिन बाध्य पार्न नसकिने मान्यता यस अदालतले *नेकाप* २०६९, भदौ, नि.नं. ८८३०, पृष्ठ ७५८ मा स्थापित गरिसकेको छ । उक्त निर्णयमा भनिएको छ, "पैतृक सम्पत्तिसँग कुनै सम्बन्ध नगाँसिने र परिवारका अन्य सदस्यको सो सम्पत्ति आर्जनमा कुनै योगदान आँक्न नसकिने सम्पत्ति बण्डा गर्न कर नलागोस् भन्ने नै अंशबण्डाको १८ नं. को आशय हो । विदेशमा रहेको आफ्नो छोराको आर्जनबाट आफ्नो नाममा खरीद भएको सम्पत्ति पनि निजी श्रम, सीप र प्रयासमध्ये प्रयासको आर्जन भएबाट सोबाट अंश दिन बाध्य बनाउनु अंशबण्डाको १८ नं. प्रतिकूल हुन जान्छ" । प्रस्तुत विवादको सम्पत्ति त प्रतिवादीको श्रमको आर्जन मान्नु पर्ने हुन्छ ।

७. यसरी प्रतिवादी लोकबहादुर खड्काले भारतमा ३४ वर्षसम्म नोकरी गरी निवृत्तिभरण पाउने गरी सेवाबाट अवकाश पाएको देखिएको र आफू कार्यरत् रहेको कार्यालयबाट रकम प्राप्त गरी सोपश्चात् जग्गा खरीद गरी घर निर्माण गरेको देखिन्छ । पुनरावेदक वादीले हामी समेतको आर्जनको सम्पत्तिबाट दावीको जग्गा खरीद गरी घर निर्माण गरेको हुँदा सो जग्गा घरमा पुनरावेदक वादीको समेत बण्डा लाग्नु पर्ने भनी जिकीर लिएतापनि पुनरावेदक वादीको समेत सम्पत्ति सो घर जग्गामा परेको पुष्टि हुने कुनै आधार प्रमाण पुनरावेदक वादीबाट पेश हुन सकेको देखिँदैन ।

८. अतः कि.नं. २०१ र ११५७ को जग्गा प्रतिवादी लोकबहादुर खड्काले भारतमा नोकरी गरी कमाएको रकमबाट खरीद गरी सो जग्गामा घर निर्माण गरेको देखिँदा प्रतिवादीको निजी आर्जनको रकमबाट जग्गा खरीद गरी सोमा निर्माण भएको घरमा अन्य अंशियारको अंशहक लाग्न नसक्ने भएकोले सो जग्गा घर सगोलको सम्पत्ति हो भनी अनुमान गर्न नमिल्ने हुँदा मुलुकी ऐन, अंशबण्डाको १८ नं. बमोजिम सो सम्पत्ति

प्रतिवादीको निजी ठहरी आफूखुश गर्न पाउने हुँदा उल्लिखित कि.नं. २०१ र ११५७ जग्गा र सोमा रहेको घरबाहेक अन्य सम्पत्तिको दुई भागको एक भाग अंश वादीले पाउने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।२।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकीर पुग्न सक्दैन । अरूमा तपसीलबमोजिम गर्नू ।

तपसील

माथि इन्साफ खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत, पाटनबाट भएको फैसला सदर हुने ठहर भएकोले शुरू जिल्ला अदालतमा वादीले कोर्टफी पछि बुझाउने गरी सुविधा लिई वादीले नपुग कोर्टफी रू.२२,०१०।- बुझाउन बाँकी देखिएकोमा सो रकम र वादीले शुरूमा दाखिल गरेको कोर्टफी रकम रू.२००।- समेत जम्मा कोर्टफी रू.२२,२१०।- प्रतिवादीले पुनरावेदन गर्दा पुनरावेदन अदालत, पाटनमा मिति २०६५।५।२३ मा र.नं. ०६८ मा धरौटी राखेको देखिएकोमा सो कोर्टफी सम्बन्धमा पुनरावेदन अदालत, पाटनले फैसलामा केही बोलेको नदेखिँदा सो रकममध्ये रू.२२,०१०।-कोर्टफी रकम सदर स्याहा गर्नु र रू.२००।- कोर्टफी फिर्ता पाऊँ भनी ऐनका म्यादभित्र वादीको दरखास्त परे कुनै दस्तूर नलिई सो रकम रू.२००।- वादीलाई दिनु भनी पुनरावेदन अदालत, पाटनमा लेखी पठाउनू - १

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू --- २

उक्त रायमा सहमत छु ।

न्या.ज्ञानेन्द्रबहादुर कार्की

इति संवत् २०७० साल जेठ २२ गते रोज ४ शुभम्
इजलास अधिकृत : कृष्णप्रसाद पौडेल

## निर्णय नं. ९०२६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रकाश वस्ती
माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की
०६६-CR-०३८४, ०१२०
फैसला मिति: २०७०।२।२९।४

मुद्दा :- कर्तव्य ज्यान ।

पुनरावेदक प्रतिवादी: जिल्ला सुर्खेत, मेहेलकुना गाउँ विकास समिति वडा नं. २ घर भई हाल कारागार कार्यालय, पाल्पामा थुनामा रहेका कमल कामी

विरुद्ध

प्रत्यर्थी वादी: ठमनबहादुर गुरुङको जाहेरीले नेपाल सरकार

शुरू फैसला गर्ने :-
मा.न्या.श्री दीपेन्द्र अधिकारी
पुनरावेदन फैसला गर्ने :-
मा.न्या.श्री विश्वनाथ जोशी
मा.न्या.श्री निर्मलकुमार ढुङ्गाना

- **पहिला सामान्य विवाद भए पनि सोही विवादलाई जरिया बनाई समयको अन्तरालपछि योजनाका साथ बाटोमा लुकी छिपी बसी आक्रमण गरिएको छ । विवाद भएको ठाउँबाट आफ्नो घर गई रिसइबी साध्ने मनस्थितिका साथ आई घटना घटाएको स्थिति हुँदा तत्कालको आवेगमा घटना हुन पुगेको भन्ने देखिँदैन । विवाद भएको तात्कालीक समयमा घटना भएको छैन । विवाद सिर्जना भएको समय र वारदातको समयको अन्तराल लामो**

भएको अवस्थामा क्षणिक क्षति हुने वा आत्मनियन्त्रण गुम्न जाने स्थिति हुँदैन । आत्मनियन्त्रण गुमेको समयमा नै घटनाले पूर्णता पाइसकेको अवस्थामा केही विचार नै गर्न पाएको नहुने ।

- ज्यानसम्बन्धी महलको १४ नं.मा "उसै मौकामा उठेको रिस थाम्न नसकेको" भन्ने शब्दावलीले समयको तत्वलाई इङ्गीत गर्दछ । बिहान १० बजे उठेको रिसको परिणति अपरान्ह ४ बजे हुने क्रियालाई ज्यानसम्बन्धीको १४ नं.ले सम्बोधन गरेको मान्न नमिल्ने ।
- समयको अन्तरालमा रिस शिथिल हुने, अपराध गर्न नहुने कुरामा सचेतता बढ्ने स्थिति हुन्छ । रिस उठेको तत्काल गरिने कार्यमा व्यक्तिले सोच्न नभ्याउने, कुनै योजना बनाउन नभ्याउने स्थिति महसूस गरी यस्तो अवस्थामा हुने ज्यानसम्बन्धी अपराधको सजायमा १० वर्ष मात्र कैदको सहुलियतपूर्ण व्यवस्था गरेकाले ज्यानसम्बन्धी १४ नं.को प्रयोग गर्नु पर्दा न्यायकर्ताले थाम्न नसकिने प्रकृतिको रिस उठेको समय र कसूर सम्पन्न भएको समयको अन्तरालको पक्षमा विचार गर्नैपर्ने ।

(प्रकरण नं.९)

- पीडितको कारणबाट उत्पन्न हुने आवेशको अवस्था त्यो हदसम्मको हुनुपर्ने मानिन्छ, जुन अवस्थामा सामान्य सुझबुझ भएको मानिस (Reasonable Person) समेत उत्तेजित हुन्छ र आफ्नो उत्तेजित अवस्थालाई नियन्त्रण गर्न सकिरहेको हुँदैन । यस्तो उत्तेजना पीडितको क्रियाकलापबाट अचानक (Sudden) उत्पन्न भई त्यसको आवेशले क्षणिकरूपमा (Temporarily) आत्मनियन्त्रण गुमाएको हुनुपर्ने ।

(प्रकरण नं.११)

- आत्मनियन्त्रण गुमाउने अवस्था थियो थिएन भन्ने कुरा गणितीय हिसाबमा आँकलन गर्न नसकिए पनि यो कुनै घटना, परिस्थिति तथा मानवीय संवेदनशीलता जस्ता कुरामा भर पर्ने हुन्छ । यस्तो आवेशको अवस्था हुन आफैंले केही कुरा गरी पीडितबाट आफूलाई उत्तेजित पार्ने कार्य (Self–induce Provocation) गरेको भन्न नहुनुका साथै पीडितको क्रियाकलापबाट उत्तेजित भए पनि त्यो उत्तेजना शान्त भएको (Cooling of Blood) अवस्थाले पनि आवेशको स्थितिलाई वर्जित गर्ने ।

(प्रकरण नं.१२)

वादीतर्फबाट: विद्वान सहन्यायाधिवक्ता रेवतीराज त्रिपाठी

प्रतिवादीतर्फबाट: विद्वान अधिवक्ता विष्णुप्रसाद खनाल

अवलम्बित नजीर:

- *नेकाप* २०५९, कात्तिक/मङ्सिर, नि.नं. ७११८, पृष्ठ ५०१
- *नेकाप* २०६६, असोज, नि.नं. ८१६७, पृ. ९४०

सम्बद्ध कानून:

- मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१), १४ र १७(३)

फैसला

**न्या.प्रकाश वस्ती:** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम वादी नेपाल सरकार

र प्रतिवादी कमल कामीसमेत दुवै पक्षको तर्फबाट पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

मिति २०६३।३।३२ गते बिहान अन्दाजी १०.०० बजे मेरो भतिजा बालकृष्ण गुरुङ र म जाहेरवाला जिल्ला सुर्खेत, मेहेलकुना गाउँ विकास समिति वडा नं. २ पुल बजारस्थित भीमकुमारी गुरुङको घरमा भेट गर्न गएका थियौं । हामीहरू भीमकुमारी गुरुङको घरमा नास्ता खाई बसिरहेको अवस्थामा कमल कामी र मनबहादुर वि.क. मदिरा सेवन गरी आएका थिए । के विषयमा हो भतिजा बालकृष्ण गुरुङको कमल कामी र मनिष वि.क.का बीच झगडा भएको थियो । सो झगडा गाउँले र मसमेत भई छुट्याएपछि निजहरू आफ्नो घरतर्फ लागेका थिए तर, निजहरूले सोही झगडालाई इबी लिई हामी फर्कने बाटोको जङ्गलमा कुरेर बसेका रहेछन् । सुर्खेत, मेहेलकुना गाउँ विकास समिति वडा नं. २ को भेरी नजिक भतिजा बालकृष्ण गुरुङले दिसा लाग्यो भनेकाले म भेरी पुलमा काम गर्ने सुर्खेत घुमखहरे गाउँ विकास समिति वडा नं. ९ बस्ने रामबहादुर पौडेलसँग कुरा गरी बसिरहेको थिएँ । मिति २०६३।३।३२ गते अन्दाजी ४.०० बजे भतिजा बालकृष्ण गुरुङ आफ्नो पैन्ट कस्दै गर्दा लुकी बसेका कमल कामीले चक्कुले भतिजा बालकृष्ण गुरुङलाई निधारमा प्रहार गरे । मनबहादुर वि.क.ले ढुङ्गाले कञ्चटमा प्रहार गरेपछि भतिजा बालकृष्ण गुरुङ भूईंमा लडे र अन्यायीहरू त्यहाँबाट भागे । भतिजालाई उपचारका लागि वीरेन्द्रनगरतर्फ ल्याउँदै गर्दा बाटोमा नै मृत्यु भएकोले कमल कामीले चक्कुले र मनिष वि.क. ले ढुङ्गाले प्रहार गरेका सोही पीडाबाट भतिजा बालकृष्ण गुरुङको मृत्यु भएकाले कमल कामी र मनबहादुर वि.क.लाई पक्राउ गरी कानूनी कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

जिल्ला सुर्खेत, मेहेलकुना गाउँ विकास समिति वडा नं. २ स्थित पूर्वमा तीर्थ वादीको जग्गा, पश्चिम भेडावारी जाने झोलुङ्गे पुल तथा भेरी नदीको डील, उत्तरमा नरवीर वि.क. को मकैबारी र दक्षिणमा नरवीर वि.क. को मकैबारी यति चारकिल्लाभित्र मिति २०६३।३।३२ गते अन्दाजी ४.३० बजे मेहेलकुना गाउँ विकास समिति वडा नं. २ बस्ने कमल कामी र मनबहादुर वि.क.ले सुर्खेत गाउँ विकास समिति वडा नं. ४ बस्ने बालकृष्ण गुरुङलाई धारिलो हतियार प्रहार गरी घाइते बनाएको स्थानको छेउछाउको घाँसहरू मडारिएको, धारो, पातमा रगत जस्तो देखिने तरल पदार्थ उठाउन नसकिने अवस्थामा रहेको देखिएको भन्ने व्यहोराको घटनास्थल मुचुल्का ।

जिल्ला सुर्खेत, मेहेलकुना गाउँ विकास समिति वडा नं. १ स्थित पूर्वमा चूडामणि शर्माको घर, पश्चिममा डीलबहादुर बी.सी.को घर, उत्तरमा धनबहादुर वलीको घर, दक्षिणमा छिन्चु जाजरकोट सडक यति चारकिल्लाभित्र दक्षिण मोहडा भएको टुवल चौडेको पक्की घरमा रमेश फार्मेसी लेखिएको बोर्ड भएको औषधि पसल, सो औषधि पसलको पश्चिमतर्फ भित्र जाँदा दक्षिण उत्तर मोहडा भएको कोठामा पूर्व टाउको, पश्चिम खुट्टा, स्ट्रेचरमा उत्तानो परी मृत अवस्थामा बालकृष्ण गुरुङको शव रहेको चारकिल्लासहितको लास प्रकृति मुचुल्का ।

म कमल कामी र मेरो साथी मनिष वि.क. सँगै बसी मासु रक्सी खाँदैरहेको अवस्थामा अन्य व्यक्तिहरूको चिनजानकै क्रममा विवाद भएकै कारण मृतकलाई रिसइबी साध्ने मनस्थिति भएकाले साथी मनिष वि.क. र मसमेत त्यहाँबाट हिँडी मनिष वि.क.को घरमा गई कुटपीट गर्ने योजना बनाई घरबाट निस्की मकैबारीको बाटो हुँदै भेडाबारी गाउँ जाने भेरी नदीको झोलुङ्गे पुलमा बस्यौं । मिति २०६३।३।३२ गते ४.३० बजे मृतक बालकृष्ण गुरुङ र निजको साँहिलो बुबा आउँदै गरेको देख्यौं । मृतक दिसा गर्न भनी नजिकै झाडीमा गई दिसा बस्न थाले । मृतक आई पुग्नासाथ हामीले कुटपीट गर्न थाल्यौं ।

मैले निज मृतक बालकृष्ण गुरुङलाई सानो खुकुरीले प्रहार गर्दा निजको बायाँ आँखीभौँमाथि लाग्न गई निज लडी बेहोस् भएपछि हामी दुवैजना भाग्न सफल भयौँ । मैले प्रहार गरेको खुकुरी भीम वादीको घर नजिकै झाडीमा फालिदिएको हुँ भन्ने व्यहोराको कमल कामीले अनुसन्धान अधिकारीसमक्ष गरेको मौकाको कागज ।

"Death is due to this case primarily resulted from asphyxia and associated is head injury" भन्ने व्यहोराको शव परीक्षण प्रतिवेदन ।

मृतक बालकृष्ण गुरुङले हामीलाई आमाचकारी गाली गरेपछि रक्सीको नसाको सुरमा म र निज बालकृष्ण गुरुङबीच वादविवाद भै समातासमात भएकाले सोही रिसइबी साध्ने मनसायले म र मेरो साथी मनिष वि.क.समेत भै निजलाई कुटपीट गर्ने योजना बनाई मकैबारीको बाटो हुँदै भेडाबारी जाने पुलमा गई निजलाई कुरी बस्यौँ । केही छिनपछि अन्दाजी ४.३० बजे निज मृतक बालकृष्ण गुरुङलाई कुटपीट गर्न थाल्यौँ । मैले आफूले बोकी ल्याएको सानो खुकुरीले प्रहार गर्दा निजको बायाँ आँखीभौँमाथि लाग्न गई बेहोस् भएपश्चात् मेरो साथी मनबहादुर भन्ने मनिष वि.क.ले ढुङ्गाले मृतक बालकृष्ण गुरुङको टाउको र शरीरको अन्य अङ्गमा प्रहार गर्दा मृतकको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी कमल कामीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान ।

कमल कामी र म मनिष वि.क.ले रिस साध्ने इबी लिई मृतकलाई कुटपीट गरेका हौँ । कमल कामीले खुकुरी प्रहार गर्दा बालकृष्ण गुरुङ भूईंमा लडे । त्यसपछि मैले पनि लात्ती र ढुङ्गाले कुटपीट गरेपश्चात् हामी दुवैजना भाग्न सफल भयौं । वारदात भएको सोही दिन मिति २०६३।३।३२ गते दिनको अन्दाजी ४.३० बजे उपचार हुँदाहुँदै बालकृष्ण गुरुङको मृत्यु भएको हो । निजको मृत्यु हामी दुवैजनाको कुटपीटबाट भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी मनिष वि.क.ले अनुसन्धान अधिकारीसमक्ष गरेको मौकाको कागज ।

मृतक बालकृष्ण गुरुङसँग वादविवाद भएपछि हामी दुवैजना कमल कामी र म मनिष वि.क.ले मृतकलाई कुटपीट गर्ने योजना बनाई मैले राखेको सानो खुकुरी साथी कमललाई दिई हामी दुवैजना मकैबारीको बाटो हुँदै भेडावारी गाउँ जाने झोलुङ्गे पुलमा गई मृतकलाई कुरी बस्यौँ । केही छिनपछि मिति २०६३।३।३२ गते अन्दाजी ४.०० बजे निज मृतक दिसा बसेर उठी आएपछि हामीले निज मृतक बालकृष्ण गुरुङलाई कुटपीट गर्न थाल्यौँ । कुटपीट गर्ने सिलसिलामा साथी कमल कामीले खुकुरी प्रहार गर्दा बालकृष्ण गुरुङको बायाँ आँखीभौँमाथि लाग्न गै बेहोस् भई भूईंमा लड्नेबित्तिकै मैले लात्ती र ढुङ्गाले कुटपीट गर्दा निज अचेत अवस्थामा भएको देखी हामी दुवैजना वारदातस्थलबाट भाग्न सफल भएको र सोही दिन अन्दाजी ४.३० बजे मेहेलकुना बजारको रमेश पाण्डेको मेडिकलमा उपचार हुँदाहुँदै हामीहरूले कुटपीट गरेकै कारणबाट निज मृतक बालकृष्ण गुरुङको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी मनिष वि.क.को अनुसन्धान अधिकारीसमक्षको बयान ।

मिति २०६३।३।३२ गतेको दिन अन्दाजी ४.०० बजेको समयमा सुर्खेत, मेहेलकुना गाउँ विकास समिति वडा नं. २ बस्ने कमल कामी र मनबहादुर वि.क. भन्ने मनिष वि.क.ले सुर्खेत, दहचौर गाउँ विकास समिति वडा नं. ४ बस्ने बालकृष्ण गुरुङलाई धारिलो हतियार खुकुरी ढुङ्गा मुड्की लात्तीले प्रहार गरी कुटपीट गर्दा बेहोस् पारी वारदातस्थलबाट भागी गएको र वारदात निजहरूले नै घटाएका हुन् भन्ने जाहेरवाला ठमनबहादुर गुरुङ र शिवलाल पौडेलबाट सुनी थाहा पाएको हो । मृतकको प्रकृति हेर्दा बायाँ आँखीभौँमाथि काटिएको घाँटी र दुवै कानको छेउ भागमा चोट लागी सुन्निएको देखेको हुँदा निज प्रतिवादीहरूले मृतकलाई धारिलो हतियारसमेत प्रहार गरी मारेकोमा विश्वास लाग्छ भन्ने रमेश पाण्डेले गरेको कागज ।

प्रतिवादी कमल कामी र मनबहादुर कामीले मृतक बालकृष्ण गुरुङलाई रिसइबी साध्ने योजना बनाई भेडावारी गाउँ जाने भेरी पुलमा गई बाटो कुरी सुनियोजितरूपमा मार्ने उद्देश्यले मिति २०६३।३।३२ गते अन्दाजी ४.०० बजे धारिलो हतियारसमेत प्रयोग गरी कुटपीट गरी बेहोस् बनाई घटनास्थलबाट फरार भएका हुन् । बालकृष्ण गुरुङलाई उपचार गर्न जाहेरवालासमेतले मेहेलकुना बजारमा पुऱ्याउँदा निजको बाटोमा नै मृत्यु भएको हो । निज प्रतिवादीहरूले ज्यान मार्ने मनसायले कर्तव्य गरी मारेको भन्ने जाहेरवाला र भीमकुमारी गुरुङबाट सुनी थाहा पाएको हौं । उक्त वारदात निज प्रतिवादीहरूले घटाएकोमा पूर्ण विश्वास लाग्छ भन्ने इन्द्रा वि.क. र अम्मरबहादुर खड्काले गरिदिएको घटना विवरण कागज ।

मिति २०६३।३।३२ गते अ.४.०० बजे मेरो दाजु र साँहिलो बुबा घर जान भनी हिंड्नु भएको र भेरी पुल नजिकै पुगेपछि दाजु दिसा बस्न भनी नजिकको झाडीभित्र पसी दिसा गर्न बसेको र साँहिलो बुबा पुलमा नै बस्दाको अवस्थामा निज प्रतिवादीहरू आई पुलमा नै बसे । दाजु आएपछि निज प्रतिवादीहरूले भेरी पुल नजिकै कुटपीट गर्न थालेकोमा प्रतिवादीमध्येका कमल कामीले धारिलो हतियार प्रयोग गरी बेहोस् बनाई भूईंमा लडाएको र अर्का प्रतिवादी मनिष वि.क.ले ढुङ्गा लात्ती मुड्कीसमेतले प्रहार गरी वारदातस्थलबाट फरार भए । वारदात लगत्तै साँहिलो बुबासमेतको सहयोगमा दाजुलाई उपचार गर्न मेहेलकुनास्थित रमेश पाण्डेको क्लिनिकमा पुऱ्याउँदा दाजु बालकृष्ण गुरुङको मृत्यु भएकोले मृतक दाजुलाई निज प्रतिवादीहरूले ज्यान मार्ने मनसायले नै पूर्वयोजना बनाई कर्तव्य गरी मारेको ठीक साँचो हो भन्ने भीमकुमारी गुरुङले लेखाई दिएको घटना विवरण ।

प्रतिवादी कमल कामी र मनबहादुर कामीले पूर्व रिसइबी साध्ने मनसायले ज्यानै मार्ने योजना बनाई बाटो कुरी जाहेरवालाको भतिजा बालकृष्ण गुरुङलाई धारिलो हतियार खुकुरीसमेत प्रहार गरी वारदातस्थलबाट भागेको मैले प्रत्यक्ष देखेको हुँ । सोही पीडाले गर्दा मृतकको मृत्यु भएकोले निज प्रतिवादीहरूलाई कानूनबमोजिम कडा कारवाही हुनुपर्छ भन्नेसमेत व्यहोराको रामबहादुर भन्ने शिवलाल पौडेलले लेखाई दिएको घटना विवरण ।

मृतकलाई प्रतिवादी कमल कामी र मनबहादुर भन्ने मनिष वि.क.ले धारिलो हतियार खुकुरीसमेत प्रहार गरी कर्तव्य गरी मारेको देखिँदा निज प्रतिवादी कमल कामी र मनबहादुर भन्ने मनिष वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसूर अपराध गरेकाले ऐ. महलको १३(१) नं. बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग पत्र ।

जीतबहादुर गुरुङको घरमा खानपीनको क्रममा मृतक र मेराबीच तिम्रा गाउँका केटाहरूलाई मैले चिन्छु भनेपछि निज मृतकले कसकसलाई चिन्छौ भनी सोधेकाले मैले पनि आफूले चिनेका केटाहरूको नाम बताएँ । फेरि मृतकले आफ्ना गाउँका अरू केटाहरूको नाम भने मैले चिन्दिन भनेपछि मृतकले मलाई आमा चकारी गाली गरे । सोही विषयमा समातासमात भयो । त्यहाँ भएका अरू मानिसले छुट्याए र हामी दुवैजना मनिषको घरतर्फ गयौं । मृतक र जाहेरवाला घर जान भनी भेडाबारी पुलतर्फ जाँदै गरेको मनिष वि.क.ले देखी मलाई बोलाई तिनीहरू घर जान लागेकाले हामी जाऔं भनेपछि हामी दुवैजना भेरी नदी किनारा हुँदै पुलमा पुग्यौं । पुलमा पुगेपछि उनीहरूसँग भेट भयो र भेटपश्चात् मेरो झगडा मृतकसँग भयो । मैले मृतकलाई ढुङ्गाले बायाँ आँखामाथि निधारमा हानें रगत बग्यो । मृतक उठ्नलाग्दा मनिष वि.क.ले छातीमा हाने मैले कञ्चटमा हानें, त्यसपछि मृतक बालकृष्ण गुरुङ पल्टियो हामी भाग्यौं । मैले मृतकलाई खुकुरीले प्रहार गरेको होइन, ढुङ्गाले प्रहार गरेको हुँ । मैले निज मृतकलाई

मार्ने नियतले हानेको होइन, कम सजाय हुनुपर्छ भन्ने व्यहोराको प्रतिवादी कमल कामीले शुरू अदालतमा गरेको बयान ।

मिति २०६३।३।३२ गतेका दिन म मेरो दिदीको घरमा दिदीलाई बोलाउन जानलाग्दा प्रतिवादी कमल कामी दौडदै गरेको अवस्थामा मैले देखें र जाँदै गर्दा भेडाबारी पुलको वारी मेहेलकुना गा.वि.स. वडा नं.२ मा मृतकको लास देखेँ । जाहेरवालाले खबर गरी दिनुपर्‍यो भने तर म खबर गर्न नगई त्यहींबाट मेरो घर फर्किएँ । मृतकलाई मोटरसाइकलमा हाली उपचारका लागि हस्पिटलतर्फ लगे । मैले लास देख्दा ठमनबहादुर गुरुङ, शिवलाल पौडेल, साहिँला नाम गरेको माझीसमेतका मानिस थिए । कमलले मलाई माथि डाँडाबाट आइज भनी बोलाएका थिए तर म गइन । मिति २०६३।३।३२ गते मलगायत थुप्रै मानिसहरू तिखे वादीको घरमा भैंसी काटेकाले मासु ल्याई करीब २.०० बजेतिर सबै आ-आफ्नो घरतर्फ लाग्यौं म घरमै थिएँ । शङ्काकै भरमा प्रतिवादी कमल कामीले पोल गरेकै कारणबाट अन्य मानिसहरूले मसमेतलाई घटनामा संलग्न छ भनी झूठा व्यहोरा लेखाई दिएका हुन्, म निर्दोष छु । घटनामा मेरो कुनै संलग्नता नहुँदा अभियोग दावीबाट सफाई पाऊँ भन्ने व्यहोराको प्रतिवादी मनबहादुर भन्ने मनिष वि.क.ले शुरू अदालतमा गरेको बयान ।

मिति २०६३।३।३२ गते मृतक बालकृष्ण गुरुङ र म मृतककी बहिनीको घरमा भेटघाट गर्न गएकोमा निजको घरमा नास्ता खान लागेको अवस्थामा प्रतिवादीहरू कमल कामी र मनिष वि.क. पनि त्यहीँ आए । प्रतिवादीहरूले पनि नास्ता खाए । मृतक र प्रतिवादीहरूबीच झगडा भयो । म र छिमेकीहरूले उक्त झगडा छुट्यायौं । प्रतिवादीहरू आफ्नो घर गए । हामीहरू पनि केही समयपछि घरतर्फ लाग्यौं । भेरी पुल नजिकको जङ्गलमा मृतक बालकृष्ण दिसा गर्न गयो । म १५/२० मीटरअगाडि पुगेपछि एक्कासी दादा यही हो भन्ने शब्द सुनेपछि फर्की हेर्दा प्रतिवादी कमल कामीले मृतकलाई निधारमा प्रहार गरेपछि मृतक भूईमा लड्यो । मनबहादुरले ढुङ्गाले कञ्चटमा थिच्यो । हामीहरू त्यहाँ पुग्न नपाउँदै उनीहरू भागे । शिवलाल पौडेल र मसमेत भई उपचारका लागि देउती फार्मेसीमा पुर्‍याएको केही समयपछि मृतकको मृत्यु भयो । प्रतिवादीहरू र मृतकका बीच पूर्व रिसइबी भए नभएको मलाई केही थाहा भएन । रक्सीकै कारण झगडा भएको हो । मृतकलाई प्रतिवादी कमल कामीले चक्कुले हानेको मैले देखेको हुँ । उनीहरू मृतकलाई हानेर भाग्न सफल भए । जीतबहादुर गुरुङको घरमा प्रतिवादीहरूले समातासमात गरेका थिए । जयबहादुर कार्कीसमेतका मानिस आई छुट्टयाएका हुन् भन्ने व्यहोराको ठमनबहादुर गुरुङले शुरू अदालतमा गरेको बकपत्र ।

मिति २०६३।३।३२ गते मेरो घरमा खसी काटी रमाईलो मनाउनका लागि मेरो काका र मेरो दाजु मृतक बालकृष्ण गुरुङलाई घरमा बोलाएका थियौं । ठमनबहादुर गुरुङ र बालकृष्ण गुरुङले मेरो घरमा मासु चिउरा खान लाग्दा सोही अवस्थामा निज प्रतिवादीहरू कमल कामी र मनिष वि.क. मेरो घरमा आई जाहेरवाला र मृतक बसेको ठाउँमा बसी अनाहकमा मृतकसँग झगडा गर्न थालेपछि गाउँलेहरू समेत आई झगडा छुट्टयाए पनि निजहरू आफ्नो घरतर्फ गए । निजहरू घर गएको १५/२० मिनेटपछि मृतक दाजु बालकृष्ण र काका ठमनबहादुर मेरो घरबाट पूर्वतर्फ रहेको आफ्नो घरतर्फ लागे । त्यहाँबाट गएको १५/२० मिनेटपछि प्रतिवादी कमल कामीले चक्कुले हान्ने र प्रतिवादी मनिष वि.क.ले भूईमा लड्दाका अवस्थामा ढुङ्गाले बालकृष्णलाई हानेपछि उपचारका लागि रमेश मेडिकलमा ल्याई पुर्‍याउनेवित्तिकै बालकृष्ण गुरुङको मृत्यु भएको हो भन्ने सुनेकी हुँ । घरमा प्रतिवादीहरू र मृतकका बीच झगडा भएको देखेको हुँ । वारदातस्थलमा प्रतिवादीहरूले

मृतकलाई हानेको कुरा मैले सुनेको हुँ, देखेकी होइन । मृतक बालकृष्ण गुरुङको मृत्यु रमेश पाण्डेको मेडिकलमा पुऱ्याउँदा भएको हो भन्ने बुझिएकी मानिस भीमकुमारी गुरुङले गरेको बकपत्र ।

मिति २०६३।३।३२ गते मृतक बालकृष्ण र प्रतिवादी कमल कामीबीच जीतबहादुर गुरुङको घरमा झगडा भएको हो । उक्त झगडा मैले छुट्ट्याएको हुँ । कमल कामीको कर्तव्यबाट बालकृष्ण गुरुङको मृत्यु भएको हो । घटना मैले देखिन । मृतकलाई उपचारका लागि मेडिकल ल्याउने मानिस जाहेरवालासमेतले प्रतिवादी कमल कामीले चक्कुले हानेर घाइते बनाएकाले उपचारका लागि मेडिकल ल्याएका हुन् भनेकाले थाहा पाएको हुँ । मृतकलाई मनिष वि.क.ले हानेको कुरा जाहेरवालाले मलाई भनेका थिएनन् भन्ने प्रतिवादी मनिष वि.क.का साक्षी जयबहादुर कार्कीले शुरू अदालतमा गरेको बकपत्र ।

घटना घट्दाको अवस्थामा म मेहेलकुना गा.वि.स. वडा नं.१ बजारमा थिएँ । घटनाको बारेमा मलाई केही थाहा जानकारी छैन । प्रतिवादी र मृतकका बीच घटना घट्नुअघि केही रिसइबी थियो थिएन भन्नेबारेमा मलाई केही थाहा छैन । प्रतिवादी कमल कामी र मनिष वि.क.ले मृतकसँग झगडा गरी निजलाई मारे भन्ने सुनेको हुँ । घटनामा म नभएकोले थाहा भएन भन्ने प्रतिवादी कमल कामीका साक्षी दलबहादुर कार्कीले शुरू अदालतमा गरेको बकपत्र ।

२०६३ साल असारको महिनामा भेडाबारीको पुलमा मनिष र कमल कामी गएको देखेँ । ठमन भन्ने अगाडि पुलमा गएर मनिषसँग कुराकानी चल्दै थियो । म पछाडि थिएँ । कमल कामी दौडिएर मृतक पुलतिरको बाटोतर्फ गएपछि हामी करीब २० मीटर टाढा थियौं । घटनास्थलमा कमल र मृतकको झगडा भयो । एक्कासी मृतक पल्टिएको देखी हामीहरू गयौं । मृतकलाई मेडिकलमा पुऱ्याउनका लागि मोटरसाइकलमा राखी मेहेलकुनातर्फ लगेका हुन् । मेहलकुना गएपछि मृतकको मृत्यु भयो भन्ने हामीले सुन्यौं । प्रतिवादीहरूले मृतकलाई ढालेपछि मनिष वि.क आफ्नो घरतर्फ लागे । कमल वि.क बोटेचौरतर्फ जाने बाटो लागे । मैले हानेको देखेको होइन । हामी जाँदा मृतक ढलेका थिए भन्ने प्रत्यक्षदर्शी शिवलाल पौडेलले शुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादी कमल कामीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसूर अपराध गरेको पुष्टि हुँदा निजलाई सोही महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने र अर्का प्रतिवादी मनबहादुर भन्ने मनिष वि.क.ले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसूर अपराध गरेको देखिँदा निजलाई सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्छ भन्ने सुर्खेत जिल्ला अदालतको मिति २०६४।९।१६ को फैसला ।

धारिलो हतियार र ढुङ्गा जस्तो जोखिम वस्तुले प्रतिवादीहरूले मृतकलाई प्रहार गरेको तथ्य पुष्टि भइरहेको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. आकर्षित हुने स्पष्ट हुँदाहुँदै ज्यानसम्बन्धीको १३(३) नं. बमोजिमको सजाय ठहर गरेको फैसलामा गम्भीर कानूनी त्रुटी हुँदा सुर्खेत जिल्ला अदालतको फैसला बदर गरी अभियोग दावीबमोजिम सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन अदालत, सुर्खेतमा परेको पुनरावेदन पत्र ।

जाहेरी दरखास्त र अदालतमा गरेको बकपत्र एकआपसमा मेल नखाएको, कसका प्रहारबाट मृतकको मृत्यु भएको फैसलामा उल्लेख नभएको, जाहेरी दरखास्त घटनास्थल मुचुल्का र शव परीक्षण प्रतिवेदन आपसमा बाझिएको अवस्थामा सुर्खेत जिल्ला अदालतले गरेको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाऊँ भन्ने प्रतिवादी कमल कामीको पुनरावेदन अदालत, सुर्खेतमा परेको पुनरावेदन पत्र ।

सहअभियुक्तको पोलको आधारमा मात्र कसूरदार ठहराउन मिल्दैन । पूर्वाग्रह राखी जाहेरी दिएको छ । प्रत्यक्षदर्शीको बकपत्रलाई गौण मानिएको छ, तर जाहेरवालाको बकपत्रलाई प्रमाणमा लिएको मिलेको छैन । अदालतको इन्कारी बयानसमेतलाई प्रमाणमा लिनुपर्नेमा सो नगरेको सुर्खेत जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी अभियोग दावीबाट सफाइ पाऊँ भन्ने प्रतिवादी मनिष वि.क.को पुनरावेदन अदालत, सुर्खेतमा परेको पुनरावेदन पत्र ।

यसमा वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन परेको देखिँदा वादीको पुनरावेदनको प्रतिलिपि प्रतिवादीहरूलाई र प्रतिवादीहरूको पुनरावेदनको प्रतिलिपि वादीलाई उपलब्ध गराई नियमानुसार पेश गर्नु भन्ने पुनरावेदन अदालत, सुर्खेतको मिति २०६५।५।३१ को आदेश ।

ढुङ्गा र साधारण सानातिना हातहतियारले हानी ज्यान मरेको अवस्थामा ज्यानसम्बन्धी महलको १३(३) नं. आकर्षित हुने देखिन्छ भने प्रस्तुत मुद्दामा प्रतिवादीले सानो खुकुरी ल्याएको भनेको जाहेरवालाले चक्कुले प्रहार गरे भनेको अवस्थामा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय गरिनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीरसँग सहमत हुन सकिएन ।

प्रतिवादी कमल कामीले आफूले मृतक बालकृष्ण गुरुङलाई खुकुरीले निधारमा हानेँ भनी अधिकारप्राप्त अधिकारीसमक्ष र ढुङ्गाले कञ्चटमा हानेको हुँ भनी अदालतमा बयान गरेको अवस्थामा निज प्रतिवादी कमल कामीले मृतकलाई ढुङ्गाले हानेकोमा कुनै विवाद नदेखिँदा कमल कामीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याएको हदसम्म सुर्खेत जिल्ला अदालतको मिति २०६४।९।१६ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । अर्का प्रतिवादी मनिष वि.क.को हकमा विचार गर्दा अदालतमा आरोपित कसूरमा इन्कार रहे पनि अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसूरमा साबित रही बयान गरेको देखिन्छ । जाहेरवाला ठमनबहादुर गुरुङले गरेको बकपत्र र प्रहरीसमक्षको कागज आपसमा बाझेको देखिएको, प्रत्यक्षदर्शी व्यक्तिहरूको भनाई तथा सहअभियुक्तको पोलमा एकरूपता नभएकोमा सहअभियुक्तको पोलको आधारले मात्रै प्रतिवादीले आरोपित कसूर गरेको ठहराउन न्यायोचित देखिन आएन । मनिष वि.क.ले मृतकलाई कुटपीट गरेको भन्ने तथ्य ठोसरूपमा प्रमाणित हुन आएको नदेखिएको अवस्थामा घटनास्थलमा उपस्थित मात्र भएको अवस्थामा निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्ने ठहऱ्याएको हदसम्म शुरू सुर्खेत जिल्ला अदालतको मिति २०६४।९।१६ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहरी ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम ३ वर्ष कैद हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६६।१।२७ को फैसला ।

प्रतिवादी दुवैजनाले बालकृष्णमाथि आक्रमण गरेको र पहिला कमल कामीले बालकृष्णको आँखामाथि खुकुरीले प्रहार गरेको र निज बालकृष्ण ढलेपछि प्रतिवादी मनिष वि.क.ले लात्ती तथा ढुङ्गाले कञ्चटमा प्रहार गरेको कारणबाट मृतकको मृत्यु भएको छ । कमल कामीले मृतकलाई धार भएको जोखिमी हतियार चक्कुले प्रहार गरेको अवस्थामा निजलाई ज्यानसम्बन्धीको १३(१) नं.बाट १३(३) नं. मा परिणत गर्ने गरी भएको फैसला त्रुटिपूर्ण छ । मनिष वि.क.को हकमा घटनामा सहअभियुक्त कमल कामीले मौकामा र अदालतमा समेत बयान गर्दा निजले समेत मृतकउपर ढुङ्गा र छातीमा लात्तीले प्रहार गरेको भनेको तथा निजले मृतकलाई ढुङ्गाले प्रहार गरेको प्रत्यक्ष जाहेरवालाले देखेको भनी अदालतमा समेत बकपत्र गरेको अवस्थामा त्यसलाई प्रमाणमा नलिनु त्रुटिपूर्ण हुँदा पुनरावेदन अदालतको फैसला उल्टी गरी माग दावीबमोजिम प्रतिवादीहरूलाई सजाय

गरिपाऊँ भन्ने वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र( ।

रक्सी खाई मृतकसँग झगडा भएपछि सोही जरियाबाट झगडा भई आवेशमा आई ढुङ्गासम्म प्रहार गरेको कारण ज्यान मरेकोमा ज्यानसम्बन्धीको १४ नं. आकर्षित हुने हो । मार्ने उद्देश्यले प्रहार गरेको होइन । यस्तो अवस्थामा उक्त दफाको प्रयोग नभएबाट *नेकाप* २०४६, पृ.४९६, *नेकाप* २०४५, पृ.१६२ मा प्रतिपादित सिद्धान्तविपरीत हुँदा सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरिपाऊँ भन्ने कमल कामीको यस अदालतमा परेको पुनरावेदन पत्र ।

यसमा वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन परेको देखिएकोले वादीको पुनरावेदन प्रतिवादीलाई र प्रतिवादीको पुनरावेदन वादीलाई सुनाई प्रतिवादी मनबहादुर भन्ने मनिष वि.क.लाई समेत अ.बं. २०२ नं. को प्रयोजनार्थ झिकाई आएपछि वा अवधि व्यतीत भएपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०६९।२।२४ को आदेश ।

नियमानुसार पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विद्वान सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी र प्रतिवादीहरूमध्ये कमल कामीको तर्फबाट विद्वान अधिवक्ता श्री विष्णुप्रसाद खनालले प्रस्तुत गर्नुभएको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा पुनरावेदन अदालत, सुर्खेतको फैसला मिलेको छ छैन सोही विषयमा निर्णय दिनुपर्ने देखिंन आयो ।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादी कमल कामी र मनबहादुर भन्ने मनिष वि.क.ले मृतकलाई धारिलो हतियार खुकुरीसमेत प्रहार गरी कर्तव्य गरी मारेको हुँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग माग दावी भएकोमा प्रतिवादी कमल कामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने र अर्का प्रतिवादी मनबहादुर भन्ने मनिष वि.क.लाई जन्मकैदको सजाय हुने ठहर गरेको सुर्खेत जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी कमल कामीको हकमा शुरू सदर हुने र प्रतिवादी मनिष वि.क.को हकमा केही उल्टी हुने ठहर गरी ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, सुर्खेतको फैसलाउपर वादी नेपाल सरकारको र प्रतिवादीमध्ये कमल कामीको पुनरावेदन परी निर्णयार्थ पेश हुन आएको पाइयो ।

३. यसमा मिति २०६३।३।३२ गते अन्दाजी ४.०० बजे सुर्खेत जिल्ला, मेहेलकुना गाउँ विकास समिति वडा नं. २ को भेरी नजिक कमल कामीले बालकृष्ण गुरुङलाई चक्कुले निधारमा तथा मनबहादुर भन्ने मनिष वि.क.ले ढुङ्गाले कन्चटमा प्रहार गरी कर्तव्य गरी मारेको भनी यी प्रतिवादीहरूउपर किटानी जाहेरी परेको छ । प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय गरिपाउन अभियोग माग दावी भएकोमा प्रतिवादी कमल कामीलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम र मनिष वि.क.लाई ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम सजाय हुने ठहर गरी पुनरावेदन अदालत, सुर्खेतबाट फैसला भएको देखिन्छ । अब, उक्त फैसला मिलेको छ छैन, वादी नेपाल सरकार तथा प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्ने हो होइन भन्ने विषयमा निर्णय दिनु परेको छ ।

४. रक्सी खाई मृतकसँग झगडा भएपछि सोही जरियाबाट आवेशमा आई ढुङ्गासम्म प्रहार गरेको कारण ज्यान मरेकोमा ज्यानसम्बन्धीको १४ नं. आकर्षित हुनुपर्ने भन्ने प्रतिवादी कमल कामीको तथा दावी परिवर्तन गरी सजाय हुने ठहर गरेकोमा वादी नेपाल सरकारको पुनरावेदन

जिकीर रहेको हुँदा सोही विषयको निरूपण गर्नुपर्ने देखियो ।

५. बालकृष्ण गुरुङको मृत्युको कारणमा "Death is due to this case primarily resulted from asphyxia and associated is head injury" भन्ने शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको र यी प्रतिवादी आरोपित कसूरमा अनुसन्धान अधिकारी र अदालतमा समेत साबित रहेको र यस अदालतमा गरेको पुनरावेदन जिकीरमा ज्यानसम्बन्धीको १४ नं. को उल्लेख गरेबाट प्रतिवादीले प्रहार गरेको चोटको कारणबाट बालकृष्ण गुरुङको मृत्यु भएको तथ्यमा विवाद भएन । उक्त वारदात घटाउनमा यी प्रतिवादीहरूको के कस्तो भूमिका र संलग्नता छ भन्नेतर्फ विचार गर्दा प्रतिवादीहरूमध्ये कमल कामीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफू र मनिष वि.क. मासु रक्सी खाँदै रहेको अवस्थामा मृतकसँग विवाद भएकै कारण रिसइबी साध्ने इरादा राखी मिति २०६३।३।३२ गते ४.०० बजे कुटपीट गरी सानो खुकुरीले प्रहार गर्दा निजको बायाँ आँखीभौँमाथि लाग्न गई निज बेहोस् भई भूईंमा लडेपछि मनिष वि.क.र आफू वारदातस्थलबाट भागेको भन्ने उल्लेख गरेको देखिन्छ । त्यसै गरी अर्का प्रतिवादी मनिष वि.क.ले गरेको बयानमा मृतक बालकृष्ण गुरुङलाई कुटपीट गर्ने सिलसिलामा कमल कामीले खुकुरी प्रहार गर्दा बालकृष्ण गुरुङको वायाँ आँखीभौँमाथि लाग्न गै बेहोस् भई भूईंमा लड्नेवित्तिकै आफूले लात्ती र ढुङ्गाले कुटपीट गरेको भनी उल्लेख गरेको पाइन्छ ।

६. प्रतिवादीमध्ये मनिष वि.क अदालतमा आरोपित कसूरमा इन्कार रहे पनि प्रतिवादी कमल कामीले मनिष वि.क.को समेत वारदातमा संलग्नता देखाई आफूले मृतकलाई ढुङ्गाले बायाँ आँखामाथि निधारमा तथा कञ्चटमा हानेको र मनिष वि.क.ले छातीमा हानेको भनी बयान गरेको देखिन्छन् । जाहेरवाला ठमनबहादुर गुरुङको किटानी जाहेरी र सो मिलान हुने गरी अदालतमा गरेको बकपत्र, मौकामा कागज गर्ने व्यक्तिहरू रमेश पाण्डे, इन्द्रा वि.क., अम्मरबहादुर खड्का, भीमकुमारी गुरुङ, शिवलाल पौडेलले मौकामा कागज गर्दा यिनै प्रतिवादीहरूको कर्तव्यबाट मृतकको मृत्यु भएको भनी कागज गर्नुको अतिरिक्त कागज गर्ने ती व्यक्तिहरूमध्ये भीमकुमारी गुरुङ र शिवलाल पौडेलले अदालतमा आई आफ्नो पूर्व भनाईलाई समर्थन गरी बकपत्र गरेको समेतबाट यी प्रतिवादीहरूकै कर्तव्यबाट बालकृष्ण गुरुङको मृत्यु भएको तथ्य स्थापित भएको तथा निजहरूले अधिकारप्राप्त अधिकारिसमक्ष गरेको बयान समर्थित हुन आएको छ ।

७. अब, यी प्रतिवादी कमल कामीले जिकीर लिएबमोजिम निजको हकमा ज्यानसम्बन्धीको १४ नं. आकर्षित हुन सक्ने अवस्था छ छैन भन्नेतर्फ विचार गर्दा ज्यानसम्बन्धीको १४ नं. मा भएको कानूनी व्यवस्था हेर्दा *"ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्ने सम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात मुक्का इत्यादि हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा"* भन्ने उल्लेख छ । आवेशप्रेरित हत्याको प्रकृतिभित्र पर्न आउँछ । उक्त कानूनी व्यवस्थाअनुसार आवेशप्रेरित हत्या ठहर हुनको लागि देहायका तत्वको विद्यमानता हुनु आवश्यक हुन्छ :-

(क) ज्यान लिने मनसाय र इबी नरहेको,
(ख) कुनै विषयमा दुई पक्षबीच तत्काल विवादको सिर्जना भई सोको परिणाम एक पक्षको मृत्यु भएको हुनुपर्‍यो,
(ग) जोखिमी हतियारको प्रयोग हुनु भएन, र
(घ) साधारण लाठा ढुङ्गा प्रयोग भएको हुनुपर्‍यो ।

८. आवेशप्रेरित हत्यामा पूर्व रिस, इबी र मनसायको सर्वथा अभाव रहेको हुन्छ । तत्काल सिर्जना भएको रिस र आवेगलाई नियन्त्रण गर्न नसकी आत्मनियन्त्रण गुमाउँदाको परिणतिबाट निस्केको परिणाम हो । यसमा दोषी मनोभावना नहुँदानहुँदै पनि तत्काल उठेको आवेगलाई व्यक्तिले नियन्त्रण गर्न नसक्दाको परिणाम कसैको ज्यानसम्म जान सक्छ । अब, यी प्रतिवादीको कार्य उक्त कानूनले व्यवस्था गरेको सीमाभित्र छ छैन र उक्त तत्वहरूको विद्यमानता छ छैन सो विचारणीय छ ।

९. प्रतिवादी कमल कामीको बयान हेर्दा यी प्रतिवादी कमल कामी र निजको साथी मनिष वि.क. ले मासु रक्सी खाँदैरहेको अवस्थामा मृतकसँग भेट भई चिनजानकै क्रममा विवाद भएकै कारण मृतकलाई रिसइबी साध्ने मनस्थिति भएकाले निज र निजको साथी मनिष वि.क. विवाद भएको ठाउँबाट मनिष वि.क.को घरमा गै यी मृतकलाई कुटपीट गर्ने योजना बनाई घरबाट फर्की भेरी नदीको झोलुङ्गे पुलमा गै बाटो ढुकी बसी कुटपीट गरी मारेको स्थिति छ । प्रस्तुत वारदातको समग्र प्रकृतिको सूक्ष्म मनन गरी हेर्दा जुन अवस्थामा यी प्रतिवादीहरूको मृतकसँग विवाद सिर्जना भएको थियो सोही बखत तत्काल वारदात भएको छैन । पहिला सामान्य विवाद भए पनि सोही विवादलाई जरिया बनाई समयको अन्तरालपछि योजनाका साथ मृतक हिँड्ने बाटोमा लुकी छिपी बसी आक्रमण गरिएको छ । विवाद भएको ठाउँबाट यी प्रतिवादीहरू आफ्नो घर गई रिसइबी साध्ने मनस्थितिका साथ आई घटना घटाएको स्थिति हुँदा यहाँ तत्कालको आवेगमा घटना हुन पुगेको भन्ने देखिँदैन । विवाद भएको तात्कालीक समयमा घटना भएको छैन । विवाद सिर्जना भएको समय र वारदातको समयको अन्तराल लामो छ भने यस्तो अवस्थामा क्षणिक क्षति हुने वा आत्मनियन्त्रण गुम्न जाने स्थिति हुँदैन । आत्मनियन्त्रण गुमेको समयमा नै घटनाले पूर्णता पाइसकेको अवस्थामा प्रतिवादीले केही विचार नै गर्न पाएको हुँदैन । तर, प्रस्तुत विवादमा मिति २०६३।३।३२ गते बिहान अ. १०.०० बजे जिल्ला सुर्खेत, मेहेलकुना गाउँ विकास समिति वडा नं. २ भेरी पुल बजारस्थित भीमकुमारी गुरुङको घरमा दुई पक्षबीच विवाद सिर्जना भएको र वारदात सोही दिनको ४.०० बजे घटेको हुँदा तत्काल विवाद सिर्जना भई उक्त घटना घटेको अवस्था नहुँदा निज प्रतिवादीले आत्मनियन्त्रण गुमाउँदा उक्त घटना घटेको भनी मान्न मिलेन । ज्यानसम्बन्धी महलको १४ नं.मा "उसै मौकामा उठेको रिस थाम्न नसकेको" भन्ने शब्दावलीले समयको तत्वलाई इङ्गित गर्दछ । बिहान १० बजे उठेको रिसको परिणति अपरान्ह ४ बजे हुने क्रियालाई ज्यानसम्बन्धीको १४ नं. ले सम्बोधन गरेको मान्न मिल्दैन । समयको अन्तरालमा रिस शिथिल हुने, अपराध गर्न नहुने कुरामा सचेतता बढ्ने स्थिति हुन्छ । रिस उठेको तत्काल गरिने कार्यमा व्यक्तिले सोच्न नभ्याउने कुनै योजना बनाउन नभ्याउने स्थिति महसूस गरी यस्तो अवस्थामा हुने ज्यानसम्बन्धी अपराधको सजायमा १० वर्ष मात्र कैदको सहुलियतपूर्ण व्यवस्था गरेको हो । तसर्थ ज्यानसम्बन्धी १४ नं. को प्रयोग गर्नु पर्दा न्यायकर्ताले थाम्न नसकिने प्रकृतिको रिस उठेको समय र कसूर सम्पन्न भएको समयको अन्तरालको पक्षमा विचार गर्नैपर्ने हुन्छ ।

१०. आवेशप्रेरित हत्याको सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादन भएका सिद्धान्तहरू उल्लेख हुनु सान्दर्भिक छ । "टाउको जस्तो संवेदनशील भागमा पटकपटक प्रहार गरेको देखिँदा निज प्रतिवादीको मृतकलाई मार्ने मनसाय थिएन भन्न सकिने अवस्था नरहने । चोट एकपटक मात्र नभै धेरै पटक हुनुको साथै शरीरको अन्य भागमा नीलडामससमेतका चोटहरू देखिएको हुँदा प्रतिवादीले आवेशमा आई प्रहार गरेको भनी ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुने अवस्था नदेखिने"

भनी *नेकाप* २०५९, कात्तिक, मङ्सिर, नि.नं. ७११८, पृष्ठ ५०१ मा सिद्धान्त प्रतिपादन भएको छ ।

यसैगरी *नेकाप* २०६६, असोज, नि.नं. ८१६७, पृ. ९४० मा आवेशप्रेरित हत्याका तत्वहरूको बारेमा व्याख्या गर्दै सर्वोच्च अदालतले भनेको छ - "आवेशप्रेरित हत्या प्रतिवादीले आफूले आफैंलाई नियन्त्रण गर्न नसकी उत्तेजित भै आफ्नो कर्तव्यबाट हुने परिणामको ख्यालै नगरी पीडितउपर आक्रमण गर्दा त्यो आक्रमणको कारणबाट पीडितको मृत्यु भएको अवस्था हो । तथापि प्रतिवादीलाई उत्तेजित पार्ने काम पीडित अर्थात् मृतकबाटै हुनुपर्ने ।"

११. पीडितको कारणबाट उत्पन्न हुने आवेशको अवस्था त्यो हदसम्मको हुनुपर्ने मानिन्छ, जुन अवस्थामा सामान्य सुझबुझ भएको मानिस (Reasonable Person) समेत उत्तेजित हुन्छ र आफ्नो उत्तेजित अवस्थालाई नियन्त्रण गर्न सकिरहेको हुँदैन । यस्तो उत्तेजना पीडितको क्रियाकलापबाट अचानक (Sudden) उत्पन्न भई प्रतिवादीले त्यसको आवेशले क्षणिकरूपमा (Temporarily) आत्मनियन्त्रण गुमाएको हुनुपर्ने ।

१२. आत्मनियन्त्रण गुमाउने अवस्था थियो थिएन भन्ने कुरा गणितीय हिसाबमा आँकलन गर्न नसकिए पनि यो कुनै घटना, परिस्थिति तथा मानवीय संवेदनशीलता जस्ता कुरामा भर पर्ने हुन्छ । यस्तो आवेशको अवस्था हुन प्रतिवादीले आफैंले केही कुरा गरी पीडितबाट आफूलाई उत्तेजित पार्ने कार्य (Self–induce Provocation) गरेको भन्ने हुन नहुनुका साथै पीडितको क्रियाकलापबाट उत्तेजित भए पनि त्यो उत्तेजना शान्त भएको (Cooling of Blood) अवस्थाले पनि आवेशको स्थितिलाई बर्जित गर्ने ।

१३. अतः मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कानूनी व्यवस्था तथा आवेशप्रेरित हत्याको सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित उपरोक्त नजीर सिद्धान्तसमेतको पृष्ठभूमिमा हेर्दा प्रतिवादीहरूको मृतकसँग विवाद सिर्जना भएको सोही बखत तत्काल वारदात नघटाई सोही विवादलाई जरिया बनाई धेरै समयको अन्तरालपछि योजनाका साथ मृतक हिड्ने बाटोमा लुकीछिपी बसी आक्रमण गरी कुटपीट गरी मारेको हुँदा निज यी पुनरावेदक प्रतिवादीसमेतले मृतकलाई मार्ने मनसाय थिएन भनी भन्न सकिने अवस्था रहेन ।

१४. आवेशप्रेरित हत्याको लागि नभई नहुने आवश्यक तत्वहरू अर्थात् उपरोक्त अवस्थाहरू प्रस्तुत मुद्दामा विद्यमान नदेखिएकोले पनि प्रस्तुत घटना आवेशप्रेरित हो भनी मान्न सकिने अवस्था नहुँदा निज प्रतिवादी कमल कामीको पुनरावेदन जिकीर पुग्न सक्ने देखिएन । निज प्रतिवादी कमल कामीको हकमा ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सो हदसम्म पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आयो ।

१५. अब, मनिष वि.क.को हकमा विचार गर्दा मनिष वि.क.लाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, सुर्खेतको फैसला मिलेको छैन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर रहेतर्फ विचार गर्दा माथि विवेचित तथ्यबाट यी प्रतिवादी मनिष वि.क. समेतको संलग्नतामा उक्त वारदात घटेको भनी विवेचना भइसकेको छ । निजले अदालतमा गरेको बयानमा प्रतिवादीले गरेको पोलमा समेत असहमति प्रकट गर्दै आरोपित कसूरमा इन्कार रही बयान गरेता पनि यिनै प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा बालकृष्ण गुरुङलाई कुटपीट गर्ने सिलसिलामा कमल कामीले खुकुरी प्रहार गर्दा बालकृष्ण गुरुङको बायाँ आँखीभौंमाथि लाग्न गै बेहोस् भई भूईमा लड्नेवित्तिकै आफूले लात्ती र ढुङ्गाले कुटपीट गरेको भनी उल्लेख गरेको र सहप्रतिवादी कमल कामीले यी प्रतिवादीको सक्रिय

संलग्नता देखाई पोल गरी दुवैको बयान नबाझिई एकापसमा मेल खान आएको छ । सो तथ्य शव परीक्षण प्रतिवेदन, प्रत्यक्षदर्शी जाहेरवालाको भनाई र मौकामा कागज गर्ने व्यक्तिहरूले गरेको कागज एवं बकपत्रसमेतबाट पुष्टि हुन आएको छ ।

१६. ज्यानसम्बन्धीको १७ नं.को प्रयोग हुन अभियुक्तको कार्य मुख्य भई बचन नदिएको, हातहतियार पनि नछाडेको र मृतकको जीउमा पनि नछोएको पूर्वावस्था देखिनुपर्दछ । मृतकको जीउमा छुने भन्नुको तात्पर्य मृतकलाई कुनै पनि किसिमले प्रहार नगरेको अवस्था हो । मूलतः ज्यानसम्बन्धीको १७ नं. ज्यान मार्ने मूल अपराधमा स्वयं प्रत्यक्ष सरिक नभई सहयोगीको भूमिका निभाउनेका लागि सजाय गर्ने कानून हो । मृतकको जीउमा छुने व्यक्तिलाई यस कानूनले सहयोगीमात्र मानेको छैन । ज्यानसम्बन्धी महलको १७ नं.द्वारा वर्णित सहयोगीका विविधरूपमध्ये देहाय (३) नं.को व्यवस्था भनेको मत सल्लाहमा पसेको, तर मर्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरिरहने आरोपीका हकमा सम्म सो लागू हुने हो, तर यी प्रतिवादी मनिष वि.क समेत भई मार्ने मनसायका साथ योजना बनाएको, सोही योजनालाई साकार रूप दिन मृतक आउने बाटो ढुकी बसेको, मृतकलाई पहिला कमल कामीले प्रहार गरी निज भूईमा अचेत अवस्थामा लड्न पुगेपश्चात् यी प्रतिवादी मनिष वि.क.ले मृतकको छाती तथा टाउकोमा ढुङ्गा र लात्तीसमेतले प्रहार गरेको अर्थात् मृतकको जीउमा छोएको भनी निजैले गरेको बयानबाट खुलेको अवस्थामा निजको वारदातस्थलमा उपस्थितसम्म भएको अर्थ गरी निजलाई ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम सजाय हुने ठहर गरेको पुनरावेदन अदालतको फैसला सोहदसम्म मिलेको देखिएन । निजको उक्त कार्य ज्यानसम्बन्धीको १३(४) नं.ले परिभाषित गरेको कसूरभित्रको देखिँदा पुनरावेदन अदालतको फैसला केही उल्टी भई प्रतिवादी मनिष वि.क.लाई ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्छ ।

१७. अब, दुवै प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको १३(१) नं.बमोजिम सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर रहेतर्फ विचार गर्दा प्रस्तुत वारदातमा जोखिमी हतियार प्रयोग भएको नदेखिएको, चक्कु प्रहार भएको भनी जाहेरवालाले उल्लेख गरेपनि सो बरामद हुन नसकेको तर मृतकलाई मार्ने योजनाका साथ बाटो ढुकी बसी ढुङ्गा तथा लात मुक्काले प्रहार गरी मृतकलाई मारेको पुष्टि हुन आएको छ । वादी नेपाल सरकारले पुनरावेदन जिकीर एवं दावी लिएबमोजिम जोखिमी हतियार भने प्रयोग भएको नदेखिएबाट प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सजाय हुनुपर्ने भन्ने सो हदसम्मको पुनरावेदन जिकीर मनासिब देखिएन ।

१८. अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी कमल कामीका हकमा निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको शुरू सुर्खेत जिल्ला अदालतको मिति २०६४।९।१६ को फैसला सो हदसम्म सदर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६६।१।२७ को फैसला मिलेकै हुँदा सदर हुने ठहर्छ । अर्का प्रतिवादी मनिष वि.क.का हकमा शुरू सुर्खेत जिल्ला अदालतको फैसला केही उल्टी गरी निजलाई ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम सजाय हुने ठहर गरेको सो हदसम्म फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी मनिष वि.क.लाई ज्यानसम्बन्धी महलको १३(४) नं.बमोजिम जन्मकैदको सजाय हुने ठहर्छ । ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम हुनुपर्ने भन्ने प्रतिवादी कमल कामीको तथा ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सजाय हुनुपर्ने भन्ने सो

हदसम्मको वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न सक्दैन । अरूमा तपसीलबमोजिम गर्नू ।

तपसील

माथि इन्साफ खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत, सुर्खेतको मिति २०६६।१।२७ को फैसला केही उल्टी भई प्रतिवादी कमल कामीका हकमा निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने ठहर गरेको सो हदसम्मको फैसला सदर भई प्रतिवादी मनबहादुर भन्ने मनिष वि.क.को हकमा केही उल्टी भई निजलाई ज्यानसम्बन्धी महलको १३(४) नं.बमोजिम जन्मकैदको सजाय हुने ठहरी फैसला भएकोले कमल कामीको हकमा शुरू सुर्खेत जिल्ला अदालतले फैसलाको तपसील खण्डको प्रकरण १ मा राखेको लगतबमोजिम नै गर्नु भनी तथा प्रतिवादी मनबहादुर भन्ने मनिष वि.क.का हकमा निज २०६३।४।११ देखि थुनामा रही पुनरावेदन अदालत, सुर्खेतको मिति २०६६।१।२७ को फैसलाअनुसार मिति २०६६।४।१० मा कैदबाट छुटी गएको देखिँदा निज थुना तथा कैदमा बसेको अवधि ३ (तीन) वर्ष कैद कट्टा गरी असूल गर्नुपर्ने बाँकी कैद वर्ष १७ (सत्र) निज बेरूजु हुँदा लगत कसी असूलउपर गर्नु भनी शुरू सुर्खेत जिल्ला अदालतमा लगत दिनू.........१

फैसलाको जानकारी प्रतिवादी कमल कामीलाई सम्बन्धित कारागार कार्यालयमार्फत् दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाईदिनू .........२

उक्त रायमा सहमत छु ।

न्या.ज्ञानेन्द्रबहादुर कार्की

इति संवत् २०७० साल जेठ २९ गते रोज ४ शुभम-
इजलास अधिकृत :- दीपक ढकाल

# निर्णय नं. १०२७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश प्रा.डा.श्री भरतबहादुर कार्की
संवत् २०६७ सालको ०६७-CR-०२०७, ०४०९, ०२२१
संवत् २०६८ सालको ०६८-CR-०२०७
फैसला मिति २०७०।२।२२।४

मुद्दा :- कर्तव्य ज्यान ।

पुनरावेदक वादी: मीनबहादुर मगरको जाहेरीले नेपाल सरकार

विरुद्ध

प्रत्यर्थी प्रतिवादी: भोजपुर जिल्ला, बोया गा.वि.स.वडा नं.३ घर भै हाल कारागार कार्यालय, भोजपुरमा कैदमा रहेका नेत्रबहादुर मगरसमेत

पुनरावेदक प्रतिवादी: भोजपुर जिल्ला, बोया गा.वि.स.वडा नं.३ घर भै हाल केन्द्रीय कार्यालय, जगन्नाथ देवल, काठमाडौँमा थुनामा रहेको नेत्रबहादुर मगर

विरुद्ध

पुनरावेदक प्रतिवादी: नेपाल सरकार

पुनरावेदक प्रतिवादी: भोजपुर जिल्ला, बोया गा.वि.स.वडा नं.३ घर भै हाल कारागार शाखा, भोजपुरमा थुनामा रहेको नन्दमणि मगर

विरुद्ध

प्रत्यर्थी वादी: मीनबहादुर मगरको जाहेरीले नेपाल सरकार

शुरू फैसला गर्ने :
मा.न्या.श्री शम्भुराम कार्की
पुनरावेदन फैसला गर्ने :
मा.मु.न्या.श्री हरिप्रसाद घिमिरे
मा.न्या.श्री शेषराज सिवाकोटी

- **छुरा जस्तो जोखिम हतियारले कलेजोसम्म काटिने गरी प्रहार भएको वारदातलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं.ले भवितव्य ठहरिने प्रकृतिको मान्ने अवस्था नदेखिने ।**
- **मृत्युको कारणमा त्यही वारदातमा कलेजोसम्म काटिएको समेतबाट रगतमा संक्रमण भएको तथ्य लास जाँच परीक्षण प्रतिवेदनबाट देखिँदा वारदात मितिबाट २१ दिनभित्र घाइते परलोक नभएकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ९ नं. बाट ज्यान मुद्दा चल्न सक्दैन भन्ने प्रतिवादीको भनाई रहेको देखिन्छ । उक्त ऐनको ९ नं. आकृष्ट हुन ज्यान मार्नलाई अङ्ग भाँच्ने छिन्नेबाहेकको अवस्था हुनुपर्ने हुन्छ । वारदातमा धारिलो हतियारले कलेजोसम्म काटिने गरी प्रहार भएको देखिँदा ज्यान मार्नलाई अङ्ग भाँच्ने छिन्ने अवस्था भएन भन्न मिलेन । तसर्थ मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ९ नं. बमोजिम २१ दिनभित्र वा बाहिर घाइते परलोक भएको भनी हेर्नुपर्ने स्थिति नरहने ।**
- **ज्यानसम्बन्धीको महलको ८ नं.ले यति दिनभित्रै परलोक हुनुपर्ने किटान नगरी घाइते थला परी जतिसुकै पछि मरे पनि ज्यानमाराको बात लाग्ने कानूनी व्यवस्था गरेकोमा कलेजो काटिएको निको नभई त्यसैको संक्रमणको कारणबाट घाइते परलोक भएको अवस्थामा ज्यानसम्बन्धीको महलको ८ नं.को प्रावधानले समेट्दैन भन्न नमिल्ने ।**

(प्रकरण नं.४)

- **हुलमुलमा हानाहान हुँदा दुई प्रतिवादीहरूले मृतकलाई कुटपीट गरेको छुरा भाटा इत्यादिले प्रहार गरेको र घाइतेको ज्यान गएको अवस्थामा वारदातको प्रकृतिले ज्यानसम्बन्धीको महलको १३(३) नं.को अवस्था रहेको देखिने ।**

(प्रकरण नं.७)

पुनरावेदक वादीतर्फबाटः विद्वान वैतनिक अधिवक्ताद्वय श्रुतिकुमारी रेग्मी र हरिशंकर कर्ण
प्रत्यर्थी प्रतिवादीतर्फबाटः विद्वान सहन्यायाधिवक्ता रेवतीराज त्रिपाठी एवं विद्वान अवधिक्ता रुद्रप्रसाद नेपाल
सम्बद्ध कानूनः
अवलम्बित नजीरः

- मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १, ८, ९, १३(३), १७(२) नं.
- अ.बं. १८८ नं.

फैसला

**न्या.वैद्यनाथ उपाध्यायः** पुनरावेदन अदालत, धनकुटाको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :

भोजपुर जिल्ला, बोया गा.वि.स.वडा नं.३ स्थित सार्वजनिक बाटोमा मिति २०६४।१२।८ गते राति ८:०० बजेको समयमा बाटो ढुकी अभियुक्तहरू इन्द्रकुमार मगर, इच्छाबहादुर मगर, मानबहादुर मगर, नन्दमणि मगर, नेत्रबहादुर मगर, अमृता मगर, कमला मगरसमेतको मानिसहरूले बुहारी लक्ष्मी मगर, भतिजो ढाकाप्रसाद मगर, ज्वाइँ लक्ष्मण मगर, भतिजो पवन मगरलाई लाठी, छुरी, खुकुरीसमेत प्रहार गरी सख्त घाइते बनाई ज्यान मार्ने उद्योग गरेको हुँदा निज अभियुक्तहरूलाई कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

अभियुक्तहरू इच्छाबहादुर मगर, रामबहादुर मगर, मानबहादुर मगर, कमला मगरसमेतलाई पक्राउ गरी पेश गरेका छौं । निजहरूलाई कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन ।

जाहेरीमा उल्लेख गरिएको मिति समयमा वारदातस्थल बोया गा.वि.स.वडा नं.३ स्थित सार्वजनिकस्थल मूल बाटोमा विरुद्ध खण्डमा लेखिएको इन्द्रकुमार मगर, नन्दमणि मगर, नेत्रबहादुर मगर, मानबहादुर मगर, रामबहादुर मगरसमेतले पीडित घाइते भनिएका लक्ष्मण मगर, पवन मगर, ढाकाप्रसाद मगर, लक्ष्मी मगरलाई पूर्व रिसइबीको कारण धारिलो हतियार छुरी, लाठीसमेत प्रहार गरी सख्त घाइते बनाई ज्यान मार्नेसमेतको उद्योग गरेको हो । मेरो बुहारी कमला मगर उक्त वारदातमा भए पनि कोही कसैलाई कुट्ने पिट्ने कार्य गरिनन् कानूनबमोजिम होस् भन्नेसमेत व्यहोराको प्रतिवादी इच्छाबहादुर मगरले अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान कागज ।

पीडित घाइते भनिएका लक्ष्मण मगर, पवन मगर, ढाकाप्रसाद मगर, लक्ष्मी मगरसमेतलाई मिति २०६४।१२।८ गते राति ८:०० बजेको समयमा वारदात घट्दाको अवस्थामा प्रतिवादीहरू नन्दमणि मगर, नेत्रबहादुर मगर, इन्द्रकुमार मगर, मानबहादुर मगरसमेतले एक्कासी आक्रमण गरी कुटपीट गर्दा र अभियुक्त नन्दमणि मगरले धारिलो हतियार छुरी प्रहार गरी ज्यान मार्नेसमेतको उद्योग गरेको हो । उक्त वारदातमा मैले कसैलाई कुट्ने पिट्ने कार्य गरिनँ भन्नेसमेत व्यहोराको रामबहादुर मगरले अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान कागज ।

वारदातस्थल भनिएको ठाउँमा मिति २०६४।१२।८ गते राति ८:०० बजेको समयमा अभियुक्तहरू इन्द्रकुमार मगर, नन्दमणि मगर, नेत्रबहादुर मगरसमेतले छुरी, लाठी प्रयोग गरी पीडित घाइते भनिएका पवन मगर, ढाकाप्रसाद मगर, लोकबहादुर मगर, लक्ष्मी मगरसमेतलाई सख्त घाइते बनाई ज्यान मार्ने उद्योग गरेको हो । उक्त वारदातमा मैले कोही कसैलाई हात हालिनँ भन्नेसमेत व्यहोराको अभियुक्त मानबहादुर मगरले अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान कागज ।

वारदातस्थलमा गएको हो । उक्त वारदात हुँदाको अवस्थामा अभियुक्तहरू इन्द्रकुमार मगर, नन्दमणि मगर, नेत्रबहादुर मगर, मानबहादुर मगरसमेतले धारिलो हतियार छुरी, लाठीसमेत प्रहार गरी पीडितहरूलाई घाइते बनाई ज्यान मार्नेसमतेको उद्योग गरेको हो । उक्त वारदातमा मैले कसैलाई हात हालिनँ कानूनबमोजिम होस् भन्नेसमेत व्यहोराको अभियुक्त कमला मगरले गरिदिएको कागज ।

मिति २०६४।१२।८ गते राति वारदातस्थल भनिएको बोया गा.वि.स.वडा नं.३ मूलबाटोमा अभियुक्त नन्दमणि मगर, इन्द्रकुमार मगर, रामबहादुर मगरसमेतले पूर्व रिसइबीको कारण बाटो ढुकी पीडितहरूलाई धारिलो हतियार छुरी, लाठी प्रयोग गरी सख्त घाइते बनाई ज्यान मार्नेसमेतको उद्योग गरेको हुँदा घाइतेहरूको घाउ जाँच केश फराम गरिपाऊँ भन्ने तेजबहादुर मगरले जिल्ला प्रहरी कार्यालय, खाँदबारीमा दिएको निवेदन ।

घाइतेमध्ये लक्ष्मण मगर र पवन मगरको घाउ जाँच गर्दा शरीरको विभिन्न भागमा चोट पटक रहेको र तुरुन्त माथिल्लो उपचार केन्द्रमा लगी अप्रेशन नगरेको खण्डमा मर्न सक्ने सम्भावना रहेको भनी जिल्ला अस्पताल, खाँदबारीले गरिदिएको घाउ जाँच केश फाराम ।

मलाई मिति २०६४।१२।८ गते पीडित घाइते भनिएको लोकबहादुर मगरसमेतले कुटपीट गरी सख्त घाइते बनाएको अवस्थामा मेरी श्रीमती कमला मगर र मेरो बुबा इच्छाबहादुर मगरसमेतका मानिसहरू वारदातस्थलमा गई मलाई उठाउनु भएको हो । सोही अवस्थामा वारदातस्थलमा आएका नन्दमणि मगर, इन्द्रकुमार मगर, रामबहादुर मगर, मानबहादुर मगर, नेत्रबहादुर मगरसमेतले

पीडितहरूलाई छुरी, लाठीसमेतले प्रहार गरी सख्त घाइते बनाएका हुन्, मेरो बुबा इच्छाबहादुर मगर र कमला मगर उक्त वारदातमा संलग्न छैनन् भनी निज दिपक मगरले गरिदिएको कागज ।

वारदातस्थलमा जाहेरीमा उल्लेख गरिएका प्रतिवादीहरूले पीडितहरूलाई एक्कासी आक्रमण गरी छुरी, लाठी प्रहार गरी सख्त घाइते बनाई ज्यान मार्नेसमेतको उद्योग गरेको हुँदा निज अभियुक्तहरूलाई कानूनबमोजिम गरिपाऊँ भन्ने लोकबहादुर मगर, गणेशकुमार राई, मणिराज राईले गरिदिएको कागज ।

मिति २०६४।१२।८ गते राति वारदातस्थलमा बाटो ढुकी पीडित घाइतेलाई अभियुक्तहरूले छुरी, लाठी प्रहार गरी सख्त घाइते बनाएको हो । निजहरूलाई कानूनबमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको विश्वजित राईसमेतले गरिदिएको एकैमिलानको वस्तुस्थिति मुचुल्का ।

अभियुक्तहरू सार्वजनिक बाटोमा मेलाबाट फर्कदै गर्दा ढाकाप्रसाद मगर, लक्ष्मण मगर, पवन मगर लोकबहादुर मगर र लक्ष्मी मगरलाई लाठी, धारिलो हतियार छुरी (चुप्पी) ले शरीरको यत्रतत्र भागमा प्रहार गरी सख्त घाइते तुल्याई ज्यान मार्ने उद्योगको कसूर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १५ नं. विपरीतको कसूर गरेको हुँदा अभियुक्तमध्येका इच्छाबहादुर मगर, मानबहादुर मगर, कमला मगर, रामकुमार मगर, नन्दमणि मगर, अमृता मगर, नेत्रबहादुर मगरको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम सजाय हुने र अर्का अभियुक्त इन्द्रकुमार मगर फरार रहेकोमा पक्राउ गरी अड्डासार गर्दै ल्याउँदै गर्दा प्रहरीको पञ्जाबाट उम्की मिति २०६४।१।९ गते अरूण नदीमा हामफाल्दा मृत्यु भइसकेकोले निजको हकमा सजाय माफ गरिपाऊँ भन्ने व्यहोराको अभियोग पत्र ।

वारदातस्थलमा म पनि संलग्न थिएँ । घाइतेहरूलाई इन्द्रकुमार मगर, नन्दमणि मगर र नेत्रबहादुर मगरले कुटपीट गरी छुरी हानी घाइते बनाएको हो, कमला मगर, इच्छाबहादुर मगर, मानबहादुर मगर र म रामबहादुर मगरले पीडितहरूलाई कुटपीट गरी घाइते बनाएको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी रामबहादुर मगरले शुरू अदालतमा गरेको बयान ।

घाइतेहरूलाई इन्द्रकुमार, नेत्रबहादुर र नन्दमणि मगरले कुटपीट गरी छुरी प्रहार गरी घाइते बनाएको हो । मैले कुटपीट गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी मानबहादुर मगरले शुरू अदालतमा गरेको बयान ।

मेरा छोरा दिपक मगरलाई यस मुद्दाका पीडित भनिएका पवन मगरले कुटपीट गरी घाइते बनाएको छ भन्ने सुनी वारदातस्थलमा जाँदा पीडितहरूलाई नन्दमणि मगर, नेत्रबहादुर मगर, इन्द्रकुमार मगरले भाटा, लाठीसमेत प्रहार गरी घाइते बनाएको मैले देखेको हो, नन्दमणि मगरले खुकुरी भिरेको थियो । खुकुरी वा छुरी के प्रहार भयो, मैले देखिन मैले घाइतेहरू कसैलाई पनि कुटपीट गरेको होइन भन्नेसमेत व्यहोराको इन्द्रबहादुर मगरले शुरू अदालतमा गरेको बयान ।

मेरो श्रीमान् दिपक मगरलाई गाउँका मानिसहरूले कुटपीट गरे भनी रामबहादुर मगर र मानबहादुर मगर बोलाउन गएका थिए । त्यसपछि मेरो ससुरा इच्छाबहादुर मगर र म मेरो श्रीमान् दिपक मगरलाई लिन गएका थियौं । वारदातस्थलमा नन्दमणि मगरले पवन मगर, ढाकाप्रसाद मगर र लक्ष्मण मगरलाई छुरी प्रहार गरेको अरे भनी मैले भोलिपल्ट सुनेकी हुँ । घाइतेहरूलाई को कसले कुटपीट गरे मलाई थाहा भएन । मैले कुटपीट गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी कमला मगरले शुरू अदालतमा गरेको बयान ।

म वारदातस्थलमा थिइनँ, घटना भएको समयमा म आफ्नै घरमा सुतिरहेको थिएँ । मेरो दाजु नन्दमणि मगर र बुबा इन्द्रकुमार मगर वारदातमा संलग्न भएकोले दाजु बुबाको रिसले मलाई पनि फसाउन झूठो जाहेरी दिएको मात्र हो भन्नेसमेत व्यहोराको प्रतिवादी अमृता मगरले शुरू अदालतमा गरेको बयान ।

घाइतेहरूलाई इन्द्रकुमार मगर, नन्दमणि मगरले चुप्पीले हानेको हो । मैले बाँसको भाटाले लक्ष्मण मगर र ढाकाप्रसाद मगरलाई हिर्काएको हो । हामी तीनजनाबाहेक अन्य प्रतिवादीहरू घटनास्थलमा भए पनि कुटपीट गरेको मैले देखिनँ, प्रतिवादी अमृता मगर घटनास्थलमा गएकी थिइनन् भन्नेसमेत व्यहोराको प्रतिवादी नेत्रबहादुर मगरले शुरू अदालतमा गरेको बयान ।

वारदातस्थलमा जाँदा मेरो बुबा इन्द्रकुमार मगरले खुकुरी र चुप्पी बोक्नु भएको रहेछ । बाटोमा बुबाले मलाई चुप्पी दिनुभयो । वारदातस्थलमा पुगेपछि बुबाले मलाई हान भनेर ठेली दिनुभयो । मैले ढाकाप्रसाद मगरलाई र पवन मगरलाई सो चुप्पीले हानेपछि फालिदिएँ । बुबाले सोही चुप्पी टिपी लक्ष्मण मगरलाई हान्नु भयो । नेत्रबहादुर मगरले ढाकाप्रसादको कपालमा समाती भाटाले हानेको देखेँ । बाबुले चुप्पीले हान्न लगाउनु भयो र मैले घाइतेहरूलाई कुटपीट गरी चुप्पी प्रहार गरेको हो । मानबहादुर र रामबहादुरले पनि भाटाले कुटपीट गरेको देखेको हो । कमला मगर र अमृता मगरले कुटपीट गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी नन्दमणि मगरले शुरू अदालतमा गरेको बयान ।

प्रतिवादीमध्येका इच्छाबहादुर मगर, मानबहादुर मगर, रामबहादुर मगर, कमला मगरबाट जनही रु.१०,०००।- का दरले नगद धरौट वा सो बराबरको जेथा जमानत दिए लिई पुर्पक्षको लागि तारेखमा राख्ने र दिन नसके कानूनबमोजिमको सिधा खान पाउने गरी कारागार कार्यालय, भोजपुरमा थुनुवा पूर्जी दिई थुनामा पठाई दिनु भन्ने मिति २०६५।१।१३ को थुनछेक आदेश ।

प्रतिवादीमध्येकी अमृता मगरलाई मुलुकी ऐन, अ.बं.४७ नं.बमोजिम साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने मिति २०६५।१।२३ को थुनछेक आदेश ।

प्रतिवादीमध्येका नन्दमणि मगर र नेत्रबहादुर मगरलाई पुर्पक्षको लागि थुनामा पठाई दिनु भन्ने मिति २०६५।१।२७ गतेको थुनछेक आदेश ।

मिति २०६५।१।१३ र २०६५।१।२७ गतेको थुनछेक आदेश मिलेकै देखिँदा मिति २०६५।३।१९ मा अनुमोदन भएको रहेछ ।

प्रतिवादीमध्येका नन्दमणि मगर र नेत्रबहादुर मगरलाई पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको मिति २०६५।१।२७ को आदेश बदर गरी निजहरूबाट जनही रु.१५,०००।- का दरले नगद धरौट वा सो बराबरको जेथा जमानत माग गरी मिति २०६५।३।१९ मा थुनछेक आदेश भएको रहेछ ।

मिति २०६५।३।१९ का आदेशबमोजिम प्रतिवादीमध्येका नेत्रबहादुर मगरले माग भएको रु.१५,०००।- बराबरको जेथा जमानत राखी तारेखमा बसेका रहेछन् । प्रतिवादीमध्येका नन्दमणि मगरले माग भएको धरौट रु.१५,०००।- दिन नसकी पुर्पक्षका निम्ति थुनामा बसेका रहेछन् ।

मिति २०६५।३।१९ का आदेशानुसार वादी प्रतिवादीका साक्षीहरूको बकपत्र भई उक्त बकपत्र मिसिल सामेल रहेछ ।

मिति २०६५।८।१८ का आदेशानुसार पीडित घाइतेहरूको बकपत्र भई उक्त बकपत्र मिसिल सामेल रहेछ ।

मिति २०६४।१२।८ गते राति जिल्ला भोजपुर, बोया गा.वि.स.वडा नं.३ सिंहदेवी स्थान नजिकै मेरो छोरा लक्ष्मण मगरसमेतलाई प्रतिवादीहरू इच्छाबहादुर मगरसमेतले कुटपीट गरी सख्त घाइते बनाई ज्यान मार्ने उद्योग मुद्दामा कारवाही चलाई आएकोमा निज लक्ष्मण मगरको सोही चोटको कारणबाट मिति २०६५।९।२८ गते बिहान आफ्नै घरमा मृत्यु भएको हुँदा विपक्षीहरूलाई कानूनबमोजिम कर्तव्य ज्यान मुद्दा चलाई कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको ओमबहादुर मगरको मिति २०६५।९।२८ गतेको जाहेरी दरखास्त ।

जिल्ला भोजपुर, बोया गा.वि.स.वडा नं.४ स्थित पूर्वमा मृतककै करेसाबारी, पश्चिममा निजकै खाली बारी, उत्तर गोपाल मगरको घर, दक्षिणमा मृतककै गाई गुवाली यति चार किल्लाभित्र उत्तर दक्षिण पाली गाँसेको सोही पालीमा जस्केलो नजिक

पश्चिम टाउको पूर्व खुट्टा भई मृतक लक्ष्मण मगरको लास परालमाथि हरियो उनीको बर्कोले छोपेको सो बर्को खोली हेर्दा पहेंलो पाटा भएको सर्ट लगाई उत्तानो अवस्थामा दुवै खुट्टा खुम्च्याई दुवै हात पेटमाथि रहेको पेटको दाहिने भागमा ४ इन्च लम्बाई २ इन्च चौडाई रहेको पिप निस्केको घाउ तथा पेटको बीच भागबाट ८ इन्च लम्बाई भएको छातीसम्म पुरानो घाउ खत भएको निजलाई पल्टाई हेर्दा कम्मरमाथि दाहिने पट्टी १ इन्च लम्बाई १ इन्च चौडाई भएको पुरानो घाउबाट पिप निस्केको सोही घाउमाथि पुरानो निको भएको घाउको खत देखिएको उक्त घाउ जिल्ला भोजपुर, बोया गा.वि.वडा नं.३ बस्ने इन्द्रकुमार मगरसमेतले धारिलो हतियार छुरीले प्रहार गरी घाइते बनाएको सोही चोटको कारणबाट मृतकको मृत्यु भएको भनी देखाएको चारकिल्ला विवरण ठीक छ भनी बोया गा.वि.स.वडा नं.४ बस्ने जगतबहादुर राईसमेतले गरी दिएको मिति २०६५।९।२८ गतेको घटनास्थल तथा लास जाँच मुचुल्का ।

मृतकको मृत्युको कारण Septicaemia and due to peritonitis due to punctured wound in the rif भन्नेसमेत व्यहोराको Autopsy report.

मिति २०६५।१।१२ मा ज्यान मार्ने उद्योग मुद्दाको अभियोग पत्र दर्ता भई कारवाही चल्दैको अवस्थामा मृतक लक्ष्मण मगरको मृत्यु प्रतिवादीहरूकै कुटपीटबाट सोही चोट पीडाको कारण मिति २०६४।९।२८ गते पीडामा रहेको अवस्थामा भएको तथ्य Autopsy report बाट देखिएकोले प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.ले निषेध गरेको कसूर अपराधमा ऐ.ऐनको दफा ८ नं.बमोजिमको अवस्था हुँदा ऐ.ऐनको १३(३) नं. बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग माग दावी ।

प्रतिवादीमध्येका नन्दमणि मगर र नेत्रबहादुर मगरलाई पुर्पक्षको लागि थुनामा राख्ने प्रतिवादीमध्येका इच्छाबहादुर मगर, मानबहादुर मगरबाट जनही रु.२७,०००।- नगद धरौट वा सो बराबरको जेथा जमानत माग गर्ने, प्रतिवादीमध्येका कमला मगर र रामबहादुर मगरबाट जनही रु.१०,०००।- नगद धरौट वा सो बराबरको जेथा जमानत माग गर्ने र प्रतिवादीमध्येकी अमृता मगरलाई पुर्पक्षको लागि अ.बं.४७ नं. बमोजिम साधारण तारेखमा राख्ने गरी मिति २०६५।१०।१७ मा थुनछेक आदेश भएको रहेछ ।

मिति २०६५।१०।२१ गते प्रतिवादीहरूको सनाखत बयान भई थुनछेक आदेश भई मिति २०६५।१०।१७ गते गरेको थुनछेक आदेश अनुमोदन भएको रहेछ ।

नि.जि.न्या.ले गरेको मिति २०६५।१०।१७ को थुनछेक आदेश मा.जि.न्या.बाट मिति २०६५।१०।२१ मा अनुमोदन भई उक्त आदेशबमोजिम प्रतिवादीहरू नन्दमणि मगर र नेत्रबहादुर मगर पुर्पक्षको लागि थुनामा बसेका रहेछन् । प्रतिवादीमध्येका रामबहादुर मगर, मानबहादुर मगर, कमला मगर र इच्छाबहादुर मगरले माग भएको धरौट बराबर जेथा जमानत राखी तारेखमा बसेका र प्रतिवादी अमृता मगर साधारण तारेखमा बसेकी रहिछन् ।

जाहेरी दरखास्त, जाहेरवाला, घाइतेको बकपत्र, प्रतिवादीहरूको अदालतमा भएको बयानसमेतका मिसिल संलग्न कागजातबाट प्रतिवादीमध्येका नन्दमणि मगर र नेत्रबहादुर मगरले वादी दावीको कसूर गरेको ठहर्छ । अन्य प्रतिवादीहरू रामबहादुर मगर, मानबहादुर मगर, इच्छाबहादुर मगर, कमला मगर र अमृता मगरले अभियोग माग दावीबाट सफाइ पाउने ठहर्छ । अर्का प्रतिवादी इन्द्रकुमार मगरको मृत्यु भइसकेको हुँदा केही बोलिरहन परेन भन्नेसमेत व्यहोराको शुरू भोजपुर जिल्ला अदालतको फैसला ।

म नन्दमणिले छुरी प्रहार गरेको देखिन नआई इन्द्रकुमार मगरले छुरी प्रहार गरेको देखिन आएको र म नेत्रबहादुरले १, २ भाटाले हानेको हुँ र भाटाले हान्दा मान्छे नमर्ने हुँदा अभियोग दावीबाट सफाइ दिनुपर्ने सर्वश्वसहित जन्मकैदको सजाय

गर्ने गरी शुरूबाट भएको फैसला बदर गरी सफाइ पाऊँ भन्नेसमेत व्यहोरा प्रतिवादीहरू नन्दमणि मगर १ र नेत्रबहादुर मगर १ को पुनरावेदन अदालतमा परेको संयुक्त पुनरावेदन पत्र ।

प्रत्यर्थी खण्डमा उल्लिखित प्रतिवादीहरू समेत भएर घाइतेहरू लक्ष्मण मगर, पवन मगर, ढाकाप्रसाद मगरसमेतलाई कुटी काटी ज्यान मार्ने उद्योगको कसूर गरेको, घाइतेमध्येका लक्ष्मण मगर ऐनका म्यादभित्र मरेको पुष्ट्याईं भएको अवस्थामा प्रत्यर्थी खण्डमा उल्लिखित प्रतिवादीहरूलाई समेत अभियोग दावीअनुसार सजाय हुनपर्नेमा सफाइ दिने ठहर गरेको र ज्यान मार्ने उद्योग मुद्दाको मूल अभियोग दावीतर्फ प्रवेश नै नगरी भएको शुरू फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरी प्रत्यर्थी प्रतिवादीहरूलाई समेत शुरू अभियोग तथा पूरक अभियोग दावीबमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालतमा परेको पुनरावेदन पत्र ।

मृतक लक्ष्मण मगरबाहेकका अन्य घाइतेका सम्बन्धमा दायर रहेको ज्यान मार्ने उद्योग मुद्दातर्फ केही नबोलेको र सफाइ पाउने अन्य प्रतिवादीहरूका सम्बन्धमा भएको प्रमाणको समेत समुचित मूल्याङ्कन नभएको तथा ज्यानसम्बन्धी महलको ८ र ९ नं. को व्याख्यात्मक प्रश्नसमेत उपस्थित भई दुवैतर्फको पुनरावेदन परी रहेको समेत परिप्रेक्ष्यमा शुरूको फैसला फरक पर्न सक्ने भई विचारणीय हुँदा छलफलको लागि अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम परस्परका प्रत्यर्थी हरूलाई झिकाई नियमानुसार गरी पेश गर्नु भन्ने पुनरावेदन अदालतको आदेश ।

प्रतिवादीमध्येका नन्दमणि मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.ले सर्वश्वसहित जन्मकैदको सजाय गरी प्रतिवादी नेत्रबहादुर मगरबाहेकका अन्य प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ दिने गरी शुरू भोजपुर जिल्ला अदालतले मिति २०६६।३।२९।२ मा गरेको इन्साफसम्म शुरू सदर हुने ठहर्छ । प्रतिवादीमध्येका नेत्रबहादुर मगरले मृतकमाथि भाटाले सम्म हिर्काई मार्न संयोग पारेको देखिँदा निजलाई पनि ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याएको शुरूको फैसला मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई निजलाई ज्यानसम्बन्धी महलको १७(२) नं.ले पाँच वर्ष कैद हुने ठहर्छ । वारदातको स्थिति, अवस्था र प्रतिवादीमध्येका नन्दमणि मगरको कलिलो उमेरसमेतलाई विचार गरी निजलाई जन्मकैदको सजाय गर्दा चर्को हुने देखिएको हुँदा अ.बं.१८८ नं. बमोजिम निजलाई १० (दश) वर्ष कैद हुनुपर्ने राय व्यक्त गरिएको छ भन्ने मिति २०६७।१।२८।३ गतेको पुनरावेदन अदालतको फैसला ।

मिसिल संलग्न सबूद प्रमाणबाट वारदातमा प्रतिवादीहरू नन्दमणि मगर र नेत्रबहादुर मगरको मात्र संलग्नता नरही विपक्षी बनाइएका सबै प्रतिवादीहरूको संलग्नता रहेको स्पष्टरूपमा पुष्ट्याईं भइरहेको छ । वारदातको प्रत्यक्षदर्शी र घटनाबाट घाइते भएको व्यक्ति पवन मगरले अदालतमा गरेको बकपत्रमा मलाई नन्दमणि मगरले छुरी हानेको हो । नन्दमणि मगरले छुरी हान्नुभन्दा पहिला मानबहादुर मगर, नेत्रबहादुर मगरले भाटाले हानेका हुन् । घटनामा इच्छाबहादुर मगर, इन्द्रबहादुर मगर, रामबहादुर मगर, कमला मगर, अमृता मगर, नेत्रबहादुर मगर, मानबहादुर मगर र नन्दमणि मगर सबैको संलग्नता छ भनी सबै प्रतिवादीहरूउपर किटानी पोल गरेका छन् । घटनामा प्रतिवादीहरू सबैको संलग्नता छ भनी सबैजना प्रतिवादीहरू उपर किटानी पोल गरेबाट वारदातमा प्रतिवादीहरू सबैजनाको संलग्नता रहेको निर्विवादरूपमा पुष्ट्याईं भएको अवस्थामा पुनरावेदन अदालतको फैसलामा प्रमाण ऐन, २०३१ को दफा १८ र ५४ को समेत त्रुटि रहेको छ । प्रतिवादीहरूमध्ये नेत्रबहादुर मगरलाई शुरूले गरेको सजाय घटाई र अन्य प्रत्यर्थी/प्रतिवादीहरूको शुरूले कम सफाइ दिएको इन्साफलाई सदर गरेको हदसम्मको पुनरावेदन

अदालत, धनकुटाको फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म उक्त फैसला बदर गरी प्रतिवादीलाई शुरू अभियोग माग दावीबमोजिम सजाय गरिपाऊँ भन्नेसमेतको वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदन पत्र ।

प्रस्तुत मुद्दाको वारदात मिति २०६४।११।८ गते भएको र उक्त वारदातका आधारमा म पुनरावेदकसमेतउपर ज्यान मार्ने उद्योग मुद्दा चली अनुसन्धानको क्रममा वारदात मितिभन्दा करीब एक वर्षपछि मिति २०६५।९।२८ गते लक्ष्मण मगरको मृत्यु भएको छ। मृतकको मृत्यु मेरो प्रहारबाट लागेको चोट पीडाको कारणबाट भएको होइन। भाटाले लागेको सामान्य नीलडामको चोट पीरबाट मरेको हो भनी अर्थ गर्न मिल्दैन। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ८ नं. कुनै अङ्ग भाँच्ने छिन्ने गरी कुटेमा भनिएको छ। प्रस्तुत मुद्दामा म पुनरावेदकबाट कुनै अङ्ग भाँचिएको वा छिनेको भन्ने उल्लेखसम्म पनि छैन। ज्यानसम्बन्धी महलको ८, ९ र १७(२) नं. एकैसाथ लागू हुन सक्तैन। ऐनको गलत व्याख्या गरी लिइएको माग दावी र सोही आधारमा भएको पुनरावेदन अदालत, धनकुटाको फैसला बदर गरी झूठा अभियोग माग दावीबाट सफाइ दिलाई पाऊँ भन्नेसमेतको नेत्रबहादुर मगरको यस अदालतमा परेको पुनरावेदन पत्र ।

घाइते भनिएको व्यक्ति लक्ष्मण मगरलाई नबुझेको तथा बुझ्ने प्रयाससमेत नगरेको अवस्थामा बिना सबूद प्रमाण घाइते थला परी मरेको रहेछ भनी अनुमान गर्न मिल्ने होइन। मृतकलाई म पुनरावेदक/प्रतिवादी नन्दमणि मगरले छुरी प्रहार गरेको नभई इन्द्रकुमार मगरले छुरी प्रहार गरेको हो भनी मैले भोजपुर जिल्ला अदालतमा गरेको बयानलाई सो घटनाको प्रत्यक्षदर्शी दिपक मगरले गरेको बकपत्रबाट पुष्टि भएको छ र घाइते पवन मगरको बकपत्रबाट पनि मेरो बयान समर्थित भएको छ। मृतक लक्ष्मण मगरलाई म नन्दमणिले छुरी प्रहार नगरी इन्द्रकुमार मगरले छुरी प्रहार गरेको भन्ने सारा प्रमाणबाट पुष्टि हुँदाहुँदै म निर्दोष व्यक्तिलाई ज्यान जस्तो जघन्य अपराधमा सजाय गर्ने गरेको फैसला बदर गरी म निर्दोष पुनरावेदकलाई सफाइ दिलाई पाऊँ भन्नेसमेतको प्रतिवादी नन्दमणि मगरले यस अदालतमा गरेको पुनरावेदन पत्र ।

प्रतिवादी नन्दमणि मगरले मृतक लक्ष्मण मगरलाई छुरा प्रहार गरेको स्वीकार गरी अदालतमा बयान गरेको नदेखिएको अवस्थामा सबूद प्रमाणको मूल्याङ्कनको रोहमा पुनरावेदन अदालत, धनकुटाबाट भएको इन्साफ फरक पर्न सक्ने देखिँदा उक्त २०६७-CR-०२०७, ०६८-CR-०४०९ समेतको पुनरावेदनको रोहमा समेत छलफल गर्न अ.बं.२०२ नं. बमोजिम विपक्षीहरू झिकाई पुनरावेदक प्रतिवादीहरूको पुनरावेदनको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयलाई पठाई वादी नेपाल सरकारको पुनरावेदनको प्रतिलिपि पुनरावेदक प्रतिवादीहरूलाई दिई सोको निस्सा मिसिल सामेल राखी नियमानुसार पेश गर्नु भन्नेसमेतको मिति २०६८।१०।४ को यस अदालतको आदेश ।

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन पत्रसहितको मिसिल अध्ययन गरी नेपाल सरकारको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठीले वारदातको प्रकृति फागु पूर्णिमाको मेला भर्न गएको बेलामा लाठा, ढुङ्गा प्रयोग गरी भएको सबैजनाले हात छोडेको अवस्था छ र सबैजना प्रतिवादीहरू वारदातस्थलमा छन् भने अर्कोतर्फ केही नगरी हेरी रहनेलाई समेत सजायको व्यवस्था गरिएको छ। यस्तोमा धेरै जना प्रतिवादीहरूलाई सफाइ दिने गरेको मिलेको छैन। नेत्रबहादुरको हकमा पुनरावेदनले गरेको मिलेको छैन तसर्थ पुनरावेदन अदालतको फैसला बदर गरी शुरू अभियोग माग दावीबमोजिम गरिपाऊँ भन्नेसमेतको बहस जिकीर प्रस्तुत गर्नुभयो ।

पुनरावेदक नन्दमणि र नेत्रबहादुरको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रुद्रप्रसाद नेपालले रातिको ८ बजेको समयमा घटना घटेको, को कसले हानेको हो चिन्न नसकिने अवस्था छ।

घटना भएको हो, हानाहान भएको छ तर नन्दमणिले नहानेको अवस्था छ । उक्त घटना भएपश्चात् धेरै लामो समयपछि मृतकको मृत्यु भएको हुँदा सोही चोटको कारणले मृत्यु भएको हो भन्न नसकिने हुनाले पुनरावेदन अदालतले कसूरदार ठहर गर्ने गरेको फैसला उल्टी गरी सफाइ पाऊँ भन्नेसमेतको बहस जिकीर प्रस्तुत गर्नुभयो । त्यस्तै प्रतिवादी नन्दमणि मगरको तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ताद्वय श्री श्रुतिकुमारी रेग्मी र हरिशंकर कर्णले मृतकलाई नन्दमणिले हानेको नभई बुबा इन्द्रबहादुरले छुरी प्रहार गरेको भनी भनेका छन् । अर्कोतर्फ इन्द्रबहादुर अरूण नदीमा हामफालेर मरेको अवस्था छ । यस्तो अवस्थामा नन्दमणिले हानेको ठहर गरेको पुनरावेदन अदालतको फैसला मिलेको नहुँदा उल्टी गरी यी प्रतिवादीलाई सफाइ दिलाई पाऊँ भन्नेसमेतको बहस जिकीर प्रस्तुत गर्नुभयो ।

उपरोक्तानुसारको बहस जिकीरसमेत सुनी पुनरावेदन अदालतको फैसला मिलेको छ छैन तथा पुनरावेदकहरूको पुनरावेदन जिकीर पुग्न सक्ने हो होइन सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरू इच्छाबहादुर मगर, मानबहादुर मगर, कमला मगर, रामबहादुर मगर, नन्दमणि मगर, अमृता मगर, नेत्रबहादुर मगर र इन्द्रकुमार मगरले पवन मगर, लक्ष्मण मगर, ढाकाप्रसाद मगर, लोकबहादुर मगर र लक्ष्मी मगरउपर लाठी छुरी प्रहार गरी सख्त घाइते बनाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १, १५ नं. बमोजिमको कसूर अपराध गरेको हुँदा प्रतिवादी इन्द्रकुमार मगर मरी सकेको हुँदा निजलाई हुने सजाय माफ गरी अन्य प्रतिवादीहरूलाई उक्त १५ नं. बमोजिम सजाय गरिपाऊँ भनी मिति २०६५।१।१२ मा वादी नेपाल सरकारका तर्फबाट पहिलो अभियोग पत्र दर्ता भई कारवाहीयुक्त अवस्थामा रहेको अवस्था घाइतेमध्येका लक्ष्मण मगरको प्रतिवादीहरू कै चोट पीडाबाट २०६६।९।२८ मा मृत्यु भएको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.ले निषेध गरेको कसूरमा ऐ.को ८ नं. अवस्था हुँदा सबै प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सजाय गरिपाऊँ भनी पुनः मिति २०६५।१०।१५ मा अर्को अभियोग पत्र दर्ता भई सबै प्रतिवादीहरू उपर कर्तव्य ज्यान मुद्दामा कारवाही उठेको देखिन्छ । उक्त अभियोग दावी सम्बन्धमा शुरू भोजपुर जिल्ला अदालतले प्रतिवादीमध्येका नन्दमणि मगर र नेत्रबहादुर मगरले अभियोग दावीबमोजिम कसूर गरेको ठहर्‍याई निजहरूलाई सर्वश्वसहित जन्मकैद हुने र अन्य प्रतिवादीहरूले अभियोग दावीबाट सफाइ पाउने गरी फैसला भएकोमा पुनरावेदन अदालतबाट प्रतिवादीमध्येका नन्दमणि मगरलाई ज्यानसम्बन्धीको महलको १३(३) ले सर्वश्वसहित जन्मकैद र प्रतिवादी नेत्रबहादुर मगरलाई ज्यानसम्बन्धी महलको १७(२) नं. ले पाँच वर्ष कैद हुने र अन्य प्रतिवादीहरूले सफाइ पाउने गरी भएको फैसलाउपर सफाइ पाएका प्रतिवादीहरूलाई पनि अभियोग दावीबमोजिम सजाय हुनुपर्दछ भनी वादी नेपाल सरकारको तर्फबाट र कसूरबाट उन्मुक्ति पाउनुपर्दछ भनी कसूर ठहर भएका प्रतिवादीहरू नन्दमणि मगर र नेत्रबहादुर मगरको तर्फबाट छुट्टाछुट्टै पुनरावेदन पत्रहरू पर्न आएको पाइयो ।

३. मिसिल अध्ययन गर्दा मिति २०६४।११।८ गते बेलुका अन्दाजी ८ बजेको समयमा भोजपुर जिल्ला, बोया गा.वि.स.वडा नं.३ मा पर्ने सार्वजनिक मूल बाटोमा वारदात भएको भन्ने देखिन्छ । सो वारदातमा पीडितमध्येका लक्ष्मण बलम पाकी मगर, पवन बलम पाकी मगर, ढाकाप्रसाद बलम पाकी मगर सख्त घाइते भएको भन्ने मिसिल संलग्न घाउ जाँच केश फारामबाट देखिएकोमा मिति २०६५।९।२८ मा मृत्यु भएका लक्ष्मण बलम पाकी मगरको घाउ जाँच केश फारामबाट अङ्ग फोरिएको छुरीले कलेजोसम्म चोट पारेको (Stab injury up to liver) र समयमा उपचार नगरे मर्न सक्ने (Fatal) भनी उच्चस्तरको अस्पतालमा उपचारको लागि सिफारिश गरेको पाइन्छ भने मिति २०६५।९।२९ मा मृतकको लाश जाँच हुँदा पेटको दाहिने भागमा

४ इञ्च लम्बाई, २ इञ्च चौडाई भएको घाउबाट पिप निस्केको, पेटको बीच भागमा ८ इञ्च लम्बाई भएको छातीसम्म काटिएको पुरानो घाउ खत रहेको, कम्मरमाथि दाहिनेपट्टि १ इञ्च लम्बाई १ इञ्च चौडाई भएको पुरानो घाउ भई पिप निस्केको साही घाउ इन्द्रबहादुर मगरसमेतले धारिलो हतियार छुरी खुकुरीले प्रहार गरी घाइते बनाएको सोही चोटको कारणबाट मृत्यु भएको भनी उल्लेख भई निजको शव परीक्षण प्रतिवेदन (Autopsy report) मा पनि मृतकको मृत्युको कारण Septicaemia and due to peritonitis due to punctured wound in the rif भन्ने उल्लेख भएको समेतबाट निज लक्ष्मण बलम पाकी मगरको मृत्यु मिति २०६४।११।८ मा भएको वारदातमा लागेको चोटकै कारण रगतमा भएको सक्रमणबाट भएको देखिन आयो ।

४. जहाँसम्म प्रतिवादीतर्फका कानून व्यवसायीहरूको ज्यानसम्बन्धी महलको ८ नं. प्रस्तुत मुद्दामा आकर्षित हुँदैन भन्ने बहस जिकीर रहेको छ सो सम्बन्धमा हामीले ज्यानसम्बन्धी महलमा भएको कानूनी व्यवस्था "यसै महलको ५ नं. ले भवितव्य ठहर्नेबाहेक कुनै अङ्ग भाँच्ने छिन्ने गरी हाने कुटेमा त्यो थला परी निको नभए जतिसुकै समयपछि मरे पनि ज्यानमाराको बात लाग्छ" भनी उल्लेख भएको देखिन्छ । वारदात मिति २०६४।१२।८ बाट लामो समयको अन्तरालपछि मिति २०६५।९।२८ मा मृत्यु भएको कारणबाट उपचार गरी ठीक भइसकेपछि मृतकको मृत्यु भएको हुँदा यी प्रतिवादीहरूलाई कसूरदार बनाउन मिल्दैन भनी प्रतिवादीहरूको जिकीर रहेको पाइयो । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ८ नं.मा भएको प्रावधानअनुसार मृतकको मृत्यु भएको हो कि होइन भनेर हेर्नुपर्ने अवस्था छ । मृतकको शुरूको जाहेरी परेपछि भएको घाउ जाँच फाराममा stab injury up to liver भन्ने उल्लेख भएकोमा उक्त लागेको चोट निको भई सकेको भन्ने कुनै प्रमाण मिसिल संलग्न रहेको देखिँदैन । घाउ उपचार गरी ठीक भई सकेको भन्ने प्रतिवादीहरूको जिकीर पुष्टि हुन सकेको देखिन आएन । शव परीक्षण प्रतिवेदन हेर्दा कलेजोसम्म काटिएको वारदात हुँदाको घाउकै कारणबाट रगतसम्म संक्रमण हुन पुगी मृत्यु भएको देखिन्छ । तसर्थ मृतकको मृत्यु मिति २०६४।११।८ मा भएको घाउकै कारणबाट भएको देखिन आयो । छुरा जस्तो जोखिम हतियारले कलेजोसम्म काटिने गरी प्रहार भएको वारदातलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं.ले भवितव्य ठहरिने प्रकृतिको मान्ने अवस्था देखिँदैन । मृत्युको कारणमा त्यही वारदातमा कलेजोसम्म काटिएको समेतबाट रगतमा संक्रमण भएको तथ्य लास जाँच परीक्षण प्रतिवेदनबाट देखिन्छ । वारदात मितिबाट २१ दिनभित्र घाइते परलोक नभएकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ९ नं.बाट ज्यान मुद्दा चल्न सक्तैन भन्ने प्रतिवादीको भनाई रहेको देखिन्छ । उक्त ऐनको ९ नं. आकृष्ट हुन ज्यान मार्नलाई अङ्ग भाँच्ने छिन्नेबाहेकको अवस्था हुनुपर्ने हुन्छ । प्रस्तुत वारदातमा धारिलो हतियारले कलेजोसम्म काटिने गरी प्रहार भएको देखिँदा ज्यान मार्नलाई अङ्ग भाँच्ने छिन्ने अवस्था भएन भन्न मिलेन । तसर्थ मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ९ नं. बमोजिम २१ दिनभित्र वा बाहिर घाइते परलोक भएको भनी हेर्न पर्ने स्थिति रहेन । तर, ज्यानसम्बन्धीको महलको ८ नं.ले यति दिनभित्रै परलोक हुनुपर्ने किटान नगरी घाइते थला परी जतिसुकैपछि मरे पनि ज्यानमाराको बात लाग्ने कानूनी व्यवस्था गरेकोमा सो कलेजो काटिएको निको नभई त्यसैको संक्रमणको कारणबाट घाइते परलोक भएको यस अवस्थामा ज्यानसम्बन्धीको महलको ८ नं.को प्रावधानले समेट्दैन भन्न मिल्ने देखिएन ।

५. वारदात भएको दिन फागु पूर्णिमाको मेला भर्न भोजपुर जिल्लाको चम्पे बजारमा गएको बेलामा फर्किने क्रममा घाइतेसमेतसँग वारदातस्थलमा भेट हुँदा सामान्य बोलचालको क्रममा भनाभन हुँदा पहिले घाइते पक्षका लोकबहादुर मगर, ढाकाप्रसाद मगर, पवन मगर, लक्ष्मण

मगरसमेतले लाठी लात मुक्काले आक्रमण गर्दा दिपककुमारसमेतलाई सख्त घाइते बनाएको भन्ने कुरा प्रतिवादीमध्येका मानबहादुर मगर, कमला मगर र बुझिएका दिपक मगरसमेतले मौकामा गरेको कागजमा लेखाएको देखिन्छ । घाइते ढाकाप्रसाद मगरले अदालतमा आई बकपत्र गर्दा लक्ष्मण मगरसमेतको कोखामा नन्दमणिले दुई ठाउँमा छुरा प्रहार गरेको भनी लेखाएका छन् । प्रतिवादीमध्यको नेत्रबहादुरले भाटाले मृतकलाई हिर्काएको भनी लेखाएको समेत कुरामा साबित देखिन्छन् । घाइते पवन मगरले बकपत्र गर्दा पनि प्रतिवादी नन्दमणिले घाइतेहरू उपर छुरी प्रहार गरेको भनी लेखाएको पाइन्छ । मौकामा वस्तुस्थिति मुचुल्कामा लेखाई अदालतमा बकपत्र गर्ने टिकामाया मगरले मृतकसमेतलाई इन्द्रकुमारको अह्राोट मानी नन्दमणिले छुरा प्रहार गरेको र प्रतिवादी नेत्रबहादुर मगरले लाठीले कुटपीट गरेको भनी लेखाएको देखिन्छ ।

६. प्रतिवादीमध्येका इन्द्रकुमार मगरको मृत्यु भइसकेको र नन्दमणि तथा नेत्रबहादुर मगरबाहेकका अन्य प्रतिवादीहरूले मृतकसमेतउपर प्रहार गरी मृतकको मृत्यु भएको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट नदेखिएको हुँदा निजहरू समेतलाई सजाय हुनुपर्दछ भन्ने वादी पक्षको जिकीरसँग सहमत हुन सकिएन ।

७. त्यस्तै प्रतिवादीमध्येका नेत्रबहादुर मगरलाई पनि ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम नै सजाय हुनपर्दछ भन्ने सम्बन्धमा लिएको जिकीरतर्फ हेर्दा माथिको प्रकरणमा उल्लेख गरिएअनुसार बाबु इन्द्रबहादुरको अह्राोटमा छोराहरू नेत्रबहादुर र नन्दमणिले मृतकलाई हानेको कुरामा सहमत नै छन् । मृतकलाई दुवैजनाले प्रहार गरेको भनी अदालतमा समेत लेखाई दिएको पाइन्छ । दुई समूहबीच हानाहान भएको वारदातमा यी प्रतिवादीहरू नेत्रबहादुर र नन्दमणि क-कसले कसरी प्रहार गरे भनी मौकाका व्यक्तिहरूले गरेको कागज र अदालतको बकपत्रबाट स्पष्ट एकरूपता देखाउन नसके पनि यी दुई प्रतिवादीहरूको कर्तव्यबाट मृतक घाइते भएको तथ्यमा विवाद रहेको देखिँदैन । यसरी हुलमुलमा हानाहान हुँदा यी दुई प्रतिवादीहरूले मृतकलाई कुटपीट गरेको छुरा भाटा इत्यादिले प्रहार गरेको र घाइतेको ज्यान गएको यस अवस्थामा वारदातको प्रकृतिले यो ज्यानसम्बन्धीको महलको १३(३) नं.को अवस्था रहेको देखिन आयो ।

८. माथि विवेचना गरिएअनुसार प्रतिवादीमध्येका मुख्य अभियुक्त इन्द्रबहादुर मगरको मृत्यु भइसकेको, प्रतिवादीमध्येका नेत्रबहादुर मगर र नन्दमणि मगरसमेतले मृतकलाई भाटा तथा छुरीले हान्ने कार्यमा संलग्न रहेको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार दुवैजनालाई जन्मकैदको सजाय गर्नुपर्नेमा प्रतिवादी नन्दमणि मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.अनुसार सर्वश्वसहित जन्मकैद र नेत्रबहादुर मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. ले ५ (पाँच) वर्ष कैद गर्ने गरेको हदसम्म शुरूको फैसला केही उल्टी भई प्रतिवादीहरू नन्दमणि मगर र नेत्रबहादुर मगर दुवैजनालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार जनही जन्मकैदको सजाय हुने ठहर्छ । अन्य सबैजना प्रतिवादीहरूलाई अभियोग माग दावीबमोजिम सजाय गरिपाऊँ भन्ने नेपाल सरकारको तथा सफाइ पाउनु पर्दछ भन्ने प्रतिवादीहरू नन्दमणि मगर र नेत्रबहादुर मगरको पुनरावेदन जिकीर पुग्न सक्तैन ।

९. फागु पूर्णिमाको मेला भर्न गएको बेलामा वादविवादबाट घटेको वारदात, वारदात हुँदा दुवैथरिको झगडा भएको अवस्था, ज्यान मार्ने पूर्व नियोजित सरसल्लाह केही नभएको अवस्था र प्रतिवादीहरू दुवैजना नन्दमणि मगर र नेत्रबहादुर मगरको कलिलो उमेरसमेतलाई विचार गरी निजहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हुँदा अ.बं.१८८ नं. बमोजिम निजहरू दुवैजनालाई जनही ८ (आठ) वर्ष कैद हुने ठहर्छ । अरूमा तपसीलबमोजिम गर्नू ।

तपसील

माथि ठहर खण्डमा पुनरावेदन अदालतको फैसला केही उल्टी भई प्रतिवादीमध्येका नन्दमणि मगर र नेत्रबहादुर मगरलाई जनही ८ (आठ) वर्ष कैद हुने ठहरेकोले निजहरूमध्ये नन्दमणि मगरको नाममा भएको सर्वश्वसहित जन्मकैदको लगत कट्टा गरी ८ (आठ) वर्षको लगत कायम गरी असूलउपर गर्नु र अर्का प्रतिवादी नन्दबहादुर मगरलाई पुनरावेदन अदालतको फैसलाले लागेको कैद वर्ष ५ (पाँच) को लगत कट्टा गरी कैद वर्ष ८ (आठ) को लगत कायम गरी असूलउपर गर्नु भनी शुरू जिल्ला अदालतमा लेखी पठाई दिनू-१

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ---------२

उक्त रायमा सहमत छु ।

न्या.प्रा.डा.भरतबहादुर कार्की

इति संवत् २०७० साल जेठ २२ गते रोज ४ शुभम्

इजलास अधिकृत : भोलानाथ ढकाल

## निर्णय नं. ९०२८

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय

माननीय न्यायाधीश प्रा.डा.श्री भरतबहादुर कार्की

०६९-WO-११६९

फैसला मितिः २०७०।४।२।४

विषयः- उत्प्रेषण, परमादेशसमेत ।

निवेदकः काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं.२९ बस्ने श्यामसुन्दर अग्रवाल

विरुद्ध

विपक्षीः नेपाल विद्युत प्राधिकरण काठमाडौँसमेत

- **खरीद गरी लिएको खाली जग्गामा घर टहरा निर्माण गरी उद्योग सञ्चालनका लागि आवश्यक मेसीन औजारहरू समेत जडान गरिसकेको अवस्था भएकाले देश विकासको लागि औद्योगिक क्षेत्रको विकास पर्याप्त मात्रामा गरी आर्थिक उन्नतिको गतिलाई बढी गतिशील बनाउनु पर्नाको साथसाथै रोजगारमूलक उद्योग व्यवसायलाई सेवा सुविधा दिने राज्यको नीति रहेको अवस्थामा उद्योगलाई कानूनको दायरामा रही सहयोग पुग्ने किसिमले विद्युत प्राधिकरणले आफ्नोतर्फबाट औद्योगिक विकासको लागि सहयोग पुऱ्याउनु पर्ने दायित्वलाई कानूनबमोजिम निर्वाह गर्नुपर्दछ । नागरिक वा उद्योगले कसरी बिजुली सुविधा पाउन सक्छ भनी सोच्नु पर्नेमा कसरी रोक्न सकिन्छ भनी परास्त गर्ने नीति लिन नहुने ।**
- **अरूको दायित्व सकार गराउन निवेदकलाई विवश गराउनु सो नगरे विद्युत लाइन नदिनु भनेको निजलाई उद्योग खोली पेशा व्यवसाय गर्न पाउने हकबाट बञ्चित गर्नु हो । विद्युत प्राधिकरणले लेना बक्यौता रकम इण्डष्ट्रिजको नाउँमा रहेको कित्ताबाटै असूल गर्नुपर्ने भनी आफैंले मानी सोतर्फ पत्राचार गरी कारवाही चलाइसकेको अवस्थामा त्यही कुरा झिकी छुट्टै जग्गामा बनाएको उद्योगलाई छुट्टै कित्तामा अवस्थित इण्डष्ट्रिजले विद्युत महसुल बुझाउनु पर्ने दायित्व निर्वाह नगरेको कसूरमा बेसरोकारका निवेदकलाई सोको भागिदार बनाई उद्योग खोली आफ्नो पेशा व्यवसाय गर्ने कानूनी तथा संवैधानिक हकलाई कुण्ठित हुने गरी विद्युत आपूर्तिबाट बञ्चित गर्न नमिल्ने ।**

(प्रकरण नं.५)

निवेदकतर्फबाटः विद्वान अधिवक्ता यदुनाथ खनाल र सीताराम के.सी.
विपक्षीतर्फबाटः विद्वान अधिवक्ताहरू होमकान्त चौलागाईं र राजकुमार पोखरेल
अवलम्बित नजीरः
सम्बद्ध कानूनः

आदेश

**न्या.वैद्यनाथ उपाध्यायः** मकवानपुर जिल्ला, बसामाडी गा.वि.स.वडा नं.२ कि.नं. ४५१, ४५२ र ८१४ को क्रमशः क्षेत्रफल ०-१२-३, ०-५-० र ०-३-१८ जग्गा रविन्द्रमान श्रेष्ठले लिएको कर्जाको धितोस्वरूप मेरो दाता भिष्ममान श्रेष्ठले नेपाल बंगलादेश बैंकलाई धितो दिएकोमा सो बैंकबाट लिएको कर्जा चुक्ता गरी मिति २०६७।१०।१२ मा मैले राजीनामा पारित गरिलिएको जग्गा हो । नेपाल विद्युत प्राधिकरण, हेटौंडा वितरण केन्द्रले मेरो दाताको नाममा रहेको हारती वायर इण्डष्ट्रिज प्रा.लि.को बक्यौता रकम तिर्न बाँकी भएकोले उक्त रकम नतिरेसम्म विद्युत दिन नमिल्ने भनी पत्राचार गरिएको छ । मेरो दाताले कति रकम तिर्न बाँकी छ भन्ने कुरा मेरो सरोकारको विषय होइन । मेरो दाताले उद्योग सञ्चालनमा ल्याउँदा प्रयोग गरेको कम्पनी र मेरो कम्पनीको नाम फरक छ । मेरो दाताले उद्योग सञ्चालनमा ल्याएको कि.नं.३२७ को क्षेत्रफल १-५-४ हो भने मैले खरीद गरी लिएको कि.नं.४५१, ४५२ र ८१४ को जग्गा नै फरक छ । अन्य व्यक्तिले बुझाउनु पर्ने महसुल निवेदकलाई बुझाउन बाध्य पार्ने कार्य नागरिक अधिकार ऐन, २०१२ को दफा ६ द्वारा प्रदत्त हक अधिकारविपरीत छ । यसरी जग्गा नै फरक भएको अवस्थामा उक्त जग्गा हारती वायर इण्डष्ट्रिजले चर्चेको भनी गलत व्याख्या गरी मेरो पेशा व्यवसायमा आँच आउने गरी बिजुली उपलव्ध नगराउने निर्णय गर्नु बदरभागी छ ।

म निवेदक एक व्यापारी भएकोले ठूलो धनराशी खर्च गरी जमीन खरीद गरी टहरा बनाई मेसिन औजारसमेत जडान गरिसकेको छु । धागो उद्योगको लागि सम्पूर्ण तयारी पूरा भई कालिगढसमेत विदेशबाट झिकाई सकिएको अवस्था विद्यमान छ । हाल मैले उद्योग सञ्चालनमा नल्याउँदाका अवस्थामा प्रत्येक दिन घाटा खेपी रहेको छु । समयमै उल्लेखित बाँकी बक्यौता असूल गर्न जग्गा रोक्का गर्ने वा अन्य कारवाही गर्ने जिम्मेवारी विपक्षीको हो । विपक्षी कार्यालयले उक्त रकम उठाउन कुनै पहल नगर्ने तर अहिले आएर म निवेदकलाई पेशा व्यवसाय गर्न रोक्ने उद्देश्यले चर्चिँदै नचर्चेको जग्गालाई चर्चेको भनी गलत व्याख्या गरी मलाई संविधानप्रदत्त हक प्रचलनमा ल्याउन नदिएको विपक्षीको कार्य संविधानविपरीत छ ।

म निवेदकले आफ्नो जग्गामा टहरा बनाई उद्योग सञ्चालन गर्न चाहेपश्चात् विद्युत लाईन दिने दायित्व विपक्षीको हो, विपक्षीहरूले विद्युत वितरण नियमावली, २०५५ को नियम ३ को अवस्था पूरा भएपछि सार्वजनिक उपयोगको बिजुली दिन्न भन्ने विपक्षीको कार्य गैरकानूनी भएको स्पष्ट छ । विपक्षीको कार्यले निवेदकलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१)(३)(ङ)(च), १३(१) र १९ एवं नागरिक अधिकार ऐन, २०१२ को दफा ६(६)(७) द्वारा प्रदत्त हक अधिकारमा आघात पुगेको हुँदा निवेदकको मागबमोजिम विद्युत नदिने भनी विपक्षीहरूको मिति २०६९।६।२२ को पत्र एवं सोसँग सम्बन्धित पत्रहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकको कि.नं.४५१, ४५२ र ८१४ मा बनेको घर टहरामा अविलम्ब विद्युत लाईन जोड्नु भन्ने परमादेशको आदेश जारी गरिपाऊँ । निवेदकले उक्त जग्गामा घर टहरा बनाई सञ्चालनका लागि सम्बन्धित गा.वि.स.बाट स्वीकृति लिई उद्योगको लागि आवश्यक मेशिन औजार एवं कालिगढहरू समेत आइसकेको अवस्थामा निवेदकले पेशा व्यवसाय गर्न नपाएको र राज्यद्वारा प्रदत्त सुविधा विद्युत प्रयोग गर्नबाट बञ्चित हुन परेकोले निवेदकको मागबमोजिम विद्युत लाईन जोडी दिनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१)

बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेशसमेत जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? लिखित जवाफ पठाउनु भनी विपक्षीहरूलाई सूचना दिई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम गरी पेश गर्नु साथै अन्तरिम आदेशको छलफलका लागि विपक्षीहरूलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस अदालतबाट मिति २०७०।१।२४ मा भएको आदेश ।

मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं.२ का कि.नं.३२७, ४५१, ४५२ र ८१४ का जग्गाहरू भिष्ममान श्रेष्ठले सञ्चालन गरेको उद्योगले चर्चेको एकै कम्पाउण्डको घर जग्गा भएकोले प्राधिकरणको बक्यौता बाँकी रहेको अवस्थामा एउटै घर कम्पाउण्डभित्रको बक्यौता भुक्तान नहुँदासम्म सोही जग्गामा नयाँ विद्युत मीटर जडान गर्न नसकिने भन्ने नेपाल विद्युत प्राधिकरण विद्युत वितरण विनियमावली, २०५५ (संशोधन सहित) को विनियम १३ को उपविनियम (२) बमोजिम कानूनी व्यवस्था रहेकोले विद्युत जडान नगरेको विषय कानूनसम्मत रहेको छ । विपक्षीलाई प्राधिकरणको बक्यौता, बैंकको बक्यौता आदि सबै विषयमा जानकारी हुँदाहुँदै सोबाट उम्कन विपक्षी र निजका दाता भिष्ममान श्रेष्ठसमेतको मिलोमतोमा खरीद बिक्री गर्ने कार्य गरेकाले प्राधिकरणलाई तिर्नु पर्ने दायित्वबाट उम्कन विपक्षीले सफा हात लिई अदालत प्रवेश नगरेको हुँदा रिट खारेज गरिपाऊँ भन्ने व्यहोराको नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकको लिखित जवाफ ।

हारती वायर इण्डष्ट्रिज प्रा.लि.का सञ्चालक भिष्ममान श्रेष्ठबाट विपक्षीले उल्लेखित जग्गा खरीद गरी लिनुपूर्व नै निज कालोसूचीमा रहेको छ । उक्त जग्गा नेपाल बंगलादेश बैंक र सो बैंकको सहमतिमा लुम्बिनी बैंक लि.समेतमा दुईवटा बैंकबाट धितो रोक्का रहेकोमा बैंकले फुकुवासमेत नगरेकै अवस्थामा कालोसूचीबाट बच्न, प्राधिकरणको बक्यौता र बैंकको ऋणसमेत नतिर्न विपक्षी भिष्ममान श्रेष्ठसमेतको मिलोमतोमा खरीद बिक्री गर्ने कार्य गरेकाले विपक्षीले प्राधिकरणलाई तिर्नु पर्ने दायित्वबाट उम्कन भएको सत्य तथ्य व्यहोरा गुमराहमा राखी सफा हात लिई अदालत प्रवेश नगरेको हुँदा रिट खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको नेपाल विद्युत प्राधिकरण क्षेत्रीय कार्यालय, हेटौंडाको लिखित जवाफ ।

नियमबमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदकतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री यदुनाथ खनाल र श्री सीताराम के.सी.ले विवादित जग्गाहरू हाम्रो पक्षले भिष्ममान श्रेष्ठसँगबाट राजीनामा पारित गरी लिँदा उक्त जग्गाहरूमा घर टहरा केही पनि थिएन । विद्युतको बील तिर्न बाँकी रहेको भनिएको कि.नं.३२७ को जग्गामा रहेको हारती इण्डष्ट्रिजकै नाममा रहेको छुट्टै कम्पाउण्डभित्रको उद्योग हो । सम्बन्धित गा.वि.स.बाट सिफारिश दिँदा समेत हाम्रो पक्षले लिएको जग्गाहरू खरीद गर्नुपूर्व कुनै पनि टहरा नभएको र विद्युत पनि नभएको उक्त स्थानमा श्यामसुन्दर अग्रवालले जग्गा खरीद गरी लिई नयाँ भवन कम्पाउण्ड बनाई उद्योग सञ्चालन गर्न लागेको हो । हारती वायर इण्डष्ट्रिज प्रा.लि.लुम्बिनी बैंकको स्वामित्वमा गए पनि बाँकी रकम प्राधिकरणले आफ्नो लेनासरह असूल गर्न सक्दछ । हाम्रो पक्षले जग्गा खरीद गरी घर टहरा बनाई धागो उद्योग सञ्चालन गर्न मेशिन औजारहरू ल्याई सेट गरी सकेको र प्राधिकरणले विद्युत जडान नगरी दिँदा उद्योग सञ्चालनमा आउन नसकेको हुँदा हाम्रो पक्षको पेशा रोजगार एवं वैयक्तिक स्वतन्त्रतालाई असर पर्ने गरी विद्युत प्राधिकरणले मिति २०६९।६।२२ मा विद्युत दिन नमिल्ने भनी गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी विद्युत लाइन जडान गरी दिन परमादेशको आदेश जारी हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहसनोट प्रस्तुत गर्नु भयो ।

विपक्षीतर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री होमकान्त चौलागाई र श्री राजकुमार पोखरेलले भिष्ममान श्रेष्ठले सञ्चालन

गरेको हारती वायर इण्डष्ट्रिज रहेको विद्युत महसुल बक्यौता राखेको उद्योगको कि.नं.३२७ र भिष्ममान श्रेष्ठबाट यिनै निवेदकले खरीद गरी लिएको कि.नं.४५१, ४५२ र ८१४ का जग्गाहरू उक्त उद्योगले चर्चेको कम्पाउण्डको घरजग्गा भएको हुँदा प्राधिकरणको बक्यौता बाँकी रहेकै अवस्थामा एउटै घर कम्पाउण्डभित्रको बक्यौता भुक्तानी नहुँदासम्म सोही जग्गामा भएको उद्योगमा नयाँ विद्युत मीटर जडान गर्न मिल्ने होइन । साविक जग्गा एउटै व्यक्ति भिष्ममान श्रेष्ठका नाममा रहेको भिन्न-भिन्न कित्ता भए पनि एकै साथ जोडिएका एकै कम्पाउण्डको भएकाले एउटा जग्गाको पूर्जा पेश गरी विद्युत लाइन जडान गर्ने, त्यसको बक्यौताबाट बच्न छुट्टै कित्ता भएको फाइदा उठाई उम्कन खोजिएको छ । विपक्षीहरू मिली प्राधिकरणको बक्यौता नतिर्ने मनसायले सत्य तथ्य लुकाई अदालतसमक्ष आएको हुँदा रिट खारेज हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहसनोट प्रस्तुत गर्नुभयो ।

दुवैतर्फका कानून व्यवसायीहरूले गर्नुभएको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा निवेदकको मागबमोजिम रिट जारी हुनुपर्ने हो वा होइन सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा भिष्ममान श्रेष्ठ प्रोपाइटर भएको हारती वायर इण्डष्ट्रिजको नाउँमा कि.नं.३२७ को क्षेत्रफल १-५-४ जग्गा रहेको र उक्त जग्गा हारती वायर इण्डष्ट्रिजले ऋण चुक्ता नगरेपछि लुम्बिनी बैंक लि.बाट लिलाम गरी आफ्नो नाममा दर्ता गराएको देखिन्छ । सोही उद्योगको कम्पाउण्डसँगै रहेको भिष्ममान श्रेष्ठकै नामको कि.नं.४५१, ४५२ र ८१४ को जग्गाहरू रिट निवेदक श्यामसुन्दर अग्रवालले मिति २०६७।१०।१२ मा राजीनामा लिखतबाट खरीद गरी लिएको देखिन्छ । निवेदकले खरीद गरेको उक्त जग्गामा विनायक कताई उद्योग स्थापना गरी नयाँ विद्युत लाइन जडानका लागि विद्युत प्राधिकरणसमक्ष निवेदन गरेको देखिन आयो ।

३. हारती वायर इण्डष्ट्रीजले कि.नं.३२७ मा रहेको उद्योगमा विद्युत जडान गरी उद्योग सञ्चालन गरी आएको र उक्त उद्योग सञ्चालनबाट खपत भएको विद्युत महसुलको बक्यौता रकम रु.२३,९५,२४०।२५ विद्युत प्राधिकरणलाई तिर्न बाँकी रहेको र उक्त रकम तिर्न प्राधिकरणबाट पत्राचार हुँदा समेत बक्यौता रकम भुक्तानी नगरेको हुँदा प्राधिकरणले उद्योगलाई कालोसूचीमा राखेको भन्ने देखिन आयो । हारती वायर इण्डष्ट्रिजका प्रोप्राइटर र निवेदकले खरीद गरी लिएको कि.नं.४५१, ४५२ र ८१४ का जग्गादाता एकै व्यक्ति भिष्ममान श्रेष्ठ नै भएको र कि. नं. ३२७ सँग साँध जोडिएको सर्भे नक्साबाट देखिएको भए तापनि कि.नं.३२७ मा रहेको उद्योग र निवेदकले खरीद गरी लिएका जग्गाहरू एउटै कम्पाउण्ड (Compound) भित्र रहेको भन्ने यकीन आधार र प्रमाणहरू विपक्षीहरूले प्रस्तुत गर्न सकेको पाइएन । गा.वि.स.को कार्यालय बसामाडी, मकवानपुरको मिति २०७०।३।१८ को पत्रअनुसार हारती वायर इण्डष्ट्रिजको कारखाना कि.नं.३२७ को जग्गामा बनेको र सोही ठाउँमा श्यामसुन्दर अग्रवालको नाममा रहेको कि.नं.४५१, ४५२ र ८१४ का जग्गाहरूमा विनायक कताई उद्योगको भवन बनाई अलग-अलग भवन कम्पाउण्ड रहेको र सो कि.नं.४५१, ४५२ र ८१४ का जग्गाहरूमा खरीद गर्नु पूर्व कुनै पनि टहराहरूको साथै विद्युत जडान पनि नभएको, उक्त स्थानमा श्यामसुन्दर अग्रवालले जग्गा खरीद गरेपछि नयाँ भवन कम्पाउण्ड निर्माण गरेको हो भन्ने सिफारिश भई आएको देखियो । त्यसैगरी यी निवेदकले भिष्ममान श्रेष्ठसँग कि.नं.४५१, ४५२ र ८१४ का जग्गाहरू मिति २०६७।१०।१२ मा राजीनामा पारित गरी लिंदाको रजिष्ट्रेशन लिखतको कैफियत व्यहोरामा उक्त जग्गाहरूमा घर गोठ नभएको भन्ने लेखिएको समेत देखिन्छ ।

४. लुम्बिनी बैंक लि. ले हारती उद्योगबाट आफ्नो लेना असूलउपर गर्न मिति २०६९।९।९ मा नागरिक दैनिकमा प्रकाशित गैरबैंकिङ सम्पत्ति

बिक्रीबारे बोलपत्र आव्हानको सूचनामा समेत कि.नं.३२७ को जग्गा सो जग्गामा बनेको घर टहरा र फ्याक्ट्री सेडलगायत सम्पूर्ण लिगपातसमेत भनी खुलाएबाट कि.नं.३२७ को जग्गामा मात्र हारती उद्योगको कारखाना रहेको तथ्य उक्त सूचनाबाट मानिएको देखिन्छ । नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रबाट लुम्बिनी बैंक लि. हेटौंडा शाखाको नाममा प्रेषित मिति २०६९।५।१४ को पत्र हेर्दा उक्त कि.नं.३२७ को क्षेत्रफल १-५-४ को जग्गामा हारती वायर इण्डष्ट्रिज रहेको र उक्त उद्योगले ऋण तिर्न नसकेको कारणबाट सो जग्गा घर लुम्बिनी बैंक लि. ले आफ्नो नाउँमा दर्ता गराएकोले विद्युत महसुलबापतको बुझाउनु पर्ने रकम उपलब्ध गराउनु भन्ने मागसहितको व्यहोरा उल्लेख गरेको पाइयो । यसरी गरिएको पत्राचारमा समेत हारती वायर इण्डष्ट्रिज कि.नं.३२७ मा बनेको तथ्यलाई विद्युत प्राधिकरणले स्वीकार गरेको अवस्था रहेको र सोही हारती वायर इण्डष्ट्रिज प्रा.लि. बाटै विद्युत प्राधिकरणले कानूनबमोजिम असूलउपर गर्नुपर्ने रकम त्यस सम्पत्तिको हालको धनी लुम्बिनी बैंकसँग लिनुपर्ने सोचअनुसार कारवाही अघि बढिसकेकोमा सोही विषयका लेनामा अब अरूअरूबाट दोहोऱ्याई लिन दाबी देखाउनु बाञ्छनीय देखिन आएन । को कहाँबाट कति लिनु पर्ने हो सो कुरामा विद्युत प्राधिकरण आफैंमा स्पष्ट रहनु पर्ने हुन्छ ।

५. खरीद गरी लिएको खाली जग्गामा घर टहरा निर्माण गरी उद्योग सञ्चालनका लागि आवश्यक मेसीन औजारहरू समेत जडान गरिसकेको भन्ने निवेदन दावीबाट देखिएको अवस्था छ । देश विकासको लागि औद्योगिक क्षेत्रको विकास पर्याप्त मात्रामा गरी आर्थिक उन्नतिको गतिलाई बढी गतिशील बनाउनु पर्नाको साथसाथै रोजगारमूलक उद्योग व्यवसायलाई सेवा सुविधा दिने राज्यको नीति रहेको अवस्थामा उद्योगलाई कानूनको दायरामा रही सहयोग पुग्ने किसिमले विद्युत प्राधिकरणले आफ्नो तर्फबाट औद्योगिक विकासको लागि सहयोग पुऱ्याउनु पर्ने दायित्वलाई कानूनबमोजिम निर्वाह गर्नुपर्दछ । नागरिक वा उद्योगले कसरी बिजुली सुविधा पाउन सक्छ भनी सोच्नु पर्नेमा कसरी रोक्न सकिन्छ भनी परास्त गर्ने नीति लिनु हुँदैन । निवेदकलाई विद्युत लाइन आपूर्ति गर्न नदिइए निजले उद्योग सञ्चालन गर्न सक्ने अवस्था रहदैन । अरूको दायित्व सकार गराउन निवेदकलाई विवश गराउनु सो नगरे विद्युत लाइन नदिनु भनेको निजलाई उद्योग खोली पेशा व्यवसाय गर्न पाउने हकबाट बञ्चित गर्नु हो । विद्युत प्राधिकरणले लेना बक्यौता रकम हारती वायर इण्डष्ट्रिजको नाउँमा रहेको कि.नं.३२७ बाटै असूल गर्नुपर्ने भनी आफैंले मानी सोतर्फ पत्राचार गरी कारवाही चलाइसकेको अवस्थामा त्यही कुरा झिकी छुट्टै जग्गामा बनाएको विनायक कताई उद्योगलाई कि. नं. ३२७ मा अवस्थित हारती वायर इण्डष्ट्रिजले विद्युत महसुल बुझाउनु पर्ने दायित्व निर्वाह नगरेको कसूरमा बेसरोकारका यी निवेदकलाई सोको भागिदार बनाई निजलाई उद्योग खोली आफ्नो पेशा व्यवसाय गर्ने कानूनी तथा संवैधानिक हकलाई कुण्ठित हुने गरी विद्युत आपूर्तिबाट बञ्चित गर्न नमिल्ने हुँदा आवश्यक पर्ने विद्युत जडान रोक्ने कार्य त्रुटिपूर्ण भएको देखिन आयो ।

६. अतः विद्युत महसुल बक्यौता राखेको हारती वायर इण्डष्ट्रिज देखाई विनायक कताई उद्योगलाई विद्युत नदिने भनी प्रेषित भएका पत्रहरू त्रुटिपूर्ण भएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरी कि.नं.४५१, ४५२ र ८१४ मा बनेका घर टहरामा विद्युत लाइन जडान गरी दिनु भन्ने परमादेशको आदेश जारी गरी दिइएको छ । सोको सूचना विपक्षीहरूलाई दिनू । प्रस्तुत रिटको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या.प्रा.डा.भरतबहादुर कार्की

इति संवत् २०७० साल साउन २ गते रोज ४ शुभम्
इजलास अधिकृत- गेहेन्द्रराज रेग्मी